# सेवामा ख्रीष्टियान मण्डली



# सेवामा ख्रीष्टियान मण्डली

## *The Christian Church in Ministry*

स्वयम्-अध्ययन पाठ्यपुस्तक

लेखकः जेसी मिरन्डा

अनुवादकः बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रतिः २०००

ICI University
First Edition 1998
The Christian Church in Ministry

Published by
ICI University
PO Box 4245
Kathmandu, Nepal

# विषय-सूची

पृष्ठ

पाठ्यपुस्तकको परिचय ........................................ ५

**एकाइ एकः** *संसारः कार्यको निम्ति परमेश्वरको उद्देश्य*

**पाठ**

१. विश्वव्यापी समस्या .................................. १४
२. विश्वव्यापी योजना .................................. ३६
३. विश्वव्यापी मण्डली .................................. ५६

**एकाइ दुइः** *मण्डलीः संसारको निम्ति परमेश्वरको योजना*

४. परमेश्वरको निम्ति भएको कार्यको इतिहास .. ८२
५. परमेश्वरलाई सेवा पुऱ्याउनु .................. ११०
६. एक-अर्कालाई सेवा पुऱ्याउनु .................. १४२
७. संसारलाई सेवा पुऱ्याउनु ...................... १६६

**एकाइ तीनः** *सेवाः मण्डलीको निम्ति भएको ख्रीष्टको उद्देश्य*

८. सेवामा व्यक्ति ........................................ १९२
९. सेवाको कार्य ........................................ २१८
१०. सेवाका नतीजाहरू ............................ २३६

शब्दकोश ........................................................ २५६

स्वयम्-जाँचका उत्तरहरू .................................. २६२

## आई सी आई, ख्रीष्टियान सेवा कार्यक्रम

**I**
**4**

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रमलाई निर्माण गर्ने १८ वटा पुस्तकहरूमध्ये यो पनि एउटा हो। बायाँपट्टि दिइएको चिन्हचाहिँ यी पुस्तकहरूलाई क्रमबद्ध तरीकाले अध्ययन गर्ने एक नमूना हो। *सेवामा ख्रीष्टियान मण्डली* भनिने पुस्तक एकाइ १-को चौथो पुस्तक हो। यी पुस्तकहरूलाई क्रमबद्ध तरीकाले अध्ययन गर्दा तपाईंले धेरै फाइदा उठाउन सक्नुहुनेछ।

ख्रीष्टियान सेवा कार्यक्रमका विषयवस्तुहरू विशेष गरी ख्रीष्टियान सेवकहरूका निम्ति स्वयम्-अध्ययन तरीका अपनाई तयार पारिएका छन्। यी पुस्तकहरूले विद्यार्थीहरूलाई बाइबल ज्ञान र ख्रीष्टियान सेवाको निम्ति आवश्यक व्यावहारिक कुशलता उपलब्ध गरिदिन्छन्। तपाईंले यो पुस्तक प्रमाण-पत्र प्राप्त गर्नलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुन्छ।

### ध्यान दिनुहोस्

कृपया पाठ्यपुस्तक परिचयलाई बड़ो ध्यानसँग पढ्नुहोस्।

पाठ्यपुस्तकका उद्देश्यहरू प्राप्त गर्न र विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुन यी सबै निर्देशनहरूलाई पालन गर्न अति नै महत्त्वपूर्ण छ।

आई सी आई सम्बन्धी सबै चिट्ठी-पत्रहरू तल उल्लेखित ठेगानामा पठाउनुहोस्।

आई सी आई
पो. ब. नं. ४२४५
काठमाण्डौ
नेपाल

# पाठ्यपुस्तकको परिचय

## मण्डली कार्यमा

संसारको निम्ति भएको परमेश्वरको उद्धारको योजनालाई पूरा गर्ने काममा मण्डली (एकलेसिया)-को सक्रिय सहभागिता छ भन्ने कुरा के तपाईंलाई थाहा छ? क्रूसमा भएको ख्रीष्टको मृत्युमा नै उद्धारको योजना सकियो भनी तपाईंले विचार गर्नुभएको होला। तर येशू आफैले नै संसारलाई उद्धार गर्ने आफ्नो सेवा मण्डलीलाई दिनुभएको छ।

ख्रीष्टद्वारा दिइएको महान् आज्ञा नै परमेश्वरको निम्ति काम गर्नलाई मण्डली (एकलेसिया)-को अधिकार हो भन्ने कुरा तपाईंले यस पाठ्यपुस्तकबाट सिक्नुहुनेछ। यस कामको निम्ति मण्डलीलाई मात्र एकलै छोड़िएको छैन, किनभने हामीलाई सहायता गर्नको निम्ति ख्रीष्टले आफ्ना पवित्र आत्मालाई पठाउनुभएको छ। परमेश्वरको उद्धारको योजना पूरा गर्नलाई उहाँले हामीमा र हामीद्वारा काम गर्नुहुन्छ।

मण्डलीका सेवाहरूलाई तीनतर्फ बाँड़िएको छः परमेश्वरलाई, यो आफैलाई र संसारलाई। यी सबै सेवाहरू परमेश्वरको उद्धार कार्यका प्रतिउत्तरहरू हुन्। परमेश्वर को हुनुहुन्छ र उहाँले हाम्रा निम्ति के गर्नुभएको छ भन्ने कारणले नै हामी उहाँको आराधना गर्छौं। हामीलाई ख्रीष्टमा एकैसाथ बाँध्ने प्रेम र एकताको कारणले नै हामी एक-अर्काको सेवा गर्छौं। हामी ख्रीष्टको प्रेमले गर्दा नै संसारलाई सेवा गर्छौं, किनभने हाम्रा आफ्नै मुक्तिको निम्ति हामी उहाँप्रति ऋणी छौं, र येशू ख्रीष्टलाई मुक्तिदाताका रूपमा ग्रहण गर्ने मौका नपाईकन कोही पनि नाश नहोस् भनी हामी चाहन्छौं।

मण्डली (एकलेसिया)-का सेवाहरूमा तपाईं कसरी अझै सक्रिय हुन सक्नुहुन्छ, यस पाठ्यपुस्तकको अध्ययन गर्दैजानुहुँदा पवित्र आत्मालाई देखाउनुहोस् भनी बिन्ती गर्नुहोस्। तपाईंलाई प्रभावशाली सेवा दिनको निम्ति उहाँले नै तपाईंमा ख्रीष्टको चरित्र र आत्मिक वरदानहरू उत्पादन गर्नुभएको होस्। ख्रीष्टको शरीर अर्थात् उहाँको मण्डलीको सदस्यको रूपमा परमेश्वरको उद्धारको योजनाको परिपूर्ति अब तपाईंको जिम्मेवारी हो!

## पाठ्यपुस्तकको वर्णन

*सेवामा ख्रीष्टियान मण्डली*, मण्डली र यसलाई वास्तविक तुल्याउने मानिसहरूको अध्ययनको एक व्यावहारिक पाठ्यपुस्तक हो। मण्डलीको उद्धार सेवा र यस सेवामा विश्वासीले सक्रिय रूपमा भाग लिनुपर्ने आवश्यकतामाथि विशेष ध्यान दिइएको छ।

पाठ्यपुस्तकले तपाईंलाई तीन प्रकारले सहायता पुऱ्याउनेछः १) संसारको निम्ति भएको परमेश्वरको योजनामा मण्डलीको महत्त्वपूर्णतालाई अझै राम्रोसँग बुझ्न यसले सहायता पुऱ्याउनेछ। २) मण्डलीको निम्ति भएको ख्रीष्टको योजनामा ख्रीष्टियानको कार्यको महत्त्वपूर्णतालाई अझै राम्रोसँग बुझ्न यसले तपाईंलाई सहायता पुऱ्याउनेछ। ३) मण्डलीमा भएको सेवाद्वारा परमेश्वरको इच्छा पूरा गर्ने काममा तपाईं कसरी सहभागी हुन सक्नुहुन्छ, सो बुझ्न यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

## पाठ्यपुस्तकका उद्देश्यहरू

यो पाठ्यपुस्तक पूरा गरिसकेपछि, तपाईंलेः

१. संसारको निम्ति परमेश्वरको योजनामा मण्डलीको महत्त्वपूर्णतालाई बुझ्न सक्नुपर्नेछ।
२. मण्डलीको निम्ति भएको ख्रीष्टको योजनामा ख्रीष्टियानको कार्यको महत्त्वपूर्णतालाई बुझ्न सक्नुपर्नेछ।
३. सेवाद्वारा व्यक्तिगत रूपमा मण्डलीमा संलग्न हुने तरीकालाई पत्ता लगाउन सक्नुपर्नेछ।
४. ख्रीष्टको सेवाको उद्देश्य र परमेश्वरको योजनालाई व्याख्या गर्न सक्नुपर्नेछ।
५. परमेश्वर, आफै र संसारको निम्ति भएको मण्डलीको सेवालाई वर्णन गर्न सक्नुपर्नेछ।
६. परमेश्वरका सबै मानिसहरूले सेवामा भाग लिन सक्छन् भन्ने तथ्यप्रति कृतज्ञ हुन सक्नुपर्नेछ।
७. मण्डलीको सेवामा व्यक्तिगत सहभागिताको आवश्यकतालाई बुझ्न सक्नुपर्नेछ।

## पाठ्यपुस्तकहरू

जेसी मिरन्डाद्वारा लिखित *सेवामा ख्रीष्टिय मण्डली* भनिने पुस्तकलाई तपाईंले पाठ्यपुस्तक र अध्ययन सहयोगी पुस्तिका दुवैको रूपमा प्रयोग गर्नुहुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पाठ्यपुस्तक केवल बाइबल मात्र हो।

## अध्ययन समय

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो यस विषय शुरू गर्नुभन्दा पहिल्यै *तपाईंले* प्राप्त गर्नुभएको यस विषय सम्बन्धी ज्ञान र तपाईंको खूबीमा भरपर्छ। यदि तपाईंले पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस्।

## पाठ संगठन र अध्ययन नमूना

प्रत्येक पाठमा यी भागहरू संलग्न गरिएका छन्ः १. पाठको शीर्षक, २. शुरूको वाक्य, ३. पाठको रूपरेखा, ४. पाठका उद्देश्यहरू, ५. सिक्ने क्रियाकलाप, ६. मुख्य शब्दहरू ७. अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८. स्वयम्-जाँच, र ९. अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्। यस पाठ्यक्रमको पाठ विकासले विषयवस्तुलाई एक-एक गरी अध्ययन गर्न सजिलो पार्छ। तपाईंले जहिले समय पाउनुहुन्छ, यस पाठ्यक्रमलाई खण्ड-खण्ड गरी अध्ययन गर्न सक्नुहुन्छ र यसरी पूरै पाठ एकै चोटि सक्ने समय नपाउञ्जेलसम्म पर्खिरहनुपर्दैन। पाठका उद्देश्यहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन यस पाठ्यपुस्तकमा टिप्पणीहरू, अभ्यासहरू र उत्तरहरू संलग्न गरिएका छन्।

पाठ विकासमा भएका केही अध्ययन प्रश्नहरूका उत्तरहरूलाई यसै स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका खाली ठाउँमा नै लेख्न सकिन्छ, र अन्य प्रश्नहरूका उत्तरहरूचाहिँ अर्कै अभ्यास-पुस्तिकामा

लेखिनुपर्छ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा शीर्षक र संख्यालाई लेख्नुहोस्। तपाईंले एकाइ मूल्याङ्कनहरू गर्नुहुँदा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ

*तपाईंले आफ्नै उत्तर दिनुभन्दा पहिले पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई नहेर्नुहोस्।* यदि तपाईंले आफ्नै उत्तरहरू दिनुभयो भने, तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग आफ्नो मनमा राख्न सक्नुहुन्छ। अध्ययन प्रश्नहरूका उत्तर दिनुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूलाई दाँज्नुहोस्। तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्नुहोस्। उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन् र यसरी तपाईंले अर्को उत्तरलाई हेर्न सक्नुहुन्न।

यी प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तपाईंको ज्ञान र ख्रीष्टियान सेवालाई विकास र उन्नति गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्। प्रस्तावित क्रियाकलापहरूले तपाईंलाई सिद्धान्तबाट व्यवहारमा जानको लागि सहायता पुऱ्याउनेछन्।

## अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

***ठीक उत्तर*** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलका कतिओटा पुस्तकहरू छन्?

**क** १०० पुस्तकहरू
**ख** ६६ पुस्तकहरू
**ग** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६*-वटा पुस्तकहरू हो।* यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख**.-को वरिपरि घेरा लगाउनुहोस्।

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क** १०० पुस्तकहरू

(**ख**) ६६ पुस्तकहरू

**ग** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

***ठीक-बेठीक*** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ।

***ठीक-बेठीक प्रश्नको उदाहरण***

**२** तल दिइएका कुन-कुन बयानहरू ठीक छन्?

**क** बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

(**ख**) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

**ग** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

(**घ**) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

***जोड़ा मिलाउने*** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | | |
|---|---|---|---|
| 1 | **क** | सिनै पर्वतमा व्यवस्था पाएको | १. मोशा |
| 2 | **ख** | इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २. यहोशू |

**२ ग** यरियो शहरको वरिपरि घुमेको
**१ घ** फारो राजाको दरबारमा बसेको

**क.** र **घ.**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले १. संख्या **क.** र **घ.**-को पछाड़ि र २. संख्या **ख.** र **ग.**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

## यस पाठ्यक्रमलाई अध्ययन गर्ने तरीकाहरू

यदि तपाईं आफैले नै यस आई सी आई पाठ्यक्रमलाई अध्ययन गर्नुभयो भने, हुलाकद्वारा नै तपाईंले यसलाई पूरा गर्न सक्नुहुन्छ। तपाईं आफैले नै अध्ययन गर्न सक्नुहोस् भन्ने हेतुले आई सी आई-ले यस पाठ्यक्रम तयार गरेको भए तापनि, तपाईंले समूह वा कक्षामा पनि यसलाई अध्ययन गर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूह वा कक्षामा अध्ययन गर्नुभयो भने, यस पाठमा भएकाभन्दा अझ धेरै निर्देशनहरू तपाईंका शिक्षकले दिनुहुन्छ होला। यदि यसो हो भने उहाँका निर्देशनहरूलाई पालन गर्नुहोस्।

हुन सक्छ तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययनमा, मण्डली (एकलेसिया)-को कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्न चाहनुहुन्छ होला। यी उद्देश्यहरूका निम्ति विषयवस्तु र अध्ययन प्रणाली अति नै उपयुक्त छन् भन्ने कुरा तपाईंले देख्नुहुनेछ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन* प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्।

**प्रमाणपत्र**

तपाईंका आई सी आई निर्देशकद्वारा यस पाठको समाप्ति र अन्तिम विद्यार्थी प्रतिवेदन छनौटपछि तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

## यस पाठ्यपुस्तकका लेखक

डा. जेसी मिरन्डा मण्डली सेवामा गहिरो अनुभव हुनुभएका अभिषित्त सेवक हुनुहुन्छ। उहाँले आफ्नो मण्डली संगठनको निम्ति पास्टर, शिक्षक, स्कूल प्रिन्सिपल र जिल्ला सचिव-कोषाध्यक्षको रूपमा सेवा पुऱ्याउनुभएको छ र अहिले उहाँ ल्याटिन अमेरिकन बाइबल कलेज र सेमीनरीका अध्यक्ष हुनुहुन्छ।

डा. मिरन्डाले ल्याटिन अमेरिकन बाइबल विद्याश्रम, एल पासो, टेक्ससबाट सेवीय डिप्लोमा, सदन क्यालिफोर्निया कलेजबाट बाइबलीय अध्ययनमा बि.ए.; तालबाट सेमीनरीबाट एम.एड. र फुल्लर सेमीनरीबाट डक्ट्रेट गर्नुभएको छ।

## तपाईंका आई सी आई निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनका लागि तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंका केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्न सक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोबस्त मिलाउनको लागि उहाँसँग बिन्ती गर्नुहोस्।

*सेवामा ख्रीष्टियान मण्डली* (एकलेसिया) भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुऱ्याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउनेछ।

# एकाइ १

# संसारः कार्यको निम्ति परमेश्वरको उद्देश्य



# पाठ १

# विश्वव्यापी समस्या

*कार्यको निम्ति परमेश्वरको उद्देश्य* भनिने यो पाठ संसारका बारेमा भएका तीनवटा पाठहरूमध्ये पहिलो पाठ हो। यी तीनैवटा पाठहरूमा ठूला-ठूला विचारहरूको चर्चा गरिएको छ। साना विचारहरूमा शुरू गरेर त्यसपछि बिस्तारै ठूला विचारहरूतर्फ जान मानिसहरूलाई सजिलो लाग्छ। तर परमेश्वरसँग यस्तो हुँदैन। उहाँले ठूलै शुरू गर्नुहुन्छ। उहाँको काम संसारभन्दा पनि ठूलो छ। उहाँ छिट्टै चल्नुहुन्छ। उहाँसँग जीवन र मृत्युका कुराहरू छन्।

पूरा संसार नै परमेश्वरको कार्यको ठाउँ हो भन्ने कुरा तपाईंले देख्नुभयो। मरिराखेको संसारको उद्धारलाई पनि परमेश्वरको योजनामा समावेश गरिएको छ। मण्डली अर्थात् उहाँका मानिसहरू पापबाट छुटकारा दिइएको विश्वव्यापी समुदाय हो र अरूहरूलाई पापबाट छुटकारा दिनलाई सहयोग पुऱ्याउन यसलाई आज्ञा दिइएको छ।

यससँग तपाईंको के सरोकार छ? पहिलो, तपाईं यस पापपूर्ण संसारमा बाँचिरहनुभएको छ। परमेश्वर र उहाँका पुत्र येशूले संसारलाई उद्धार गर्ने कार्य गर्नुभएको छ। दोस्रो, तपाईं यस कार्यको एक भाग हुनुहुन्छ।

संसारमा पाप कसरी आयो र आजको हाम्रो संसारलाई यसले कसरी असर पार्छ भन्ने कुरा तपाईंले यस पाठमा पत्ता लगाउनुहुनेछ। हाम्रा पापहरूका निम्ति बलिदानको रूपमा आफ्ना पुत्रलाई दिनुभएर परमेश्वरले पापको समस्यालाई समाधान गर्नुभएको छ। अझै पापको



दासत्वमा हुनेहरूलाई उद्धारको यो सन्देश लैजाने शुभ अवसर परमेश्वरले हामीलाई दिनुभएको छ। संसारलाई उद्धार गर्ने परमेश्वरको महान् योजनामा हामीलाई पनि समावेश गरिएको छ!

## *पाठको रूपरेखा*

समस्या पत्ता लगाउनु
समस्या बुझ्नु
समस्या समाधान गर्नु

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- पापको समस्या र संसारमाथि यसका असरहरूका बारेमा छलफल गर्न सक्नुपर्नेछ।
- वर्तमान दिनको समाजमा प्रदर्शन गरिएझैं युगको आत्माको उदाहरणहरूलाई परिचय दिन सक्नुपर्नेछ।
- पापको समस्यामाथि परमेश्वरको उद्धारको योजनाको असरलाई व्याख्या गर्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. यस अध्ययन-सहयोगी पुस्तिकाको परिचय खण्डलाई ध्यानसँग पढ्नुहोस्।
२. पाठको रूपरेखा र पाठका उद्देश्यहरूको अध्ययन गर्नुहोस्, तपाईंले पाठ अध्ययन गर्नुहुँदा, तपाईंले सिक्न कोशिश गर्नुपर्ने कुराहरूलाई पत्ता लगाउन यिनीहरूले तपाईंलाई सहायता पुऱ्याउँछन्। पाठ विकासमा उल्लेख गरिएका बाइबलका पदहरूलाई पनि पढ्नुहोस्।

३. पाठको विषयवस्तुलाई अध्ययन गर्नुहोस् र त्यहाँ उल्लेख गरिएका सबै अभ्यासहरूलाई पनि पूरा गर्नुहोस्। पाठको अन्तमा हामीले दिएका उत्तरहरू हेर्नुभन्दा पहिले नै तपाईंका आफ्नै उत्तरहरू दिने कोशिश गर्नुहोस्।

४. तपाईंले नबुझ्नुभएका मुख्य शब्दहरूका परिभाषाहरूलाई यस पुस्तकको अन्तमा दिइएको शब्दकोशमा हेर्नुहोस्।

५. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस्, र यस पुस्तकको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्। तपाईंले बेठीकसँग लेख्नुभएका उत्तरहरूलाई दोहोऱ्याउनुहोस्।

## *मुख्य शब्दहरू*

तपाईंले अध्ययन गर्दै जानुहुँदा मुख्य शब्दहरू बुझ्नाले यो पाठको निम्ति तपाईंलाई सहायता पुग्छ। यस पुस्तकको अन्तमा राखिएको शब्दकोशमा यी शब्दहरूलाई क्रमबद्ध तरीकाले परिभाषित गरिएको छ। सूचीमा उल्लेख गरिएका शब्दहरूका अर्थप्रति तपाईंको शङ्का छ भने तिनीहरूका परिभाषालाई शब्दकोशमा हेर्नुहोस्।

| | |
|---|---|
| उद्धार | बेमिलाप |
| करार | विद्रोही |
| कलङ्क | विश्वव्यापी |
| पुनर्मिलाप | सांसारिक (शारीरिक) |
| बन्धन | स्वतन्त्र |
| बलिदान | स्वीकार गर्ने |

## *पाठ विकास*

### समस्या पत्ता लगाउनु

उद्देश्य १: *संसारमा पापको शुरू, स्वभाव र वृद्धिको वर्णन गर्नुहोस्।*

**पापको समस्या**

बाइबलचाहिँ मानव पाप र प्रेमी परमेश्वरले मानिसहरूलाई पापबाट छुटकारा दिन चाहनुहुन्छ भन्ने कुराको एक विवरण हो।

शुरूमा परमेश्वरले पापरहित संसारलाई सृष्टि गर्नुभयो। मानिस उहाँको विशेष सृष्टि थियो। परमेश्वरका सबै सृष्टिहरूमध्ये मानिस बेग्लै थियो। मानिसलाई बुद्धि, स्वतन्त्र इच्छा र प्रतिउत्तर दिन सक्ने भावनाहरू दिएर परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो। आफ्ना सृष्टिकर्तासँग सङ्गति गर्नको लागि मानिसलाई सृष्टि गरिएको थियो।

१ बाइबलमा सिकाइएका सत्यताहरू सिक्नलाई यी पाठहरूमा हामीले बाइबलका धेरै खण्डहरूलाई अध्ययन गर्नेछौं। अब तपाईंको बाइबलमा कलस्सी १:१६-लाई भेट्टाउनुहोस् र यस पदको अर्थ तपाईंलाई कस्तो लाग्छ व्याख्या गर्नुहोस्।

.......................................................................................

शैतानद्वारा नै पाप र दुष्टता परमेश्वरको सृष्टिमा प्रवेश भएको हो भनी बाइबलले उल्लेख गरेको छ। आदम र हव्वाले परमेश्वरका आज्ञाहरू भङ्ग गरे। ती आज्ञाहरू पवित्र थिए, किनभने परमेश्वर पवित्र हुनुहुन्छ। मानिसले परमेश्वरका आज्ञाहरू भङ्ग गऱ्यो र परमेश्वरबाट अलग भयो (उत्पत्ति ३)। परमेश्वरसँगको बोलीचाली र सङ्गतिबाट अलग हुनुचाहिँ मानिस नाश हुनु थियो। पहिलो मानिस (आदम)-को पापको कारणले संसार पापद्वारा श्रापित भयो। त्यस समयपछि मानिस पापमा नै जन्मन्छ (रोमी ५:१२-१८)।

पापलाई व्याख्या गर्ने तीन तरीकाहरूलाई अब हामी हेरौं। बाइबलले मानिसको पापलाई यसरी वर्णन गरेको छः


१. *विद्रोहको कार्यः* अरूले आज्ञा गरेको काम गर्न इन्कार गर्नेलाई विद्रोही व्यक्ति भनिन्छ। मानिसले परमेश्वरको आज्ञा पालन गर्न इन्कार गऱ्यो। आफ्नो आवाजभन्दा अर्को आवाजको आज्ञा पालन गर्न उसले चाहेन। मानिस आफ्नै इच्छामा ढल्कियो र अर्काको इच्छा पूरा गर्न उसले चाहेन। परमेश्वर संसारका सृष्टिकर्ता र पिता हुनुहुन्छ भनी चिन्नलाई उसले इन्कार गऱ्यो। "किनभने परमेश्वरलाई चिनेर पनि तिनीहरूले नता परमेश्वरलाई गर्नुपर्ने महिमा गरे न धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए र तिनीहरूका बेहोशी हृदय अँध्यारो भयो," (रोमी १:२१)।

२. *अनाज्ञाकारिताको कार्यः* "किनभने सत्यतालाई अधर्ममा दबाइराख्ने मानिसहरूका सारा भक्तिहीनता र पापको विरुद्धमा स्वर्गबाट परमेश्वरको क्रोध प्रकट भएको छ" (रोमी १:१८)। परमेश्वरका

आज्ञाहरू पवित्र र पालन गर्नको निम्ति दिइएका थिए। परमेश्वरले मानिससँग सम्झौता गर्नुभयो (उत्पत्ति २:१५-१७), तर मानिसले आज्ञा भङ्ग गऱ्यो। यो बाँधिने करार वा सम्झौता थियो, तर करारका परमेश्वरलाई चिन्न मानिस असफल भयो। व्यवस्थाहीनताले मानिसप्रति परमेश्वरको क्रोधको प्रकट गर्छ (यूहन्ना ३:३६)।

यी कार्यहरूले मानिसमा एउटा *अवस्थाको* सृष्टि गरेको छ। मानिसले पापका कामहरू मात्र गर्ने होइन, तर ऊ पापी हो। पाप उसको स्वभावै भएको छ। पाप कामहरूमा मात्र संलग्न छैन, तर अवस्थामा, जुन अवस्था सबै मानिसहरूका लागि सामान्य छ, जो *स्वभावैले* पाप र अपराधमा मरेका छन् र क्रोधका सन्तान भएका छन् (एफिसी २:१-३)।

३. *बन्धनको अवस्थाः* जो बेचिएको छ, त्यो कमारा हो। "मचाहिँ शारीरिक हुँ र पापमा बेचिएको छु" (रोमी ७:१४)। पापमा बेचिनुचाहिँ पापको शक्ति र त्यसको अधीनको मुनि रहनु हो। त्यस व्यक्ति अधीन गर्ने व्यक्तिको सम्पत्ति बन्छ। यस्तो अवस्थामा त्यस मालिकलाई सबै किसिमको सेवा पनि गर्नुपर्छ। पापले मानिसलाई कमारा बनाएको छ र उसको स्वतन्त्रतालाई पनि खोसेको छ। आफूसँग एक पल्ट भएको स्वतन्त्रतालाई मानिसले गुमाएको छ। ऊ बन्धनमा छ र पापको कैदी भएको छ।



२ तिनीहरूका परिभाषाहरूसँग पापलाई वर्णन गर्ने तीन तरीकाहरूको जोड़ा मिलाउनुहोस्। दिइएको खाली ठाउँमा तपाईंले छान्नुभएका उत्तरहरूका संख्या लेख्नुहोस्।

| | |
|---|---|
| ....**क** परमेश्वरका निर्देशनहरूलाई सुन्न मानिसले इन्कार गऱ्यो। | १. बन्धनको अवस्था |
| ...**ख** परमेश्वरसँग मानिसले आफ्नो करार कायम राखेन। | २. विद्रोहको कार्य |
| ... **ग** मानिस पापद्वारा अधीन गरियो | ३. अनाज्ञाकारिताको कार्य |

**समस्याको उद्देश्य**

परमेश्वरको स्वभाव र गुणहरूको तिरस्कार नै मानिसको आधारभूत पाप थियो। परमेश्वरलाई सृष्टिकर्ता र विश्वका पिताको रूपमा चिन्न मानिस असफल भयो। अब हामी उसको पापको उद्देश्य वा क्षेत्रको बारेमा हेरौं।

१. *एउटै मानिसद्वारा पाप शुरू भयो।* मानिसको जीवनमा आएको पापको स्वभाव सम्बन्धी कथा उत्पत्ति ३ अध्यायमा पाइन्छ। आदम र हव्वाद्वारा नै मानव-जातिमा पापको शुरू भयो। तिनीहरूले परमेश्वरको आज्ञा भङ्ग गरे। असल र खराबको ज्ञान दिने रूखको फल नखानू भन्ने परमेश्वरको ठीक आज्ञामाथि तिनीहरूले शङ्का गरे। स्वतन्त्र इच्छा दिएर तिनीहरूलाई सृष्टि गरिएको थियो र तिनीहरूले छान्न सके। परमेश्वरको आज्ञा भङ्ग गर्न तिनीहरूले रोजे र तिनीहरूले त्यसको नतीजा भोग्नुपऱ्यो। पहिलो पापपूर्ण कार्यको नतीजा दोष र परमेश्वरको अगाड़ि नग्नताको अनुभव थियो।

२. *एउटा मानिसको पाप सबै मानिसहरूमा सारियो।* आदम र र हव्वाबाट आएको पापको दण्ड सबै मानव-जातिमा फैलियो। पहिलो मानिसको छनाइको कारणले सबै मानिसहरू परमेश्वरसँगको सङ्गतिबाट अलग भएर जन्मेका छन्। मानिसहरू जन्मदा पाप गर्न सक्ने स्वभाव लिएर मात्र जन्मदैनन् तर तिनीहरू पापमा, पाप स्वभाव लिएर पापको अवस्थामा जन्मन्छन्। परमेश्वरको अनुग्रहद्वारा उसलाई नयाँ नपारिऊञ्जेल, मानिसले आफ्नो पापको निम्ति दण्डको दुःख भोग्नैपर्छ।

यसको स्वभावैले पापमा दुइ व्यक्तित्वहरू समावेश गरिएको हुन्छ। यसमा पाप गर्ने व्यक्ति र जसको विरुद्धमा पाप गरिएको छ, सो व्यक्ति

समावेश गरिएको हुन्छ। एउटाले आफ्नो छिमेकीको विरुद्धमा पनि पाप गर्न सक्छ, तर मानिसको सबैभन्दा ठूलो पापचाहिँ परमेश्वरकै विरुद्धमा हो।

परमेश्वरको स्वभाव पवित्र र धर्मी छ, उहाँका आज्ञाहरू पवित्र र अपरिवर्तनशील छन्। यी आज्ञाहरू भङ्ग गर्नेहरूलाई उहाँले दण्ड दिनुहुनेछ। तर उहाँको स्वभाव माया गर्ने बाबुको जस्तो पनि छ। संसारका सृष्टिकर्ता र पिताका रूपमा, उहाँले मानिस र उसको पापको समस्यालाई हेर्नुहुन्छ। उहाँले आफ्ना पुत्र येशू ख्रीष्टद्वारा पापीलाई आफूसँगको सङ्गतिमा ल्याउनुहुन्छ।

**३** संसारमा पाप कहिले आयो र संसारमाथि यसको कस्तो असर छ, तपाईंका आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। ........................
..............................................................................

**समस्या-समाधानकर्ता**

उद्देश्य २: *परमेश्वरको पित्रत्वको तीन रूपलाई व्याख्या गर्नुहोस्।*

> सबै सांसारिक कुराहरू– अर्थात् पापपूर्ण स्वार्थबाट निस्केका इच्छाहरू, मानिसहरूले देख्ने र चाहना गरेका कुराहरू, मानिसहरूले धेरै घमण्ड गर्ने यस संसारका सबै थोकहरू पिताबाट आउँदैनन्। यी सबै संसारबाट आउँछन्। यस संसार र मानिसले चाहना गर्ने यसका सबै कुराहरू बितेर जान्छन्, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैँभरि बाँच्नेछ (१ यूहन्ना २:१६-१७)।

यस परिवर्तनशील र पापपूर्ण संसारमा परमेश्वरको इच्छा मानिसहरूले उहाँलाई सृष्टिकर्ता र पिताका रूपमा चिनून् र ग्रहण गरून् भन्ने हो। मानिसको पाप परमेश्वरको स्वभाव र गुणहरूको विरुद्धमा भएको छ। परमेश्वर को हुनुहुन्छ भनी मानिसले चिनेपछि मात्र सङ्गतिको पुनर्स्थापना हुन्छ।

***परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ***

परमेश्वर सारा संसारका परमेश्वर हुनुहुन्छ। शुरूमा, केन्द्रमा र सबै कुराको अन्तमा अनन्त परमेश्वर हुनुहुन्छ। उहाँ विश्व र मानवजातिका सृष्टिकर्ता हुनुहुन्छ। उहाँ एउटै र एक मात्र परमेश्वर

हुनुहुन्छ। उहाँ धेरै डाह गर्ने परमेश्वर हुनुहुन्छ, अर्थात् यसरी पनि उहाँ चिनिएको चाहनुहुन्छ।

४ तल उल्लेख गरिएका पदहरूलाई पढ्नुहोस् र प्रत्येकले परमेश्वरलाई कसरी वर्णन गरेका छन् लेख्नुहोस्: नहेम्याह ६:६; प्रेरित १५:१८)। ..........................................................................
..........................................................................
..........................................................................

परमेश्वर शारीरिक कुराहरूका सृष्टिकर्ता मात्र हुनुहुन्न, तर उहाँ संसारको निम्ति नैतिक नियमको पनि सृष्टिकर्ता हुनुहुन्छ।

१. परमेश्वरले ठीक र बेठीकको नियम स्थापित गर्नुभएको छ।
२. परमेश्वरका नियमहरू नैतिकतामा उच्च स्तरका छन्।
३. नियमहरू पालन गरिनुपर्छ भनी परमेश्वरले जोड़ दिनुहुन्छ।
४. परमेश्वरका नियमहरूलाई भङ्ग गरेमा उहाँले दण्ड दिनुहुन्छ।
५. परमेश्वरका नियमहरू पालन गर्नका निम्ति हामीलाई सहायता पुर्‍याउन परमेश्वरले येशूलाई पठाउनुभयो।

### *परमेश्वर नै पिता हुनुहुन्छ*

परमेश्वरको सृष्टिका कार्यहरूलाई थाहा पाउनैपर्छ। परमेश्वरको उद्धार कार्यहरूलाई पनि स्वीकार गरिनैपर्छ। उहाँ उद्धारका परमेश्वर हुनुहुन्छ।

५ प्रस्थान १४:१३; १५:२; २ शमूएल २२:३; भजन १८:४६; ३८:२२; प्रेरित २८:२८ पढ्नुहोस्। तिनीहरूले परमेश्वरको बारेमा कसरी बताउँछन्? ..............................................

परमेश्वरले संसारलाई उद्धार दिने इच्छा गर्नुभयो। यो उहाँको छनौट र इच्छा थियो। परमेश्वरका यी कार्यहरूले सृष्टिका स्वर्गीक पिताका रूपमा आफ्ना सन्तानप्रति भएको परमेश्वरको प्रेमको प्रकट गर्छन्।

सृष्टिद्वारा नै परमेश्वरको पित्रत्वको प्रकट हुन्छ, जुन सबै मानव-जातिका लागि विश्वव्यापी छ। सम्बन्धद्वारा पनि परमेश्वरको पित्रत्व छ, जहाँ उहाँका पुत्र येशूले मात्र यसको उपयोग गर्नुभएको छ।

र अन्तमा उद्धारद्वारा पनि परमेश्वरको पित्रत्व छ, जुनचाहिँ सबैको लागि हो, अर्थात् जस-जसले आफ्ना पापहरूका निम्ति उहाँका पुत्रको बलिदानलाई स्वीकार गरेका छन्।

| परमेश्वरको पित्रत्व | | |
|---|---|---|
| **पिता** | **"मेरा पिता"** | **हाम्रा पिता** |
| सृष्टिद्वारा संसारका | सम्बन्धद्वारा येशूका | उद्धारद्वारा सबै विश्वासीहरूका |
| पृथ्वीको समय र ठाउँ | अनन्तदेखि अनन्तसम्म | अहिलेदेखि अनन्तसम्म |

६ परमेश्वर दुइ किसिमले सृष्टिकर्ता हुनुहुन्छ भनी वर्णन गर्नुहोस्

.........................................................................

.........................................................................

७ यी बयानहरूको अर्थ के हो व्याख्या गर्नुहोस्ः

**क.** सृष्टिद्वारा परमेश्वर संसारका पिता हुनुहुन्छ।

.........................................................................

**ख.** उद्धारद्वारा परमेश्वर सबै विश्वासीहरूका पिता हुनुहुन्छ।

.........................................................................

**ग.** सम्बन्धद्वारा परमेश्वर येशूका पिता हुनुहुन्छ।

.........................................................................

## समस्या बुझ्नु

उद्देश्य ३ः *सेवाको निम्ति मौकाहरू प्रदान गर्ने आधुनिक समाजका परिवर्तनहरूको रूपलाई परिचित गर्नुहोस्।*

यहाँ आधुनिक समयको एक उदेकलाग्दो कथा छः प्यासिफिक समुद्रको टापूको जङ्गलमा दुइवटा जापानी सिपाहीहरू भेट्टिए। तिनीहरू

३५-वर्ष पहिले भएको दोस्रो विश्वयुद्धको समयदेखि लुकिबसेका थिए। लड़ाइँ सकियो भन्ने खबर सुन्दा तिनीहरू छक्कै परे। र वर्तमान शहरहरूमा प्रवेश गर्दा त्यहाँ भएका परिवर्तनहरू देखेर पनि तिनीहरू छक्क परे।

तिनीहरू छक्क परे र छक्क पर्ने कारणहरू पनि थिए। हाम्रो संसार छिटो-छिटो परिवर्तन हुँदैछ। भइरहेका घटनाहरू देखेर कोही मानिसहरू डराउँछन् र अरूहरूले यसलाई बुझ्नै सकेका छैनन्। हामीले संसारको सामना गर्नैपर्छ।

प्रभुले हामीलाई संसारमा रहेर यसलाई बुझेको चाहनुहुन्छ। संसारलाई निर्माण गर्ने बलिया प्रभावहरूका बारेमा जान्नु हाम्रो लागि महत्त्वपूर्ण छ। संसार परिवर्तन भइरहेको छ, तर पापको दबाब पनि अझै उपस्थित छँदैछ। बदलिएको संसारले सेवाको निम्ति ठूलो मौका प्रदान गर्छ, जस्तो मौका अरू युगका व्यक्तिहरूले अनुभव गरेका थिएनन् होला।

८ संसारलाई यो सेवा पुऱ्याउनको निम्ति परमेश्वरले कसलाई चुन्नुभएको छ? ..................................................................

**शहरको वातावरण**

संसारभरि नै मानिसहरूको संख्या बढ़िरहेको छ। धेरै मानिसहरू शहरतर्फ आकर्षित भएका छन्। शहरहरूमा अझै असल जीवन-स्तर भेट्टाउनलाई तिनीहरू आफ्ना साना गाउँ र नगरहरू छोड्छन्।

९ तपाईंको नगर वा शहरमा बिगत दश वर्ष भित्रमा भएका परिवर्तनहरूको सूची बनाउनुहोस्। ..........................................................
..................................................................................

संसारमा चार व्यक्तिहरूमध्ये तीन व्यक्तिहरू शहरमा नै बस्छन्। साना नगरहरूमा पनि परिवर्तन भएर वृद्धि हुन्छ, तर परिवर्तनको सबैभन्दा ठूलो असरचाहिँ शहरमा नै भएको छ। यहाँ नै परिवर्तित समाजद्वारा मानिसहरूलाई असर परेको छ।

जसरी मानिसहरूको संख्या बढ्दैजान्छ, त्यसै गरी तिनीहरूका खाँचोहरू पनि बढ्दैजान्छन्। यी खाँचोहरू शारीरिक, सामाजिक र

भौतिक खाँचोहरू हुन्। धेरै वृद्धि हुनाले असन्तुलन हुन्छ र यसले सामाजिक समस्याहरू ल्याउँछ। गरीबी (धेरै गरीब हुने अवस्था), बस्ने घरहरूको समस्या, वेकारी र सडकमा देखा पर्ने माग्नेहरू पनि यस्तै परिवर्तनका उदाहरणहरू हुन्।

तर शहरहरू सेवाको निम्ति मौकाहरू पनि हुन्। प्रचार गरिनुपर्ने 'गरीबहरूको सुसमाचारको' निम्ति खाँचोमा परेका मानिसहरू मलिलो माटो पनि हुन्।

१० मत्ती ९:३५ पढ्नुहोस् र येशूले कहाँ सेवा गर्नुभयो व्याख्या गर्नुहोस्। ..................................................................

११ लूका ४:१८ पढ्नुहोस्। शहरका मानिसहरूका बारेमा व्याख्या गर्नुहोस्। ..................................................................

परिवर्तित समाजले परिवर्तित मूल्यहरूको पनि सङ्केत गर्छ। नयाँ घरमा हामीहरू सर्दा नयाँ ठाउँहरू, नयाँ परिस्थितिहरू र नयाँ छिमेकीहरू समावेश भएका हुन्छन्। जिउने नयाँ रूप र ढाँचालाई स्वीकार गरिएको हुन्छ। नयाँ साथीहरू र नयाँ मण्डलीहरू भेट्टाइन्छन्। शहरहरूले यी सबै कुराहरूको प्रतिनिधित्व गर्छन्।



शहरहरू– सेवा क्षेत्र

परिवर्तनले एक व्यक्तिलाई गहिरो किसिमले असर पार्न सक्छ र प्रायःजसो पार्छ पनि। शहरहरूले नयाँ मूल्यहरूको प्रतिनिधित्व गर्ने मात्र होइनन्, तर नयाँ समस्याहरूको पनि प्रतिनिधित्व गर्छन्। परिवार र साथीहरूबाट टाढ़ा हुँदा एकलोपनको अनुभव हुन सक्छ। सानो समाजले कहिल्यै नदिएको नयाँ स्वतन्त्रताको अनुभव हुन थाल्छ। लूका अध्याय १५-मा उल्लेख गरिएको उडन्त पुत्रजस्तै, जो नयाँ स्वतन्त्रता पाउनलाई घरबाट बाहिर गएको थियो। यस्तो स्वतन्त्रताले मानिसलाई ठीक कुरा गर्नबाट टाढ़ा लैजान सक्छ।

१२ लूका १५:११-१६ र याकूब ४:१३ पढ्नुहोस्। कसरी दुवै पदहरू उस्तैजस्ता देखिन्छन्?

........................................................................................

१३ तल दिइएका बयानहरूमध्ये कुनचाहिँ सबैभन्दा ठीक छ, त्यसलाई छान्नुहोस् (तपाईंले छान्नुभएको उत्तरको अगाड़िपट्टिको अक्षरमा घेरा लगाउनुहोस्।) शहरहरू सेवाको निम्ति मौकाका स्थानहरू बन्छन्, किनभने

**क**. तिनीहरूले सुसमाचार नसुनेका धेरै मानिसहरूको प्रतिनिधित्व गर्छन्।

**ख**. त्यहाँ रहने मानिसहरू आरामदायी र खुशी हुन्छन्।

**ग**. ठूला शहरहरूमा अलि-अलि मात्र परिवर्तन छ।

**घ**. शहरहरूमा डर र असुरक्षा हुन्छ।

शहरहरूका नाप र आधुनिक समाजमाथि भएको तिनीहरूको प्रभावको कारणले हाम्रा यी दिनहरूमा शहरहरू धेरै महत्त्वपूर्ण बनेका छन्। येशूले भन्नुभयो, "डाँड़ामाथि बसालिएको शहर लुक्न सक्दैन" (मत्ती ५:१४)। ख्रीष्टियानहरूले सेवाको निम्ति शहरहरूलाई विशेष ध्यान दिनुपर्छ। उदाहरणको लागिः

१. येशूले शहरहरूमा सेवा गर्नुभयो (मत्ती ९:३५)।
२. येशूले शहरहरूलाई पापका केन्द्रको रूपमा देख्नुभयो (मत्ती ११:२०)।
३. येशूले त्यहाँ विश्वास गर्ने खालका मानिसहरूलाई भेट्टाउनुभयो (मत्ती १०:११)।

**युगको आत्मा**

धेरै मानिसहरू र ठूला-ठूला परिवर्तन हुने भएको हुनाले मात्र होइन तर तिनीहरूले युगको आत्मालाई देखाउने हुनाले शहरहरू सेवाका विशेष क्षेत्रहरू हुन्। यो दिन र युगमा विशेष किसिमका विचार र धारणाहरू अति नै प्रख्यात हुन्छन्। यिनैद्वारा स्वार्थी मानव स्वभावको युगौं पुरानो पापलाई देख्न सकिन्छ। शहरहरूले यी कुराहरूको प्रतिनिधित्व गर्छन्ः १) आत्मिक कुराहरूभन्दा भौतिक कुराहरूको चाहना। र २) सृष्टिकर्ताको रूपमा परमेश्वर र उहाँको ठीक स्थानलाई भन्दा स्वार्थ र मानव जीवनको चाहना।

यसलाई नमूनित गर्नको लागि, मैले मानिसको दुइवटा व्यवहार वा "आन्दोलन" र मानिसप्रति परमेश्वरको एउटा "आन्दोलन" भनी दुइवटा विशेष नाम दिएको छ। तिनीहरू यस प्रकार छन्ः

१. *"कनान आन्दोलन"* (प्रस्थान ३ः८)। युगको आत्माले "दूध र मह" बग्ने देश प्रवेश गर्नलाई हेरिरहेको थियो। इच्छाचाहिँ जीवनमा अगाड़ि बढ्नु थियो। अझै असल जीवनको लागि ठूलो खोजी भइराखेको छ। मानिस जीवनमा आनन्द खोज्न चाहन्छ। संसारले यसो भनिरहेको छ, "आज कि भोलि हामी फलानो शहरमा जाऔंला, र त्यहाँ एक वर्ष बिताऔंला र किनबेच गरेर नाफा गरौंला" (याकूब ४ः१३)।

**१४** व्यवस्था ८ः१७ र याकूब ४ः१३ पढ्नुहोस्।

**क.** तिनीहरूमा के कुरा एकै किसिमको छ?

........................................................................

**ख.** यसरी विचार गर्नुमा के गल्ती छ?

........................................................................

**ग.** मत्ती ६ः३३ पढ्नुहोस्। विचार गर्ने ठीक तरीका कुन हो?

........................................................................

२. *"बाबेलको धरहरा आन्दोलन"* (उत्पत्ति ११ः१-९)। आजको संसार जीवनमा अगाड़ि हुन मात्र चाहने होइन तर यो माथितिर पनि पुग्छ चाहन्छ। यिनीहरू एउटै कुरा होइनन्। अगाड़ि जानु भनेको चाहिँ धेरै सम्पत्तिको चाहना गर्नु हो। माथितिर जानु भनेको चाहिँ ठूलो दर्जा (स्थान)-को चाहना गर्नु हो। मानिस कसैको अधीनमा

हुनुभन्दा कसैको माथि भएको ऊ चाहन्छ। ऊ आफ्नो मालिक आफै हुनलाई खोजिरहेको छ। आफै परमेश्वर हुन चाहेकोले नै शुरूमा मानिसको पतन भएको हो (उत्पत्ति ३:५)। अझै पनि उसले आफ्नो निम्ति नाम कमाउनै चाहन्छ। ऊ अझै पनि परमेश्वरको क्रोध र दण्डबाट भागिरहेको छ। उसले परमेश्वरलाई त्याग्ने मात्र होइन, तर ऊ आफै परमेश्वरको ठाउँमा बस्न चाहन्छ।

३. *"बेतलेहेम आन्दोलन"* (लूका २:४-७)। कनान र बाबेल आन्दोलनले संसारलाई तृप्त पार्न सकेको छैन। पुस्तौं-पुस्तादेखि नै मानिसहरूले विभिन्न प्रकारमा अगाड़ि र माथि बढ्ने कोशिश गरे। मानिस असफल भयो र अझैसम्म ऊ हराएको र बेखुशी नै छ।

येशू ख्रीष्टद्वारा परमेश्वर तल आउनुहुने कार्य नै बेतलेहेम आन्दोलन हो। मानिस आफैले आफैलाई उठाउन नसकेको हुनाले मानिसलाई उठाउन उहाँ आउनुभयो। मानिसको खाँचोमा भाग लिनलाई परमेश्वरका पुत्र मानिसको रूपमा आउनुभयो। ईश्वरीय अनुग्रह र प्रेमद्वारा नै यो भएको हो। अब येशू ख्रीष्टद्वारा मानिस परमेश्वरकहाँ पुग्न सक्छ। मानिसले उत्तम र अनन्त जीवन प्राप्त गर्न सक्छ।



इज्जत र धन-सम्पत्तिले कसैलाई पनि परमेश्वरसँग ठीक र आनन्दित बनाउँदैन। परमेश्वरको उद्धारको बाटोलाई मानिसले पत्ता लगाएको वा कमाएको होइन। प्रकाशद्वारा नै यो मानिसकहाँ आएको छ। परमेश्वरको वचनबाट यो उसलाई प्रचारिनु नै पर्छ। "विश्वास सुनाइबाट र सुनाइचाहिँ परमेश्वरको वचनबाट आउँछ" (रोमी १०:८-१७)।

मानिस पतन भएको छ तर उसलाई सृष्टि गर्दाको परमेश्वरको स्वरूपको भाग ऊसँग अझ धमिलो रूपमा छँदैछ। संसारका अवस्थाहरूले सुसमाचारप्रतिको मानिसको प्रतिउत्तर बढ़िरहेको छ। पवित्र आत्माले प्रतिउत्तर र प्रतिउत्तर दिने व्यक्तिहरूका निम्ति ठीक समयको सृजना गर्नुहुन्छ।

**१५** यस वर्तमान युगमा मानिसहरूमा देखिने परिवर्तनहरू र स्वभावहरू सम्बन्धी भएका ठीक बयानहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. दिन-दिनै संसार बद्लिराखेको छ।
**ख**. संसार धेरै पापपूर्ण भएको हुनाले, यसमा सुसमाचार पुऱ्याउने प्रयास त्यत्ति बलियो छैन।
**ग**. साना नगरहरूभन्दा शहरहरू परिवर्तित समाजबाट बढ़ी पीड़ित भएका छन्।
**घ**. आज मानिसहरू धेरै कुरा चाहन्छन् र तिनीहरू उच्च दर्जा पनि चाहन्छन्।
**ङ**. मानिस परमेश्वरसँग ठीक र साँच्चै खुशी हुन सक्ने एक मात्र बाटो येशू ख्रीष्टले उपलब्ध गरिदिनुभएको छ।
**च**. शहरमा सर्दा एक व्यक्तिले सामना गर्नुपर्ने परिवर्तनहरूले उसलाई परमेश्वरमा फर्काउँछ।

## समस्या समाधान गर्नु

उद्देश्य ४: *आफूसँग मानिसको सङ्गति पुनर्स्थापित गर्नलाई परमेश्वरले कसरी सम्भव तुल्याउनुभयो व्याख्या गर्नुहोस्।*

संसारले उद्धार पाओस् भन्ने परमेश्वरको इच्छा थियो। त्यस वाद-विवादमा मानिस र परमेश्वरका बीचमा तेस्रो व्यक्तिलाई ल्याइयो। परमेश्वर पिताले पापको समाधानको रूपमा आफ्ना पुत्र येशूलाई पठाउनुभयो (यूहन्ना ३:१६)।। संसारमा भएको पापको समस्याको कारणले येशूको सेवाको आवश्यकता पऱ्यो। यदि संसारमा पापै नभएको भए मानिस भएर जन्मनु येशूको निम्ति आवश्यक नै थिएन। यदि संसारमा पाप नभएको भए येशू क्रूसमा मर्नुपर्ने आवश्यकता नै

थिएन। यदि पाप थिएन भने मानिसले गुमाएको कुरामा उसलाई फेरि पुनर्स्थापित गरिनुपर्ने आवश्यकता पनि थिएन।

मानिसले के गुमाएको छ त? मानिसले आफ्नो स्वतन्त्रता र परमेश्वरसँगको सङ्गति गुमाएको छ। परमेश्वर सृष्टिकर्ता र पिता हुनुहुन्छ भन्ने चेतना पनि उसले गुमाएको छ। छोरा र उसका बाबुको बीचमा पुनर्स्थापना गरिएको घटनालाई लूका १५-अध्यायमा पढ्नुहोस्। परमेश्वर र मानिसको बीचमा भएको सम्बन्ध बुझ्न यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

१६ लूका १५ अध्याय बाइबलमा हराउनु र भेट्टाउनु अध्याय हो।

**क.** कुन तीन कुराहरू हराएका थिए र फेरि भेट्टिए?

........................................................................

**ख.** ती तीनमध्ये सबैभन्दा मूल्यवान् कुन थियो?

........................................................................

**ग.** किन यो यति महत्त्वपूर्ण छ उल्लेख गर्नुहोस्।

........................................................................

**घ.** त्यहाँ भएको उत्सवको वर्णन गर्नुहोस्।

........................................................................

**ङ.** पापी परमेश्वरमा फर्किने वा भेट्टाउने कुरालाई यससँग कसरी तुलना गरिएको छ?

........................................................................

परमेश्वरले कसरी आफूसँग मानिसको सङ्गति पुनर्स्थापित गर्नुभयो? उहाँले ख्रीष्टको जीवन र कार्यहरूद्वारा यो गर्नुभयो। ख्रीष्ट यस पृथ्वीमा आएर क्रूसमा मर्नुभयो। ख्रीष्टका यी कामहरूद्वारा परमेश्वरले चारवटा कुराहरू प्रदान गर्नुहुन्छः

१. *परमेश्वरले पुनर्मिलाप प्रदान गर्नुहुन्छ।* पुनर्मिलाप गर्नुभएको अर्थ "दुइ कुराहरूलाई ठीकसँग एकैसाथ ल्याउनु हो।" आफ्ना विद्रोही कामहरूका कारणले मानिस परमेश्वरको शत्रु भएको थियो। मानिस र परमेश्वरका बीचमा भएको विभिन्नतालाई मिलाउन ख्रीष्ट आउनुभयो। परमेश्वर र मानिसलाई एकैसाथ ल्याउने शक्ति उहाँको प्रेम नै हो।

२. *परमेश्वरले बलिदान प्रदान गर्नुहुन्छ।* मानिसले परमेश्वरका पवित्र नियमहरू भङ्ग गरेको हुनाले नै मानिसको विरुद्धमा परमेश्वरको

क्रोध प्रकट भएको हो। परमेश्वर धर्मी परमेश्वर हुनुहुन्छ र आफ्ना नियमहरू पालन गरिएको उहाँ चाहनुहुन्छ। यी नियमहरू मानिसले पालन गर्न नसकेको हुनाले मानिसको निम्ति ती पालन गर्न ख्रीष्ट यस संसारमा आउनुभयो। अब परमेश्वरको क्रोध तृप्त भयो। क्रूसमा भएको आफ्नो बलिदानद्वारा ख्रीष्टले मूल्य तिर्नुभयो। परमेश्वरले मूल्य माग्नु मात्र भएन तर त्यो मूल्य तिर्नको निम्ति उहाँले आफ्ना पुत्रलाई पनि दिनुभयो भन्ने कुरा हामीले कहिल्यै भुल्नु हुँदैन।

३. *परमेश्वरले उद्धार प्रदान गर्नुहुन्छ।* पापको बन्धनबाट पापीलाई स्वतन्त्र पार्न ख्रीष्टले मूल्य तिर्नुभयो। यसको अर्थ अब पापी बचाइयो र उसले छुटकारा र उद्धार पायो। उसलाई स्वतन्त्र तुल्याउन उसको पुरानो मालिकबाट मूल्य तिरेर किनिएको कमारा ऊ हो। यो स्वतन्त्र दास आफूलाई स्वतन्त्र तुल्याइदिने व्यक्तिप्रति अनि नै कृतज्ञ हुन्छ र तिनै व्यक्तिको सेवाको निम्ति आफैलाई अर्पण गर्छ। यो ख्रीष्टियानकै कथा हो। तल उल्लेखित बाइबलका पदहरूमा यसलाई देखाइएको छः मर्कूस १०:४४; गलाती ३:१३; रोमी ३:२३-२४; र एफिसी १:७।

१७ १ पत्रुस १:१८-१९ पढ्नुहोस् र यस खण्डको अर्थ तपाईंलाई कस्तो लाग्छ, तपाईंका आफ्नै शब्दहरूमा लेख्नुहोस्।

..................................................................................

..................................................................................



**परमेश्वरको समाधान**

विद्रोहको निम्ति ——→ पुनर्मिलाप
दोषको निम्ति ——→ बलिदान
बन्धनको निम्ति ——→ उद्धार

४. *परमेश्वरले सहभागिता प्रदान गर्नुहुन्छ।* माथि उल्लेखित उद्धारका सबै पक्षहरूलाई परमेश्वरले नै उपलब्ध गरिदिनुभएको छ। पिताले इच्छा गर्नुभयो र पुत्रले मानिसको उद्धारको खातिर कार्य गर्नुभयो। तर पापको समस्यालाई समाधान गर्ने काममा मानिसको पनि केही जिम्मेवारी छ। १) मानिसले पापलाई त्यागेर परमेश्वरमा फर्किनुपर्छ र २) *सुसमाचार* लिएर संसारमा जानुपर्छ।

परमेश्वरसँगको पुनर्स्थापित सङ्गतिमा जीवन *परिवर्तन*चाहिँ मानिसको पहिलो कदम हो। पश्चात्ताप र विश्वास जीवन परिवर्तनका दुइ आधारभूत पक्षहरू हुन्। *पश्चात्ताप* भनेको पापबाट फर्कने र क्रूसमा हेरेर पापको निम्ति अफसोसको अनुभव गर्ने कार्य हो। मानिस परमेश्वरतर्फ फर्कंदा हुने सकारात्मक कार्यसम्बन्धी कुरा *विश्वासले* बताउँछ। उसले परमेश्वरलाई हेरचाहा र प्रेम गर्ने पिताको रूपमा देख्छ। उसले आफ्नो पूरै जीवन र भविष्यको निम्ति परमेश्वरमा भरोसा राख्छ।

तल अनन्त दण्डमा नाश भएको व्यक्तिको तस्वीर छ, तर उसलाई नाशबाट बचाइएको छ। आफूले छुटकारा पाएपछि अरू नाश भएर रहेकाहरूप्रति उसमा ठूलो जिम्मेवारीको चेतना आउँछ। यसरी ऊ तिनीहरूलाई बचाउन लाग्छ।



**बचाइयो**

यो मण्डलीको तस्वीर हो। मण्डली संसारबाट बोलाएर चुनिएका विशेष मानिसहरूको भूण्ड हो र यिनीहरूले नै संसारलाई उद्धारको सन्देश लैजान्छन्। संसारलाई परमेश्वरको उद्धारको बारेमा जानकारी दिन उहाँले मण्डलीलाई आज्ञा दिनुभएको छ। ख्रीष्टविना संसार नाश भएको छ र मानिसको आशा ख्रीष्ट मात्र हुनुहुन्छ भनी यसले विश्वास गर्नैपर्छ। यदि संसारले येशूको बारेमा जान्नु छ भने उहाँको मण्डली वा विश्वासीहरूद्वारा नै हो। सबै विश्वासीहरूलाई साक्षी हुनको लागि बोलाइएको छ र तिनीहरूले उहाँको निम्ति गरेका सबै कामहरूको लेखा येशूको दोस्रो आगमनमा दिनुपर्नेछ।

१८ *किन* उद्धार भन्ने कुराको अर्थ *पुनर्मिलापले* दिन्छ। पुनर्मिलाप किन आवश्यक थियो, व्याख्या गर्नुहोस्।

..........................................................................

१९ *कसरी* उद्धार गरियो भन्ने कुरा *ख्रीष्टको बलिदानले* बताउँछ। यो कसरी गरिएको थियो व्याख्या गर्नुहोस्।

..........................................................................

..........................................................................

२० *छुटकाराले* उद्धारका *नतीजाहरू* दिन्छ। यी नतीजाहरू के-के हुन्?

..........................................................................

..........................................................................

२१ *सहभागिताले* परमेश्वरको उद्धारको योजनामा मानिसको पनि संलग्नता छ भनी बताउँछ। मानिसका दुइवटा संलग्नतालाई वर्णन गर्नुहोस्।

..........................................................................

..........................................................................

## स्वयम्-जाँच

**छोटो उत्तर**ः तपाईंका आफ्नै शब्दहरूमा यी प्रश्नहरूका उत्तर दिनुहोस्।

१ कसरी आदम र हव्वाको पापले सारा संसारलाई असर पारेको छ? ..........................................................................
..........................................................................

२ हामी बाँचिरहेको युगको आत्मालाई वर्णन गर्ने तल उल्लेखित शब्दहरूको अगाड़ि (X) चिन्ह लगाउनुहोस्ः

| | |
|---|---|
| .....परिवर्तन | .....बन्धन |
| .....समस्याहरू | .....अनाज्ञाकारिता |
| .....शान्ति | .....स्वार्थी मूल्यहरू |
| .....सुरक्षा | .....आनन्द |
| .....विद्रोह | .....स्वतन्त्रता |
| .....बलिदान | .....पाप |
| .....एकलोपना | .....डर |

३ माथि उल्लेखित सूचीमा कुन तीन शब्दहरूले उद्धार पाएको व्यक्तिको आत्माको वर्णन गर्छन्?
..........................................................................
..........................................................................

४ परमेश्वरको उद्धारको योजनाको बारेमा मानिसहरूलाई बताउन र तिनीहरूलाई सेवा पुर्‍याउनको लागि शहरहरू कसरी असल ठाउँहरू हुन सक्छन्?
..........................................................................
..........................................................................

५ कसरी परमेश्वरको उद्धारको योजनाले पापको समस्यालाई असर पारेको छ? ..........................................................................
..........................................................................

६ नाश भएको र मरिराखेको संसारलाई उद्धारको सन्देश लैजान परमेश्वरले कसलाई चुन्नुभएको छ?
..........................................................................

## अध्ययन प्रश्नहरूका उत्तरहरू

तपाईंले अगाड़ि नै अर्को प्रश्नको उत्तर हेर्न नसक्नुभएको होस् भनेर अध्ययन प्रश्नहरूका उत्तरहरूलाई क्रमिक रूपमा दिइएको छैन। तपाईंलाई चाहिएको संख्या हेर्नुहोस् र अर्को उत्तरलाई अगाड़ि नै हेर्ने कोशिश नगर्नुहोस्।

११ शहरका मानिसहरूका बीचमा गरीब, कैदी, अन्धा र शोषित मानिसहरू पनि थिए।

१ मेरो उत्तरचाहिँ यस्तो छः परमेश्वरले मलाई सृष्टि गर्नुभयो र उहाँले आफ्नै निम्ति मलाई सृष्टि गर्नुभयो।

१२ याकूबले स्वतन्त्रताको आत्माको बारेमा बताएका छन् र लूकाले चाहिँ स्वतन्त्रताको खोजी गर्ने छोराको कार्यहरूका बारेमा बताएका छन्।

२ **क** २) विद्रोहको कार्य।
**ख** ३) अनाज्ञाकारिताको कार्य।
**ग** १) बन्धनको अवस्था।

१३ क) तिनीहरूले सुसमाचार नसुनेका धैरै मानिसहरूको प्रतिनिधित्व गर्छन्।
घ) शहरहरूमा डर र सुरक्षा हुन्छ।

३ आदम र हव्वाले पाप गरेपछि पाप संसारमा आयो। तिनीहरूका पापको कारणले सबै मानिसहरू पापमा जन्मन्छन्।

१४ **क.** मानिसले धेरै कुराहरू प्राप्त गर्न चाहन्छ र प्राप्त गरिसकेपछि अरूहरूले त्यसलाई मान्यता दिएको पनि चाहन्छ भनी यी दुवैले बताउँछन्।
**ख.** तिनीहरूले परमेश्वरलाई त्यागेका छन्।
**ग.** यदि हामीले परमेश्वरको राज्यलाई पहिलो स्थानमा राख्यौं भने उहाँले हाम्रा सबै खाँचोहरूको वास्ता गर्नुहुन्छ।

४ उहाँ मात्र परमेश्वर हुनुहुन्छ। उहाँले सबै थोकहरू सृष्टि गर्नुभयो। उहाँलाई सबै कुराहरू थाहा छ।

१५ क ठीक   ख बेठीक   ग ठीक
घ ठीक   ङ ठीक   च बेठीक

५ उद्धार गर्नुहुने, उद्धारकर्ता।

१६ क भेड़ा, सिक्का, पुत्र।   ख पुत्र।
ग पिता र पुत्रको बीचको सङ्गति पुनर्स्थापित भयो।
घ बाबुले आफ्नो छोरालाई लुगाहरू र खाना दिए। त्यहाँ नाचगान र आनन्द थियो।

६ उहाँ शारीरिक विश्व र यसमा भएका सबै थोकहरूका सृष्टिकर्ता हुनुहुन्छ। उहाँ नैतिक नियमहरूका सृष्टिकर्ता हुनुहुन्छ।

१७ मलाई पापबाट स्वतन्त्र पार्नको लागि परमेश्वरले पैसाको बलिदान तिर्नुभएको होइन, तर उहाँका आफ्नै पुत्रको बलिदान दिनुभयो।

७ क हामीलाई बनाउनुभएको हुनाले हामी उहाँका सन्तान हौं।
ख पापको निम्ति येशू हाम्रा बलिदान हुनुभएको हुनाले हामी उद्धार पाएका उहाँका सन्तानहरू हौं।
ग हामीलाई उद्धार गर्नका निम्ति उहाँका पुत्र येशू मानिस भएर जन्मनुभयो।

१८ किनभने मानिसले आफ्ना सृष्टिकर्तासँग सङ्गति गुमायो।

८ उद्धार पाएका उहाँका मानिसहरू अर्थात् मण्डली।

१९ ख्रीष्टको क्रूसको मृत्युले परमेश्वरको मागलाई पूरा गर्‍यो र ख्रीष्टले आफैमाथि परमेश्वरको क्रोध लिनुभयो।

९ तपाईंले विचार गर्न सक्ने शारीरिक, सामाजिक, नैतिक वा आत्मिक परिवर्तनहरूलाई सूचीमा उल्लेख गर्न सकिन्छ।

२० मानिस पापको व्यवस्थाबाट स्वतन्त्र भएको छ, र अब ऊ पापको कमारा छैन।

१० येशूको सेवा प्रायःजसो शहर (नगर)-हरूमा थियो।

२१ ख्रीष्टद्वारा दिइने उद्धारको आवश्यकता छ भनी जब मानिसले देख्छ, उसले पश्चात्ताप गर्छ। त्यसपछि नाश भएका मानिसहरूकहाँ उसले उद्धारको सन्देश लिएर जान्छ।

पाठ २

# विश्वव्यापी योजना

ई.सं. १५८८-मा स्पेनका राजा फिलिप द्वीतियले बेलायतलाई हमला गर्ने योजना गरे। उनले होशियारीसाथ आफ्ना योजनाहरू बनाएका थिए। उनले आफ्नो प्रख्यात स्पेनी बृहत्नौसेना पठाए, जसमा १३० जहाजहरू र ८००० नाविकहरू थिए, र जित्ने कुरामा उनी निश्चित नै थिए।

तर योजनाअनुसार काम कुराहरू भएनन्। जमीनबाट जहाज-हरूलाई सहायता दिने सेनाको दल ठीक समयमा आइपुगेन। बेलायती-हरूले स्पेनका जहाजहरूसँग लड़ाइँ गरे। ठूलो हावा चल्यो र बृहत्नौसेना अगाड़ि बढ्न सकेन र तिनीहरूका सबै जहाजहरू शत्रुका हातमा परे। राजाका योजनाहरू असफल भए र लड़ाइँमा हार भयो।

संसारको उद्धारको निम्ति परमेश्वरले कसरी योजना राख्नुभएको छ, सो हामी यस पाठमा पनि हेर्नेछौं। पापको विरुद्धमा युद्ध गर्न पिता, पुत्र र पवित्र आत्मा जानुभएको छ भनी उद्धारको योजनाले देखाउँछ। परमेश्वरले मानिसलाई आफूसँगको सङ्गतिमा ल्याउनको लागि उहाँको समय-तालिकाअनुसार नै उहाँका योजनाहरू पूरा भएका देख्दा हामीलाई खुशी लाग्छ। परमेश्वरको योजना असफल भएको छैन।



## *पाठको रूपरेखा*

उद्धारको योजना
उद्धारको कार्य
उद्धारको सेवा (मिशन)

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- उद्धारको योजना र यो किन आवश्यक थियो भनी व्याख्या गर्न सक्नुपर्नेछ।
- उद्धारको योजनामा परमेश्वर, ख्रीष्ट, पवित्र आत्मा र मण्डलीको कार्यलाई बुझ्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएको तरीकालाई अपनाई पाठ अध्ययन गर्नुहोस्। पाठमा दिइएका बाइबलका सबै पदहरूलाई पढ्नुहोस् र तपाईंले दिनुभएको उत्तरको जाँच गर्नुभन्दा पहिले प्रत्येक अध्ययन प्रश्नको उत्तर दिनुहोस्।

२. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

## *मुख्य शब्दहरू*

अनन्त
अवतार
कैदी
चरमसीमा
छुटकारा
दण्ड
निस्तार
पुनर्स्थापना
पुनरुत्थान
मुक्ति
शुरू

## *पाठ विकास*

### उद्धारको योजना

उद्देश्य १: *उद्धार र मुक्ति शब्दहरूका बीचको भिन्नतालाई व्याख्या गर्नुहोस्।*

**उद्धारको अर्थ**

*मुक्ति* र *उद्धार* उस्तै किसिमका शब्दहरू हुन्। यी दुइवटा शब्दहरूका बीचमा भएको भिन्नतालाई बुझ्न त्यत्ति सजिलो छैन। विश्वासीहरूका निम्ति दुवै धेरै महत्त्वपूर्ण छन्, तर तिनीहरूका अर्थहरूमा सानो भिन्नता छ।

यी दुइ शब्दहरूमा *मुक्ति* शब्द धेरै प्रचलित छ र सामान्य अर्थमा पनि यसलाई बुझिन्छ। खतराबाट बचाइने धारणा यसमा समावेश छ। ख्रीष्टियानको लागि यसले यही अर्थ दिन्छ, कि पापको कारणले मानिस अनन्त दण्ड र मृत्युको खतरामा छ (रोमी ३:२३)।

*उद्धार* शब्दको अर्थ "मुक्ति" पनि हुन्छ, तर यसको ग्रीक शब्दको अर्थ योभन्दा पनि अझ विशेष हुन्छ। यो मुक्ति कसरी प्राप्त गरिएको छ त्यसको *तरीका* र *उपायको* बारेमा यसले बताउँछ। त्यो मुक्तिको लागि *तिरिएको मूल्यको* बारेमा पनि यसले बताउँछ। कुनै कारणले गुमाएको आफ्नै कुरालाई फेरि किन्ने विचार (धारणा) यसमा पाइन्छ। (लेवी २५:२५-२७,४७-५४ पढ्नुहोस्)। मिश्र (प्रस्थान ६:६; १५:१३) र बेबिलोन (यर्मिया ३१:११; ५०:३३-३४) बाट इस्राएलीहरूले पाएको छुटकारालाई यसले सम्बोधन गर्छ।

१ हाम्रो मुक्ति वा उद्धारलाई सम्भव तुल्याइएको तरीका र उपायको बारेमा १ पत्रुस १ः१८-१९ र मर्कूस १०ः४५-मा पाइन्छ। यी पदहरूले तपाईंलाई कस्तो अर्थ दिन्छन् तपाईंका आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। ..........................................................

..........................................................................

परमेश्वरको व्यवस्थालाई भङ्ग गरेर मानिसले पाप गऱ्यो। व्यवस्थाहरू स्थापना गर्ने परमेश्वरलाई चिन्न मानिस असफल भयो। यसको नतीजाचाहिँ मानिसले परमेश्वरसँगको आफ्नो सङ्गति गुमायो। यसरी मानिसलाई आफूसँगको सङ्गतिमा फेरि फर्काएर ल्याउने परमेश्वरको इच्छा र अनन्त उद्देश्य छँदैछ। परमेश्वरले आफ्नै पुत्रको बलिदानद्वारा मानिसलाई उद्धार गर्नलाई छान्नुभयो।

२ *मुक्ति* र *उद्धार* शब्दहरूका बीचमा भएको भिन्नतालाई तपाईंका आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। ....................................

..........................................................................

..........................................................................

३ मानिसलाई किन छुटकारा गरिनुपर्ने आवश्यकता थियो भनी तल उल्लेखित कारणहरूमध्ये कुनचाहिँले बताउँछ?

**क.** मानिसलाई पापपूर्ण अवस्थामा नै सृष्टि गरिएको हुनाले परमेश्वरसँगको सङ्गतिबाट ऊ अलग हुनुपरेको थियो।
**ख.** परमेश्वरप्रतिको अनाज्ञाकारिताको कारणले मानिस पापी भयो, र पापको कारणले उसले परमेश्वरसँगको आफ्नो सङ्गति गुमायो।

पापको बन्धनमा कैदी भएको पापीले परमेश्वरको उद्धारको योजना १) ईश्वरीय सृजना र २) मानवीय आकार हो भनी चिन्नैपर्छ। अरू शब्दहरूमा भन्ने हो भने परमेश्वरको योजनाको स्रोत र उद्देश्यलाई उसले बुझ्नु आवश्यक छ। यी दुवै धारणाहरूलाई हामी हेर्नेछौं।

**ईश्वरीय सृजना (शुरू)**

उद्देश्य २ः *उद्धारको शुरू र उद्देश्यलाई ठीकसँग व्याख्या गर्ने बयान-हरूलाई चिन्नुहोस्।*

*उद्धार परमेश्वरको हो।* उद्धारले यसको आफ्नो गहिरो तहमा परमेश्वरको स्वभावलाई प्रकट गर्छ। उहाँ जो हुनुहुन्छ, त्यहीको

कारणले उद्धार उहाँकै हो। उहाँ मानिसको पक्षमा काम गर्नुहुने अनन्त परमेश्वर हुनुहुन्छ। उहाँ आफ्नो सृष्टिको निम्ति शुद्ध प्रेममा कार्य गर्नुहुने स्वर्गीक पिता हुनुहुन्छ।

परमेश्वर प्रेम हुनुहुन्छ। प्रेम उहाँको स्वभावकै भाग हो। प्रेमको कारणले नै उद्धार गरिएको हो। मानिसको उद्धार गर्नु आफ्नो कर्तव्य हो भनेर उहाँले यसो गर्नुहुन्न, तर उहाँले हामीलाई प्रेम गर्नुभएको हुनाले हाम्रो उद्धार गर्नुभएको हो। त्यसकारण हाम्रो उद्धारको निम्ति आफ्ना एक मात्र पुत्र दिएर यति ठूलो मूल्य उहाँले तिर्नुभएकोमा हामीले आश्चर्य मान्नुपर्ने आवश्यकता छैन। प्राप्त गर्न नसकिने प्रेमको वर्णनको रूपमा दयालु पिताले मानिसको पक्षमा कार्य गरी आफ्नो दया देखाउनुभयो। साँच्चै नै उहाँ उद्धारका परमेश्वर हुनुहुन्छ, उहाँले नै हामीलाई हाम्रा पिता भएर छुटकारा दिनुभएको छ (यशैया ६३:१६)।

*उद्धार परमेश्वरबाटको हो।* कार्यका परमेश्वर अर्थात् सृष्टिकर्ताबाट नै उद्धार आउँछ। बाइबलको पहिलो पुस्तकको पहिलो पदले नै परमेश्वर कार्यमा संलग्न हुनुहुन्छ भनी देखाउँछ (उत्पत्ति १:१)। उद्धारको शुरू र अन्त परमेश्वरमा नै छ। परमेश्वर कार्यमा हुनुहुन्छ भनी उद्धारले देखाउँछ। उहाँ प्रेमी र असल परमेश्वर मात्र हुनुहुन्न, तर उहाँ जीवित र सरोकार राख्ने परमेश्वर हुनुहुन्छ। परमेश्वरले मानिसको निम्ति उद्धारको चाहना गर्नुभयो र उहाँले यसलाई *उपलब्ध* गरिदिनुभयो वा उद्धारको आफ्नो योजनालाई कार्यमा देखाउनुभयो।

उहाँले यो कसरी गर्नुभयो त? उहाँले मानिसको शत्रुको विरुद्धमा कार्य गर्नुभएको छ र मानिसलाई पापको बन्धनबाट छुटकारा दिने योजना बनाउनुभएको छ।

४ तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र परमेश्वरको उद्धारको योजनालाई पूरा गर्न परमेश्वरले कार्य गर्नुभयो भनी बताउने पदहरूलाई पूरा गर्नुहोस्।

**क**. उत्पत्ति ३:१५-मा उहाँले के प्रतिज्ञा गर्नुभएको छ? ............
.....................................................................

**ख**. यूहन्ना १:२९-मा उहाँले के जुटाउनु भएको छ? .............
.....................................................................

ग. यूहन्ना ३ः१७-मा उहाँले केको प्रस्ताव गर्नुभएको छ? .......
..........................................................................

घ. १ कोरिन्थी १५ः२२-२८-मा उहाँले केको योजना गर्नुभएको छ? ..................................................................
..........................................................................

**रूपमा मानवीय हुन्छ**

*उद्धार मानिसको निम्ति हो।* मानिस सुरक्षित हुनु आवश्यक छ। उसले आफैलाई पापमा सुम्पिएको छ। परमेश्वरको आज्ञा पालन गर्नलाई इन्कार गरेर ऊ विद्रोही अवस्थामा छ। उसको अवस्थाको कारणले नै परमेश्वरको उद्धारको योजनाको आवश्यकता परेको हो। उसको अवस्थाचाहिँ अलगपनको अवस्था हो। परमेश्वरको उपस्थितिमा आउन पापीलाई मनाही गरिएको छ भन्ने मात्र यसले अर्थ दिँदैन। कस्तो डरलाग्दो विचार! परमेश्वरको अनुग्रहको कार्यलाई इन्कार गर्ने पापीलाई निश्चित दण्ड मिल्ने छ भन्ने अर्थ पनि यसले दिन्छ। यो दण्डचाहिँ अनन्त नाश हो, "किनभने पापको ज्याला मृत्यु हो" (रोमी ६ः२३)।

*उद्धार परमेश्वरका पुत्रद्वारा आउँछ।* उद्धारको हृदयमा *अवतार* खड़ा भएको छ। *अवतारको* अर्थ यही नै हो कि परमेश्वरका पुत्र मानव बन्नुभयो र हाम्रा बीचमा रहनुभयो (यूहन्ना १ः१४)। मानव इतिहास र ठीक समयमा भएको यो घटना अति गहिरो रहस्यपूर्ण कुरा हो। मानिसको दण्ड तिर्नलाई मानिसको रूप लिएर येशू ख्रीष्ट पृथ्वीमा आउनुभयो। परमेश्वरको क्रोध र पापीमाथि भएको उहाँको मृत्युको दण्डलाई तृप्त पार्न उहाँ मानिसको साँचो सट्टा हुनुहुन्थ्यो। मानिसलाई छुटकारा दिनलाई ख्रीष्ट मानव बन्नुभयो। "हामी उहाँमा परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाहा नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो" (२ कोरिन्थी ५ः२१)।

ख्रीष्टले मानिसको ठाउँ लिनुभएको महत्त्व उहाँ परमेश्वर हुनुहुन्छ भन्ने वास्तविकतामा भर पर्छ। येशू परमेश्वरको रूप मात्र हुनुहुन्न, तर उहाँ परमेश्वर नै हुनुहुन्छ। त्रित्वको दोस्रो व्यक्ति येशू आफै नै परमेश्वर हुनुहुन्छ। परमेश्वर शरीर बन्नुभयो अर्थात् एउटै व्यक्तिमा ईश्वरीय र मानव गरी दुइ स्वभावहरू भए। पुरुष र स्त्रीको बीचको सम्बन्धद्वारा होइन तर ईश्वरीय र मानवीय बीचको संयुक्तिद्वारा उहाँ

जन्मनुभएको हो। उहाँको जन्ममा मानव प्रतिनिधिचाहिँ उहाँकी आमा मरियम थिइन्, जसले पवित्र आत्माको रचनात्मक कार्यद्वारा गर्भधारण गरेकी थिइन् (लूका १:३४-३५)।




**उहाँले सबै तिरिदिनुभयो!**

त्यसकारण पाप माथिको न्यायमा र सबै मानव जातिका निम्तिको उद्धारमा पिता, पुत्र र पवित्र आत्माले कार्य गर्नुभएको कुरा उद्धारले देखाउँछ।

**५** बायाँपट्टि दिइएको परिभाषालाई दायाँपट्टि दिइएको शब्दसँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ...**क** केही कुरा छुटाउनको निम्ति तिरेको मूल्य | १) उद्धार |
| ...**ख** एक पल्ट तपाईंको आफ्नै भएको कुरालाई फेरि किनेर बचाउनु | २) मुक्ति |
| ...**ग** सम्भावीय खतराबाट बचाउनु | ३) अवतार |
| ...**घ** परमेश्वरले मानिसको रूप लिनुभयो | ४) छुटकारा |

**६** उद्धारको *शुरूको* सम्बन्धमा तल उल्लेखित बयानहरूमध्ये कुन-कुन **ठीक** छन्?

**क.** उद्धार परमेश्वर*को* हो भनी जब हामी भन्छौं, हामीले यसको अर्थ यही लगाएका हुन्छौं कि उहाँको स्वभावैले उहाँले हामीलाई छुटकारा दिन चाहनुहुन्छ।

**ख.** परमेश्वरले हामीलाई बचाउनुभएको हुनाले हामीलाई उद्धार गर्ने उहाँको कर्तव्य नै हो।

**ग.** मानिस परमेश्वरको उद्धारको योजनाद्वारा परमेश्वरले देखाउनुभएको प्रेमको योग्य छ।

**घ.** परमेश्वरले मानिसलाई छुटकारा दिनुभयो भनी जब हामी भन्छौं, त्यसको अर्थ आफूसँगको सङ्गतिमा मानिसलाई फर्काएर ल्याउन परमेश्वरले मूल्य तिरिदिनुभयो।

**ङ.** उद्धार परमेश्वर*बाटको* हो भन्नाले उद्धार जुटाउनलाई परमेश्वरले गर्नुभएको कार्य बुझिन्छ।

**७** उद्धारको *उद्देश्यको* सम्बन्धमा तल उल्लेखित बयानहरूमध्ये कुन-कुन ठीक छन्?

**क.** उद्धारको आकार वा उद्देश्य मानिसलाई उसको पापपूर्ण अवस्थाबाट छुटकारा दिनु हो।

**ख.** पापपूर्ण मानिस परमेश्वरको उपस्थितिमा आउनुभन्दा पहिले नै उसको छुटकारा भएको हुनुपर्छ।

**ग.** अवतारको अर्थ येशू परमेश्वर हुनुहुन्थ्यो भन्ने हो।

**घ.** मानिसहरूका बीचमा जिउनलाई मानिसको रूपमा येशू यस पृथ्वीमा आउनुभएको भए तापनि यसै समयमा उहाँ परमेश्वरका ईश्वर पुत्र पनि हुनुहुन्थ्यो।

**ङ.** मानिसको सट्टामा पापको दण्ड तिर्न सक्नलाई येशू मानव बन्नुभयो।

**च.** पिता परमेश्वर र पुत्र परमेश्वर उद्धारको योजनामा सक्रिय भएर संलग्न हुनुभएन।

**८** मानिसको पापपूर्ण अवस्थाको कारणले नै ऊ परमेश्वरबाट अलग भएको हो। यस अलगपनाका दुइ नतीजाहरू के-के हुन्?

.................................................................................

.................................................................................

## उद्धारको कार्य

उद्देश्य ३ः *उद्धारमा ख्रीष्टको कार्य योजनाबद्ध, व्यक्तिगत र सिद्ध थियो भन्ने धारणालाई व्याख्या गर्नुहोस्।*

ख्रीष्ट परमेश्वरको उद्धारको योजनाका केन्द्र हुनुहुन्छ। मानव-जातिको मुक्ति असल दर्शनशास्त्र वा असल जीवनद्वारा आउँदैन। तर येशू ख्रीष्टको जीवनद्वारा मात्र यो आउँछ।

मानिसको निम्ति भएको परमेश्वरको उच्च उद्देश्य, र परमेश्वरको निम्ति मानिसको उच्च कार्य सङ्गति नै हो (प्रकाश ४:१०-११)। मानिसको सबैभन्दा ठूलो नोक्सानी उसले पाप गरेपछि परमेश्वरसँगको टुटेको सङ्गतिको नोक्सानी हो। तर मानिससँग आफ्नो सङ्गति पुनर्स्थापना गर्नको लागि परमेश्वरले उपाय (बाटो) जुटाउनुभएको छ। उहाँका आफ्ना पुत्र येशूद्वारा उहाँले यो जुटाउनुभएको छ।

ख्रीष्टको कार्य आफू क्रूसमा मरेर मानिस र परमेश्वरको बीचको सङ्गतिलाई पुनर्स्थापना गर्नु थियो। ख्रीष्टको बलिदानद्वारा नै परमेश्वर मानिसतर्फ फर्किन सक्नुभयो, किनभने पापको बाधालाई हटाएर उहाँका मागहरू पूरा गरिएका थिए। ख्रीष्टको मृत्युले यो अर्थ पनि दिन्थ्यो कि मानिसको उद्धारको निम्ति मोल तिरिएको हुनाले अब मानिस परमेश्वरतर्फ फर्किन सक्छ।

ख्रीष्टको जन्म, जीवन र सेवाको मुख्य उद्देश्य क्रूसमा उहाँको आफ्नो बलिदान नै थियो (मर्कूस १०:४५)। परमेश्वरको उद्धारको योजनामा भएको ख्रीष्टको मृत्युले मानिसलाई परमेश्वरको प्रेम बुझ्न सम्भव तुल्याएको छ। यसैले क्रूसमा भएको ख्रीष्टको उद्धारको कार्य १) ध्यानपूर्वक *योजना गरिएको* थियो २) *व्यक्तिगत रूपमा* व्यवहारमा लगाइएको थियो, र ३) पुनरुत्थानमा *पूरा गरिएको* थियो।

६ परमेश्वरसँगको सङ्गतिमा फर्कनको निम्ति ख्रीष्टको क्रूसको मृत्युले मानिसलाई कसरी सम्भव तुल्याएको छ व्याख्या गर्नुहोस्।

.......................................................................................

.......................................................................................

**योजना गरिएको कार्य**

मानव-जातिको दुःखलाग्दो पतनलाई परमेश्वरले पहिल्यै देख्नुभयो। उहाँसँग सङ्गति गर्नका लागि उहाँले हाम्रो निम्ति उद्धार र पुनर्स्थापनाको योजना गर्नुभएको थियो। परमेश्वरका पुत्र "संसारको उत्पत्तिदेखि मारिनुभएको थुमा बन्नुभयो (प्रकाश १३:८)। उद्धारमा उहाँको कार्य यी थिएः

१. परमेश्वरद्वारा योजना बनाइएको (एफिसी १:४-६,११)।
२. परमेश्वरद्वारा प्रतिज्ञा गरिएको (उत्पत्ति ३:१५)।

३. अगमवक्ताहरूद्वारा भविष्यवाणी गरिएको (यशैया ५३)।
४. पुरानो करारमा आंशिक रूपले महसूस गरिएको (मीका ४:१-४)।
५. प्रेरितहरूद्वारा प्रचार गरिएको (प्रेरित २:२३; ४:२८)।

तपाईंले बाइबलका यी खण्डहरूलाई पढ्नुहुँदा देख्नुहुनेछ कि येशू नाश भएको मानव-जातिका निम्ति परमेश्वरको उद्धारको योजनाको अङ्ग हुनुहुन्थ्यो।

**व्यक्तिगत कार्य**

मुक्ति एक व्यक्ति अर्थात् येशू ख्रीष्टमा केन्द्रित छ। ख्रीष्ट नै मुक्ति हुनुहुन्छ। उद्धार अनुभव गर्नुचाहिँ ख्रीष्टलाई अनुभव गर्नु हो। हामीलाई उद्धार गर्नको लागि उहाँले आफैलाई दिनुभयो। ख्रीष्टको आफ्नो जीवन नै उद्धारको बलिदान थियो।

मुक्ति भनेको विश्वास र रीतिरिवाजहरूको संकलन वा जीवनको एक तरीका होइन। यो हामी सबैका निम्ति परमेश्वरद्वारा दिइनुभएको ख्रीष्ट हो (यूहन्ना १:१२; १ यूहन्ना ५:१२)। उहाँ पिताद्वारा पठाइनुभएको थियो, तर अर्को प्रकारले भन्ने हो भने उहाँ आफ्नै राजी-खुशीले संसारमा आउनुभयो। उहाँले स्पष्टसँग बताउनुभयोः

> यसैकारण पिताले मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण त्यो म फेरि लिने हेतुले अर्पण गर्छु। कसैले त्यो मबाट खोस्दैन, तर म आफै त्यो अर्पण गर्छु। त्यो अर्पण गर्ने मेरो अख्तियार छ, अनि त्यो फेरि लिने पनि मेरो अख्तियार छ, यो आज्ञा मैले मेरा पिताबाट पाएँ (यूहन्ना १०:१७-१८)।

"परमेश्वरको उद्धारको योजनालाई कार्यमा लगाउन परमेश्वरका पुत्र मानव शरीरमा आउनुभयो।" अनि वचन देह (शरीर) हुन आयो, र हाम्रा बीचमा अनुग्रह र सत्यले पूर्ण भई वास गऱ्यो" (यूहन्ना १:१४)। मानव-जातिको निम्ति भएको परमेश्वरको विचार अर्थात् इच्छालाई वचन र ख्रीष्टले शरीर र हाड़द्वारा प्रकट गरिदिनुभयो। व्यक्तिमा आउनुभएको ख्रीष्ट कार्यमा परमेश्वरको उद्देश्य हुनुहुन्थ्यो। वचन भनेको घोषणा गरिने सन्देश मात्र होइन तर यो ता ख्रीष्ट आफै हुनुहुन्छ!



उद्धारको कार्य व्यक्तिगत थियो, किनभने येशूले व्यक्तिगत रूपमा बलिदान गर्नुभयो। यो व्यक्तिगत थियो, किनभने यो व्यक्तिहरूका खातिरमा बनाइएको थियो। आज पनि ख्रीष्टको बलिदानले जुनसुकै व्यक्तिलाई पनि यी कुराहरूबाट उद्धार गर्न सक्छः

१. परमेश्वरका व्यवस्थाहरूको अनाज्ञाकारिताका कार्यहरू
२. परमेश्वरलाई जीवनको केन्द्रबाट हटाउने विद्रोही कार्यहरू
३. नाश पारिएको ईश्वरीय स्वरूप
४. शुरूको निष्कपटता र पवित्रताको गुमाइ

१० येशू ख्रीष्टसँग भएको तपाईंको व्यक्तिगत सम्बन्धलाई तपाईंका आफ्नै शब्दहरूमा बताउनुहोस्।

.......................................................................................

.......................................................................................

## पूरा गरिएको कार्य

ख्रीष्टको पुनरुत्थान यति बेला उल्लेख गर्नु अति नै महत्त्वपूर्ण छ। ख्रीष्टको मृत्युको साथसाथै पुनरुत्थान ख्रीष्टियान विश्वासका महत्त्वपूर्ण सत्यताहरूमध्ये एक सत्यता हो। प्रेरितहरूका प्रचारको विषयवस्तु नै यही थियो। ख्रीष्टको मृत्युको विवरणपछि नयाँ करारमा उल्लेख गरिएका आधारभूत सिद्धान्तहरूमध्ये यो सिद्धान्तलाई धेरै ठाउँ दिइएको छ। मृत्यु र पुनरुत्थान मानिसको उद्धारसँग सम्बन्धित छन्। "किनभने मरेका र बाँचेका दुवैका प्रभु हुनलाई ख्रीष्ट मर्नुभयो, र फेरि जिउनु पनि भयो (रोमी १४:९)।

यी कारणहरूले गर्दा ख्रीष्टको पुनरुत्थान महत्त्वपूर्ण छः

१. ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनी यसले स्थापित गर्छ।
२. मृत्युमाथि ख्रीष्टको शक्ति छ भनी यसले प्रकट गर्छ।
३. ख्रीष्टका सत्यताहरूको वास्तविकतालाई यसले प्रमाणित गर्छ।
४. बाइबलका भविष्यवाणीहरूलाई यसले निश्चित तुल्याउँछ।
५. झूटा धर्महरूको सुरक्षालाई यसले नाश गर्छ, र यी धर्महरूले आफ्ना स्थापक मृत्युबाट बौरिउठे भन्ने विषयमा कुनै दाबी गर्दैनन्।

ख्रीष्टको पुनरुत्थान मत्ती, मर्कूस, लूका र यूहन्नाका सुसमाचारहरूको चरमसीमा र समाप्ति हो। यो ख्रीष्टको सेवाको परिपूर्ति पनि हो। "आफूले योजना बनाउनुभएको कुरालाई परमेश्वरले पूरा गर्नुभयो र उहाँले ख्रीष्टद्वारा पूरा गर्ने निर्णय गर्नुभएको रहस्यपूर्ण योजना हामीलाई प्रकट गरिदिनुभयो" (एफिसी १:६)।

**११** यस खण्डलाई दोहोऱ्याउनको लागि तलका प्रश्नहरूलाई आफ्नै शब्दहरूमा उत्तर दिनुहोस्।

**क.** पतित मानव जातिको उद्धारको योजना पहिल्यै बनाइएको थियो भन्दा हामीले के अर्थ लगाएका हुन्छौं?

.....................................................................

.....................................................................

**ख.** दुइ किसिमले उद्धार व्यक्तिगत कार्य हो, ती के-के हुन्?

.....................................................................

.....................................................................

**ग.** ख्रीष्टको पुनरुत्थानको बारेमा बताउँदा उहाँको जीवनको कुन घटनाको अर्थ हामीले दिएका हुन्छौं? ..........................

.....................................................................

**घ.** उद्धार सिद्ध कार्य होभन्दा हामीले के अर्थ दिएका हुन्छौं?

.....................................................................

.....................................................................

उद्धारको योजना सिद्ध भएको कार्य हो भनी थाहा पाउँदा तपाईंलाई खुशी लाग्दैन? काम सकिएको हुनाले परमेश्वरसँग हाम्रो नभाँचिएको अनन्त आशाको सङ्गति छ!

## उद्धारको सेवा (मिशन)

उद्देश्य ४: *परमेश्वरको उद्धारको योजनालाई पूरा गर्नलाई पवित्र आत्माले मण्डलीद्वारा गर्नुहुने कार्यलाई वर्णन गर्नुहोस्।*

**ठूलो बतास बहेकोजस्तो**

त्रित्वको तेस्रो व्यक्ति अर्थात् पवित्र आत्मा पनि उद्धारको योजनामा सक्रिय हुनुहुन्छ। उहाँले संसारको उद्धारको निम्ति पिता र पुत्रको इच्छा र उद्देश्यलाई प्रकट गर्नुहुन्छ। समयको शुरूदेखि नै यो थियो।

पुरानो नियममा पवित्र आत्माको कामलाई जोड़ दिइएको छ। उहाँका कामहरूद्वारा हामी उहाँका स्वभावहरूलाई चिन्छौं। सृष्टिमा पनि उहाँले काम गर्नुभयो (उत्पत्ति १:२; २:७; अय्यूब २६:१३)। सृष्टि गरिएको कुरालाई उहाँले सुरक्षित राख्नुहुन्छ (भजन १०४:३०)। मानिसको नैतिक, बौद्धिक र आत्मिक जीवनमा पनि पवित्र आत्मा सक्रिय हुनुहुन्छ भनी उल्लेख गरिएको छ (प्रस्थान २८:३; भजन ५१:१; योएल २:२८)।

नयाँ करारमा पवित्र आत्मा नयाँ सृष्टिका कर्ता हुनुहुन्छ (यूहन्ना ३:२)। येशू ख्रीष्ट पवित्र आत्माद्वारा गर्भाधारण हुनुभयो (लूका १:३४-३५; मत्ती १:१८)। येशूको बप्तिस्मा (मत्ती ३:१३-१७), र उहाँको सेवा (मत्ती १२:२८; लूका ४:१८-२१),-मा पवित्र आत्मा उपस्थित र सक्रिय हुनुहुन्थ्यो। उहाँ नै "येशूलाई मृत्युबाट बौरी उठाउनुहुने परमेश्वरका आत्मा हुनुहुन्छ" (रोमी ८:११)।

पुनरुत्थान हुनुभएका ख्रीष्टका अन्तिम वचनहरू "सारा संसारमा गएर सुसमाचार प्रचार गर (मर्कूस १६:१५) र चेला बनाओ" (मत्ती २८:१६-२०) भन्ने आज्ञा र आदेश थियो। ख्रीष्टका चेलाहरूलाई यो भनिएको भए तापनि आदेशचाहिँ पवित्र आत्माद्वारा नै दिइएको थियो। त्यसैले यो महान् आज्ञा पूरा गर्नलाई चेलाहरूले पेन्तिकोसको दिनसम्म पवित्र आत्माको वरदान र शक्तिलाई पर्खिराखे र त्यस दिन प्राप्त गरे।

**१२** कसलाई सबैभन्दा पहिले महान् आज्ञा दिइएको थियो (मर्कूस १६:१४-१५; मत्ती २८:१६-२० पढ्नुहोस्)।

....................................................................................

**१३** प्रेरित १:४,८; २:१-४ पढ्नुहोस्। महान् आज्ञामा अरू कसलाई पनि समावेश गरिएको थियो?

..............................................................................

अनि स्वर्गबाट अचानक ठूलो बतास बहेको जस्तो हुरूरूरू शब्द आयो, र त्यसले विश्वासीहरू बसेको घर जम्मै भरिदियो भनी प्रेरितको पुस्तकले बताएको छ (प्रेरित २:२)। आफूले मण्डलीमा जीवन र शक्ति ल्याउनुभएको सङ्केत गर्नलाई पवित्र आत्मा ठूलो बतासको रूपमा आउनुभएको थियो। त्यो शक्ति र बलचाहिँ परमेश्वरको महान् आज्ञा पालन गर्नलाई नै दिइएको थियो।




पेन्तिकोसको दिनमा भएको पवित्र आत्माको आगमनले परमेश्वरको सम्पत्तिलाई "छाप" लगाएको छ। ख्रीष्टको पुनरुत्थानद्वारा उद्धारको योजनालाई पूरा गरिएको थियो। सेवाका निम्ति उद्धार पाएकाहरूका प्रभु हुनलाई पवित्र आत्मा आउनुभयो (एफिसी १:१३)। ख्रीष्टका सत्यता र प्रतिज्ञाहरूलाई पूरा गर्न पवित्र आत्मा आउनुभयो (यूहन्ना ३:३३)।

परमेश्वरको उद्धारको योजनामा पवित्र आत्मा महत्त्वपूर्ण हुनुहुन्छ। हामीले परमेश्वरका आत्मालाई सन्ताप दिनुहुँदैन। "परमेश्वरका पवित्र आत्मालाई सन्ताप नदेऊ, जसमा उद्धारको दिनको निम्ति तिमीहरू छाप लगाएका छौ" (एफिसी ४:३०)।

प्रेरितहरूले पवित्र आत्माको आगमनलाई परमेश्वरको उद्धारको योजनाको साँचो प्रमाणको रूपमा चिनेका थिए।

पवित्र आत्मा आउनुभएपछि शुरूको मण्डलीलाई वास्तविक भएका केही सत्यताहरूलाई तल उल्लेखित पदहरूले सारांशमा बताएका छन्:

१. परमेश्वरको सिद्ध इच्छाले कार्य गरेको थियो (प्रेरित २:२३)।

## स्वयम्-जाँच

तपाईंले यस पाठलाई दोहोर्‍याइसक्नुभएपछि, यस स्वयम्-जाँचलाई पूरा गर्नुहोस् र त्यसपछि आफ्ना उत्तरहरूका जाँच गर्नुहोस्।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नमा एउटा मात्र सबैभन्दा ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

१ उद्धारको योजना आवश्यक थियो, किनभने
**क.** परमेश्वरलाई कसरी खुशी पार्नुपर्छ भन्ने कुरा मानिसहरूलाई थाहा थिएन।
**ख.** परमेश्वरको व्यवस्था पालन नगरेको हुनाले मानिस पापमा पतन भयो।
**ग.** सबै मानिसहरूसँग सङ्गति गर्न परमेश्वरले चाहनुभएन।

२ उद्धार शब्दले परमेश्वरको कस्तो उपायको वर्णन गर्छ?
**क.** आफ्नै तर आफूसँगबाट हराएको कुरालाई फेरि किन्नु।
**ख.** परमेश्वरको व्यवस्थाको उलङ्घन गर्नेहरूलाई दण्ड दिनु।
**ग.** उहाँको सृष्टिको प्रत्येक भागमा नियम कायम राख्नु।

३ मानिसलाई उद्धार गर्न चाहने परमेश्वरको मुख्य कारण यही हो कि
**क.** हामीले पाप गर्दा उहाँ कति रिसाउनुहुन्छ सो हामीले जानेको उहाँ चाहनुहुन्छ।
**ख.** उहाँले हामीलाई सृष्टि गर्नुभएको हुनाले उहाँ हामीप्रति जिम्मेवारीको भावना राख्नुहुन्छ।
**ग.** उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीसँग सङ्गति गर्न चाहनुहुन्छ।

४ परमेश्वरको उद्धारको योजनामा क्रूसमा भएको ख्रीष्टको मृत्युको जत्तिकै महत्त्वपूर्णता अरू कुन कार्यको छ?
**क.** ख्रीष्टको पुनरुत्थान।
**ख.** मानिसको पश्चात्ताप।
**ग.** मानिसको सृष्टि।

**छोटो-उत्तर दिने प्रश्नहरूः** तल दिइएको प्रत्येक बयानलाई छोटकरीमा व्याख्या गर्नुहोस्।

५ उद्धारः

**क.** परमेश्वरको हो ........................................................
........................................................................
**ख.** परमेश्वरबाटको हो ...................................................
........................................................................
**ग.** रूपमा मानवीय हुन्छ ..................................................
........................................................................
**घ.** पूर्ण कार्य हो .........................................................
........................................................................

६ परमेश्वरको उद्धारको योजनालाई मण्डलीद्वारा कार्यान्वयन गर्न पवित्र आत्माले कसरी काम गर्नुहुन्छ व्याख्या गर्नुहोस्।
........................................................................
........................................................................

## अध्ययन प्रश्नहरूका उत्तरहरू

६ यसले मानिस र परमेश्वरको बीचको पापपूर्ण बाधालाई हटायो।

१ तपाईंको उत्तरमा यी व्याख्याहरू संलग्न भएका हुन सक्छन्ः परमेश्वरले ख्रीष्टको रगतद्वारा हाम्रो उद्धारको मूल्य तिरिदिनुभयो। ख्रीष्टको बलिदान सबै मानव जातिका निम्ति गरिएको थियो।

१० उहाँले तपाईंका पापहरू क्षमा गर्नुभयो, तपाईंलाई उद्धार गर्नुभयो र उहाँ तपाईंको जीवनमा प्रभु हुनुहुन्छ भनी तपाईंले भन्न सक्नुहुन्छ होला भन्ने मलाई आशा छ।

२ (तपाईंका आफ्नै शब्दहरूमा) *मुक्ति* भनेको अर्थ खतराबाट छुटकारा पाउनु हो। *उद्धारमा* मुक्ति समावेश गरिएको छ र हराएको केही कुरालाई मूल्य तिरेर फेरि किन्ने कुरा पनि यसमा संलग्न छ।

११ (तपाईंका आफ्नै शब्दहरूमा)

**क**. पतित मानिसलाई उद्धार गर्न ख्रीष्टले क्रूसमा गर्नुहुने बलिदान परमेश्वरको योजनामा सृष्टिभन्दा पहिल्यै थियो।

**ख**. ख्रीष्टले आफ्नै जीवनको बलिदान गर्नुभयो र यो उहाँले सबै मानव जातिको लागि गर्नुभएको थियो।

**ग**. उहाँ मृत्युबाट बौरिउठ्नुभयो, र आफ्नो मृत्युपछिको तेस्रो दिनमा उहाँ जीवित हुनुभयो।

**घ**. हामीलाई उद्धार गर्नको निम्ति ख्रीष्ट मर्नु मात्र भएन, तर पाप र मृत्युमाथि भएको आफ्नो शक्तिको प्रमाणित गर्न उहाँ फेरि बौरिउठ्नुभयो।

३ ख) परमेश्वरप्रतिको अनाज्ञाकारिताको कारणले मानिस पापी भयो, र पापको कारणले उसले परमेश्वरसँगको आफ्नो सङ्गति गुमायो।

१२ एघार चेलाहरू।

४ तपाईंको उत्तरमा यी विचारहरू संलग्न भएको हुनुपर्छः

**क** शत्रुको विनाश।

**ख** बलिदानको भेटी (थुमा)।

**ग** उहाँमा विश्वास गर्नेहरू सबैलाई मुक्ति।

**घ** उहाँको पछि लाग्नेहरू सबैलाई अनन्त उद्धार।

१३ सबै विश्वासीहरू

**५ क** ४) छुटकारा
**ख** १) उद्धार
**ग** २) मुक्ति
**घ** ३) अवतार

१४ उहाँले वरदानहरू दिनुहुन्छ र विश्वासीहरूमा फल उत्पन्न गर्नुहुन्छ। (हामी यसलाई पछिको पाठमा व्याख्या गर्नेछौं।)

**६ क** ठीक
**ख** बेठीक (उहाँले हामीलाई उद्धार गर्नुहुन्छ, किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ)।
**ग** बेठीक
**घ** ठीक
**ङ** ठीक

१५ ख) सारा संसारमा सुसमाचार फैलाउनको निम्ति उहाँले विश्वासीहरूलाई प्रयोग गर्ने दाबी गर्नुभयो।

**७ क** ठीक
**ख** ठीक
**ग** बेठीक
**घ** ठीक
ङ ठीक
**च** बेठीक। (परमेश्वर पिताले आफ्ना पुत्रलाई शरीर हुनका निम्ति *पठाउनुभयो* र यसलाई सम्भव तुल्याउनको निम्ति पवित्र आत्माले *कार्य गर्नुभयो*।)

१६ थिनीहरूमध्ये कुनै पनिः
**क** सृष्टिमा, उहाँको सृष्टिलाई कायम राख्नमा, मानिससँगको नैतिक, मानसिक र आत्मिक व्यवहारमा।
**ख** ख्रीष्टको गर्भाधारण, उहाँको बप्तिस्मा, उहाँको सेवा र उहाँको पुनरुत्थानमा सक्रिय।
**ग** गवाही दिनको निम्ति उहाँले शक्ति दिनुहुन्छ, उहाँले विशेष वरदानहरू र फल दिनुहुन्छ, उहाँले आत्मिक सत्यताहरू निश्चित गर्नुहुन्छ, उहाँले कायल बनाउनुहुन्छ र नयाँ जन्म दिनुहुन्छ।

८ १) पापपूर्ण मानिसलाई परमेश्वरको उपस्थितिमा रहने अनुमति छैन, र २) उसले पश्चाताप गरेर ख्रीष्टको उद्धार स्वीकार नगरुन्जेल उसले आफ्ना पापहरूका निम्ति अनन्त दण्डको सामना गर्नुपर्नेछ।

# पाठ ३

# विश्वव्यापी मण्डली

इटालीका चित्रकार राफेलले मत्ती १७-अध्यायमा वर्णन गरिएको येशूको रूप परिवर्तनको दृश्यको नक्सा कोरेका थिए। यसले प्रभु उच्च पहाड़मा हुनुभएको देखाउँछ। उहाँको अनुहार सूर्यजस्तै चम्किएको थियो र उहाँका पोशाकहरू चम्किला सेता थिए। येशूका एकापट्टि मोशा र अर्कापट्टि एलिया थिए। तीन जना चेलाहरू आराधनामा नजीकै घुँड़ा टेकिरहेका थिए।

राफेलको चित्रले पहाड़को फेदीमा बसिरहेका छारे रोग लागेको एक जवान केटाको उल्लेख गर्छ। त्यस केटाको वरिपरि एक सानो भीड़ जम्मा भएको थियो। त्यस केटाका आमा-बाबु पनि त्यहाँ थिए र अरू चेलाहरूले तिनीहरूको छोरालाई निको पारिदिएको तिनीहरू चाहन्थे। चेलाहरू त्यहाँ सहाराहीन भएर उभिरहेका थिए र तिनीहरूका शत्रुहरूले तिनीहरूका निन्दा गर्दैथिए।

धेरैले मण्डलीको चित्रण यसरी नै गर्छन्। ख्रीष्ट कतै टाढ़ा पहाड़-को टाकुरामा हुनुहुन्छ। उहाँ संसारबाट उम्केका केही विशेष मानिसहरूले घेरिएर रहनुभएको छ। पहाड़को फेदिमा रोगी संसार निको हुनलाई पर्खिराखेको छ, र यसलाई सहायता पुऱ्याउने कोही पनि छैन।

यस पाठले तपाईंलाई मण्डली (एकलेसिया)-को *अर्को* चित्र दिनेछ। तपाईंले यस्तो मण्डलीको चित्र पाउनुहुनेछ, जुनचाहिँ यस संसारमा संलग्न भइरहेको छ। यस मण्डलीले संसारमा पिताका सबै योजना-



हरू र ख्रीष्टको उद्देश्यलाई कार्यमा लगाउनेछ। पवित्र आत्माले संसारमा रहेर परमेश्वरको उद्धारको योजनालाई पूरा गर्न मण्डलीलाई मन्दिर बनाउनुभएको छ।

## *पाठको रूपरेखा*

परमेश्वरको हतियार
ख्रीष्टको उद्देश्य
मण्डलीको सेवा

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- मण्डलीको स्वभाव र सेवालाई व्याख्या गर्न सक्नुपर्नेछ।
- मण्डलीसँग सम्बन्धित भएका *स्थानीय* वा *दृश्य*, र *विश्वव्यापी* वा *अदृश्य* शब्दहरूलाई बुझ्न सक्नुपर्नेछ।
- परमेश्वर, ख्रीष्ट र पवित्र आत्माको मण्डलीसँग भएको सम्बन्धलाई बताउन सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएको अध्ययन तरीकालाई पालन गर्नुहोस्। उल्लेख गरिएका बाइबलका सबै पदहरूलाई पढ्नुहोस्, र तपाईंका उत्तरहरू जाँच गर्नु पहिल्यै अध्ययन प्रश्नका सबै उत्तरहरू दिनुहोस्।

२. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

३. पाठ १-३ दोहोऱ्याउनुहोस्, त्यसपछि विद्यार्थी प्रतिवेदन एकाइ १-का प्रश्नहरूका उत्तरहरू दिनुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| अङ्ग | विश्वासी |
| अदृश्य | सभाघर |
| धर्म-गुरु | निर्माणीकरण |
| प्रदर्शन | निर्माण गर्नु |
| पवित्रीकरण | सेवा |

## *पाठ विकास*

### परमेश्वरको हतियार

उद्देश्य १: *ख्रीष्टियानले प्रयोग गर्ने मण्डली शब्दको अर्थलाई व्याख्या गर्नुहोस्।*

पाठ १ र २-मा हामीले परमेश्वरको उद्धारको योजनाको बारेमा छलफल गरेका थियौं। संसारको उद्धारको काममा पिता, पुत्र र पवित्र आत्मा सक्रिय रूपमा संलग्न हुनुभएको कुरा पनि हामीले सिक्यौं। अब हामी मण्डली र उद्धारको योजनामा यसको संलग्नताको बारेमा विचार गर्नेछौं।

मण्डली के *हो* भन्ने कुरा हामी पत्ता लगाउनेछौं। हामीले यो कुरा बुझ्नु आवश्यक छ कि मण्डली ख्रीष्टद्वारा परमेश्वरको विशेष सृष्टि र उहाँको अद्वीतिय सम्पत्ति हो। तब मण्डलीले के *गर्नुपर्छ* त भनी हामी हेर्नेछौं। मण्डली जे छ, त्यही कारणले नै संसारमा यसको विशेष उद्देश्य छ। त्यो उद्देश्य वा सेवा के हो सो हामी हेर्नेछौं।

#### *मण्डली* शब्दको अर्थ

नयाँ करारमा *मण्डलीको* निम्ति प्रयोग गरिएको ग्रीक शब्द *एकलेसिया* हो, जसको अर्थ "बाट बोलाइनु" वा बोलाइएकाहरू हुन्छ। यसको अर्थ "बोलाइएका" मान्न पनि हुन्छ।

साधारण शब्दमा भन्ने हो भने *मण्डली भनेको परमेश्वरका मानिसहरू* (जनहरू) हो। ख्रीष्टको सुसमाचारको माध्यमद्वारा विश्वासीहरूलाई संसारबाट बोलाइएको छ। यी विश्वासीहरू विश्वासद्वारा ख्रीष्टमा व्यक्तिगत सम्बन्ध राख्छन् र पवित्र आत्माद्वारा विश्वासीहरूको शरीरमा एक भएका हुन्छन् (१ कोरिन्थी १२:१२-१३)।

मण्डली "स्वर्गमा नाम लेखिएका परमेश्वरका नयाँ जन्मेका सन्तानहरूको एक जमघट" हो (हिब्रू १२:२३)। यसको अर्थ यही नै हो कि नयाँ जन्मको अनुभवद्वारा नै एक व्यक्ति मण्डलीको अङ्ग बन्न सक्छ। यसरी विश्वासीहरू पवित्र आत्माद्वारा एउटै शरीरमा संलग्न हुन्छन् (१ कोरिन्थी १२:१३)। मण्डलीको अङ्ग हुनको निम्ति चालिनुपर्ने यी पहिला कदमहरू हुन्।

१ नयाँ जन्मको अनुभव गर्नु भनेको अर्थ
   **क.** पापरहित हुनु।
   **ख.** ख्रीष्टलाई मुक्तिदाता र उद्धारकर्ताको रूपमा स्वीकार गर्नु।
   **ग.** मर्नु र फेरि बौरी उठ्नु।

२ तल उल्लेखित बयानहरूमा कुन-कुन **ठीक** छन्?
   **क.** "बोलाइएकाहरू" भन्नाले यही बुझिन्छ कि एक ख्रीष्टियानले आफ्नो पुरानो पापपूर्ण जीवनलाई त्यागेर ख्रीष्टमा भएको नयाँ जीवनमा आएको हुन्छ।
   **ख.** मण्डलीको उद्देश्य विश्वासीहरूलाई पापीबाट अलग पार्नु हो।
   **ग.** मण्डलीले संसारमा आफ्नो सेवा पूरा गर्नको लागि विश्वासीहरूलाई एकत्रित पार्छ।

बाइबलले मण्डलीलाई दुइ किसिमले वर्णन गरेको छ। सर्वप्रथम यसले *विश्वव्यापी* मण्डलीको बारेमा बताउँछ। ख्रीष्टले भन्नुभयो, "म मेरो मण्डली बनाउनेछु" (मत्ती १६:१८)। उहाँले "मण्डलीहरू" भन्नुभएन। उहाँले एउटै मण्डलीको बारेमा भन्नुभएको थियो। जो परमेश्वरका आत्माद्वारा जन्मेका छन् र उही आत्माद्वारा नै ख्रीष्टको शरीरमा बप्तिस्मा भएका छन्, तिनीहरू सबै एउटै हुन् (१ पत्रुस १:३,२२-२५)। विश्वव्यापी मण्डलीले सबै ठाउँ र सबै समयमा भएका ख्रीष्टको शरीरका सदस्यहरू र विश्वासीहरूको प्रतिनिधित्व गर्छ। कसै-कसैले यसलाई *अदृश्य मण्डली* पनि भन्छन् तर मण्डली कहिल्यै अदृश्य भएको छैन, किनभने वास्तवमा मण्डली जीवित मानिसहरू नै हो।

बाइबलले *स्थानीय* मण्डलीको बारेमा पनि बताउँछ। *स्थानीय* मण्डली भन्नाले कुनै एक क्षेत्र वा ठाउँका विश्‍वासीहरूको झूण्ड हो। स्थानीय मण्डली विश्‍वव्यापी मण्डलीको स्थानीय प्रकट हो। यसरी हामी यरूशलेममा भएको मण्डली (प्रेरित ८:१; ११:२२), कोरिन्थमा भएको मण्डली (१ कोरिन्थी १:२; २ कोरिन्थी १:१), वा थेसलोनिकीको मण्डली (१ थेसलोनिकी १:१) भनी पढ्छौं। सबै स्थानीय मण्डलीहरू साँचो मण्डली अर्थात् विश्‍वव्यापी मण्डलीका असल नमूना हुनुपर्छ।

मण्डली शुरूमा साधारण किसिमले बढ़ेको थियो। शुरूमा त्यहाँ कुनै संगठन थिएन, तर साधारण प्रेमको बन्धन, सङ्गति र सहयोग मात्र थियो। यो अवस्था छिट्टै नै परिवर्तन भयो। ख्रीष्टको सुसमाचारलाई अरू अविश्‍वासीहरूकहाँ पुऱ्याउन प्रयास गर्ने विश्‍वासीहरूबाट मण्डली अझै संगठित हुँदैगयो।

सबैभन्दा पहिले यरूशलेममा एउटै मात्र स्थानीय मण्डली थियो। प्रभुले मण्डलीमा दिनदिनै बढ़ाउँदै लैजानुहुँदा मण्डली संख्या ३,००० पुग्यो र फेरि ५,००० पुग्यो (प्रेरित २:४७)। ख्रीष्टमा विश्‍वास गरी आएका अरू नयाँ सदस्यहरूका साँचोहरू पूरा गर्नलाई ठाउँ-ठाउँमा अरू धेरै स्थानीय मण्डलीहरू स्थापना भए। सुसमाचार प्रचार गरिएका यहूदिया र सामरियाजस्ता ठाउँहरूमा नयाँ मण्डलीहरू स्थापित भए (प्रेरित ८)।

मण्डली शुरूका यी दिनहरूदेखि अहिलेसम्म विश्‍वासीहरूले अनुभव गरेका छन् कि ख्रीष्टको शरीरका अरू सदस्यहरूसँग सङ्गति गर्नु असल कुरा हो। यस्तो सङ्गति गर्ने चाहनाको नतीजा नै स्थानीय मण्डलीको स्थापना हो। तर यो कुरा याद गरिराख्नुपर्छ कि *विश्‍वव्यापी* मण्डली दृश्य वा *स्थानीय* मण्डलीमा प्रकट हुन्छ। जहाँ दुइ वा तीन जना ख्रीष्टको नाममा एकैसाथ भेला हुन्छन्, त्यहाँ मण्डली स्थापित भएको हुन्छ (मत्ती १८:२०)।

**३** तल उल्लेखित सूचीबाट ठीक शब्द समूह छानी तल दिइएका प्रश्‍नहरूका खाली ठाउँमा भर्नुहोस्।

१) नयाँ जन्म
२) विश्‍वव्यापी मण्डली
३) ख्रीष्टको सुसमाचार

४) अरू विश्वासीहरूसँग एकत्रित हुनु
५) स्थानीय मण्डली

**क.** मण्डली परमेश्वरका मानिसहरू हुन्, जसलाई .................. .................................. द्वारा संसारबाट बोलाइएको छ।
.....................................................................................

**ख.** मण्डलीको सदस्य बन्ने दुइ शर्तहरू........................... र ............................................................. हुन्।
.....................................................................................

**ग.** अदृश्य मण्डलीलाई ............................... पनि भनिन्छ।
.....................................................................................

**घ.** दृश्य मण्डलीलाई................................... पनि भनिन्छ।
.....................................................................................

**ङ.** जब विश्वासीहरू कुनै विशेष समयमा आराधनाको लागि कुनै एक ठाउँमा भेला हुन्छन् भने त्यसलाई ..................... भनिन्छ। ..............................................................

**च.** सबै समयका सबै विश्वासीहरूद्वारा ..................... बनेको हुन्छ। ................................................................

४ के तपाईं विश्वव्यापी मण्डलीको सदस्य हुनुहुन्छ?
.....................................................................................
के तपाईं स्थानीय मण्डलीको सदस्य हुनुहुन्छ?
.....................................................................................

## ईश्वरीय शुरू

उद्देश्य २: *मण्डलीको ईश्वरीय स्वभावको वर्णन गर्नुहोस्।*

*मण्डली ईश्वरीय सृष्टि हो।* यो अद्वीतिय छ, किनभने यो परमेश्वरद्वारा बोलाइएका विशेष मानिसहरू हो। परमेश्वरले हरेकलाई पश्चात्तापमा बोलाउनुभएको छ। परमेश्वरको बोलावटमा प्रतिउत्तर दिने पापी ख्रीष्टमा नयाँ सृष्टि बन्छ। फेरि जन्मेको विश्वासी नयाँ परिवार अर्थात् परमेश्वरको परिवार वा मण्डलीको अङ्ग बन्छ। मण्डली परमेश्वरबाट जन्मेको हो र कुनै पनि मानिसको कामबाट होइन। मण्डली *सङ्गठित* गरिएको होइन, तर यो *जन्मेको* हो। यो

मानिसको प्रयासको उत्पादन होइन, तर यो परमेश्वरको राज्यमा मानिसको जन्मको उत्पादन (फल) हो।

*मण्डली ईश्वरीय सम्पत्ति हो।* मण्डली "परमेश्वरका आफ्नै मानिसहरू" हो (१ पत्रुस २:९)। यो परमेश्वरको हो। ख्रीष्टद्वारा यसलाई किन्नको निम्ति उहाँले नै मूल्य तिर्नुभयो (१ कोरिन्थी ६:१९-२०)। मण्डली परमेश्वरकै हो र उहाँको अनन्त उद्देश्यको निम्ति उहाँद्वारा नै यसलाई प्रयोग गरिन्छ। यसको अर्थ परमेश्वरको हातमा यो जीवन नभएको वस्तु वा साधन भन्ने बुझिँदैन। परमेश्वरको लागि मण्डली मूल्यवान् छ, किनभने "स्वर्गदूतीय शासकहरू र स्वर्गीय संसारका शक्तिहरूले परमेश्वरको बुद्धिको विभिन्न रूपलाई मण्डलीद्वारा नै सिक्छन्" (एफिसी ३:१०)। परमेश्वरले पापबाट उद्धार गर्न सक्नुहुन्छ भनी प्रत्यक्ष रूपमा संसारलाई देखाउने जीवित उदाहरण मण्डली नै हो। संसारका सृष्टिकर्ता र उद्धारकर्ता परमेश्वरले आफ्ना मानिसहरूसँगको सङ्गति पुनर्स्थापित गर्नुहुन्छ र तिनीहरूसँग एक विशेष सम्बन्ध कायम राख्नुहुन्छ।



हामी परमेश्वरका हौं

तपाईंले तल उल्लेखित बाइबलका पदहरूलाई पढ्नुहुँदा यस विशेष सम्बन्धलाई अझै स्पष्टसँग बुझ्नुहुनेछ। यी पदहरूले मण्डलीको स्वभाव र अर्थ र परमेश्वरसँगको यसको सम्बन्धको बारेमा जान्न तपाईंलाई सहायता पुऱ्याउने छन्।

**५** प्रत्येक पदलाई पढ्नुहोस् र मण्डलीको निम्ति प्रयोग गरिएको नाम लेख्नुहोस्।

**क.** एफिसी २:१९ ..............................................

**ख.** एफिसी २:२१ ..............................................

**ग.** १ तिमोथी ३:१५ ..............................................

**घ.** १ पत्रुस २:५,९ ..............................................

**ङ.** १ पत्रुस ५:३-४ ..............................................

६ किन मण्डली ईश्वरीय सृष्टि हो?

..........................................................................................

..........................................................................................

७ किन मण्डली ईश्वरीय सम्पत्ति हो?

..........................................................................................

..........................................................................................

## ख्रीष्टको उद्देश्य (योजना)

उद्देश्य ३: *ख्रीष्टको उद्धारको योजनामा मण्डली कसरी संलग्न भएको छ, सो कुराको चार उदाहरण दिनुहोस्।*

मण्डलीको अर्थ र शुरूको बारेमा हामीले बताइसकेका छौं। परमेश्वरको इच्छा र योजनाद्वारा नै मण्डलीलाई अस्तित्वमा ल्याइएको हो। परमेश्वरको योजनामा, ख्रीष्टले आफ्नो बलिदानद्वारा संसारलाई उद्धार गर्नुपर्ने थियो। तर येशूले मात्र उद्धारको सम्पूर्ण योजनालाई पूरा गर्नुपर्ने थिएन (मत्ती २८:१८-२०)। ख्रीष्टको अनन्त योजनालाई पूरा गर्नमा उहाँको मण्डलीका सम्पूर्ण सदस्यहरू सन्देशकर्ता हुनुपर्ने कुरामा यो योजनाले जोड़ दिन्छ।

परमेश्वरको योजनालाई साधारण किसिमले यसरी उल्लेख गर्न सकिन्छः

१. परमेश्वर पिताले मानव-जातिको उद्धारको निम्ति योजना बनाउनुभयो।
२. परमेश्वरका पुत्र येशूले परमेश्वरको योजनालाई प्रकट गर्नुभयो र मूल्य तिर्नुभयो।
३. पिता र पुत्रका ईश्वरीय उद्देश्यहरूलाई पूरा गर्न पवित्र आत्माले मण्डलीको स्थापना गर्नुभयो।
४. मण्डलीले आफ्ना सदस्यहरूद्वारा पिता र पुत्रका उद्देश्यलाई यस संसारमा पवित्र आत्माद्वारा पूरा गर्दछ।

यस प्रसङ्गमा दुइवटा कुराहरू ल्याइएका छन्। पहिलोचाहिँ ख्रीष्ट र उहाँको मण्डलीको बीचमा भएको विशेष सम्बन्ध अर्थात् ख्रीष्ट र मण्डलीको एकता वा "एकपना"। अर्कोचाहिँ यो एकता ल्याउने

माध्यम हो। पवित्र आत्माले विश्वासीहरूलाई ख्रीष्टमा एक हुनको निम्ति अनुग्रह दिनुहुन्छ र उहाँले ख्रीष्टको शरीरको प्रत्येक सदस्यको सेवालाई प्रभावशाली पार्नुहुन्छ (रोमी १२:४-८)। यी दुइ विचारहरूका केही उदाहरणहरू यहाँ छन्:

१. *मण्डली ख्रीष्टको शरीर हो।* जसरी शिर र शरीर एउटै हुन्छ, ख्रीष्ट र मण्डली पनि एक हुन्छ। ख्रीष्ट र उहाँको मण्डलीको बीचमा आवश्यकीय र जीवित सम्बन्ध छ। प्रेरित पावलले शरीरको उदाहरण प्रयोग गरेर भनेका छन्, "कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घीन गर्दैन, तर ख्रीष्टले मण्डलीलाई गर्नुभएझैं त्यसको पालन-पोषण गर्दछ। किनभने हामी उहाँको शरीरका अङ्ग हौं" (एफिसी ५:२९-३०)।

शरीरको रूपमा भएको मण्डली ख्रीष्टको *दृश्य प्रकट* हो। यसको अर्थ यही नै हो कि ख्रीष्ट कस्तो हुनुहुन्छ भनी मण्डलीले संसारलाई देखाउँछ। ख्रीष्टको शरीर यी मानिसहरूको सङ्गति हो जो एउटै विश्वास, एउटै आराधना र एउटै प्रेममा बाँधिएका हुन्छन्। यो विश्वास आराधना र प्रेम मण्डलीको शिर ख्रीष्टको वरिपरि केन्द्रित भएको हुन्छ। मण्डली बनेका मानिसहरू ख्रीष्टको कामको कारण एकैसाथ बाँधिएका हुन्छन् (एफिसी २:२१-२२; ५:३०; १ कोरिन्थी १२:२७)।

२. *मण्डली ख्रीष्टकी दुलही हुन्।* आफ्ना दुलहालाई पर्खिराख्ने दुलहीसँग मण्डलीलाई तुलना गरिएको छ। मण्डलीले आफ्ना दुलहा अर्थात् ख्रीष्टको फर्काईलाई पर्खिराखेकी छिन् (मर्कूस २:१९-२०; २ कोरिन्थी ११:२)। ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो र यसको निम्ति आफैलाई दिनुभयो (एफिसी ५:२५)। यी दिनहरूमा ख्रीष्टले आफ्नो मण्डलीलाई तयार गरिरहनुभएको छ। थुमाको विवाहको भोजमा उहाँले यसलाई निष्कलङ्क प्रस्तुत गर्नुपर्नेछ (प्रकाश १९:५-१०)।

३. *मण्डली पवित्र आत्माको समुदाय हो।* पेन्तिकोसको दिनमा मण्डली शुरू भयो। ख्रीष्टको सेवा (मिशन) पूरा गर्नलाई पवित्र आत्माले मण्डलीलाई जन्म दिनुभयो। परमेश्वर पृथ्वीमा वास गर्न सक्नुभएको होस् भनेर मण्डली पवित्र आत्माको मन्दिर बनेको छ। पवित्र आत्माले काम गर्नुभएको छ र अझै रचनात्मक रूपमा काम गरिरहनुभएको छ। उहाँ आदमको सृष्टिको बेला हुनुहुन्थ्यो, उहाँ

मण्डलीमा उपस्थित हुनुहुन्छ, जुनचाहिँ परमेश्वरको नयाँ सृष्टि हो।

सेवा र आराधनाको निम्ति सङ्गतिको शुरू पवित्र आत्माकै काम हो। पेन्तिकोसको दिनमा पवित्र आत्माले सबै विश्वासीहरूलाई एकैसाथ ल्याउनुभयो। त्यहाँ संयुक्त भोज थियो (प्रेरित २:४३-४७)। पिता, पुत्र र पवित्र आत्माको बीचमा एकता र सङ्गति भएझैं मण्डलीमा पनि एकता र सङ्गति थियो। पवित्र आत्माको उपस्थितिले ख्रीष्टमा भएका विश्वासीहरूका बीचमा गहिरो आत्मिक समुदाय सृजना गऱ्यो।

पवित्र आत्माले सक्रिय रूपमा ख्रीष्टको शरीरमा सदस्यहरू थपिरहनुभएको छ। उहाँले मण्डलीद्वारा अरूहरूलाई विश्वासीहरूको समुदायमा ल्याइरहनुभएको छ। कोही पनि नाश नभएको ख्रीष्ट चाहनुहुन्छ (२ पत्रुस ३:९)।

मण्डली पृथ्वीमा छँदै पवित्र आत्माले सक्रिय रूपमा विश्वासीहरूलाई ख्रीष्टको शरीरमा बप्तिस्मा दिनुहुनेछ र उहाँले मण्डलीका सदस्यहरूलाई सेवाको निम्ति बप्तिस्मा दिनुहुनेछ। मण्डलीद्वारा नै पवित्र आत्माले परमेश्वरको अनन्त उद्देश्यलाई सञ्चालन गर्नुहुनेछ।

४. *मण्डलीका सदस्यहरू जीवित पत्थरहरू हुन्।* मण्डली पवित्र आत्माको मन्दिर हो भनी हामीले उल्लेख गरिसकेका छौं। परमेश्वरका जीवित आत्मा पूरै भवनमा वास गर्नुहुन्छ। तर भवनमै जीवित पत्थरहरूबाट बनेको आत्मिक भवन हो (१ पत्रुस २:५)। ती जीवित पत्थरहरू *हामी* नै हौं!



पवित्र आत्माले मण्डलीलाई जीवन दिनुहुन्छ र यसलाई जीवित राख्नुहुन्छ। मण्डली जीवित अङ्ग हो। पवित्र आत्मा मण्डलीका जीवित शक्ति हुनुहुन्छ। मण्डली "मरेका पत्थरहरू" बाट होइन तर "जीवित पत्थरहरूबाट" बनेको हुन्छ। त्यहाँ समुदाय, एकता, खाँचोको बाँड्चूँड् र आशिष्हरू हुन्छ। जब मण्डलीले पवित्र आत्माद्वारा परमेश्वरको इच्छा गरिरहेको हुन्छ, तब यो जीवित र सक्रिय हुन्छ।

८ यस पाठमा नहेरीकन परमेश्वरको योजनाका चार कदमहरूको सूची बनाउनुहोस्। (यसलाई तपाईंको आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।)

९ मण्डली ख्रीष्टको उद्धारको योजनामा संलग्न भएको कुरा हामीले देखिसक्यौं। मण्डली सम्बन्धी भएका यी वर्णनहरू त्यस विचारसँग कसरी सम्बन्धित छन्?

**क**. मण्डली ख्रीष्टको शरीर हो। ......................................
...................................................................

**ख**. मण्डली ख्रीष्टको दृश्य प्रकट हो। ..............................
...................................................................

**ग**. मण्डली ख्रीष्टकी दुलही हो। .........................................
...................................................................

**घ**. मण्डली पवित्र आत्माको समुदाय हो। ............................
...................................................................

**ङ**. मण्डली सदस्यहरू जीवित पत्थरहरू हुन्। .....................
...................................................................

## मण्डलीको सेवा

उद्देश्य ४: *मण्डलीसँग सम्बन्धित सेवा शब्दको अर्थलाई व्याख्या गर्ने ठीक बयानहरूलाई परिचित गर्नुहोस्।*

*सेवा* मण्डलीको प्रवृत्तिको स्वाभाविक नतीजा हो। मण्डलीको सेवा पवित्र आत्माद्वारा उत्साहित भएको हुन्छ। तर त्यसभन्दा पनि अझै मण्डलीको सेवा मण्डली भित्रकै प्रवृत्ति र स्वभावबाट बगेको हुन्छ। जसरी खाना खानु मानिसहरूका लागि स्वाभाविक कुरा हो।

नयाँ गरी जन्मेको विश्वासीले सबैभन्दा पहिले गर्न चाहने कुरा परमेश्वरको सेवा हो। मुक्तिको आनन्द र हाम्रो उद्धारको निम्ति प्रभुप्रतिको हाम्रो धन्यवादको कारण, हामी परमेश्वरको निम्ति केही गर्न चाहन्छौं। जसरी बालकको निम्ति खाना स्वाभाविक हुन्छ, त्यसै गरी यो सामान्य र स्वाभाविक नै हो। तर के खानुपर्छ र यसलाई कसरी खानुपर्छ भन्ने बारेमा बालकलाई केही तालिमको आवश्यकता पर्छ। यसरी नै सेवामा के कुरा संलग्न भएको हुन्छ सो विश्वासीहरूले जान्नु आवश्यक छ।



*सेवा* के हो?

अंगेजी शब्द मिनिष्ट्रीलाई परिभाषित गर्न प्रयोग गरिएको सबैभन्दा साधारण शब्द *सर्भिस* वा *सेवा* हो। कसैलाई सेवा पुर्‍याउने कुरासँग यो सम्बन्धित छ। शब्दको सामान्य अर्थमा यसले गर्नुपर्ने सेवाको बोध गराउँछ। मण्डलीले के गर्नुपर्छ भनी बुझ्नका लागि हामीलाई सहायता पुर्‍याउन *सेवक* शब्दमा विभिन्न रूपहरू समावेश गरिएका छन्।

पुरानो करारमा *सेवक*को अर्थ घरको नोकर भन्ने हुन्छ (१ राजा १०:५)। मन्दिरमा सेवा गर्नेलाई पनि यो शब्द प्रयोग गरिन्छ। यहाँ अर्को व्यक्तिलाई सहयोग गर्ने भन्ने प्रसङ्गमा यो शब्द लिइएको छ। यहोशू मोशाका सेवक थिए (प्रस्थान २४:१३; ३३:११)। एलिशाले एलियालाई सहयोग गरे (१ राजा १९:२१)। पूजाहारीहरू र लेवीहरूले मन्दिरमा परमेश्वरको सेवा गर्थे (प्रस्थान २८:३५; १ राजा ८:११)।

नयाँ करारमा सेवकको निम्ति *डायाकोनस्* शब्द प्रयोग गरिएको छ। यस शब्दमा "नोकर"-को अर्थ पनि आउँछ। नासरतको सभाघरको सेवक एक सहयोगी थिए (लूका ४:२०)। पावल र बारनाबासका सेवक मर्कूस यूहन्ना थिए, अर्थात् उनी

तिनीहरूका सहयोगी थिए। येशूले यसोभन्दा यो शब्द प्रयोग गर्नुभएको थियो, "कसैले मेरो सेवा गर्छ भने मेरोपछि लागोस्, र म जहाँ छु त्यहाँ मेरो सेवक पनि हुनेछ" (यूहन्ना १२:२६)। मण्डली बढ्दै गएपछि विभिन्न किसिमका सेवकहरूद्वारा भिन्नाभिन्नै सेवाहरू सञ्चालन गरियो, तर सबै जना नै परमेश्वरको सेवा गर्ने सेवकहरू नै थिए (१ कोरिन्थी १२:८-१०)। यहाँ आत्मिक सेवा गर्ने कुरा पनि संलग्न भएको छ।

आफ्ना प्रभु र मुक्तिदाता येशू ख्रीष्टको सेवा गर्नको लागि मण्डलीलाई बोलावट भएको छ। परमेश्वरद्वारा सेवकलाई जिम्मेवारीपूर्ण ठाउँमा बोलाइएको छ। सेवा गर्ने जिम्मेवारी कसको हो त?

बाइबलका दुइवटा खण्डहरूले उत्तर पत्ता लगाउनको लागि हामीलाई सहायता पुऱ्याउँछन्। यिनीहरूमध्ये पहिलोचाहिँ १ पत्रुस ५:१-३ होः

> ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। तिमीहरूका देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूका जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन तर बगालको निम्ति उदाहरण भएर।

माथि उल्लेखित पदहरूले मण्डलीका अगुवाहरूको सम्बोधन गर्छन्, जसलाई यो सेवाको निम्ति आफ्नो पूरै समय र बल दिनको लागि परमेश्वरद्वारा बोलाइएको छ। तिनीहरूलाई कहिलेकहीँ *धर्म-गुरुहरू* पनि भनिन्छ।

अब हामी १ पत्रुस २:९-१०-लाई हेरौंः

> तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो। एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।

माथि उल्लेखित बाइबल खण्डले *सबै* विश्वासीहरूको सम्बोधन गर्छ। यसमा शरीरका ती सदस्यहरू संलग्न भएका हुन्छन् जसले विभिन्न पेशाहरू गरेर आफ्नो जीविका धान्छन्। तिनीहरूलाई *साधारण* विश्वासीहरू भनिन्छ। हामीहरूमध्ये धेरै जना ख्रीष्टको शरीरमा यही साधारण विश्वासीहरू नै छौं। तर हामी परमेश्वरको मण्डलीको अङ्ग भएका हुनाले हामी सबै जना मण्डलीका सेवाहरूमा संलग्न हुनुपर्ने जिम्मेवारी छ। हामीहरू *सबै* जना "परमेश्वरका महान् कार्यहरू घोषणा गर्नलाई चुनिएका राजाका पूजाहारीहरू हौं।'

१० यिनीहरूमध्ये कुनचाहिँ बयानहरू मण्डलीसँग सम्बन्धित भएका *सेवाका* **ठीक** व्याख्याहरू हुन्?

**क.** जसले सेवा गर्छ ऊ सेवक वा अरूहरूको सहयोगी हो।
**ख.** मण्डलीका सेवकहरू जहिले पनि धर्म-गुरुहरू समूहका सदस्यहरू हुन्।
**ग.** मण्डलीको यसको आफ्नो स्वभावले नै यसलाई सेवामा लैजान्छ।
**घ.** साधारण विश्वासीहरूले मण्डलीमा कुनै पनि सेवा गर्नुहुँदैन।
**ङ.** सबै विश्वासीहरू सेवामा संलग्न भएको परमेश्वर चाहनुहुन्छ।
**च.** *सेवा* शब्दमा आत्मिक सेवा गर्ने विचार पनि संलग्न भएको हुन्छ।
**छ.** मण्डलीका सबै सेवाहरूलाई प्रत्येक सेवकले पूरा गरेकै हुनुपर्छ।

## हामीले कसरी सेवा गर्छौं

उद्देश्य ५: *मण्डलीमा भएको तपाईंको सेवामा "दास"-को सिद्धान्तलाई अपनाउनुहोस्।*

सेवा गर्ने ख्रीष्टियानले ख्रीष्टको नमूनालाई पछ्याउनैपर्छ। सेवा पाउनलाई होइन तर सेवा गर्नलाई ख्रीष्ट आउनुभयो (मत्ती २०:२८; मर्कूस १०:४५)। "मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर" भनी ख्रीष्ट आफैले भन्नुभएको छ (यूहन्ना १३:१५)। "यसकारण परमेश्वरको कृपाद्वारा हामीसँग यो सेवा भएकाले हामी हरेस खाँदैनौं (२ कोरिन्थी ४:१) भनी मण्डलीलाई लेख्दा पावलले पनि यसैको बारेमा बताएका थिए।

ख्रीष्टको सेवकले आफ्ना मालिकको उदाहरण पछ्याएर खाँचोमा परेका मानिसहरूलाई नम्रता र प्रेमद्वारा सहायता पुऱ्याएका हुन्छन्। नासरतको सभाघरमा आफूले दिएको पहिलो उपदेशमा येशूले यसो भन्नुभएको थियोः

> परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषिक्त गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनको निम्ति र परमप्रभुको प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ (लूका ४:१८-१९)।

११ हामी ख्रीष्टका शरीर भएका हुनाले संसारप्रति भएको हाम्रो सेवा ख्रीष्टको जस्तै हुनुपर्छ। उहाँले आफ्नो सेवा (मिशन)-लाई जसरी हेर्नुभएको थियो, सो कुरा याद गर्नलाई माथि उल्लेखित बाइबल पदलाई तपाईंले कण्ठ गर्नुहोस्। तपाईंले यसो गरिसक्नुभएपछि खाली ठाउँमा (✔) ठीक चिन्ह लगाउनुहोस्। ......................



आफूले दास (सेवक)-को स्थान लिएको कुरालाई येशूले सबैका अगाड़ि प्रदर्शित गरिराख्नुभएको थियो। खाँचोमा परेका मानिसहरूलाई सेवा पुऱ्याउन उहाँले इन्कार गर्नुभएन। त्यागिएका र हेलाँ गरिएकाहरूलाई उहाँले सड़कहरूमा भेट्टाउनुभयो र तिनीहरू पनि परमेश्वरका दृष्टिमा मानवहरू नै हुन् भनी तिनीहरूलाई इज्जत दिनुभयो। मानिसहरूले आफ्ना बिरामीहरूलाई उहाँकहाँ ल्याए र उहाँले शरीर र आत्मामा तिनीहरूलाई निको पार्नुभयो। कर उठाउनेलाई स्वयम्-आदरको आवश्यकता थियो, माग्नेलाई आफ्नो आँखाको दृष्टि चाहिएको थियो, धनी मानिसले आफ्नो प्राणको बारेमा फिक्री गरिराखेको थियो,

कोरीचाहिँ "म अशुद्ध हुँ" भनी कराइराखेको थियो, पाप गर्ने स्त्रीलाई दोष लगाइराखिएको थियो– जस-जसलाई येशूको आवश्यकता थियो, तिनीहरूलाई त्यसै फर्काएर पठाइएको थिएन। अरूहरूलाई सेवा गर्दागर्दा धेरै पल्ट उहाँको शरीर पनि थाकेको थियो। तर उहाँले क्रूससम्मै आफैलाई दिइरहनुभयो।

येशूले आफ्नो दास-सेवा आफ्ना चेलाहरूलाई दिनुभयो। उहाँले यसो भनेर परमेश्वरको राज्यको महानतामा पुऱ्याउने बाटो तिनी-हरूलाई देखाउनुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ (मर्कूस ९:३५)। फेरि उहाँले भन्नुभयो, "तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ (मर्कूस १०:४३)। क्रूसमा मर्नुभन्दा केही घण्टा पहिले ख्रीष्टले चेलाहरूलाई यसो भन्नुभयो, "म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु (लूका २२:२७)। आफूले भनेको कुरा प्रदर्शन गर्न, उहाँले हरेक व्यक्तिको खुट्टा धुनुभयो। सेवकको कार्य के हो भनी देखाउन उहाँले यो गर्नुभएको थियो।

सेवकका बारेमा यी चार कुराहरू भन्न सकिन्छः

१. ऊ अरू कसैको घरमा काम गर्ने व्यक्ति हुन्छ।
२. उसले अरू कसैको आवश्यकताहरूको सेवा गर्छ।
३. उसले अरू कसैको फाइदाको निम्ति काम गर्छ।
४. आफूले गरेको कामको निम्ति धन्यवाद पाउने आशा उसले राखेको हुँदैन।

त्यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरूले पनि यसो भनः "हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं" (लूका १७:१०)। उहाँको आफ्नै सेवामा ख्रीष्ट हाम्रा उदाहरण हुनुहुन्थ्यो। उहाँले सेवा गर्नुभएजस्तै हामीलाई पनि सेवा गर्ने ठूलो अवसर प्रदान गरिएको छ!

नम्र र आज्ञाकारी दासको रूपमा येशू संसारमा आउनुभयो। तर परमेश्वरले येशूको बारेमा के विचार गर्नुभयो त? फिलिप्पी २:९-११-मा प्रेरित पावलले उत्तर दिएका छन्ः

> त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा

टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।

आफ्ना आज्ञाकारी पुत्रलाई संसारले दिन सक्नेभन्दा ठूलो महिमा परमेश्वरले दिनुभयो, अर्थात् सारा विश्वले नै उहाँलाई आराधना गर्नुपर्छ। आज्ञाकारी र सेवा गर्ने मण्डलीको निम्ति परमेश्वरले कति ठूलो आशिष् साँचिराख्नुभएको छ भन्ने कुराको यो एक नमूना हो।

**१२** यो खण्डलाई र सेवकको बारेमा भनिएका चार कुराहरूलाई दोहोऱ्याउनुहोस्। "सेवक" सेवाको सिद्धान्तलाई तपाईं आफ्नो मण्डलीमा कसरी प्रयोग गर्न सक्नुहुन्छ? ...........................
..............................................................................

**हाम्रो सेवा के हो?**

उद्देश्य ६: *प्रभुप्रति, मण्डलीका अरू सदस्यहरूप्रति र संसारप्रति भएको हाम्रो सेवामा के-के संलग्न गरिएको छ व्याख्या गर्नुहोस्।*

सामान्य रूपमा मण्डलीको सेवालाई तीन भागमा विभाजन गरिएको छः १) परमेश्वरको सेवा गर्न र उहाँको आराधना गर्नको लागि यसलाई बोलाइएको छ; २) आफ्नै सदस्यहरूप्रति यसको सेवकाइ छ; ३) अविश्वासीहरूको संसारप्रति यसको सेवकाइ छ। पछि अध्ययन गरिने पाठहरूमा मण्डलीका यी तीन सेवकाइहरूलाई अझै विस्तृत रूपमा हेरिनेछ।

१. *मण्डलीले प्रभुलाई सेवा गर्छ।* प्रेरित १३:२-मा तिनीहरूले प्रभुको आराधना गरिरहेका थिए भन्नुको अर्थ तिनीहरूले सेवा गरिरहेका थिए भन्ने पनि बुझिन्छ। प्रभुप्रति गरिने साँचो सेवकाइ साँचो आराधना नै हो। मण्डली र यसका सदस्यहरूको मुख्य लक्ष्य यही नै हो (रोमी १५:६,९; एफिसी १:५,६,१२,१४; ३:२१)। परमेश्वरको अनन्त उद्देश्य मानिसलाई आफ्नो नजीक ल्याउनु हो। ख्रीष्टमा उद्धार पाएको व्यक्तिले आराधनामा आफूलाई परमेश्वरको नजीक ल्याउँछ (एफिसी २:१३)। हामीले परमेश्वरलाई आराधना गर्दा विश्वका पिताको रूपमा आदर र सम्मान दिएका हुन्छौं। "हाम्रा प्रभु परमेश्वर तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्ने

योग्यको हुनुहुन्छ'' भन्ने शब्दहरू र यस्ता अन्य भनाइहरूले हामीलाई आराधनाको मुख्य अर्थ देखाउँछन् (प्रकाश ४:११)।

२. *मण्डलीले यसका आफ्ना सदस्यहरूलाई सेवा गर्छ।* मण्डलीले आफैलाई सेवा गर्ने जिम्मेवारी र शुभ-अवसर पाएको छ। ''मानव-जातिलाई वरदान दिने उहाँ नै हुनुहुन्छ... ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन् भनेर नै उहाँले यो गर्नुभएको हो (एफिसी ४:११-१२)। सुधार, सुध्याइँ, शिक्षा र अनुशासनमा मण्डलीले आफैलाई *भित्री रूपमा* सेवा पुऱ्याएको हुन्छ। मण्डलीले आफ्ना सदस्यहरूलाई वृद्धि (सुधार) गर्ने, आफैलाई पवित्र राख्ने, तालिम दिने शरीरका सदस्यहरूलाई अनुशासन गर्ने जिम्मेवारी पाएको छ भन्ने अर्थ यसले दिन्छ। मण्डलीको निम्ति भएको परमेश्वरको उद्देश्यलाई एफिसी ४:१३-मा वर्णन गरिएको छः ''जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।''

३. *मण्डलीले संसारलाई सेवा गर्छ।* संसारलाई सुसमाचार सुनाउनको निम्ति मण्डली (एकलेसिया) बाहिर जानैपर्छ। यहाँ संसार भनेको पृथ्वी र यसका सबै मानिसहरू हो। शुरूदेखि नै अर्थात् मानिस पापमा पतन भएदेखि नै, सबै मानव-जातिको निम्ति उद्धार उपलब्ध गरिदिने योजना परमेश्वरले राख्नुभएको छ। मत्ती २८:१६ र मर्कूस १६:१५-मा प्रभुले दिनुभएको महान् आज्ञाले मण्डलीलाई यही नै निर्देशन गरेको छ कि यसले सारा संसारमा गएर सबै देशका मानिसहरूलाई चेला बनाउनुपर्छ। मण्डलीले *सारा संसारमा* सुसमाचार सुनाउनैपर्छ– यसले आफ्नै समुदायमा शुरू गरेर प्रत्येक जाति र राज्यको व्यक्तिकहाँ सुसमाचार पुऱ्याउनुपर्छ।



यसैले विश्वव्यापी मण्डली त्यही हो, जहाँ परमेश्वर पवित्र आत्माद्वारा मानिसहरूमा कार्यशील हुनुहुन्छ। मण्डली (एकलेसिया) भनेको बोलाइएकाहरू हुन्, जसका जीवन येशू ख्रीष्टको महिमाको निम्ति भएको सेवामा दिइएका हुन्छन्। मण्डली जीवित छ र प्रभुलाई, शरीरका सदस्यहरूलाई, र संसारलाई सेवा गर्ने उद्देश्यले यो अगाड़ि बढ़िरहेको छ। मण्डलीले आराधनामा, सेवामा र गवाहीमा परमेश्वरको निम्ति कार्य गरिराखेको हुन्छ।

**१३** मण्डली (एकलेसिया)-ले प्रभुलाई कसरी सेवा गर्छ छोटकरीमा व्याख्या गर्नुहोस्। ........................................................................
........................................................................

**१४** मण्डली (एकलेसिया)-ले आफ्नै सदस्यहरूलाई सेवा पुऱ्याउने चार तरीकाहरूको सूची बनाउनुहोस्।
........................................................................
........................................................................

**१५** मण्डलीले कसरी संसारलाई सेवा गर्न सक्छ?
........................................................................
........................................................................

तपाईंले यस पाठको स्वयम्-जाँच लिनुभएपछि पाठ १-देखि ३-सम्मका विषयवस्तुहरूलाई दोहोऱ्याउनुहोस्। अध्ययनको अर्को एकाइलाई शुरू गर्नुभन्दा पहिले विद्यार्थी प्रतिवेदन १-मा सोधिएका प्रश्नहरूका उत्तर दिनुहोस्।

## स्वयम्-जाँच

**छोटो उत्तर।** सकेसम्म छोटकरीमा यी प्रश्नहरूका उत्तर दिनुहोस्।

१ स्थानीय मण्डली र विश्वव्यापी मण्डलीको बीचको सम्बन्धलाई व्याख्या गर्नुहोस्।

..............................................................................

..............................................................................

२ विश्वव्यापी मण्डलीलाई कहिलेकहीँ किन अदृश्य मण्डली पनि भनिन्छ? ..............................................................

..............................................................................

३ मण्डलीको स्थापनामा परमेश्वरको कार्यलाई यसरी वर्णन गर्न सकिन्छ कि उहाँ ......................................................

..............................................................................

४ मण्डली र ख्रीष्टको कस्तो सम्बन्ध छ?

..............................................................................

..............................................................................

५ मण्डलीसँग पवित्र आत्माको कस्तो संलग्नता छ?

..............................................................................

..............................................................................

६ मण्डलीले कसरी सेवा गर्छ, तीन तरीकाहरूलाई वर्णन गर्नुहोस्।

..............................................................................

..............................................................................

७ ख्रीष्टको शरीरको सदस्यको हैसियतले के तपाईंले यी तरीकाहरू अपनाएर सेवा गर्नुभएको छ? सेवा गर्दा तपाईंले कुन-कुन तरीका अपनाउनुभएको छ सो उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

८ ख्रीष्टको शरीरको सदस्यको हैसियतले तपाईं कुन-कुन क्षेत्रमा आफ्नो व्यक्तिगत सेवालाई वृद्धि गर्न चाहनुहुन्छ उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८ मानिसले कसरी उद्धार पाउनुपर्ने हो सो कुरा परमेश्वर पिताले नै योजना बनाउनुभएको थियो। येशूले योजना प्रकट गर्नुभयो र बलिदान (मूल्य तिर्नुभयो) हुनुभयो। परमेश्वरको योजनालाई पूरा गर्न पवित्र आत्माले मण्डलीलाई स्थापित गर्नुभयो। संसारप्रति गरिएको सेवाद्वारा मण्डलीले योजनालाई पूरा गर्छ।

१ ख) ख्रीष्टलाई मुक्तिदाता र उद्धारकर्ताका रूपमा ग्रहण।

६ तपाईंका आफ्नै शब्दहरूमाः

**क** उहाँको शरीरको रूपमा हामी उहाँसँग एउटै छौं, हामी उहाँसँग मिलेका छौं (परमेश्वरसँग हाम्रो पुनर्स्थापित सङ्गति छ।)

**ख** मण्डलीले पापपूर्ण संसारमा ख्रीष्टलाई प्रस्तुत गरेको छ। ख्रीष्टको बलिदानले हामी सबैलाई एकैसाथ बाँध्छ।

**ग** आफूसँगको अनन्त सङ्गतिको निम्ति ख्रीष्टले मण्डलीलाई तयार गरिरहनुभएको छ। परमेश्वरको अगाडि निष्कलङ्क भएर प्रस्तुत हुनको निम्ति दुलहीजस्तै भई मण्डली पर्खिराखेको छ।

**घ** परमेश्वरको योजना पूरा गर्नलाई एकता र सङ्गतिमा एकैसाथ काम गर्न पवित्र आत्माले ख्रीष्टको शरीरका सदस्यहरूका निम्ति शक्ति र अनुग्रह दिनुहुन्छ।

**ङ** संसारमा मन्दिर बनाउने "जीवित ढुङ्गाहरू" झैं हामीलाई जीवन दिन र सुरक्षा राख्न पवित्र आत्मा हामीभित्र वास गर्नुहुन्छ। पवित्र आत्माको शक्तिद्वारा हामी परमेश्वरको इच्छा पूरा गर्न सक्छौं।

२ **क** ठीक

**ख** बेठीक

**ग** ठीक

**१०क** ठीक
**ख** बेठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** ठीक
**च** ठीक
**छ** बेठीक

**३ क** ३) ख्रीष्टको सुसमाचार।
**ख** १) नयाँ जीवन, ४) अरू विश्वासीहरूसँग एकै हुनु।
**ग** २) विश्वव्यापी मण्डली।
**घ** ५) स्थानीय मण्डली।
**ङ** ५) स्थानीय मण्डली।
**च** २) विश्वव्यापी मण्डली।

**११** तपाईंको उत्तर। संसारप्रति भएको उहाँको सेवामा निरन्तर रूपमा लागि रहन प्रभुले हामीमा राख्नुभएको भरोसा देख्दा के तपाईंलाई खुशी लाग्दैन?

**४** यदि तपाईंले नयाँ जन्मको अनुभव गर्नुभएको छ भने, तपाईं विश्वव्यापी मण्डलीको सदस्य हुनुभएको छ। दुवै प्रश्नहरूलाई तपाईंले हो भन्ने जवाफ दिन सक्नुहुन्छ भनी मैले आशा लिएको छु।

**१२** मेरो उत्तर यहाँ छः परमेश्वरको सेवकको रूपमा मैले याद गर्नैपर्छ कि म उहाँको घरमा काम गरिराखेको छु। अरू व्यक्तिहरूका आवश्यकताहरूलाई पनि मैले सेवा पुऱ्याइराखेको छु। मैले चाहेको बेलामा मात्र म काम गर्दिनँ, तर सधैंभरि काम गर्न म तयारी छु। मैले गरेको सेवाप्रति मानिसहरू धन्यवादी हुनुपर्छ भनी म विचार गर्दिनँ।

**५** तपाईंको बाइबलमा यिनै शब्दहरू प्रयोग नभएका पनि हुन सक्छन्।
**क** परिवार
**ख** घर र मन्दिर
**ग** जीवित परमेश्वरको मण्डली

घ पवित्र पूजाहारीहरू, राजाका पूजाहारीहरू। (यसको अर्थ यही नै हुन्छ कि प्रत्येक विश्वासीले आफ्नो निम्ति र अरूहरूका निम्ति परमेश्वरसँग सीधै कुराकानी गर्न सक्छ।)

ङ बथान। (दयालु गोठालाले हेरचाहा गरेका भेड़ाहरूसँग यसले मण्डलीको तुलना गर्छ।)

१३ मण्डलीले विशेष गरी आराधनाद्वारा नै प्रभुलाई सेवा पुऱ्याएको हुन्छ। उहाँ हाम्रा आराधनाको योग्य हुनुभएको हुनाले हामी उहाँलाई आदर र महिमा दिन्छौं।

६ किनभने परमेश्वरको बोलावटको प्रतिउत्तर दिने र नयाँ जन्मको अनुभव गर्ने मानिसहरूबाट यसको निर्माण भएको छ। यो नयाँ जन्म ख्रीष्टको बलिदानद्वारा सम्भव तुल्याइएको हो र यो कुनै मानिसको काम होइन तर परमेश्वरको काम हो।

१४ मण्डलीले यसका सदस्यहरूको निर्माण गर्छ, आफैलाई शुद्ध राख्छ र आवश्यकता भएको ठाउँमा तालिम र अनुशासन उपलब्ध गरिदिन्छ (यी धारणाहरूलाई पछिको पाठमा अझै व्याख्या गरिनेछ।)

७ मण्डली परमेश्वरकै हो, किनभने यसको निम्ति उहाँले मूल्य तिर्नुभएको छ, र उहाँले आफ्ना पुत्रको बलिदानद्वारा यसको उद्धार गर्नुभएको छ।

१५ संसारको निम्ति मण्डलीको मुख्य सेवा सुसमाचार प्रचार हो, अर्थात् सबै ठाउँका सबै मानिसहरूलाई येशू ख्रीष्टको बारे शुभ सन्देश फैलाउनु।

# टिप्पणीहरू

# एकाइ २

# मण्डलीः संसारको निम्ति परमेश्वरको योजना



# पाठ ४

# परमेश्वरको निम्ति भएको कार्यको इतिहास

गएको हिउँदको बिदामा मेरो परिवार र म उत्तरी नयाँ मेक्सिकोमा गएका थियौं। हाम्रो यात्रामा हामी ठूलो पहाड़ छिचलेर गयौं। पहाड़को टाकुरामा केही समय रोकिएर एउटा सानो झर्नाको नजीकै खाजा खायौं। यो ठाउँ अति नै शान्तमय थियो। रूखहरूमा बहेको हावा र झर्नाको आवाज मात्रै सुनिन्थ्यो।

त्यसपछि हामी पहाड़बाट ओरालो लाग्यौं। झर्ना पनि सड़कसँगसँगै बगिराखेको हामीले देख्यौं। पहाड़को त्यो सानो कच्ची सड़क तल पुगेपछि राजमार्गमा मिसियो र त्यो झर्ना पनि सानो खोला बन्यो। धेरै माइल तल पुगेपछि त्यो सानो खोला रीयो ग्रान्ड़े नाउँ भएको ठूलो नदी बन्यो र मेक्सिको खाड़ीमा गएर मिसियो।

मण्डली (एकलेसिया)-को जीवन पनि खोलाजस्तै हो– यो निरन्तर भइरहने घटनाहरूको खोला हो। कहिलेकहीँ यो कार्यहरूको सानो खोलाजस्तै देखिन्छ र अरू बेलामा समय र स्थानद्वारा बड़ो जोड़सँग बगिराखेको ठूलो नदीजस्तै यो हुन्छ। मण्डलीको इतिहास यही नै हो।

संसारको निम्ति भएको आफ्नो उद्धारको योजना पूरा गर्नका लागि परमेश्वरले मण्डलीलाई कसरी चुन्नुभयो भन्ने बारेमा हामीले भर्खरै



हेरिसकेका छौं। मण्डली इतिहासमा तीन महत्त्वपूर्ण समयको बारेमा तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ। मण्डलीको प्रतिनिधित्व गर्ने वास्तविक र साधारण व्यक्तिहरूद्वारा परमेश्वरले काम गरिरहनुभएको थियो भन्ने कुरा तपाईंले देख्नुहुनेछ। विभिन्न समय र युगहरूमा मण्डलीको इतिहासचाहिँ समस्याहरू र विजयताहरूको इतिहास हो भन्ने कुरा तपाईंले पत्ता लगाउनुहुनेछ।

## *पाठको रूपरेखा*

परिचय
शुरूको अवधि– विश्वासमा जिउने
बीचको अवधि– संसारमा संलग्न हुने
आधुनिक अवधि– स्वतन्त्रता पत्ता लगाउनु

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- संसारप्रतिको उद्धारको कार्यलाई कमजोर तुल्याउने मण्डलीभित्रका तत्त्वहरूलाई चिन्न सक्नुपर्नेछ।
- छलफल गरिएका मण्डली इतिहासका तीन अवधिका मुख्य व्यक्तिहरू र घटनाहरूलाई परिचित गर्न सक्नुपर्नेछ।
- धर्म सुधार तर्फ डोऱ्याउनको निम्ति मण्डलीमा भएका परिवर्तनहरूलाई छलफल गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठ १-मा दिइएका तरीकाअनुसार पाठको अध्ययन गर्नुहोस्। पाठमा दिइएका सबै बाइबल पदहरूलाई पढ्नुहोस्, र आफ्ना उत्तरहरूका जाँच गर्नुभन्दा पहिल्यै सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्।

२. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

## मुख्य शब्दहरू

अस्थायी
इच्छा
कृतिम
क्याथर्डल
जटिल
बसिलिका
महासभा
मौखिक परम्परा
लिखित परम्पराहरू
विधर्मी
सतावट
सुधार
सांसारिक
साम्राजीय

## पाठ विकास

### परिचय

मण्डलीको इतिहास परमेश्वरको निम्ति काम गर्ने पुरुष र स्त्रीहरूको कथा हो। संसारमा ख्रीष्टको सेवालाई निरन्तर रूपमा अगि बढ़ाउने परमेश्वरका मानिसहरूको कथा यो हो। मण्डलीको जीवनमा भएका क्रियाकलापहरू र विभिन्न समयमा उन्नति भएको ख्रीष्टियान विश्वास यसमा संलग्न गरिएको छ। यसले वर्तमान समयको निम्ति हामीले सिक्नुपर्ने पाठहरू र भविष्यको निम्ति निर्देशनहरू उपलब्ध गरिदिन्छ।

हाम्रो उद्देश्य प्राप्तिको निम्ति हामी यस पाठमा मण्डली इतिहासका केही सामान्य घटनाहरूलाई प्रस्तुत गर्दछौं। आराधना सेवा र साक्षीद्वारा मण्डलीको जीवनमा ख्रीष्टियान विश्वासको व्यवहार र उन्नतिलाई छोटकरीमा उल्लेख गर्नु नै हाम्रो मुख्य उद्देश्य हो। यति

छोटो अध्ययनमा निश्चय पनि हामी मण्डलीको पूरै इतिहासलाई प्रस्तुत गर्न सक्दैनौं। शायद मण्डली इतिहासको बारेमा तपाईं अझै अध्ययन गर्न चाहनुहुन्छ होला।

यी अवधिहरूमा मण्डलीका कार्यहरू सम्बन्धीका घटनाहरूलाई तपाईंले सजिलैसँग बुझ्न सक्नुभएको होस् भन्ने हेतुले हामीले केही तालिकाहरू पनि प्रयोग गरेका छौं। प्रस्तुत गरिएका सामान्य विचारहरूलाई यिनीहरूले स्पष्ट पार्नेछन्।

इतिहासलाई विभिन्न अवधिहरूमा विभाजित गर्नु धेरै कृतिमजस्तो देखिन्छ, तर घटनाहरूको स्पष्ट तस्वीर प्राप्त गर्नको निम्ति यसो गर्नु आवश्यक हुन्छ। एउटा अवधि अर्को अवधि शुरू भएको अर्को दिन वा अर्को वर्ष तुरुन्तै सकिँदैन भन्ने कुरालाई तपाईंले बुझ्नैपर्छ। इतिहास भन्ने कुरा बगिरहन्छ, र हावाजस्तै एउटा भाग कहाँ शुरू हुन्छ र अर्को कहाँ सकिन्छ भन्न कठिन पर्छ। मण्डलीको यो इतिहासलाई तीन अवधिमा विभाजन गरिएको छ।

शुरूको अवधि पेन्तिकोसको दिन– ई.सं. ६००
बीचको अवधि ई.सं. ६००–१५१७
आधुनिक अवधि ई.स. १५१७-देखि वर्तमान् समय

**मण्डली इतिहास**

| *पेन्तिकोसको दिन* | *शुरूको अवधि* | *६००* | *बीचको अवधि* | *१५१७* | *आधुनिक अवधि* | *वर्तमान* |
|---|---|---|---|---|---|---|

## शुरूको अवधि– विश्वासमा जिउने


### यरूशलेममा भएको मण्डली

उद्देश्य १: *पेन्तिकोसको दिनदेखि ई.सं. ६४-सम्म यरूशलेममा भएको मण्डलीको अवस्थाको वर्णन गर्नुहोस्।*

यरूशलेममा मण्डली शुरू भयो। ख्रीष्टको जीवन र कामबाटै यसको शुरू भएको थियो। आफ्नो मृत्यु र पुनरुत्थानपछि ख्रीष्टले

आफ्ना चेलाहरूलाई यही नै आज्ञा दिनुभयो कि तिनीहरूले गएर सारा संसारमा सुसमाचार प्रचार गर्नुपर्छ। ख्रीष्टको आज्ञालाई पूरा गर्नको निम्ति चाहिने शक्तिको लागि चेलाहरूले यरूशलेममा नै पर्खिनुपर्ने थियो। पेन्तिकोसको दिनमा पवित्र आत्माको कार्यद्वारा मण्डली अस्तित्वमा आएको थियो। यस बारेमा तपाईं प्रेरित २ अध्यायमा पढ्न सक्नुहुन्छ।

शुरूको मण्डलीले लगातार रूपमा आफ्ना प्रभुलाई आराधना गरिराखेको थियो। पत्रुस र यूहन्ना प्रार्थना गर्नको निम्ति मन्दिरमा गइराखेका थिए, र तिनीहरूका प्रार्थनाद्वारा मन्दिरको ढोकामा बसिराखेको कुँजो मानिस निको भएको थियो। "सबै मानिसहरूले त्यसलाई हिँड्दैगरेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे" (प्रेरित ३:९)। यसको नतीजाको फलस्वरूप धेरै व्यक्तिहरूले विश्वास गरे। चेलाहरूद्वारा परमेश्वरका महान् कार्यहरू लगातार रूपमा भइराखेको देखेर अरू धेरैहरूले पनि विश्वास गरे। आश्चर्यकर्महरू "आराधना गर्नको निम्ति मानिसहरूलाई बोलाउने घण्टीहरू हुन्" भनी भनिएको छ। शुरूको मण्डलीमा आश्चर्यकर्महरू घरीघरी भइरहन्थे।



शुरूको मण्डलीले सङ्गतिको गहिरो आनन्द प्राप्त गरेको थियो। त्यहाँ आत्माको एकता र खाँचोमा परेका ख्रीष्टको शरीरका सदस्यहरूका निम्ति सरोकार थियो। येशू ख्रीष्टको व्यक्तित्वको सम्बन्धमा मण्डलीको विश्वास साधारण तर बलियो थियो। बलियो विश्वास र साक्षी, चरित्रमा पवित्रता, प्रेमको प्रवृत्तिजस्ता कुराहरू शुरूको मण्डलीमा दैनिक रूपमा प्रदर्शित हुन्थे।

त्यस बेला विशेष गरी मण्डली यरूशलेममा नै थियो। प्रभुले आज्ञा गर्नुभएझैँ यो अझै पनि यहूदियामा, सामरिया र पृथ्वीको अन्तसम्म विस्तारित भइसकेको थिएन। स्तिफनसलाई मारिएको

समयपछि मण्डली विभिन्न क्षेत्रमा विस्तारित भयो (प्रेरित ७)। सतावटले यरूशलेमको मण्डलीलाई हलचल गरायो र यसका सदस्यहरू टाढ़ा-टाढ़ासम्म छरिए। तर यी सदस्यहरू जहाँ-जहाँ गए तिनीहरूले प्रचार गरे र धेरै जनाले विश्वास गरे। यरूशलेमको सभामा भएको मन्जूरीअनुसार अयहूदीहरूलाई पनि मण्डलीमा स्वीकार गरियो (प्रेरित १५)। प्रेरितको पूरै पुस्तक मण्डलीको शुरूका दिनहरूको इतिहास हो, जसले यरूशलेम र अरू क्षेत्रहरूमा भएको मण्डली विस्तारको बारेमा बताउँछ। करीब ६४ ई.सं. सम्मको अवधिलाई यसले ढाकेको छ। यसै अवधिमा रोमी सम्राट् निरोबाट पनि मण्डलीमाथि ठूलो सतावट आएको थियो। विभिन्न रोमी सम्राट्हरूलाई करीब ३०० वर्षसम्म मण्डलीमाथि सतावट दिने काम भइ नै रह्यो।

१ ई.सं. ६४-सम्म यरूशलेममा भएको मण्डलीको अवस्था वर्णन गर्न प्रत्येक शब्दको अगाड़ि (✔) चिन्ह लगाउनुहोस्।

... **क** वृद्धि
... **ख** निराश
... **ग** निरन्तरीय आराधना
... **घ** थोरै आश्चर्यकर्महरू
... **ङ** धेरै आश्चर्यकर्महरू
... **च** विश्वासीहरूका बीचमा गहिरो सङ्गति
... **छ** एकताको कमी
... **ज** आत्मा-अगुवाइ सेवा
... **झ** स्वार्थ
... **ञ** साधारण विश्वासहरू
... **ट** पवित्रता
... **ठ** बलियो साक्षी
... **ड** सरोकार र प्रेम
... **ढ** डर

२ यी शब्दहरूमध्ये कुन-कुनले तपाईंको स्थानीय मण्डलीको अवस्थाको वर्णन गर्छन्? ..........................................................

## सतावटमा परेको मण्डली

उद्देश्य २: *३१२ ई.सं. भन्दा पहिले विश्वास र एकतालाई जाँच गर्ने घटनाहरूद्वारा मण्डली कसरी असर पारिएको थियो सो व्याख्या गर्नुहोस्।*

स्तिफनसको मृत्युपछि मण्डलीमाथिको सतावट बढ्दैगयो। वास्तवमा करीब ३०० वर्षमा मण्डलीको एकता र यसका सदस्यहरूको विश्वास सतावटद्वारा जाँचिएको थियो। शुरूमा यी सतावटहरू साना

र स्थानीय थिए तर कहिलेकहीँ धेरै कड़ा पनि थिए। करीब २५० ई.सं. अर्थात् सम्राट् डिसिउसको राज्यकालमा सतावटहरू धेरै सामान्य भए र रोमी साम्राज्यका चारैतर्फ फैलिए। तर यस्तो भए तापनि शताब्दीको अन्तमा ख्रीष्टियान विश्वास बेलायत, युरोप, उत्तरी अफ्रिका र मध्य-पूर्वी देशहरूमा फैलियो।

**शुरूको अवधि**

| | | | | | |
|---|---|---|---|---|---|
| **पेन्तिकोसको दिन** | **६४ सम्राट् निरो** | *स्थानीय सतावट* | **२५० सम्राट् डिसिउस** | *सामान्य सतावट* | *३१३ सम्राट् कन्स्टन्टाइन* |

यस अवधिमा मण्डलीको एकता र विश्वासलाई जाँच गर्ने दबाबहरू यिनै थिए:

१. *प्रेरितहरूको मृत्यु:* सुसमाचारको अर्थ सम्बन्धी, जीवित आवाज र अधिकार प्रेरितहरूका मृत्युमा बन्द भएको थियो। येशूले भन्नु र गर्नुभएको कुरालाई व्याख्या गर्न मण्डलीमा मौखिक र लिखित परम्पराहरू मात्र थिए। निर्णयहरू बनाउन र विश्वासका सारहरू निर्धारण गर्न मण्डलीका अगुवाहरूले महासभाहरूको आयोजना गरेका थिए।

२. *केही शिक्षकहरूका झूटा सिद्धान्तहरू।* झूटा शिक्षकहरूले भित्रबाटै मण्डलीमा धम्की दिएका थिए। कोही शिक्षकहरूले परमेश्वरको स्वभाव, येशूको व्यक्तित्व र उद्धारको सिद्धान्त सम्बन्धी प्रश्नहरू उठाएका थिए। यद्यपि, कोही ठूला अगुवाहरूले येशूको साँचो शिक्षाको बचावटमा बोलेका थिए। टर्टुलियन, ओरिजेन, आम्ब्रोस, जेरोम, क्रिसोस्टम र अगस्टिनजस्ता शुरूको मण्डलीका अगुवाहरूले शुरूका ४०० वर्षको अवधिमा भएका मण्डलीका विचार र विश्वासहरूमा धेरै नै असल प्रभाव पारेका थिए।

३. *राज्यद्वारा सतावट।* सतावटले बाहिरबाट मण्डलीलाई हमला गरेको थियो। मण्डलीले सम्राट्लाई आराधना गर्न इन्कार गरेको हुनाले सतावट आएको थियो। रोमलाई महान् पार्ने देवहरू नै हुन् भनी

रोमीहरूले विचार गरेका देवताहरूलाई मण्डलीले इन्कार गरेको थियो।

सतावटले मण्डलीलाई नाश पार्न सकेन। सतावट भइरहँदा पनि यो ता लगातार रूपमा वृद्धि भई नै रह्यो। विश्वासीहरूको विश्वास बलियो भयो र प्रभुप्रतिको तिनीहरूको भरोसा बढ्दैगयो। पुरुष, स्त्री र केटा-केटीहरूले आफ्ना प्रभु र मालिकलाई तिनीहरूका आ-आफ्ना जीवन दिए।

३ *भित्रबाटै* मण्डलीलाई कसरी धम्की दिइएको थियो?

.......................................................................................

४ *बाहिरबाट* यसलाई कसरी हमला गरिएको थियो? ..................

.......................................................................................

५ मण्डलीलाई किन सतावट दिइयो? .....................................

.......................................................................................

६ सतावटप्रति यसको कस्तो प्रतिक्रिया थियो? ..........................

.......................................................................................

७ प्रेरितहरूको मृत्यु मण्डलीको एकता र विश्वासको निम्ति कसरी जाँच थियो? .............................................................

**मण्डलीलाई मान्यता दिइयो**

उद्देश्य ३ः *सम्राट् कन्स्टन्टाइन र ई.सं. ६००-को बीचको समयमा मण्डलीमा भएका परिवर्तनहरूलाई विश्लेषण गर्नुहोस्।*

कन्स्टन्टाइन ई.सं ३०६-मा सम्राट् बने र उनले ई.सं. ३१३-मा मण्डलीलाई खुला रूपमा आराधना गर्न, सम्पत्तिको स्वामित्व गर्न आफ्नै प्रशासन हुन पाउने गरी स्वतन्त्रता दिए। मण्डलीले रोमी सरकारको मान्यता प्राप्त गरेको थियो।

मण्डलीमा भएका धेरै परिवर्तनहरूको शुरू यहींबाट भएको थियो। आराधना, सेवा र गवाहीजस्ता कुराहरूमा मण्डलीमा ठूलो परिवर्तन गरियो र यस अवधिको अन्तमा यी चलनहरू शुरूको मण्डलीको भन्दा धेरै नै भिन्न हुन पुग्यो। शुरूमा भएको यरूशलेमको मण्डली र रोममा मान्यता प्राप्त गरेको मण्डलीको बीचमा कस्तो फरक थियो सो कुरा हेर्नको लागि तल उल्लेखित तालिकाले तपाईंलाई सहायता पुऱ्याउनेछ।

**शुरूको अवधि– ई.सं. ६४-६००**

सतावटको बेला — कन्स्टन्टाइनपछि

६४ २५० ३१३ ६००

| | | |
|---|---|---|
| **आराधनामा मण्डली** | | |
| ठाउँ | घर | विभूषित भवन |
| रूप (बनावट) | भित्री र आत्मिक, व्यावहारिक | बाहिरी र विधिवत्, कलात्मक |
| सन्देश | वृद्धि गराउने, स्पष्टसँग बुझ्ने र आत्मा-अगुवाइ | विधिवत्, अस्पष्ट, र मानव निर्माण |
| बिन्ती (अपिल) | सबै मानिसहरूलाई | उच्च तहका मानिसहरूलाई |
| **सेवामा मण्डली** | | |
| सरोकार | आत्मिक कुराहरू | राजनीतिक कुराहरू |
| सिद्धान्तहरू | साधारण सिद्धान्त | महासभाबाट पारित |
| प्रशासन | विषयवस्तुहरूलाई मण्डलीद्वारा नै समाधान | विषयवस्तुहरूलाई राज्य र मण्डलीद्वारा समाधान |
| **साक्षीमा मण्डली** | | |
| स्थान | सेवक र साधारण विश्वासी बराबर | विश्वासीहरूको भन्दा सेवकहरूको उच्चस्थान |
| शासन | स्वतन्त्र र स्थानीय स्व-शासन | मण्डली महासभाद्वारा शासन साम्राजीय (सम्राट्को अधीनमा) |

पवित्र आत्माको शक्तिद्वारा शुरू भएको मण्डली साम्राज्य शक्तिमा आएर ढुङ्गियो। मण्डलीले रोमी साम्राज्यको मान्यता प्राप्त गरेको थियो।

**८** माथि दिइएको तालिकामा *सतावटको बेला* र *कन्स्टन्टाइनपछि* भनिने दुइ खण्डहरूलाई तुलना गर्नुहोस्, र तल उल्लेखित विषयहरूमा त्यस अवधिमा मण्डलीमा कस्ता-कस्ता परिवर्तनहरू भए सो लेख्नुहोस्ः

**क.** आराधनामा मण्डली ..........................................
..................................................................
..................................................................

**ख.** सेवामा मण्डली ..................................................
..................................................................
..................................................................

**ग.** गवाहीमा मण्डली................................................
..................................................................
..................................................................

ई.सं. ३०० पछि रोमी साम्राज्य बिस्तारै पतन भयो। राजनीतिक र सामाजिक परिवर्तनहरू सामान्य कुराहरू नै थिए। तर आत्मिक कमजोरीपनका यी वर्षहरूमा पनि त्यहाँ विश्वासीहरूमध्ये आत्मिक अगुवाहरू पनि थिए। तिनीहरूले यस अवधिमा साँचो ख्रीष्टियान विश्वासलाई बचाउने काम गरे। इतिहासमा तिनीहरू प्रकट भएझैं कुनै-कुनै मुख्य अगुवाहरूलाई मात्र हामी यहाँ सूची बनाएर प्रस्तुत गर्नेछौं।

१. अथनेसियस (ई.सं. २९६-३७३), एक प्रख्यात तर्कशास्त्री जो अलेक्जेन्ड्रियाका बिशप बनेका थिए।

२. मिलानका आम्ब्रोस (ई.सं. ३४०-३९७), बिशप, लेखक र ख्रीष्टियान विश्वासका रक्षक थिए।

३. जोन क्रिसोस्टम (ई.सं. ३४५-४०७)। बिशप र त्यस अवधिका सबैभन्दा प्रख्यात प्रचारक थिए। पाँचौं शताब्दीमा उनले मण्डलीका भूलहरूलाई सुधार गर्नको निम्ति ठूलो योगदान दिए र आफ्नो विश्वासको निम्ति उनी मरे।

४. जेरोम (ई.सं. ३४०-४३०), आत्मिक अगुवाहरूका सूचीमा सबैभन्दा शिक्षित थिए। उनले साधारण भाषामा बाइबल अनुवाद गरेर ठूलो योगदान दिएका थिए।

५. अगस्टिन (ई.सं ३५४-४३०), त्यस अवधिमा विश्वासको सैद्धान्तिक पक्षमा लेख्ने सबैभन्दा मुख्य व्यक्ति थिए।

## बीचको अवधि– संसारमा संलग्न हुने

उद्देश्य ४: *धर्म सुधारतर्फ डोऱ्याउने मण्डलीका अवस्थाहरूलाई परिचित गर्नुहोस्।*

**बीचको अवधि (मध्य युग)**

| | |
|---|---|
| ६०० *पोप ग्रेगरी प्रथम* | *धर्म सुधार १५१७* |

यो अवधि ग्रेगरी प्रथमबाट शुरू हुन्छ, जो ई.सं. ५९०-मा मण्डलीका पोप बनेका थिए। उनको समयमा नै मण्डलीले संस्थाको रूपमा ठूलो शक्ति प्राप्त गरेको थियो। यो अवधि ई.सं. १५१७-मा समाप्त हुन्छ, जुन बेला धर्म सुधारको कार्य शुरू भयो र मण्डलीमा भएका झूटा शिक्षा र प्रवृत्तिहरूलाई हटाई बाइबल शिक्षाअनुसारको मण्डली पुनर्स्थापित गर्ने प्रयास गरियो।

यस अवधिको बारेमा हामीले छलफल गर्नुपर्ने दुइ महत्त्वपूर्ण क्षेत्रहरू छन्। दुवै क्षेत्रहरू मण्डलीको सेवासँग सम्बन्धित छन्। पहिलोचाहिँ मण्डली र राज्यको मिलाप र दोस्रोचाहिँ पोप र मण्डली अगुवाहरूलाई दिइएको शक्तिको बारेमा छन्।

### सांसारिक मण्डली

झण्डै १००० वर्षको यस अवधिमा घटेका धेरै राजनीतिक घटनाहरूले मण्डलीलाई प्रभाव पारेको थियो, र ती सबै कुराहरूलाई हामी यस ठाउँमा छलफल गर्न असमर्थ छौं। मण्डलीमाथि भएको

असरको सम्बन्धमा यस अवधिको सबैभन्दा महत्त्वपूर्ण वास्तविकताचाहिँ मण्डलीको शक्तिको वृद्धि र राज्यसँग भएको यसको सम्बन्ध हो। यस अवधिमा मण्डलीले संसारमाथि आफ्नो आत्मिक प्रभाव गुमाएको कुरा यसले प्रमाणित गर्छ। ख्रीष्टले आज्ञा गर्नुभएझैं मण्डलीले संसारलाई परिवर्तन गर्नुको सट्टा संसारले नै मण्डलीलाई अधीन गरेको थियो। उदाहरणको लागि मण्डलीका समस्याहरू समाधान गर्ने अधिकार आफैसँग छ भनी कुनै-कुनै सम्राट्हरूले विचार गरेका थिए।

ई.सं. पाँचौं र सातौं शताब्दीहरूका बीचमा त्यहाँ कुनै पनि बलियो सरकार थिएन। राज्यहरू र तिनीहरूका शासकहरू धेरै परिवर्तनहरूद्वारा भएर गइरहेका थिए। पश्चिम युरोपमा स्थायित्व वा बलियो नेतृत्व थिएन। रोमको शहरमा कमजोर सरकार थियो। सामाजिक सेवाहरूको कुनै वास्ता गरिएको थिएन। स्थायी सरकारको प्रतिनिधिको रूपमा पोपलाई मात्र लिइएको थियो। मानिसहरू र तिनीहरूका शासकहरू सहायताको निम्ति मण्डलीमा आउँथे। संसारका विभिन्न विषयहरूका सम्बन्धमा मण्डलीले आफ्ना विचारहरू प्रस्तुत गर्न शुरू गर्‍यो। यसरी मण्डली शक्तिमा वृद्धि हुँदैगयो।

ख्रीष्टियान मतलाई रोमी साम्राज्यको धर्मको रूपमा स्वीकार गरेपछि रोमी साम्राज्य र मण्डली पूर्ण मिलापमा आएको थियो। विश्वव्यापी रूपमा मण्डलीलाई स्वीकार गरियो। यसलाई क्याथोलिक (विश्वव्यापी) मण्डली भनी चिनिन थालियो। करीब १००० वर्षको निम्ति पश्चिमी वा ल्याटिन मण्डलीले विशेष गरी रोममा आफ्नो अधिकारको अड्डा जमाएको थियो। यस बेला कुनै-कुनै ठाउँका मण्डलीहरूले राज्यमाथि पनि अधिकार जमाउन थाले। अहिले भएको रोमन क्याथोलिक एकलेसियाको शुरू यही नै थियो।

मण्डली राजनीतिक कलपूर्जा बन्यो। परमेश्वरको उद्धारको योजनालाई लगातार रूपमा सञ्चालन गरिरहने आफ्नो सेवालाई यसले बेवास्ता गर्‍यो। यसको मुख्य सरोकारचाहिँ क्षणिक वा सांसारिक विषयवस्तुहरू नै भयो र आत्माका कुराहरूजस्ता महत्त्वपूर्ण विषयहरूलाई चाहिँ यसले वास्तै गरेन। बलियो आत्मिक शक्ति प्रदान गर्नको निम्ति मण्डली असफल भएको थियो।

**६** यूहन्ना १८:३६, मत्ती ६:३३,र रोमी १४:१७ पढ्नुहोस्, र मण्डलीको मुख्य उद्देश्य के हो व्याख्या गर्नुहोस्। ..................
.........................................................................

१० बीचको अवधिमा मण्डलीको सांसारिक अवस्थाको सम्बन्धमा यिनीहरूमध्ये कुन-कुन बयानहरू **ठीक** छन्?

**क.** मण्डली शक्तिमा वृद्धि भएपछि राजनीतिमा यसको संलग्नता पनि बढ्दैगयो।
**ख.** मण्डलीले गैर सरकारी पक्षबाट सहायता प्राप्त गर्न थाल्यो।
**ग.** राज्यसँग मिलेपछि मण्डलीको आत्मिक शक्ति वृद्धि हुँदैगयो।
**घ.** मण्डली सांसारिक कुराहरूसँग बढ़ी संलग्न भई आत्मिक कुराहरूसँग क्रम संलग्न हुन थाल्यो।

## सांसारिक अगुवा

मण्डलीको शक्तिमा भएको वृद्धिको साथ यसका अगुवाहरूको शक्तिको पनि वृद्धि भयो। मण्डलीका शिर, रोमका बिशपका सम्बन्धमा विशेष गरी यो सत्य थियो, जसलाई *पोपको* उपाधि दिइएको थियो। उनले सबै ख्रीष्टियान संसारमाथि आफ्नो अधिकारको दाबी गरे।

रोमका पहिला बिशप पत्रुस थिए भन्ने परम्पराको बिकास भयो। यो सत्य थियो भन्ने सम्बन्धमा त्यहाँ कुनै प्रमाण छैन। पत्रुस र उनका उत्तराधिकारीहरूका निम्ति यो अधिकार दाबी गर्न प्रयोग गरिएका बाइबल खण्डहरू मत्ती १६:१८-१९ र यूहन्ना २१:१६-१७ हुन्। बिशपका रूपमा, पहिला पोप पत्रुस नै थिए भनिएको छ। प्रेरितहरूका प्रधानका रूपमा, पत्रुसले पूरै मण्डलीमाथि अधिकार जमाएका हुन सक्छन्। रोमी मण्डलीले यसलाई बलियोसँग समर्थन गऱ्यो। संसारको पूर्वीय भागमा भएको मण्डलीले चाहिँ यसो गरेन।

मण्डली अगुवाहरू बलिया बने। पाँचौं शताब्दीमा रोमी साम्राज्यको पतन भएपछि, मण्डली बलियो नै भइरह्यो। यसका अगुवाहरू व्यक्तिगत महत्त्वकांक्षाले भरिए, तर तिनीहरूले आत्मिक अगुवाइचाहिँ दिन सकेनन्। मण्डलीले मूर्तिपूजक अन्धविश्वासहरू र रीतिरिवाजहरूलाई स्वीकार गर्न थाल्यो।

मण्डलीको शक्ति राजनीतिकरूपमा वृद्धि हुँदैजाँदा, मण्डली आत्मिक रूपमा कमजोर हुँदैगयो। पहिलो मण्डली शुरू भएको समयदेखि धेरै वर्ष बितिसकेको थियो। मण्डलीको आराधना सङ्गति, सेवा र साक्षीमा ठूलो परिवर्तनले ठाउँ लिइसकेको थियो। मण्डलीको आत्मिक सेवाभित्र भएका केही परिवर्तनहरू यहाँ छन्:

***आराधनामा मण्डलीः***

१. औपचारिक धर्मले आत्मिक विश्वासको ठाउँ लियो।
२. आराधकले सीधै परमेश्वरकहाँ प्रार्थना गर्न सक्दैन भनी उसलाई भनिएको थियो।
३. परमेश्वर र आराधकका बीचमा पूजाहारीलाई राखिएको थियो।
४. मण्डलीको भाषा आराधकले बुझ्न सक्ने साधारण भाषा थिएन।

***सेवामा मण्डलीः***

१. बाइबललाई आधार नबनाई, मण्डलीका परम्पराहरूलाई विश्वास र व्यवहारका नियम बनाइएका थिए।
२. मण्डलीले जीवनका सबै क्षेत्रमा अन्तिम अधिकारको दाबी गऱ्यो।
३. विश्वासको सवालमा मण्डली बाइबलभन्दा माथि थियो।
४. साधारण मानिसहरूले बाइबल पढ्नु हुँदैनथ्यो।

***साक्षीमा मण्डलीः***

१. मण्डलीको मुख्य सरोकार सांसारिक थियो।
२. लौकिक विषयहरूलाई आत्मिक वा सुसमाचारीय कामहरूलाई भन्दा धेरै महत्त्व दिइएका थियो।
३. नामधारी ख्रीष्टियानहरूलाई मण्डलीमा ल्याइयो।

**आश्रम**

मण्डलीको आत्मिक पतनको विरुद्धमा सहायता गर्ने शक्ति *आश्रमिक जीवनप्रति* भएको जागरण हो। यसको अर्थ हामीले यही दिएका छौं कि *साधु* (मंक) हरू भनिने केही धार्मिक मानिसहरूले आफूलाई अरू सबै मानिसहरूबाट अलग पारी *आश्रम*हरू भनिने विशेष शान्त ठाउँहरूमा बस्नका लागि रोजेका थिए। साधुनी (नन्) हरू धार्मिक स्त्रीहरू थिए जो अरू मानिसहरूबाट अलग भई स्त्री *आश्रम*हरूमा बस्थे। शुरूको मण्डलीमा त्यहाँ कुनै पनि साधु वा साधुनीहरू थिएनन्। ख्रीष्टियानहरू परिवारहरूमा जिउँथे र समाजका सदस्यहरूका रूपमा रहन्थे। तर मण्डली र संसारका नयाँ अवस्थाहरूले गर्दा धेरैले जीवनको आश्रमिक बाटोलाई खोजेका थिए।

मानिसहरू साधु बने, किनकि तिनीहरूमा मुक्तिको निम्ति इच्छा थियो। अरू मानिसहरूका भन्दा साधुहरूको जीवन दुइ प्रकारमा मुक्तिको निम्ति पक्का थियोः

१. *संसारबाटको अलगपनाद्वारा।* यो संसारबाट अलग भएको र ख्रीष्टियान जीविका कठिन बनाउने कुराहरूबाट स्वतन्त्र पारिएको जीवन थियो। संसारमा र मण्डलीमा पाप थियो भनी साधुहरूले जानेका थिए। मानिसहरूका सामान्य जीवनबाट आफैलाई अलग राख्नाले उत्तम ख्रीष्टियान जीवन जिउनका निम्ति आफूलाई सहायता मिल्छ भनी तिनीहरूले विश्वास गरेका थिए।

२. *स्व-त्यागद्वारा।* आश्रमिक जीवनले पवित्रताको खोजी गर्ने मौका तिनीहरूलाई प्रदान गरेको थियो। तिनीहरूले विश्वास गरेका थिए कि पवित्र हुनका लागि तिनीहरूले शरीरका आवश्यकताहरूलाई तृप्त पार्ने कुराहरूको इन्कार गर्नु आवश्यक छ। त्यसैले तिनीहरूले आफ्ना धन-सम्पत्तिहरू त्यागिदिए। तिनीहरूले गरीब किसिमले लगाउन र जिउन थाले। तिनीहरूले विवाह गरेनन्। तिनीहरू थोरै खान्थे र थोरै समय सुत्थे। तिनीहरूले आफ्ना शरीरलाई अति कष्ट दिए।



साधुहरू र साधुनीहरूको संख्या तीब्र रूपमा वृद्धि भयो। तिनीहरूले युरोप, मध्यपूर्व र उत्तर अफ्रिकाभरि नै समुदायहरूको निर्माण गरे र आफूलाई विभिन्न समूहहरूमा *संगठन* गरे। मध्ययुग अवधिमा भएका चार अति प्रख्यात समूहहरू थिएः १) बेनेडिक्टिन्स, २) सिस्टेरसियन्स, ३) फ्रान्सिस्कन्स, ४) डोमिनिकन्स। तिनीहरू समाजका लागि फाइदाजनक भए, किनकि युद्धको समयमा मानिसहरूलाई सुरक्षा गर्नका निम्ति र थकित यात्रीहरूलाई विश्राम दिनका निम्ति ती केन्द्रहरू बने। तिनीहरू कृषि र शिक्षाका केन्द्रहरू पनि थिए। धेरै साधुहरू र साधुनीहरू शिक्षकहरू र मिशनरीहरू थिए।

तर यी समुदायहरूले केही खराब नतीजाहरू पनि ल्याएका थिए। मानिसहरूका करद्वारा तिनीहरू धनी भए। तिनीहरूले केही उत्तम स्त्री र पुरुषहरूलाई समाजबाट हटाए। परमेश्वरको सामुन्ने साधु र साधुनीहरूको स्थान अरू विश्वासीहरूका भन्दा उच्च छ भनी विचार गर्न थालियो।

११ मत्ती ५:१३-१६ र यूहन्ना १७:१४-१६ पढ्नुहोस्, र समाजमा ख्रीष्टियानको स्थानलाई व्याख्या गर्नुहोस्। ............................
.............................................................................

मध्य युग अवधिका केही महत्त्वपूर्ण मण्डली अगुवाहरूः

१. प्याट्रिक (३८७ ?-४६१ ?), जसले आयरल्याण्डमा सुसमाचार लगे।
२. क्लेर्भोका बर्नार्ड (१०९०-११५३), आश्रमलाई बलियो पार्ने जागरणका सुसमाचारीय अगुवा।
३. थोमस अक्वैनास (१२२५-१२७४), त्यस अवधिका अति प्रभावशाली ईश्वरशास्त्री।
४. रेमन्ड लल (१२३५-१३१५) उत्तर अफ्रिका र मुसलमानहरूका बीचमा प्रचारक।

१२ मण्डलीमा अगुवापन र मध्ययुग अवधिमा मण्डलीमाथि यसको असरको सम्बन्धमा यीमध्ये कुन-कुन बयानहरू **ठीक** छन्?

**क**. सारा ख्रीष्टियान संसारभरिकै शिर आफू हुँ भनी पोपले विचार गरेका थिए।
**ख**. पत्रुस पहिलो पोप थिए।
**ग**. मण्डलीका अगुवाहरूले राजनीतिक शक्ति प्राप्त गरेपछि, तिनीहरूका आत्मिक प्रभावकारिता कमजोर बन्यो।
**घ**. मण्डली अति नै औपचारिक बन्यो, र सीधै परमेश्वरसँग प्रार्थना गर्न वा बाइबल पढ्न, विश्वासीहरूलाई अनुमति दिइएको थिएन।
**ङ**. आफूलाई संसारबाट अलग राख्न चाहने धार्मिक मानिसहरूका निम्ति साधु र साधुनीहरूका लागि आश्रमहरू स्थापित भए।
**च**. अलगपन र स्व-त्यागको अभ्यास गर्ने साधु र साधुनीहरूले सांसारिक समुदायहरूमा रहने विश्वासीहरूलेभन्दा उत्तम ख्रीष्टियान जीवन जिउन सकेका थिए।

## आधुनिक अवधि– स्वतन्त्रता पत्ता लगाउनु

उद्देश्य ५: *धर्म सुधारद्वारा ल्याइएका परिवर्तनहरूलाई व्याख्या गरी आधुनिक मण्डली इतिहासमा त्यसको असरको उल्लेख गर्नुहोस्।*

**परिवर्तित संसार**

**आधुनिक अवधि**

१५१७ — वर्तमान

औपचारिक आराधना र विश्वासको सारको दोहोऱ्याइले मानिसका आत्मिक भोकलाई तृप्त पार्न सक्दैनन्। राजनीतिक र सांसारिक मण्डलीले विश्वासीहरूका आवश्यकतालाई पूरा गर्न सकेनन्। रोम-मा निरन्तर रूपमा बगिराखेको रुपियाँपैसालाई मध्यम वर्गका मानिसहरू रोक्न चाहन्थे। मण्डलीका मानिसहरूले परिवर्तनहरू चाहेका थिए।

परिवर्तनको चाहनाको निम्ति भएको सबैभन्दा महत्त्वपूर्ण कारणचाहिँ पोपको विश्वव्यापी शक्तिको दाबीलाई मानिसहरूले स्वीकार गर्न नचाहनु हो। धेरै धार्मिक अगुवाहरूले पूजाहारीहरू (क्लेरजी)-का जीवनमा पाप देखे। धर्म खस्कँदै गएको र मानिसहरूले यसलाई बेवास्ता गरिराखेका तिनीहरूले देखे। यसरी *धर्म सुधार* भनिने यस धार्मिक जागृतिले परिवर्तन ल्याउनका लागि सहायता गऱ्यो।

धर्म-सुधार सुधार थियो, विद्रोह थिएन। लक्ष्यचाहिँ मण्डलीका निन्दा र भूलहरूलाई हटाउनु थियो। मण्डलीले बाइबलमाथि पनि अधिकार जमाएको थियो। मार्टिन लुथरजस्ता सुधारवादीहरूले विश्वास गरेका थिए कि बाइबलको अधिकार मण्डलीको भन्दा ठूलो छ। शुरूको नयाँ करार मण्डलीको निम्ति परमेश्वरको वचन अधिकारपूर्ण थियो भनी तिनीहरूले विश्वास गरे।

**१३** २ राजा १८:१-८ र २३:४-२२; मर्कूस ११:१५-१८ पढ्नुहोस्। धर्म सुधार अवधिमा भएका कुराहरूसँग यी घटनाहरूलाई कसरी तुलना गर्न सकिन्छ? ..........................................................

..........................................................................................

धर्म सुधार अवधिमा मण्डलीमा दुइ मुख्य परिवर्तनहरू भएका थिएः

१. *मण्डली प्रशासनमा परिवर्तनहरू भए।* धर्म सुधारले रोमन क्याथोलिक मण्डलीको अधीनतालाई समाप्त पाऱ्यो। हरेक देशहरूमा उनीहरूका आफ्नै मण्डली प्रशासनहरू स्थापित भए। राष्ट्रिय मण्डलीहरू अस्तित्वमा आए। तिनीहरू रोमबाट स्वतन्त्र थिए, र तिनीहरूले मानिसहरूका आवश्यकताहरूलाई बुझे।

२. *मण्डलीका शिक्षाहरूमा परिवर्तन आए।* केही शिक्षाहरू परिवर्तन भएका थिएनन्। उदाहरणको लागि, त्रित्व, ख्रीष्ट, बाइबल, मानिसको पतन, शुरूको पाप, र विश्वासीको निम्ति नैतिक जीवनको आवश्यकताजस्ता शिक्षाहरू परिवर्तन भएका थिएनन्। नयाँ करारबाट पुनर्स्थापित गरिएका केही शिक्षाहरू यस प्रकार छन्ः

**क**. विश्वासद्वारा मात्र मुक्ति पाइन्छ, अर्थात् येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा।
**ख**. विश्वास र जीवनको एक मात्र आदेश पवित्र धर्मशास्त्र बाइबल हो।
**ग**. मध्यस्थको रूपमा पूजाहारी वा मण्डली अगुवाविना नै एक विश्वासी सीधै परमेश्वरकहाँ जान सक्छ।
**घ**. कामहरूद्वारा होइन, तर परमेश्वरको अनुग्रहद्वारा मात्र मुक्ति प्राप्त गर्न सकिन्छ।

**मण्डलीमा स्वतन्त्रता**

धर्म सुधारले नयाँ स्वतन्त्रता ल्यायो। १००० वर्षसम्म मण्डलीलाई प्रभाव पार्ने शक्ति र अधिकार अन्त्यमा गई कमजोर बन्यो। एकरूपताको ठाउँ स्वतन्त्रताले लिएको थियो। यो नयाँ संसार थियो।

स्वतन्त्रता सँगसँगै विविधता पनि आयो। स्वतन्त्रताले मण्डली समूहहरूका बीचमा विभिन्नता ल्यायो। विश्वासीहरूले आफ्ना बाइबलहरू खोले र पढ्न थाले। वास्तवमा बाइबलले के भनेको छ भन्ने बारेका विभिन्न धारणाहरूले गर्दा भिन्नाभिन्नै शिक्षाहरू शुरू भए। मण्डलीका नयाँ समूहहरू अस्तित्वमा आए, जसले आराधनाका विभिन्न तरीकाहरूलाई प्रदर्शन गर्न शुरू गरे। यी नयाँ समूहहरू वा *सम्प्रदायहरूलाई मेथोडिस्ट, प्रेस्बिटेरियन* र *बप्तिस्ट* भनिन्छ।

*सम्प्रदाय* भनेको मानिसहरू वा विश्वासीहरूको एक समूह हो, जसले एउटै किसिमको विश्वासलाई थामिराखेको हुन्छ। सुधारको समयपछि सम्प्रदायहरू अति नै वृद्धि भएका छन्। परमेश्वरका मानिसहरूले सत्यताहरूको खोजी गरेका कारणले नै ती शुरू भएका हुन्। बाइबलले भनेको कुरा जान्ने भूलको खतराबाट तिनीहरू कहिल्यै स्वतन्त्र छैनन्। तपाईंको समूह जति नै सानो भए तापनि तपाईंले यसलाई चिन्नु र यसका विश्वासहरू थाहा पाउनु महत्त्वपूर्ण हुन्छ।

१४ आराधनामा तपाईंसँग एकसाथ भेट्नुहुने समूहको वर्णन गर्नुहोस्। यसलाई नयाँ करार मण्डलीसँग कसरी तुलना गर्न सकिन्छ?

.............................................................................

.............................................................................

मण्डली इतिहासमा आधुनिक समय स्वतन्त्रताद्वारा चिनिएको छ। यस स्वतन्त्रताले, केही विश्वासहरूमा र आराधना र मण्डली प्रशासनका केही रूपहरूमा विधिवत् ल्याएको छ। ख्रीष्टको शरीरभित्र ख्रीष्टियान एकताको आवश्यकता छ। हामीले स्वतन्त्रता वा विविधतालाई स्थान दिनुपर्छ, तर यही बेला ख्रीष्टियान एकतालाई पनि खोजी गर्नुपर्छ।

आधुनिक अवधि समयमा मण्डलीभित्र भएका केही परिवर्तनहरूको सूची यहाँ छः

***आराधनामा मण्डलीः***

१. आराधनाका रूपहरूमा धेरै विविधता
२. सामूहिक सहभागिताको तीब्र वृद्धि
३. प्रत्येक विश्वासीहरूको व्यक्तिगत नैतिकतामा जोड़

***सेवामा मण्डलीः***

१. अस्पतालहरू र अनाथालयहरूजस्ता धेरै अन्तर साम्प्रदायिक सेवा समूहहरू
२. धेरै मण्डलीहरू मिली शुरू गरिएको सण्डे स्कूलहरू (बाल-सङ्गतिहरू)

***साक्षीमा मण्डलीः***

१. मिशनरी (सुसमाचारीय) जागृतिको विकास
२. मुख्य शहरहरूमा ठूला-ठूला सुसमाचारीय महासभाहरू
३. धेरै सुसमाचारीय पत्र-पत्रिकाहरूको वितरण

सुधारदेखि वर्तमान समयसम्म मुख्य भूमिका निभाउने सबै मण्डली अगुवाहरूको सूची यस छोटो ठाउँमा बनाउनका लागि असम्भव छ। यस अवधिका अगुवाहरूलाई प्रतिनिधित्व गर्ने केही अगुवाहरूलाई मात्र हामी यहाँ उल्लेख गर्नेछौंः

१. मार्टिन लुथर (१४८३-१५४६), प्रोटेस्टेन्ट सुधारलाई सफलतासाथ नेतृत्व गर्ने जर्मन ईश्वरशास्त्री
२. जोन वेस्ली (१७०३-१७९१), मेथोडिस्ट मण्डलीको स्थापना गर्ने अंग्रेज प्रचारक
३. डेविड लिविङ्गस्टोन (१८१३-१८७३), मध्ये अफ्रिकामा मिशनरी अन्वेषक
४. हडसन टेलर (१८३२-१९०५), चीनमा सुसमाचार प्रचारका लागि मिशन कार्यक्रमका स्थापक
५. बिल्ली ग्राहाम (१९१८--) आधुनिक-समयका प्रचारक

**१५** सुधार पहिले र सुधारपछि मण्डलीको अवस्थालाई तुलना गर्नुहोस् र यी तीन क्षेत्रहरूमा भएका मुख्य परिवर्तनहरूलाई सारांशित गर्नुहोस्ः .............................................................
.............................................................
.............................................................

**क.** मण्डली प्रशासनमा .............................................
.............................................................
.............................................................

**ख.** मण्डली शिक्षाहरूमा .............................................
.............................................................
.............................................................

**ग.** मण्डली स्वतन्त्रतामा .............................................
.............................................................
.............................................................

१६ यी परिवर्तनहरूका नतीजाहरू के-के थिए? ........................
...........................................................................

**मण्डलीको भविष्य**

उद्देश्य ६: *मण्डलीलाई असर पार्ने विश्वव्यापी चलनसँग तपाईंको क्षेत्रको अवस्थालाई तुलना गर्नुहोस्।*

मण्डलीको भविष्य कस्तो छ त? परमेश्वरले मण्डलीको निम्ति उपलब्ध गरिदिनुभएको महान् र खुशीको समय यो हो। परमेश्वर आफ्ना पवित्र आत्माद्वारा ख्रीष्टको शरीरमा उपस्थित हुनुहुन्छ। हाम्रो संसार नयाँ करारको संसारसँग मिल्दोजुल्दो छ। हेरोल्ड ए. सिन्डरले, *दाखमद्यका धोक्राहरूका समस्याहरू* भनिने आफ्नो पुस्तक (इन्टरभरसिटी प्रेस, डाउनर्स ग्रोभ, इल्लिनोइस्, १९७७ पृ २७-३३)-मा भनेका छन् कि निम्न लिखित कुराहरूमा वर्तमान संसार र पहिलो शताब्दीको मण्डलीलाई तुलना गर्न सकिन्छः

१. शहरहरूमा जनसंख्याको चलायमान
२. एकता ल्याउने राजनीतिक शान्ति
३. एउटै संस्कृति र भाषाको विस्तार
४. उत्तम सञ्चार ल्याउने अन्तरराष्ट्रिय यात्रा
५. वास्तवमा मानिस एकै हो भन्ने भावना
६. संसारको बारेमा विचारहरू र धारणाहरूको मिश्रण
७. मानिसहरूको नैतिकतामा खस्काइ

परमेश्वरको उद्धारीय योजना अझै पनि सारा संसारलाई प्रस्तुत गर्न सकिन्छ। परमेश्वरका अनन्त उद्देश्यहरू पूरा गर्नका लागि त्यहाँ ख्रीष्टियान एकताको आवश्यकता पर्छ। अझ धेरै मानिसहरू ख्रीष्टको शरीरमा समावेश हुनेछन्।

चिन्हहरूले ख्रीष्टको शरीरको नवीनीकरणलाई पनि उल्लेख गर्छन्। त्यहाँ चारवटा आन्दोलनहरू छन्, जसले सङ्केत दिन्छन् कि प्रभुको निम्ति भएको आफ्नो सेवा (मिशन)-मा मण्डली चलायमान भइरहेको छ। यी हुन्ः

१. व्यक्तिगत सुसमाचार प्रचारको निम्ति आन्दोलन
२. मण्डलीभित्रको सङ्गतिको निम्ति आन्दोलन

३. संसारमा गएर चेलाहरू बनाउने आन्दोलन
४. मण्डलीभित्रै आत्मिक वरदानहरूको नवीनीकरणको आन्दोलन

**१७** यस खण्डमा पहिलो सूचीमा रूपरेखीत गरिएको वर्णनसँग तपाईंको आफ्नै क्षेत्रमा भएको अवस्था तुलना गर्ने बयानलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्। के तपाईं यस वर्णनसँग सहमत हुनुहुन्छ!

**१८** अब ख्रीष्टको शरीरको नवीनीकरणलाई वर्णन गर्ने सूचीलाई हेर्नुहोस्। के तपाईंले यही कुरालाई आफ्नो मण्डलीमा पनि अनुभव गरिरहनुभएको छ?

## स्वयम्-जाँच

१ **जोड़ा मिलाउने**, मण्डली इतिहासका अवधिसँग सम्बन्धित वर्णनहरूको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ...**क** सुधारले मण्डली प्रशासन र शिक्षामा परिवर्तन ल्यायो र आराधनामा ठूलो स्वतन्त्रता ल्यायो। | १) शुरूको मण्डली (६४ ई.सं.सम्म) |
| ...**ख** मण्डलीको एकता र विश्वासलाई यसका अगुवाहरूको मृत्यु, झूटा शिक्षाहरू, दुर्व्यवहारको कष्टद्वारा जाँचिएको थियो | २) सतावटको अवधिको मण्डली (६४-३१३ ई.सं.) |
| ...**ग** मण्डली आत्मिक कुराहरूमा भन्दा पनि राजनीतिक र सांसारिक कुरामा बढ़ी संलग्न भयो। | ३) कनस्टनटाइनको समयपछिको मण्डली (३१३-६०० ई.सं.) |
| ...**घ** रोमका बिशपलाई *पोप* भनियो, र उनी आधिकारिक मण्डलीका प्रधान बने। | ४) मध्य अवधिको मण्डली (६००-१५१७ ई.सं.) |
| ...**ङ** यस अवधिमा मण्डली सम्राट्को अधीनमा आयो र यसको आराधना विधिवत् र औपचारिक बन्यो। | ५) वर्तमान अवधिको मण्डली (ई.सं.१५१७ देखि वर्तमान) |
| ...**च** मण्डलीले ठूलो वृद्धि, धेरै आश्चर्यकर्महरू, गहिरो सङ्गति र विश्वव्यापी सरोकारसहितको आत्मा-अगुवाइ सेवाको अनुभव गरेको थियो। | |

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** सबैभन्दा ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

२ ई.सं. ३१३-६००-को अवधिमा यिनीहरूमध्ये कुनचाहिँ व्यक्ति बाइबल सिद्धान्तको विषयमा सबैभन्दा ठूला लेखक थिए?

**क**. अथनेसियस

**ख**. कन्स्टनटाइन

**ग**. अगस्टिन

**घ**. क्लेर्भोका बर्नार्ड

३ प्रोटेस्टेन्ट सुधारका अगुवा कुनचाहिँ जर्मन ईश्वरशास्त्री थिए?
**क.** जोन वेस्ली
**ख.** रेमोन्ड लल
**ग.** हडसन टेलर
**घ.** मार्टिन लुथर

४ थोमस अक्वैनासलाई के भनी चिनिएको थियो?
**क.** उत्तर अफ्रिका र मुसलमानहरूका बीचमा गएका पहिला मिशनरी।
**ख.** मध्य अवधिको समयमा सबैभन्दा ठूलो प्रभाव भएका ईश्वरशास्त्री।
**ग.** पहिलो आश्रम शुरू गर्ने साधु (मंक)।
**घ.** विश्वासको विरोध गरी ख्रीष्टियानहरूलाई सतावट दिने व्यक्ति।

५ शुरूका ख्रीष्टियानहरूका सतावटको नतीजा के थियो?
**क.** यसले मण्डलीलाई कमजोर पारेको कारण यसका सदस्यहरू पाप र मूर्तिपूजामा फर्के।
**ख.** ख्रीष्टियानहरू जतातत‍ै छँरिदा संसारका सबै भागहरूमा ख्रीष्टियान विश्वासको विस्तार भयो।
**ग.** यरूशलेमको सानो गोप्य सभाहरूमा नै मण्डली आन्दोलन सीमित भयो।
**घ.** सबै अगुवाहरूलाई झ्यालखानमा हालियो वा मारियो।

**ठीक-बेठीकः** सुधारतर्फ लैजानुपर्ने मण्डलीको अवस्थालाई वर्णन गर्ने प्रत्येक ठीक बयानको अगाड़िको खाली ठाउँमा *ठी* लेख्नुहोस्। यस अवधिको सम्बन्धमा भएका प्रत्येक बेठीक बयानको अगाड़ि *बे* लेख्नुहोस्।

... ६ मण्डलीले संसारलाई सेवा गर्नुको सट्टा संसारले मण्डलीलाई अधीन गरिराखेको थियो।

... ७ रोमन क्याथोलिक मण्डली आधिकारिक ख्रीष्टियान मण्डली बन्यो।

... ८ आफैले बाइबल पढ्न र अर्थ खोल्न सबै विश्वासीहरूका निम्ति स्वतन्त्रता थियो।

... ९ कामहरूभन्दा पनि विश्वासको सिद्धान्तलाई मण्डली अगुवाहरूले जोड़ दिएका थिए।

... १० पूजाहारीद्वारा मात्र आराधक परमेश्वरकहाँ जान सक्थ्यो।

... ११ जीवनका सबै क्षेत्रहरूमा मण्डलीले अन्तिम अधिकारको दाबी गरेको थियो।

... १२ संसारमा मण्डलीको आत्मिक प्रभाव अति नै बलियो थियो।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

१० **क** ठीक
**ख** बेठीक
**ग** बेठीक
**घ** ठीक

१ तपाईंले **क, ग, ङ, च, ज, ञ, ट, ठ, ड** र **ढ**-को अगाड़ि चिन्ह लगाउनुभएको हुनुपर्छ।

११ विश्वासी संसारमा उदाहरण बन्नुपर्छ र ख्रीष्टको निम्ति संसारलाई प्रभाव पार्नुपर्छ।

२ **क, ग, ङ, च, ज, ञ, ट, ठ, ड** र **ढ**-ले तपाईंको स्थानीय मण्डलीलाई वर्णन गर्छ भनी तपाईंले भन्न सक्नुभयो होला भन्ने कुरामा म आशावादी छु।

१२ **क** ठीक
**ख** बेठीक
**ग** ठीक
**घ** ठीक
**ङ** ठीक
**च** बेठीक। (पुरुष आश्रमहरू र स्त्री आश्रमहरूमा पनि समस्याहरू थिए। संसारमा जिउनाले विश्वासीलाई उदाहरण र प्रभावकारी बन्नका लागि सहायता पुग्छ। अरू मानिसहरूबाट अलग हुनाले वा स्व-त्याग गर्नाले मात्र अरूहरूभन्दा असल ख्रीष्टियान होइन्छ भन्ने कुनै पनि निश्चयता छैन।)

३ येशू ख्रीष्टको बारेका सत्यताहरू नसिकाउने भूटा शिक्षकहरूद्वारा।

१३ २ राजाको पुस्तकमा २ राजाहरूले मन्दिरबाट सबै निन्दाहरू (दुष्ट चलन वा रीतिरिवाजहरू) हटाए, र त्यहाँ आराधनाको नवीनीकरण भएको थियो। मर्कूस ११-मा येशूले मन्दिरबाट निन्दाहरू हटाउनुभयो। सुधारको अवधिमा निन्दाहरूको निष्कासन र आराधनाको नवीकरण भएको थियो। (परमेश्वरले गल्ती कामहरूबाट आफ्नो घरलाई सफा पार्न चाहनुहुन्छ भन्ने कुरालाई देख्नु तपाईंको निम्ति महत्त्वपूर्ण छ।)

४ सतावटद्वारा।

१४ हुन सक्छ, तपाईंले आफ्नो समूह वा सम्प्रदायको नाम र यसका विश्वासहरूलाई समावेश गर्नुभएको होला। यसका शिक्षाहरूमा सुधारका मुख्य शिक्षाहरू समावेश गरिएका छन् भन्ने आशा छ।

५ किनकि यसले सम्राट् वा रोमीहरूका देवताहरूलाई आराधना गर्न इन्कार गऱ्यो।

१५ (यिनीहरूमध्ये कुनै पनि)

**क** धेरै मण्डलीहरू रोममा भएको मण्डलीबाट स्वतन्त्र भए, र तिनीहरूका आफ्ना देशमा आफ्ना मण्डली प्रशासनहरू स्थापित गरे।

**ख** परमेश्वरकहाँ सीधै जान पाउने र पवित्रशास्त्र बाइबललाई पढ्न पाउने स्वतन्त्रता विश्वासीलाई दिइयो। मुक्ति कामबाट होइन तर विश्वासद्वारा र परमेश्वरको अनुग्रहबाट मात्र प्राप्त गर्न सकिन्छ भनी घोषणा गरियो। विश्वास र जीवनको एक मात्र नियम मण्डली नभई फेरि पवित्रशास्त्र बाइबल नै बन्यो।

**ग** स्वतन्त्रताको कारण, मानिसहरूले बाइबल पढ्न शुरू गरे। स्वतन्त्रताको नतीजास्वरूप केही विश्वासहरूमा (बाइबलले जे भनेको छ त्यस सम्बन्धमा भएका विभिन्न अर्थ खोलाइहरूका कारण), आराधनाका रूपहरूमा, र मण्डली प्रशासनहरूमा विभिन्नता आयो।

६ मण्डली वृद्धि भयो, विश्वास बलियो थियो, र प्रभुमा अझ धेरै भर पर्नका लागि विश्वासीहरूले सिके।

१६ आराधना रूपहरूमा धेरै विविधता; व्यक्तिगत नैतिकतामा धेरै जोड़; सण्डे स्कूलहरू (बाल सङ्गति); धेरै सेवा, समूहहरू; ठूला मिशनरी क्रियाकलापहरू।

७ तिनीहरूका मृत्युपछि येशूलाई साँचै देख्नेहरू वा उहाँसँग हुनेहरू अब मण्डलीमा बाँकी रहेनन्। तिनीहरू मौखिक र लिखित परम्पराहरूमा भर पर्नु पऱ्यो– जुन विवरणहरू प्रेरितहरूले दिएका थिए।

१७ तपाईंको उत्तर। तपाईंको आफ्नै मण्डलीमा यी प्रत्येक चलनहरूको असरको बारेमा विचार गर्नुहोस्।

८ तपाईंको उत्तर योसँग मिल्दोजुल्दो हुन सक्छः

**क** आत्मा-अगुवाइ र सबै मानिसहरूद्वाराको साधारण आराधनाबाट विधिवत् र माथिल्लो श्रेणीकाहरूतर्फ निर्देशित औपचारिक आराधनामा मण्डली परिवर्तन भयो।

**ख** आफ्ना सदस्यहरूको आत्मिक कल्याणप्रतिको सरोकारबाट राजनीतिक र जटिल संगठनतर्फ मण्डली गयो।

**ग** साक्षीमा पूर्ण संलग्न भएका विश्वासीहरूको सङ्गतिबाट छानिएका थोरैको निम्ति स्थान र अधिकारको ठाउँतर्फ मण्डली परिवर्तन भयो।

१८ तपाईंको मण्डलीमा यी कुराहरू भएका तपाईंले देख्न सक्नुहुन्छ भन्ने कुरामा म आशावादी छु।

९ मण्डलीको मुख्य उद्देश्य परमेश्वरको राज्यको सुसमाचार फैलाउनु हो। (आर्थिक, सामाजिक वा राजनीतिक समस्याहरूको समाधान गर्नु मण्डलीको मुख्य उद्देश्य होइन।)

# पाठ ५

# परमेश्वरलाई सेवा पुऱ्याउनु

*उज्जियाह राजा मरेका वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान् हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। उहाँको मास्तिर सराफहरू खड़ा थिए– प्रत्येकका ६-६ वटा पखेटा थिए। दुइवटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुइवटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुइवटाले तिनीहरू उड्दैथिए। अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए र मन्दिर धूवाँले भरियो।"–यशैया ६:१-४*

आराधकले प्रभुलाई नदेखुञ्जेलसम्म त्यहाँ साँचो आराधना हुन सक्दैन। परमेश्वरको सम्पूर्ण इज्जत र महिमामा जब यशैयाले परमप्रभुलाई देखे, उनले आफ्नो अयोग्यतालाई महसूस गरे र उनी नम्रतामा परमप्रभुको सामुन्ने झुके। तब परमप्रभुले उनको दोषलाई हटाइदिनुभयो र उनको पापको निम्ति प्रायश्चित गरिदिनुभयो। साँचो आराधनाको नतीजा यही हो।

पिताले सच्चा आराधकहरूलाई हेरिरहनुभएको छ। आराधना गर्नको निम्ति मण्डलीलाई बोलाइएको छ। परमेश्वरका निम्ति भएको यसको सेवा यो हो। मण्डलीका तीनवटा सेवाहरू छन्– परमेश्वरलाई, आफैलाई र संसारलाई। परमेश्वरलाई मण्डलीको सेवाको सम्बन्धमा हामी यस पाठमा छलफल गर्नेछौं– आराधनामा, समर्पणमा र सेवामा।



## *पाठको रूपरेखा*

परमेश्वरप्रतिको सेवाको रूपमा आराधना
हामीले आराधना गर्ने परमेश्वर
मण्डलीले कसरी परमेश्वरलाई सेवा पुऱ्याउँछ

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- परमेश्वरलाई आराधना गर्नु कसरी हाम्रो ख्रीष्टियान अनुभवको महत्त्वपूर्ण भाग हो सो व्याख्या गर्न सक्नुपर्नेछ।
- आराधना गरिनका लागि परमेश्वरको योग्यताको सम्बन्धमा उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ सो वर्णन गर्न सक्नुपर्नेछ।
- मण्डली र प्रत्येक व्यक्तिले परमेश्वरलाई कसरी सेवा पुऱ्याउँछन् सो वर्णन गर्न सक्नुपर्नेछ।
- यस पाठमा सिकाइएका सिद्धान्तहरूका आधारमा परमेश्वर, तपाईंको व्यक्तिगत सेवा र तपाईंको मण्डलीको सेवालाई मूल्याङ्कन गर्न सक्नुपर्नेछ।
- परमेश्वरप्रति भएको मण्डलीको सेवामा अझै संलग्न हुनका लागि अरूहरूलाई प्रेरणा दिनुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएका तरीकाअनुसार पाठ अध्ययन गर्नुहोस्। पाठमा दिइएका बाइबलका सबै पदहरूलाई पढ्नुहोस्, र तपाईंको उत्तर जाँच्नुभन्दा पहिले प्रत्येक अध्ययन प्रश्नको उत्तर दिनुहोस्।
२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस्। यो स्वयम्-जाँच पाठ्यसामग्रीमा आधारित स्वयम्-मूल्याङ्कन हो।

## *मुख्य शब्दहरू*

आदर
नाश हुनु
परिवर्तित
पवित्र वासस्थान
प्रदीप्ति (ज्योति)
प्रायश्चित गर्नु
प्रवेश
प्रेरणा
महत्त्वपूर्ण
योग्य
समर्पण
संगठित

## *पाठ विकास*

# परमेश्वरप्रतिको सेवाको रूपमा आराधना

उद्देश्य १ : *आराधना किन आवश्यक छ कारणहरू दिनुहोस्।*

**आराधनाको आवश्यकता**

आराधना गर्ने मण्डली सेवाको सत्य चित्रण हो। परमेश्वरलाई महिमा दिनका लागि नै हामीलाई सृष्टि गरिएको थियो (यशैया ४३:७)। उहाँको मण्डलीका सदस्यहरूका रूपमा हामी हाम्रो आराधनाद्वारा उहाँलाई महिमा दिन्छौं। आराधनाचाहिँ मण्डलीको सबैभन्दा ठूलो सौभाग्य र कर्तव्य हो, र यहाँ पृथ्वीमा यसको सबैभन्दा महत्त्वपूर्ण सेवा पनि हो। स्वर्गमा पनि मण्डलीको मुख्य कार्य आराधना नै हुनेछ (प्रकाश ५:८-१३)।

१ प्रकाश ७:९-१७ पढ्नुहोस्। महासङ्कष्ट (परीक्षा)-बाट बाहिर आउने ठूलो भीड़ को हो? ..........................................
..........................................................................

२ यो ठूलो भीड़ कहाँबाट आएको थियो?
..........................................................................

३ तिनीहरूले किन दिन र रात परमप्रभुको आराधना र सेवा गर्थे?
..........................................................................
..........................................................................

परमेश्वरप्रति भएको सेवाको रूपमा आराधना किन आवश्यक छ सोको केही कारणहरू हामी हेरौं।

१. *हामीले परमेश्वरलाई आराधना गरेको उहाँले चाहनुहुने हुनाले आराधना आवश्यक छ।* परमेश्वरलाई आराधना गर्न र उहाँसँगको सङ्गतिमा सदासर्वदा आनन्द मनाउन परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको हो। पहिलो मानिस आदमले परमेश्वरसँग नजीकको सङ्गतिको आनन्द मनाएका थिए भन्ने कुरा हामीले देखिसकेका छौं। सम्पूर्ण मानव-जातिको निम्ति परमेश्वरको इच्छा पनि यही नै हो। तर आदमले पाप गरेपछि परमेश्वरसँगको आफ्नो सङ्गतिलाई उनले गुमाए। उनको पापपूर्ण स्वभाव सबै मानव-जातिमा व्याप्त भयो। तर एक अर्थमा हामी यो पनि भन्न सक्छौं कि परमेश्वरसँगको सङ्गति कस्तो हुन्छ भन्ने सम्बन्धमा एउटा स्मरण आदमले सम्पूर्ण मानव-जातिकहाँ दिएका पनि छन्। अर्थात्, आदमले पाप गर्नुभन्दा पहिले परमेश्वरसँग भएको उनको सङ्गतिले ख्रीष्टद्वारा हाम्रा जीवनमा परमेश्वरले जे पुनर्स्थापना गर्न चाहनहुन्छ सोको सङ्केत प्रदान गर्छ।

२. *आराधना गर्ने गहिरो इच्छाको साथ मानिस जन्मन्छ।* जताततैका सबै मानिसहरूमा आराधनाको कुनै रूप छ, किनकि तिनीहरू सबै आराधना गर्ने इच्छाका साथ जन्मेका हुन्छन्। तर त्यसको अर्थ आराधनाका सबै रूपहरू नै ठीक छन् भन्ने हुँदैन। जो-जो ख्रीष्टियानहरू होइनन्, तिनीहरूले आफूले देवता ठानेका कुराहरूलाई पूजा गर्छन्। परमेश्वर र प्रकृति एउटै हो भनी धेरै मानिसहरूले विश्वास गर्छन्। यी मानिसहरूका निम्ति प्रकृति परमेश्वर हो, यसैले तिनीहरू यसको आराधना गर्छन्। अरूहरूले आफ्ना निम्ति थुप्रै किसिमका देवताहरू बनाएका छन्। "अज्ञात देवता"-मा विश्वास गर्नेहरू पनि त्यहाँ धेरै छन् (प्रेरित १७:२३)। नतीजाचाहिँ तिनीहरूले अज्ञानतामा आराधना गरिरहेका छन्– तिनीहरू कति धेरै भूलमा छन् भन्ने कुराको महसूस पनि तिनीहरू गर्दैनन्। तिनीहरूको आराधना रित्तो छ। "परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् (आराधना) गर्नू" (मत्ती ४:१०) भनी बाइबलले बताएको छ। हाम्रा सृष्टिकर्तासँग सङ्गति गर्ने हाम्रो चाहनालाई परमप्रभुलाई गरिएको आराधनाले तृप्त पार्छ।

३. *हामीले परमेश्वरलाई आराधना गर्दा उहाँले आफैलाई हामीकहाँ प्रकट गर्नुहुन्छ।* आराधना गर्नका लागि मानिसलाई सृष्टि गर्नुहुने र आराधनाको चाहना गर्नुहुने सत्य परमेश्वरले आफैलाई प्रकट गर्नुभएको छ। उहाँले आफैलाई आफ्नो सृष्टिद्वारा, आफ्ना पुत्रद्वारा, आफ्नो

लिखित वचन (बाइबल) द्वारा, र पवित्र आत्माद्वारा प्रकट गर्नुभएको छ। परमेश्वर आफ्नो मण्डलीद्वारा पनि प्रकट हुन चाहनुहुन्छ। तर परमेश्वरलाई प्रकट गर्नका लागि मण्डलीले सबैभन्दा पहिले उहाँसँग सङ्गति गर्नुपर्छ र उहाँको महिमालाई देख्नुपर्छ। "तर जब कोही व्यक्ति प्रभुपट्टि फर्कन्छ, त्यो घुम्टो हटाइन्छ...। हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बदलिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ" (२ कोरिन्थी ३:१६,१८)।

४ तल दिइएका **ठीक** बयानहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः

**क.** परमेश्वरसँग सङ्गति गर्न र उहाँलाई आराधना गर्नका लागि परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो।
**ख.** परमेश्वरलाई आराधना गर्ने इच्छा हामी हाम्रा अन्तिम वर्षहरूमा नपुगुन्जेलसम्म विकास हुन सक्दैन।
**ग.** आदमले पाप गरेपछि मानिसले परमेश्वरसँगको आफ्नो सङ्गति गुमायो।
**घ.** परमेश्वरको महिमा प्रकट गर्नमा मण्डलीलाई सम्भव छैन।
**ङ.** आराधना र आज्ञाकारितामा जब हामी प्रभुमा फर्कन्छौं, हामी अझ उहाँजस्तै बन्छौं।

**५** अब यस खण्डमा फर्केर नहेरीकन नै, आराधनामा परमेश्वरलाई सेवा पुऱ्याउनु ख्रीष्टियानको निम्ति किन महत्त्वपूर्ण र आवश्यक छ, सोका तीन कारणहरूको सूची बनाउनुहोस्। ....................
.............................................................................
.............................................................................

**आराधना के हो?**

उद्देश्य २ः *साँचो आराधनामा संलग्न दुइतर्फी सञ्चारलाई वर्णन गर्नुहोस्।*

*आराधना* शब्दको अर्थ "योग्यता प्रदान गर्नु हो।" हामीले आराधना गर्दा कसैको योग्यता वा मूल्यको ख्याल राख्छौं। कसैप्रति भएका आफ्ना भावनाहरूलाई वर्णन गर्नका लागि पनि कोही मानिसहरूले

*आराधना* शब्दलाई दुरुपयोग गरेका छन्। "म मेरा बाबुलाई आराधना (पूजा) गर्छु," वा "उसले आफ्ना छोराछोरीहरूलाई आराधना (पूजा) गर्छ," भनी कसैले भनेको तपाईंले सुन्नुभएको होला। यसको खास अर्थचाहिँ "म मेरा बाबुलाई प्रेम गर्छु" वा "उनले आफ्ना छोराछोरीहरूलाई प्रेम गर्छन्" भन्ने हुन्छ। तर दुवै अवस्थाहरूमा कसैलाई दिइएको मूल्य वा योग्यतालाई वर्णन गरिएको छ।

*आराधना* शब्द परमेश्वरको निम्ति मात्र सुरक्षित राखिनुपर्छ। परमेश्वरलाई आराधना गर्नु उहाँको योग्यतालाई स्वीकार गर्नु हो। उहाँको योग्यतालाई नाप्नै सकिँदैन। यद्यपि, उहाँको योग्यतालाई ख्यालै नराखी जान दिनु पनि हुँदैन। परमेश्वरको योग्यता हाम्रो आराधनामा सीधै सम्बन्धित छ। "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ" (प्रकाश ४ः११)।

६ परमेश्वर तपाईंको आराधनाको योग्य हुनुहुन्छ भनी तपाईं किन विचार गर्नुहुन्छ, त्यसका कारणहरूका बारेमा सोच-विचार गर्नुहोस्। यी कारणहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्, र तपाईंले यस पाठलाई अध्ययन गर्नुहुँदा देख्नुभएका अन्य कारणहरूलाई आफ्नो सूचीमा थप्नुहोस्।

*परमेश्वर नजीक आउनुभएपछि आराधना शुरू हुन्छ।* मानिससँगको सङ्गति शुरू गर्ने कार्यको थालनी जहिले पनि परमेश्वरले गर्नुहुन्छ। हामीले परमेश्वरको योग्यता र गौरवलाई देख्न सकौं भनी परमेश्वर हाम्रो नजीक आउनुहुन्छ। यूहन्ना १ः१८-ले बताउँछ कि कसैले पनि कहिल्यै परमेश्वरलाई देखेको छैन। प्राकृतिक थोकहरूलाई हामीले देखेझैं हामी परमेश्वरलाई देख्न सक्दैनौं। आराधनाले अदृश्य र आत्मिक संसारसँग व्यवहार गर्छ, किनकि परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४ः२४)। तर हामीले पहिल्यै उल्लेख गरेझैं, सृष्टिमा उहाँको लिखित वचनद्वारा र ख्रीष्टमा हामी परमेश्वरलाई देख्छौं।

परमेश्वर धेरै प्रकारमा मानिसको नजीक आउनुभएको छ। उहाँ बादलमा मोशाकहाँ आउनुभयो (प्रस्थान ३४ः५-८)। उहाँ मन्दिरमा यशैयाकहाँ आउनुभयो (यशैया ६ः१-६)। तर यी आखिरी दिनहरूमा परमेश्वरले आफैलाई आफ्ना पुत्र येशूमा प्रकट गर्नुभएको छ भनी हिब्रूका लेखकले बताएका छन्। ख्रीष्टले "परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप प्रकट गर्नुभएको छ" (हिब्रू १ः३)।

येशूले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ" (यूहन्ना १४:९)। परमेश्वरले येशूद्वारा आफैलाई चेलाहरूकहाँ प्रकट गराउनुभयो। तिनीहरूले उहाँलाई देखे, तिनीहरूले उहाँलाई छोए, र तिनीहरूले उहाँलाई सुने। तिनीहरूले उहाँलाई आराधना गरे। पृथ्वीमा नै रहनका निम्ति उहाँ आउनुभएको थिएन। हाम्रा पापहरूका निम्ति प्रायश्चित गर्नलाई क्रूसमा मर्न उहाँ आउनुभएको थियो, र त्यसपछि उहाँ पिताकहाँ फर्कनुभयो। उहाँले आफ्ना चेलाहरूसँग यो प्रतिज्ञा छोड़ेर जानुभयोः "अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ" (यूहन्ना १६:१६)।

पिताकहाँ ख्रीष्ट फर्केर जानुभएपछि, हामीसँग हुनका लागि उहाँले पवित्र आत्मा पठाउनुभयो। ख्रीष्टले भन्नुभयो, "जे मेरो हो, त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ" (यूहन्ना १६:१५)। पवित्र आत्माले परमेश्वरका पुत्रद्वारा मण्डलीमा परमेश्वरलाई प्रकट गर्नुहुन्छ। यसरी उहाँका आत्माद्वारा परमेश्वर मण्डलीमा उपस्थित हुनुहुन्छ, र उहाँले हामीलाई आफैमा खिच्नुहुन्छ। येशूले भन्नुभयो,

> मलाई पठाउनुहुने पिताले खिच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु, (यूहन्ना ६:४४)।
> अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसहरूलाई आफूतिर खिच्नेछु (यूहन्ना १२:३२)।

७ हामीले परमेश्वरलाई "देख्न" सक्ने तीन तरीकाहरूको सूची बनाउनुहोस्। ..............................................................

*आराधना परमेश्वरप्रति भएको विश्वासीको प्रतिउत्तर हो।* परमेश्वर हाम्रो नजीक आउनुभएपछि जब हामी उहाँलाई स्वीकार गर्छौं, उहाँलाई प्रेम, आदर, स्तुति र प्रशंसा गर्नका लागि यसले हामीलाई प्रेरणा दिन्छ। परमेश्वर वास्तविक बन्नुहुन्छ, र परमेश्वरको योग्यताको सम्बन्धमा भएको हाम्रो बुझाइ आराधनामा परिणत हुन्छ। साँचो आराधना आत्मिक र पूर्ण हुन्छ।

परमेश्वर आत्मा हुनुहुन्छ, र येशूले भन्नुभयो कि हाम्रो आराधना "आत्मा र सत्यतामा" हुनुपर्छ (यूहन्ना ४:२४)। यसको उच्च

स्वभावमा आराधनाचाहिँ भित्री र आत्मिक हुनुपर्छ। यो केवल विश्वासीहरूको बाहिरी विधि मात्र होइन। हाम्रो आत्माले परमेश्वरका आत्मासँग कुराकानी गर्छ! यस्तै किसिमको आराधना नै परमेश्वरको सामु ग्रहणयोग्य हुन्छ।




आराधकको प्रतिउत्तर उसको पूर्ण व्यक्तित्वसहित हुनुपर्छ। बाइबलले बताउँछ, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले, आफ्नो सारा बलले र आफ्नो सारा मनले प्रेम गर" (लूका १०:२७)। अब पशु बलिहरूका साथ आराधक परमप्रभुको सामुन्ने आउनुपर्ने आवश्यकता छैन, तर धन्यवादी हृदयका साथ ऊ आउन सक्छ (भजनसंग्रह ५०:७-१५)। आराधनामा आराधकहरूका भावनाहरू र समझहरू संलग्न भएका हुन्छन्। परमेश्वरका बारेमा हामी जति धेरै सिक्छौं, र उहाँलाई जति राम्रोसँग चिन्छौं, त्यत्ति नै हामी उहाँलाई सत्यतामा आराधना गर्न सक्छौं। मानिसले आफ्नो पूर्ण व्यक्तित्वसाथ आराधना गरेको कुरा भजनसंग्रहले देखाउँछः "हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, हे मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर्!" (भजन १०३:१)। भजनसंग्रह ९५:६-मा भजनसंग्रहका लेखकले भन्छन्, "आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्ता परमेश्वरकै सामु घुँडा टेकौं।" कसैको सामु निहुरिने र घुँडा टेक्ने कार्यले त्यस व्यक्तिप्रतिको पूर्ण समर्पणको प्रवृत्तिलाई सङ्केत गर्छ।

८ यिनीहरूमध्ये कुनचाहिँ आराधनाको सबैभन्दा उत्तम परिभाषा हो?
**क.** परमेश्वरलाई प्रेम गर्नु
**ख.** परमेश्वरको योग्यता वा मूल्यलाई हामीले स्वीकार गरेको हुनाले उहाँलाई आदर गर्नु।
**ग.** परमेश्वरलाई पशु बलिहरू चढाउनु।

९ आराधनाका सम्बन्धमा यिनीहरूमध्ये कुन-कुन ठीक बयानहरू हुन्?

**क**. हामीले परमेश्वरलाई आराधना गर्दा हाम्रा आवेगहरू वा भावनाहरू संलग्न भएका हुन्छन्।

**ख**. हामीले परमेश्वरलाई "नदेखुञ्जेलसम्म" वा "नचिनुञ्जेलसम्म" उहाँलाई आराधना गर्न असम्भव छ।

**ग.** आज परमेश्वरले आफ्ना पुत्र येशूद्वारा मात्र आफूलाई प्रकट गर्नुहुन्छ।

**घ.** परमेश्वर हाम्रो नजीक आउनुभएपछि जब हामी उहाँको योग्यतालाई स्वीकार गर्छौं, साँचो आराधना हाम्रो स्वाभाविक प्रतिउत्तर नै हो।

ङ. परमेश्वरका आत्मासँग हाम्रो आत्माले कुराकानी गर्दा साँचो आराधना सम्भव हुन्छ।

१० लूका १०:२७; भजनसंग्रह १०३:१ र भजनसंग्रह ६५:६-ले विश्वासीद्वारा गरिने आराधनाको कस्तो प्रवृत्तिलाई देखाउँछन्?

..........................................................................

११ साँचो आराधनामा हुने दुइ तर्फी सञ्चारलाई तपाईंका आफ्नै शब्दहरूमा छोटकरीमा वर्णन गर्नुहोस्। ..............................

..........................................................................

## हामीले आराधना गर्ने परमेश्वर

### उहाँ को हुनुहुन्छ

उद्देश्य ३: *परमेश्वरका नामहरू र उहाँको चरित्रका बीचका सम्बन्धहरूलाई चित्रण गर्ने उदाहरणहरू दिनुहोस्।*

पुरानो करार समयमा, मानिसहरूका चरित्रको वर्णन गर्ने नामहरू प्रायःजसो तिनीहरूलाई दिइन्थ्यो। हामीले पुरानो करार पढ्दा परमेश्वरका धेरै नामहरू पढ्छौं, र यी नामहरूले उहाँको व्यक्तित्व र चरित्रलाई वर्णन गर्छन्। उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने कुरा उहाँका नामहरूले हामीलाई बताउँछन्। उहाँलाई अझै राम्रोसँग बुझ्नका लागि तिनीहरूले हामीलाई सहायता पुऱ्याउँछन्।

परमेश्वरका नामहरूले उहाँका सन्तानका आवश्यकताहरूलाई उत्तर दिन्छन्। हामीले हाम्रा प्रार्थनाहरूमा परमेश्वरसँग केही कुराहरू माग्दा, हामीले वास्तविक रूपमा उहाँसँग कुराकानी गरेका हुन्छौं– तर योचाहिँ आराधना गर्नु होइन। यद्यपि, हाम्रा प्रार्थनाहरूको उत्तर दिने र हाम्रा आवश्यकताहरूलाई पूरा गर्ने परमेश्वरको भलाइले हामीलाई कृतज्ञ हृदयहरू उत्पन्न गर्छ, जसद्वारा हामी उहाँलाई आराधना गर्छौं। हामीले उहाँलाई आराधना गर्दा हामीले प्रयोग गर्ने नामहरू परमेश्वर को हुनुहुन्छ र हाम्रो निम्ति उहाँले के गर्नुभएको छ भन्ने कुरासँग प्रायःजसो सम्बन्धित भएको हुन्छ।

बाइबलमा परमेश्वरका निम्ति दिइएका सबै नामहरूका सूची हामी बनाउन सक्दैनौं, तर तिनीहरूमध्ये केही यहाँ छन्:

| | |
|---|---|
| स्वर्गका परमेश्वर | याकूब १:१७ |
| सेनाहरूका परमेश्वर | भजन ८०:७ |
| पवित्र जन | अय्यूब ६:१० |
| जीवित परमेश्वर | व्यवस्था ५:२६ |
| *याह्वे*– परमप्रभु | प्रस्थान ६:३ |
| *याह्वे-यिरे*– परमप्रभुले जुटाउनुहुन्छ | उत्पत्ति २२:१४ |
| *याह्वे-निस्सी*– परमप्रभु हाम्रो झण्डा | प्रस्थान १७:१५ |
| *याह्वे-शलोम*– परमप्रभु हाम्रो शान्ति हुनुहुन्छ | न्यायकर्ता ६:२४ |
| *याह्वे-शम्माह*– परमप्रभु उपस्थित हुनुहुन्छ | इजकिएल ४८:३५ |
| *याह्वे-राफाका*–उहाँ निको पार्ने परमप्रभु हुनुहुन्छ | प्रस्थान १५:२६ |
| *याह्वे-सीड्केनू*–परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ | यर्मिया २३:६ |
| *याह्वे-रोही*– परमप्रभु मेरो गोठालो हुनुहुन्छ | भजन २३:१ |
| *एल शदाइ*– सर्वशक्तिमान् परमेश्वर | उत्पत्ति १७:१ |
| *इम्मानुएल*– सर्वशक्तिमान् परमेश्वर हामीसँग | मत्ती १:२३ |

परमेश्वरका यी नामहरूलाई तपाईंले पढ्नुहुँदा, के तिनीहरूले परमेश्वरको चरित्रको बारेमा तपाईंलाई याद गराउँछन्? यी नामहरूमध्ये कुनैमा परमेश्वरको रूप तपाईंको आफ्नै जीवनमा प्रकट भएको के तपाईंले कहिल्यै अनुभव गर्नुभएको छ? के उहाँले तपाईंको हृदयमा शान्ति पठाउनुभएको छ? के उहाँले चङ्गाइ उपलब्ध गर्नुभएको छ? के तपाईं उहाँको उपस्थितिलाई अनुभव गर्नुहुन्छ? हामी अरू कुराहरू नै कसरी गर्न सक्छौं र तर हाम्रा सर्वशक्तिमान् परमेश्वरलाई आराधना र प्रशंसा!

**१२** बाइबलमा दिइएका परमेश्वरका नामहरूबाहेक, त्यहाँ उहाँका पुत्र र पवित्र आत्मालाई थुप्रै नामहरू दिइएका छन्, जसले तिनीहरूका चरित्रको वर्णन गर्छन्। तल दिइएका बाइबलका पदहरूलाई हेर्नुहोस् र तिनीहरू प्रत्येकमा खीष्टका निम्ति दिइएका नामहरूलाई लेख्नुहोस्।

**क**. मत्ती १:२१ ....................................................................
**ख**. मत्ती १:२३ ....................................................................
**ग**. मत्ती २:४ ......................................................................
**घ**. लूका १:३२ ....................................................................
**ङ**. लूका १:६६ ....................................................................
**च**. १ तिमोथी ६:१५ ............................................................
**छ**. यशैया ६:६ ....................................................................

**१३** अब तल दिइएका यी पदहरूलाई हेर्नुहोस् र तिनीहरू प्रत्येकमा पवित्र आत्माको निम्ति दिइएको नाम लेख्नुहोस्।

**क**. यूहन्ना १४:१६ ..............................................................
**ख**. जकरिया १२:१० ..............................................................
**ग**. रोमी ८:२ ......................................................................

अब परमेश्वरको उद्धारीय कार्यमा उहाँको मण्डलीमा परमेश्वरको सम्बन्धलाई वर्णन गर्ने तीनवटा नामहरूलाई हेरौं:

१ *हाम्रा सृष्टिकर्ता परमेश्वर।* काममा लाग्नुभएका परमेश्वरका साथमा बाइबल शुरू हुन्छ– उहाँ काम गर्नुहुने परमेश्वर हुनुहुन्छ! आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो भनी बाइबलको पहिलो पदले नै हामीलाई बताउँछ (उत्पत्ति १:१)। संसार अकस्मात अस्तित्वमा आएको होइन। हाम्रा परमेश्वर उद्देश्यका परमेश्वर हुनुहुन्छ, र उहाँको सम्पूर्ण सृष्टिमा निश्चित उद्देश्य र रूप छ। उहाँको सृष्टिको निम्ति हामी उहाँलाई आराधना गर्छौं। भजनसंग्रह १९:१-ले बताउँछ, "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ र तारा मण्डलले उहाँका हातमा सीपको घोषणा गर्छ।"

**१४** भजनसंग्रह १०४-लाई पढ्नुहोस्। भजनसंग्रह लेखकले यस भजनमा किन परमप्रभुलाई आराधना र प्रशंसा गरिरहेका छन्?

..............................................................................................

मानिस परमेश्वरको विशेष सृष्टि हो। भजनसंग्रह ८ः५-६-मा स्तोत्रकारले परमप्रभुद्वारा भएको मानिसको सृष्टिको निम्ति उहाँलाई प्रशंसा चढ़ाएका छन्ः "तपाईंले यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। आफ्ना हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ।"

२. *हाम्रा मुक्तिदाता परमेश्वर।* आफूले सृष्टि गर्नुभएको संसारको उद्धारको निम्ति सृष्टिका परमेश्वरले योजना बनाउनुभएको छ। मानिस पापमा पतन भएदेखि, परमेश्वरका सबै कार्यहरू उसको मुक्तितर्फ निर्देशित भएका छन्। मानिसको उद्धारको निम्ति, उसका मुक्तिदाता हुनका लागि परमेश्वरले येशू ख्रीष्टलाई संसारमा पठाउनुभयो। उहाँले प्रत्येक व्यक्तिलाई उद्धार गर्नुहुन्छ, तर उहाँले सारा संसारको उद्धारको पनि प्रतिज्ञा गर्नुभएको छ (एफिसी १ः१०)। उहाँको नामको पुकार गर्नेहरू सबैले उद्धार पाउनेछन्।

मुक्तिदातालाई परमेश्वरको थुमा भनिएको छ, किनकि संसारको मुक्तिको निम्ति बलिदानको रूपमा उहाँलाई चढ़ाइएको छ। उहाँको उद्धारको निम्ति उहाँलाई आराधना गरिनुपर्छ। सम्पूर्ण विश्वमा भएका हरेक सृष्टिले प्रशंसामा गाउनेछन्, " ... थुमालाई स्तुति, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस्!" (प्रकाश ५ः१३)।

३. *"हाम्रा अनन्त राजा परमेश्वर।* "युग-युगको राजा, अविनाशी र अदृश्य एक मात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमिन्" (१ तिमोथी १ः१७)। हामी परमेश्वरलाई प्रशंसा र आराधना गर्छौं, किनकि उहाँ अनन्त हुनुहुन्छ। "हे परमप्रभु, पुस्तादेखि पुस्तासम्म तपाईं हाम्रो वासस्थान हुनुभएको छ। पहाड़हरू उत्पन्न हुनुभन्दा अघि, अथवा तपाईंले पृथ्वी र संसार सृजनुभन्दा अघि, अनादिदेखि अनन्तसम्म तपाईं नै परमेश्वर हुनुहुन्छ" (भजनसंग्रह ९०ः१-२)। उहाँको समयको शुरू वा अन्त्य छैन– उहाँ शुरू र अन्त्य हुनुहुन्छ (प्रकाश १ः८; २१ः६)।

अनन्त राजाको शासनमा सबै मानिसहरूलाई समावेश गरिएको छ– मण्डली र संसार। सबै आत्मिक शासकहरू, अधिकारहरू, र शक्तिहरूलाई ख्रीष्टले जित्नुभएपछि राजाको शासन आउनेछ। तब उहाँले पिता परमेश्वरलाई राज्य हस्तान्तरण गर्नुहुनेछ। सबै शत्रुहरूको

विनाश नहोऊञ्जेल ख्रीष्टले निरन्तर रूपमा राज्य गर्नुहुनेछ। तब परमेश्वरको अनन्त राज्य वास्तविकता बन्नेछः

> परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन् (प्रकाश २२ः३-५)।



**सृष्टिकर्ता**



**मुक्तिदाता**



**राजा**

**१५** परमेश्वरका नामहरू र उहाँको चरित्रको बीचका सम्बन्धहरूलाई चित्रण गर्नुहोस्, परमेश्वर, उहाँका पुत्र वा पवित्र आत्माका पाँचवटा नामहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्, र परमेश्वरको चरित्रको बारेमा प्रत्येक नाउँले केही कुरालाई कसरी प्रकट गरेको छ व्याख्या गर्नुहोस्। परमेश्वर साँच्चै नै हाम्रो प्रशंसाको *योग्य* हुनुहुन्छ भनी अझै स्पष्टसँग देख्नका लागि के यस अभ्यासले तपाईंलाई सहायता गर्छ?

**उहाँले के गर्नुभएको छ?**

उद्देश्य ४ः *हाम्रा सबै खाँचोहरूलाई परमेश्वरले कसरी पूरा गरिदिनुभएको छ व्याख्या गर्नुहोस्।*

१. *परमेश्वरले हाम्रो उद्धार गर्नुभएको छ।* परमेश्वरले मानिसलाई मात्र सृष्टि गर्नुभएन, तर उहाँले हामीलाई उद्धार गर्नका लागि बाटो पनि

जुटाइदिनुभएको छ। कोही पनि नाश नहोस्, तर हामीहरू सदासर्वदा जिउन सकौं भन्ने उहाँको इच्छा छ। उहाँको निम्ति नै हामीलाई बचाउन परमेश्वरले हाम्रो उद्धारको योजना बनाउनुभयो। सबै पुरुष र स्त्रीहरूले उद्धार पाएको परमेश्वर चाहनुहुन्छ, यसरी हामी उहाँलाई महिमा दिन सक्छौं। हाम्रा निम्ति भएका परमेश्वरका सबै उद्देश्यहरू उहाँलाई आदर र महिमा ल्याउनु हो। यशैया ४३:७-ले बताउँछ, "हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु।" उहाँले हाम्रो उद्धारलाई उपलब्ध गरिदिनुभएको छ, यसैले हामी उहाँलाई आराधना र महिमा दिन सक्छौं।

२. *परमेश्वरले हामीलाई आफैकहाँ प्रवेश दिनुभएको छ।* पुरानो करारमा अशुद्ध व्यक्ति तिरस्कृत हुन्थ्यो। ऊ प्रभुको नजीक आउनै सक्दैनथ्यो। (गन्ती १९ हेर्नुहोस्।) प्रस्थान ३०:१८-मा पीतले बाटा वा भाँड़ोलाई वर्णन गरिएको छ। परमेश्वरको उपस्थितिमा प्रवेश गर्नुभन्दा पहिले पूजाहारीहरूले त्यस पीतले बाटामा आफ्ना हातहरू र खुट्टाहरू धोएर आफैलाई शुद्ध पार्नुपर्थ्यो। १ पत्रुस २:९-मा हामी पढ्छौं कि अहिले हामी सबैलाई पूजाहारीहरू बनाइएको छ। यसको अर्थ यही हो कि ख्रीष्टको नाउँमा हामी सीधै परमेश्वरकहाँ आउन सक्छौं। ख्रीष्टको रगत र परमेश्वरको वचनद्वारा हामी शुद्ध पारिएका छौं, यसरी हामीले परमेश्वरकहाँ प्रवेश पाएका छौं (हिब्रू १०:१९-२२)।

३. *परमेश्वरले हाम्रा आवश्यकताहरूका निम्ति जुटाउनुहुन्छ।* परमेश्वरले आफ्ना सन्तानहरूका निम्ति सबै थोक जुटाउनुहुन्छ। भजनसंग्रह २३-ले धेरै मानिसहरूलाई ठूलो सान्त्वना ल्याएको छ। "परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन" (१ पद)। हामीलाई जीवन दिनुहुने परमेश्वरले हामीलाई पृथ्वीमा रहँदा हाम्रो निम्ति जुटाउनु पनि हुन्छ। उहाँ प्राणको परमेश्वर मात्र हुनुहुन्न, तर शरीरको पनि परमेश्वर हुनुहुन्छ। परमेश्वरले "प्रत्येक प्राणीलाई आहार दिनुहुन्छ" (भजनसंग्रह १३६:२५)। मत्ती ६:२५-३४-मा येशूले आफ्ना चेलाहरूलाई बताउनुभयो कि परमेश्वरले तिनीहरूको वास्ता गर्नुहुन्छ, उहाँले यसो भन्नुभयो, "स्वर्गमा हुनुहुने तिमीहरूका पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ।" हामीलाई खाँचो परेका सबै थोकहरू उहाँले जुटाउनुहुने हुनाले हामी उहाँलाई आराधना गर्छौं।

४. *परमेश्वरले हाम्रा निम्ति ठाउँ तयार पार्नुभएको छ।* विश्वासीको आशा यही छ कि अनन्ततामा उसले परमेश्वरको उपस्थितिमा नयाँ स्वर्ग र नयाँ पृथ्वीको आनन्द मनाउनेछ (प्रकाश २१:१; यूहन्ना १४:१-३)। त्यस बेलामा परमेश्वरको राज्य सदाको लागि स्थापित हुनेछ। सारा विश्वमाथि भएको परमेश्वरको शासनले स्वर्गमा र पृथ्वीमा भएका सबै थोकहरूलाई पिताको अधीनमा ल्याउनेछ। तब विश्वासी अनन्त घरमा र पितासँगको अनन्त सङ्गतिमा जिउनेछ। त्यहाँ हामीले सदासर्वदा उहाँलाई आराधना गर्नेछौं!

**१६** हाम्रो उद्धारको निम्ति परमेश्वरले के जुटाउनुभएको छ?

..........................................................................................

**१७** हामीले परमेश्वरमा प्रवेश पाउनुभन्दा पहिले हामीलाई केको आवश्यकता पर्छ? ..........................................................

**१८** हाम्रा भौतिक आवश्यकताहरूका बारेमा पनि परमेश्वरले सरोकार राख्नुहुन्छ भन्ने के प्रमाण हामीसँग छ?

..........................................................................................

**१९** परमेश्वरले जुटाउनुभएको मानिसको अन्तिम र सबैभन्दा महत्त्वपूर्ण खाँचो के हो? ..........................................................

आराधना र प्रशंसामा मण्डलीले परमेश्वरलाई किन सेवा पुऱ्याउँछ भन्ने सम्बन्धमा हामीले धेरै कारणहरूलाई हेरेका छौं। अब हामीले परमेश्वरलाई सेवा पुऱ्याउने तरीकाहरूतर्फ हाम्रा विचारहरूलाई फर्काऔं।

## मण्डलीले कसरी परमेश्वरलाई सेवा पुऱ्याउँछ

उद्देश्य ५: *परमेश्वरप्रति भएको मण्डलीका सेवाको महत्त्वपूर्ण रूपहरूलाई वर्णन गरी तिनीहरूलाई कसरी व्यवहारमा लगाइन्छ बताउनुहोस्।*

### सामूहिक आराधना

सामूहिक उत्सवको बेला पेन्तिकोसको दिनमा मण्डलीको जन्म भएको थियो। बाइबलले उल्लेख गरेको छ कि विश्वासीहरू दिनहुँ भेला हुन्थे र एकसाथ रोटी भाँच्थे। तिनीहरू घरहरूमा वा मन्दिरमा

भेला हुन्थे। तिनीहरूले निरन्तररूपमा परमेश्वरको प्रशंसा गरे र सबै मानिसहरूले तिनीहरूलाई आदर गरेका थिए (प्रेरित २:४१-४७)। यो परमप्रभुका लागि भएको तिनीहरूको आराधनाको सेवा थियो। ख्रीष्टसँगको तिनीहरूको प्रत्येक दिनको भित्री सङ्गतिको साधारण बाहिरीय अभिव्यक्ति यो थियो।

प्रभुको नाउँमा दुइ वा तीन जना मानिसहरू जहाँ भेला हुन्छन्, त्यहाँ मण्डली हुन्छ। तिनीहरू घरमा वा कुनै ठूलो कोठामा भेटघाट गर्न सक्छन्। प्रार्थना वा सेवा-सङ्गतिको निम्ति दुइ वा तीन परिवारहरू भेट गर्दा मण्डली हुन्छ, वा सुन्दर भवनमा हजारौं मानिसहरू भेला भएपछि पनि मण्डली हुन्छ। आराधना सेवा समयमा हामी मण्डलीले दृश्य र अभिव्यक्ति चिन्हहरूद्वारा हामी प्रभुसँगको सङ्गतिमा जिउँछौं भन्ने कुरा देखाउँछौं।

पुरानो करारमा परमेश्वरका मानिसहरू मन्दिरमा भेला हुन्थे, जुनचाहिँ विशेष गरी आराधनाको निम्ति निर्माण भएको थियो। आराधना गर्न आएका आफ्ना मानिसहरूका बारेमा परमेश्वरले बताउनुभएको छः "तिनीहरू मात्र मेरो पवित्रस्थानमा पस्नेछन्, र मेरो अगि सेवा गर्न मेरो टेबिलको नजीक आएर तिनीहरूले मेरो सेवा गर्नेछन्" (इजकिएल ४४:१६)।

२० पवित्रशास्त्र बाइबलको यस पदले (इजकिएल ४४:१६) पुरानो करारका पूजाहारीहरूलाई सम्बोधन गरेको छ, जसलाई मात्र पवित्रवासस्थानभित्र प्रवेश गर्ने र प्रभुलाई सेवा पुऱ्याउने अनुमति थियो। सामूहिक आराधनामा सेवाको हाम्रो आफ्नै अनुभवसँग हामी यसलाई कसरी प्रयोग गर्न सक्छौं?

.................................................................................

.................................................................................

सामूहिक आराधनामा हामी परमेश्वरलाई सेवा पुऱ्याउँछौं। यो सेवा पवित्रवासस्थानमा कार्यान्वयन हुन्छ। यो भलाइ, सत्यता र सुन्दरताको ठाउँ हो। दाऊदले गाए, "परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढाओ, भेटी लिएर उहाँको सामु आओ। उहाँको पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर" (२ इतिहास १६:२९)।

आराधना सेवा आराधना गर्नका लागि आह्‌वान हो। *सेवकले* विश्‍वासीहरूलाई तिनीहरूका प्रभुको आराधनामा अगुवाइ गर्छन्।

परमेश्वरको सङ्गतिको वरदान उहाँसँग कृतज्ञतामा प्राप्त गर्नका लागि विश्वासीहरूलाई बोलाइएको छ। ख्रीष्टियान आराधना सेवामा यी तत्त्वहरू समावेश गरिएका हुन्छन्ः

### *प्रेरणा*

१. *सङ्गीत।* प्रभुलाई गरिने आराधनाको हाम्रो अभिव्यक्तिको एक महत्त्वपूर्ण भाग सङ्गीत हो। तपाईंको बाइबलमा भजनसंग्रहको पुस्तकलाई हेर्नुहोस् र परमप्रभुलाई गाइएका प्रशंसा वा साङ्गीतिक बाजागाजासाथ उहाँलाई प्रशंसा गर्ने धेरै बाइबल पदहरूलाई ख्याल गर्नुहोस्। प्रशंसाका भजनहरूमा जब हामी एकैसाथ हाम्रा आवाजहरू उठाउँछौं, हामीले परमप्रभुकहाँ आनन्दित आवाज निकालेका हुन्छौं, र हाम्रो आराधनासँग उहाँ प्रसन्न बन्नुहुन्छ।

२. *प्रार्थना।* हाम्रा प्रार्थनामा आराधना र प्रशंसा समावेश भएको हुनुपर्छ भनी परमेश्वर इच्छा गर्नुहुन्छ। "तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गरः 'हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाम पवित्र होस्... ' (मत्ती ६:९)। "परमप्रभुका सबै सेवकहरू, परमप्रभुको प्रशंसा गर... पवित्रस्थानमा आफ्ना हात उचाली परमप्रभुको प्रशंसा गर!" (भजनसंग्रह १३४:१-२)।

३. *साक्षी।* भजनसंग्रहहरू परमेश्वरको भलाइका साक्षीहरूद्वारा भरिएका छन्। परमेश्वरले हाम्रो निम्ति गर्नुभएका कामहरूलाई जब हामी सामूहिक रूपमा बाँड्चूँड् गर्छौं, परमप्रभुलाई आराधना गर्न र तिनीहरूका आफ्नै आवश्यकताहरूका निम्ति उहाँमा विश्वास गर्न सम्पूर्ण विश्वासीहरूलाई अगुवाइ गरिन्छ।

४. *भेटी।* प्रभुले हामीलाई दिनुभएका भौतिक आशिष्हरूको एक भाग प्रभुलाई दिनु पनि आराधनाको एक कार्य हो। हामीप्रतिको उहाँको भलाइको कारण धन्यवादले भरिएको हृदयका साथ हामी दिन्छौं। परमप्रभुलाई हाम्रो भेटी दिनु ठूलो सौभाग्यको कुरा हो।

### *प्रदीप्ति*

५. *वचनको प्रचार।* "तपाईंका वचन मेरा गोड़ाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५)। "...म तिमीहरूलाई कड़ा आज्ञा दिंदछु, वचन प्रचार गर, समय र

बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक'' (२ तिमोथी ४ः१-२)। जब हामी एकैसाथ भेला भई वचनको प्रचार सुन्छौं, हाम्रा हृदयहरू प्रेम र आराधनामा परमेश्वरमा खिँचिएका हुन्छन्।

## आराधनाका अभिव्यक्तिहरू



सङ्गीत – प्रार्थना – साक्षी – भेटी – प्रचार

२१ सामूहिक आराधनाका यी तत्त्वहरू प्रभुप्रतिका मण्डलीका सेवा हुन्, तपाईंका आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्।

..................................................................................

..................................................................................

आराधना सेवा समयमा ख्रीष्टको शरीरको अर्थपूर्ण आराधनाको निम्ति आवश्यक अवस्थाको सृजना गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउन केही मार्गदर्शनहरू यहाँ छन्ः

१. *आराधना सेवाभन्दा पहिल्यै योजना र तयारी गर्नुहोस्।* मण्डलीलाई आराधनामा अगुवाइ गर्नु सेवकको जिम्मेवारी हो। उनले प्रार्थनाद्वारा आफ्नो हृदयलाई तयारी पार्नैपर्छ, र आराधनामा प्रवेश गर्न परमेश्वरका जनहरूलाई सक्षम बनाउन सेवाका विभिन्न भागहरूको योजना उनले गर्नुपर्छ।

२. *काम गर्नका लागि पवित्र आत्मालाई मौका दिनुपर्छ।* परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्ने कुरासँग तुलना गर्न सकिने जीवनमा थोरै अनुभवहरू मात्र त्यहाँ छन् (यूहन्ना ४ः२४)।

असल आराधना सेवाले मानिसको आत्मालाई परमेश्वरतर्फ खोलिदिन्छ। आराधनाको समयमा परमेश्वरले आफ्ना मानिसहरूसँग भेटघाट गर्नुहुन्छ। त्यहाँ आत्मामा स्वतन्त्रता हुनैपर्छ। आफ्नो इच्छाअनुसार बग्ने हावाजस्तै, पवित्र आत्मा मानिसका आदेशहरूका अधीनमा हुनुहुन्न। तपाईंले आराधना गर्नुहुँदा उहाँको निर्देशनप्रति सचेत हुनुहोस्। आत्माले अधीन गर्नुहुँदा त्यहाँ कहिल्यै गोलमाल हुँदैन।

३. *शरीरका सबै सदस्यहरू आराधनामा सहभागी हुनैपर्छ।* आराधना सेवा *सङ्गठित आराधना* हुनैपर्छ– वा विश्वासीहरूको संयुक्त आराधना। मण्डलीले एकैसाथ आराधना गर्दा प्रभु प्रसन्न बन्नुहुन्छः "दाज्यू-भाइहरू आपसमा एकतामा बस्नु कति भलो र मनोहर कुरा हुन्छ!" (भजनसंग्रह १३३:१)। शरीर अर्थात् सम्पूर्ण विश्वासीहरू सङ्गीत, प्रार्थना र प्रशंसा, साक्षी, दिने काममा, र परमेश्वरको वचनबाटको सन्देशमा प्रतिउत्तर दिई सहभागी हुन्छन्। धेरै पल्ट आराधना सेवामा शरीरका सदस्यहरूलाई एक-अर्कालाई सेवा पुऱ्याउन अगुवाइ गरिन्छ।

साँचो आराधना निष्कपट हुनुपर्छ। निष्कपट आराधना हृदयबाट आउँछ। यो *प्रोत्साहन* दिने र *प्रेरणा* दिने हुनुपर्छ। यसले प्रभुलाई उचाल्छ र मानिसहरूलाई प्रभुमा खिच्छ। आराधना *भयभक्तिपूर्ण* हुनुपर्छ। त्यहाँ परमेश्वरप्रतिको गहिरो आदर र सम्मान हुनुपर्छ। आराधनामा परमेश्वरलाई सेवा पुऱ्याउन जब मण्डली एकसाथ संलग्न हुन्छ, त्यहाँ इज्जत र पवित्र, भयभक्तिपूर्ण वातावरण हुन्छ।

**२२** सामूहिक आराधनामा परमेश्वरप्रति मण्डलीको सेवाको सम्बन्धमा भएका यी बयानहरूमध्ये कुन-कुन ठीक छन्?

**क.** शुरूको मण्डली समयबाट नै, विश्वासीहरू सामूहिक आराधनामा एकैसाथ संलग्न भएका छन्।

**ख.** विश्वासीले आराधनालाई व्यक्तिगत कुरा ठान्नुपर्छ, जुनचाहिँ ऊ अरूहरूसँग बाँड्न सक्दैन।

**ग.** सामूहिक आराधना सेवाका केही भागहरूलाई आराधनाको भाग भनी ठान्न मिल्दैन।

**घ.** परमेश्वरप्रतिको सबैभन्दा महत्त्वपूर्ण सेवा प्रशंसा र आराधना हो।

**ङ.** आराधना सेवालाई यति होशियारीसाथ योजना गरिनुपर्छ कि त्यस योजनालाई केही कुराले पनि परिवर्तन गरिनुहुँदैन।

**च.** आराधना सेवामा पवित्र आत्मालाई काम गर्न दिइयो भने त्यहाँ स्वतन्त्रता र सुव्यवस्था दुवै हुन्छ।

**छ.** संगठित आराधनाले धेरै प्रकारमा सहभागी हुनलाई शरीरका निम्ति मौकाहरू उपलब्ध गरिदिन्छ।

**दैनिक समर्पणमा**

विश्वासीले अरूहरूका साथमा मात्र आराधना गर्दैन। परमेश्वरप्रतिको मण्डलीको सेवा प्रभुप्रति भएको प्रत्येक विश्वासीको व्यक्तिगत समर्पणमा भरपर्छ। हाम्रो दैनिक जीवन प्रभुमा अर्पण गरिनुपर्छ। हाम्रा जीवनमा उहाँले पहिलो स्थान पाउनुपर्छ।

व्यक्तिगतरूपमा प्रभुलाई आराधना गर्न चाहनु तपाईंको निम्ति यो स्वाभाविक नै हुन्छ। तपाईंले व्यक्तिगत रूपमा उहाँलाई सेवा पुऱ्याउनुहुँदा, र उहाँको इच्छामा समर्पित हुनुहुँदा तपाईंले मनमा राख्नुपर्ने केही कुराहरू यहाँ छन्ः

१. *विश्वाससाथ परमेश्वरलाई आराधना गर्नुहोस्।* विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। विश्वासद्वारा नै हामी हाम्रा प्रभुका नजीक आउँछौं। उहाँ सृष्टिका परमेश्वर र तपाईंका मुक्तिका परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्नुहोस्। तपाईंका सबै आवश्यकताहरूलाई जुटाइदिने उहाँका प्रतिज्ञाहरूमा भरोसा राख्नुहोस्।

२. *वास्तविक अर्थसहित आराधना गर्नुहोस्।* "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन" (प्रस्थान २०ः७)। हामीले परमप्रभुको नाउँको पुकारा गर्दा हामीले निष्कपटतासाथ त्यस नामको शक्तिमा विश्वास गर्नुपर्छ। परमेश्वरका नामहरूले उहाँका चरित्रहरूलाई कसरी प्रकट गरेका छन् भन्ने सम्बन्धमा हामीले हेरिसकेका छौं। "म ख्रीष्टियान" (जसको अर्थ "ख्रीष्टजस्तै") हुँ भनी हामी भन्छौं र त्यसपछि उहाँको नामलाई अपमान ल्याउने किसिमले हामी व्यवहार गर्छौं भने, हामीले उहाँको नामलाई दुरुपयोग गरिराखेका हुन्छौं। जब हामी उहाँको वचनप्रति आज्ञाकारी हुन्छौं र हाम्रा सबै कामहरूमा उहाँको नामलाई आदर र सम्मान दिन्छौं भने हामी वास्तविक अर्थसहित आराधना गर्न सक्छौं।

३. *आनन्दसाथ आराधना गर्नुहोस्।* भजनसंग्रह ३३ः१ ले बताउँछ, "हे धर्मीगण हो, परमप्रभुमा आनन्दसित भजन गाओ। सोझो मन

भएकाहरूले उहाँको स्तुति गर्न सुहाउँछ।'' साँचो आराधना हाम्रो आज्ञाकारितामाथि भर पर्छ भन्ने कुरा के तपाईं देख्नुहुन्छ? जब हामी उहाँको आज्ञापालन गर्छौं, हामी उहाँलाई प्रसन्न तुल्याउँछौं, र उहाँले हाम्रा हृदयहरूलाई आनन्दले भर्नुहुन्छ, जसलाई हामी हाम्रो आराधनामा अभिव्यक्त गर्छौं।

४. *ताजापनसाथ आराधना गर्नुहोस्।* भजनसंग्रह ३३:३-ले बताउँछ ''परमप्रभुको निम्ति ''एउटा नयाँ भजन गाओ।'' हामीले हाम्रा सृष्टिकर्ता परमेश्वरलाई प्रेम र कृतज्ञताको नयाँ अभिव्यक्तिको सृजना गर्दा उहाँ प्रसन्न हुनुहुन्छ। प्रभुसँगका नयाँ अनुभवहरू प्रभुको निम्ति भएका नयाँ ''भजनहरू''-मा परिणत हुन्छन्।

५. *आशासाथ आराधना गर्नुहोस्।* परमेश्वर हाम्रा सान्त्वना र सुरक्षा हुनुहुन्छ। ''हामी आशा लिएर परमप्रभुको बाटो हेर्दछौं, उहाँ नै हाम्रो सहायता र हाम्रो ढाल हुनुहुन्छ। उहाँमा नै हामी हर्षित हुन्छौं, किनभने उहाँको पवित्र नाउँमा हामी भरोसा राख्छौं,'' (भजनसंग्रह ३३:२०)। तपाईंका दैनिक कठिनाइहरू र समस्याहरूमा याद गर्नुहोस् कि परमेश्वर नै प्रकृतिका सबै शक्तिहरूमाथि, समयमाथि, प्रत्येक अरू शक्तिमाथि प्रभु हुनुहुन्छ। प्रत्येक अवस्थामाथि उहाँले हामीलाई विजय दिनुभएको छ। उहाँको विजयतामा हामी आनन्द मनाउनेछौं। परमेश्वरको निम्ति त्यहाँ केही पनि कठिन छैन।

२३ परमेश्वरप्रति भएको मण्डलीको सेवा व्यक्तिगत ख्रीष्टियानमा कसरी भर परेको हुन्छ? ..............................................
..............................................................................

**अरूहरूप्रतिको सेवामा**

मण्डलीले परमेश्वरलाई सेवा गर्ने अर्को महत्त्वपूर्ण तरीकाचाहिँ अरूहरूप्रति भएको यसको सेवाद्वारा हो। परमप्रभुका नाउँमा अरूहरूलाई सेवा गरेर हामी परमेश्वरलाई आराधना गर्छौं। येशूले भन्नुभयो,

> तिमीहरूलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, र मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ। जसले यी सानाहरूमध्ये एउटालाई मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले आफ्नो इनाम कदापि गुमाउनेछैन (मत्ती १०:४०,४२)।

प्रेरित पावलले पनि भनेका छन्, "प्रेममा तिमीहरू एक-अर्काको सेवक बन" (गलाती ५ः१३)।

एक-अर्कालाई सेवा गर्नु शारीरिक वा भौतिक सेवा हुन सक्छ, तर यसमा ख्रीष्टलाई महिमित तुल्याउने आत्मिक उद्देश्य पनि हुन सक्छ। उहाँको नाउँमा दिइएको एक कचौरा पानी आत्मिक सेवा हो। ख्रीष्टले चेलाहरूका खुट्टा धुनु भई सेवाको उदाहरण दिनुभयो। उहाँले भीड़लाई भोकै पठाउनुको सट्टा तिनीहरूलाई रोटी खुवाउनुभयो।



**आत्मिक सेवा**

अरूहरूप्रतिको सेवा र सरोकारको उद्देश्यको निम्ति परमेश्वरले मण्डलीलाई विशेष वरदानहरू दिनुभएको छ (१ कोरिन्थी १२ः७)। हामीले प्राप्त गरेका विशेष वरदान वा वरदानहरू शरीर (मण्डली)-मा हाम्रो निम्ति राखिएको परमेश्वरको स्थानमा भरपर्छ, तर शरीरका अन्य सदस्यहरूका सेवामा हामीले यसलाई प्रयोग गर्न सकौं भनी प्रत्येक वरदान दिइएको छ। वरदानहरूका बारेमा अर्को पाठमा हामी धेरै कुराकानीहरू गर्नेछौं। परमेश्वरका वरदानहरूका असल कारिन्दाहरू हामी बनौं। अरूहरूप्रतिको हाम्रो सेवाको सम्बन्धमा प्रेरित पत्रुसले यी शब्दहरू लेखेका छन्ः

> सबैभन्दा बढ़ी एक-अर्काप्रति तिमीहरूको प्रेम अटूट रहोस्। किनकि प्रेमले नै असंख्य पापहरू ढाक्तछ। विनागन्गन् एउटाले अर्काको अतिथिसत्कार गर। जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर। यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्। यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस

हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस्। उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस्। आमिन (१ पत्रुस ४:८-११)।

| तपाईंको आराधना अनुभव | सधैं | प्राय:जसो | कहिलेकहीँ | बिरलै | कहिल्यै होइन |
|---|---|---|---|---|---|
| क प्रभुलाई आराधना गर्नलाई के तपाईं दिनहुँ समय बिताउनुहुन्छ? | | | | | |
| ख के तपाईं भजन गएर प्रभुलाई आराधना गर्नुहुन्छ? | | | | | |
| ग के तपाईं प्रशंसा र साक्षीमा उहाँलाई आराधना गर्नुहुन्छ? | | | | | |
| घ के तपाईंले निरन्तररूपमा दिएर प्रभुलाई आराधना गर्नुहुन्छ? | | | | | |
| ङ उहाँको वचनको नियमित अध्ययनद्वारा उहाँलाई आराधना गर्नका लागि के तपाईंले प्रेरणा पाउनुभएको छ? | | | | | |
| च तपाईंले उहाँको नाउँलाई अनादर नगर्नका निम्ति के तपाईंले उहाँको वचनको आज्ञा पालन गर्नुभएको छ? | | | | | |
| छ परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भन्ने कुराको असल साक्षी तपाईंको जीवन छ कि? | | | | | |
| ज तपाईंको मण्डली वा शरीरका सदस्यहरूका सेवाद्वारा के तपाईंले प्रभुलाई सेवा पुऱ्याउनुभएको छ? | | | | | |
| झ के तपाईंले दिनहुँ आफूलाई व्यक्तिगत रूपमा पूर्ण समर्पण गर्नुभएको छ? | | | | | |

२४ तपाईं वा शरीर (मण्डली)-का अन्य सदस्यहरूले अरूहरूलाई गरेका सेवाद्वारा परमेश्वरलाई पुऱ्याउनुभएको सेवाका तरीकाहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्। तपाईंको सेवा परमेश्वरप्रति गरिएको साँचो सेवा नै हो भनी के तपाईं देख्न सक्नुहुन्छ?

२५ मण्डलीले परमेश्वरलाई सेवा पुऱ्याउने तीन तरीकाहरूका बारेमा हामीले कुराकानी गरेका छौं। पाठमा नहेरीकन नै प्रत्येक तरीकालाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्, र त्यसपछि प्रत्येकलाई तपाईंको मण्डलीमा व्यवहारमा लगाउनका लागि कुनचाहिँ तरीका सबैभन्दा महत्त्वपूर्णजस्तो तपाईंलाई लाग्छ, सो लेख्नुहोस्। यस अभ्यासलाई पूरा गर्न हतार नगर्नुहोस्, तर प्रार्थनासाथ यसलाई पूरा गर्नुहोस्, र ख्रीष्टको शरीरको सदस्यको रूपमा उहाँलाई अझै पूर्ण रूपमा कसरी सेवा गर्न सकिन्छ सो सिक्नका लागि परमेश्वरको सहायता माग्नुहोस्।

| **परमेश्वरलाई तपाईंको मण्डलीको सेवा** | सधैं | प्राय:जसो | कहिलेकहीं | विरलै | कहिल्यै होइन |
|---|---|---|---|---|---|
| **क** के भजन सेवा साँचो आराधनाको सेवा हुन्छ त? | | | | | |
| **ख** के पवित्रवासस्थान सुव्यवस्था, सुन्दरता र भयभक्तिको ठाउँ हुन्छ त? | | | | | |
| **ग** प्रशंसा र साक्षीमा संगठित आराधनाको निम्ति के समय दिइन्छ? | | | | | |
| **घ** शरीरका सदस्यहरूका आराधनाको रूपमा एक-अर्कालाई सेवा पुऱ्याउनका लागि के उनीहरूलाई उत्साह दिइन्छ? | | | | | |
| **ङ** के आराधनाको आत्मामा भेटी दिइन्छ? | | | | | |
| **च** आराधनालाई अगुवाइ गर्नका लागि के पवित्र आत्मालाई मौका दिइन्छ? | | | | | |
| **छ** आराधनाको समयको रूपमा सेवकले होशियारीपूर्वक तयार र योजना गरेका कुरालाई के तपाईंले महसूस गर्नुभएको छ? | | | | | |
| **ज** प्रभुको आराधना र आराधना गरिनुपर्ने उहाँको योग्यताको महसूसद्वारा के प्रार्थना समय शुरू गरिन्छ? | | | | | |

२६ यस पाठलाई समाप्त गर्ने स्वयम्-जाँचलाई तपाईंले लिनुभन्दा पहिले, परमेश्वरप्रतिको सेवामा तपाईं आफै कसरी संलग्न हुनुभएको छ, र तपाईंको स्थानीय मण्डलीले कसरी उहाँलाई सेवा पुऱ्याएको छ यस सम्बन्धमा जाँच्नुहोस् भन्ने म चाहन्छु। वर्तमान समयमा ती सेवाहरूलाई सबैभन्दा नजीकतामा वर्णन गर्ने चारकुनेमा (✓) चिन्ह लगाउनुहोस्।

२७ परमप्रभुप्रतिको तपाईंको व्यक्तिगत आराधनालाई सुधार गर्नका लागि तपाईंले योजना बनाउनुभएका तरीकाहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्।

२८ तपाईंको स्थानीय मण्डलीले प्रभुप्रतिको आफ्नो सामूहिक आराधनालाई कसरी सुधार गरेको तपाईं देख्न चाहनुहुन्छ ती तरीकाहरूको सूची बनाउनुहोस्।

२९ आराधना गरिनका लागि परमेश्वरको योग्यताको सम्बन्धमा के यस पाठले तपाईंलाई अझै अचेत बनाएको छ? ... कुन-कुन तरीकाहरूमा? (तिनीहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।)

## स्वयम्-जाँच

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको निम्ति सबैभन्दा उत्तम उत्तर छान्नुहोस्।

१ आराधनालाई -का रूपमा परिभाषित गर्न सकिन्छ
**क.** हामीले हाम्रा पापहरूको प्रायश्चित गर्ने बाटो।
**ख.** परमेश्वरको योग्यताको स्वीकार र त्यस स्वीकारप्रति हाम्रो प्रतिउत्तर।
**ग.** कोही व्यक्ति वा केही कुराको निम्ति प्रेमको भावना।
**घ.** कोही व्यक्तिको सामु झुक्ने वा घुँड़ा टेक्ने काम।

२ हामीले परमेश्वरलाई आराधना गर्नुपर्छ भन्ने उहाँको इच्छा, उहाँलाई आराधना गर्ने हाम्रो आफ्नै इच्छा, र हामीले आराधना गर्दा उहाँले आफैलाई हामीकहाँ प्रकट गर्नुहुन्छ भन्ने सबै कुराहरूले
**क.** हामी ख्रीष्टियानहरू हौं भन्ने कुरा देखाउने एक मात्र बाटो आराधना होइन भनी बताउँछ।
**ख.** परमेश्वरलाई आराधना गर्न हामी योग्य छैनौं भनी देखाउँछ।
**ग.** अरूहरूलाई सेवा गर्नु वास्तविक आराधना हुन सक्दैन।
**घ.** परमेश्वरप्रति भएको हाम्रो सेवाको भागको रूपमा आराधना आवश्यक छ।

३ आराधना
**क.** परमेश्वर मानिसको नजीक आउनुभएपछि शुरू हुन्छ।
**ख.** मानिस परमेश्वरको नजीक गएपछि शुरू हुन्छ।
**ग.** अरूहरूप्रतिको सेवासाथ शुरू हुन्छ।
**घ.** परमेश्वरलाई हाम्रा आवश्यकताहरू भनेर शुरू हुन्छ।

४ परमेश्वरले आफैलाई मानिसकहाँ प्रकट गराउनुभएको सबैभन्दा स्पष्ट बाटोचाहिँ
**क.** प्रकृतिद्वारा हो।
**ख.** अगमवक्ताहरूद्वारा हो।
**ग.** उहाँका पुत्र येशूद्वारा हो।
**घ.** आश्चर्यकर्महरूद्वारा हो।

५ यसको उच्च स्वभावमा आराधना
- **क.** हाम्रो बाहिरी सेवामा देखिन्छ।
- **ख.** गानबाट अभिव्यक्त गरिन्छ।
- **ग.** भित्री र आत्मिक हुन्छ।
- **घ.** स्वर्गदूतहरूका निम्ति मात्र सम्भव छ।

६ यिनीहरूमध्ये कुनचाहिँ निष्कपट आराधनाको सम्बन्धमा सत्य छैन?
- **क.** विशेष रीति वा विधिको पालनमा यो भरपर्छ।
- **ख.** यो मानिसको पूर्ण व्यक्तित्वको प्रतिउत्तर हो।
- **ग.** आराधना गर्नेका भावनाहरू यसमा संलग्न भएको हुन्छ।
- **घ.** यो परमेश्वरको सामु पूर्ण समर्पणको प्रवृत्ति हो।

७ आत्मामा परमेश्वरलाई आराधना गर्नुको अर्थ के हुन्छ?
- **क.** आराधना भनेको हामीले गर्ने केही कुरा होइन, तर हामीले अनुभव गर्ने केही कुरा हो।
- **ख.** आराधना गर्ने एक मात्र प्रभावशाली तरीका प्रार्थना हो।
- **ग.** हाम्रो आत्माले उहाँका आत्मासँग कुराकानी गर्नुपर्छ।
- **घ.** हाम्रा मनहरूद्वारा हामी आराधनालाई बुझ्न सक्दैनौं।

८ आराधनाका लागि परमेश्वरका नामहरू बुझ्नु महत्त्वपूर्ण हुन्छ, किनकि
- **क.** आराधनाको योग्य हुनका लागि उहाँ जो हुनुहुन्छ र उहाँले जे गर्नुभएको छ सो उहाँका नामहरूले प्रकट गर्छन्।
- **ख.** उहाँका नामहरू अति पवित्र भएका हुनाले चर्को गरी बोल्नु हुँदैन।
- **ग.** उहाँले हाम्रा आवश्यकताहरूलाई पूरा गरिदिनुहुने एक मात्र बाटो यही हो।

९ *इम्मानुएल* नामको अर्थ हुन्छ
- **क.** जीवित परमेश्वर
- **ख.** सर्वशक्तिमान् परमेश्वर हामीसँग
- **ग.** निको पार्नुहुने परमप्रभु
- **घ.** परमप्रभुले जुटाउनुहुन्छ

१० परमेश्वरको उद्धारीय योजनामा येशूको कार्यलाई पूर्ण रूपमा वर्णन गर्ने उहाँको कुनचाहिँ नाम हो?

**क.** सल्लाहकार

**ख.** शान्तिका राजकुमार

**ग.** इम्मानुएल

**घ.** मुक्तिदाता

११ परमेश्वरले जुटाइदिनुभएको मानिसको सबैभन्दा महत्त्वपूर्ण खाँचो के हो?

**क.** यस जीवनमा भौतिक आशिष्हरूका निम्ति हाम्रो खाँचो।

**ख.** अरू ख्रीष्टियानहरूसँगको सङ्गतिको निम्ति हाम्रो खाँचो।

**ग.** हाम्रो जीवनमा परिपूर्तिको निम्ति हाम्रो खाँचो।

**घ.** इम्मानुएलउहाँसँगको निरन्तरीय सङ्गतिको निम्ति हाम्रो खाँचो।

१२ ख्रीष्टियानको जीवनमा सामूहिक आराधनाको स्थानको सम्बन्धमा यी बयानहरूमध्ये कुनचाहिँले उत्तम व्याख्या दिएको छ?

**क.** आराधना गर्दा अरू मानिसहरूका वरिपरि हुनुपर्ने ख्रीष्टियानहरूका निम्ति सामूहिक आराधना असल हुन्छ, तर यो व्यक्तिगत आराधना जत्तिकै महत्त्वपूर्णचाहिँ छैन।

**ख.** ख्रीष्टसँगको भित्री सङ्गतिलाई यस संसारमा बाहिरबाट अभिव्यक्त गर्नका लागि सबै ख्रीष्टियानहरूका लागि सामूहिक आराधना महत्त्वपूर्ण हुन्छ। सबै सदस्यहरू आराधनामा एकैसाथ सहभागी हुँदा, तिनीहरू एक-अर्कासँग र प्रभुसँगको नजीकको सङ्गतिमा ल्याइन्छन्।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

१४ किनकि परमप्रभु सृष्टिकर्ता हुनुहुन्छ, जसले आफ्नो सृष्टिको लागि आवश्यक पर्ने सबै थोकहरू जुटाउनुहुन्छ।

१ मण्डली (ख्रीष्टको शरीर)।

१५ यस खण्डमा हामीले दिएका उदाहरणहरूसँग तपाईंको उत्तर जाँच्नुहोस्।

२ हरेक कुल, जाति, मानिस र भाषाबाट।

१६ उहाँका पुत्रको बलिदानद्वारा।

३ यी कारणहरूमध्ये कुनै पनि: किनकि तिनीहरू उहाँलाई प्रेम गर्छन्; किनकि उहाँ तिनीहरूका सृष्टिकर्ता हुनुहुन्छ; किनकि उहाँले तिनीहरूलाई उद्धार गर्नुभयो; किनकि तिनीहरूले कहिल्यै पनि फेरि भोकाउनु वा तिर्खाउनु वा दुःख भोग्नु पर्नेछैन।

१७ हाम्रा ख्रीष्टको रगतद्वारा शुद्ध पारिनैपर्छ, यसरी उहाँको सामु आउन हामी योग्य बन्छौं।

४ **क** ठीक
**ख** बेठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** ठीक

१८ तपाईंको उत्तर। बाइबलले प्रमाणलाई उपलब्ध गरिदिन्छ भजनसंग्रह २३:१; १३६:२५; मत्ती ६:२५-३४), र हामी दिन प्रतिदिन उहाँको प्रबन्धलाई पनि *अनुभव* गर्छौं।

५ (कुनै पनि क्रममा) हामीले परमेश्वरलाई आराधना गरेको उहाँ चाहनुहुन्छ। आराधना गर्ने इच्छाका साथ मानिस जन्मेको हुन्छ। हामीले परमेश्वरलाई आराधना गर्दा उहाँ आफै हामीकहाँ प्रकट हुनुहुन्छ।

१९ उहाँसँगको निरन्तरीय सङ्गतिको निम्ति हाम्रो आवश्यकता, जुन हाम्रो निम्ति उहाँले तयार गर्नुभएको अनन्त घरमा हामीले प्राप्त गर्नेछौं।

६ तपाईंको उत्तर। तपाईंले यस पाठलाई निरन्तरता दिइरहनुहुँदा, हामी किन परमेश्वरलाई आराधना गर्छौं भन्ने हाम्रो छलफलसँग तपाईंको सूचीलाई तुलना गर्नुहोस्।

२० ख्रीष्टद्वारा हामी सबैलाई पूजाहारीहरू बनाइएको छ, र हाम्रा सामूहिक आराधनामा हामी परमेश्वरकहाँ सीधै प्रवेश गर्न सक्छौं।

७ (यीमध्ये कुनै पनि) सृष्टिद्वारा, वचन (बाइबल) द्वारा, येशू ख्रीष्टद्वारा, पवित्र आत्माद्वारा, मण्डलीद्वारा।

२१ तपाईंको उत्तर। म यसो भन्छु कि आराधना गर्नका लागि परमेश्वरको योग्यतालाई मण्डलीले चिन्ने र उहाँको योग्यतामा प्रतिउत्तर दिने मण्डलीका तरीकाहरू नै तिनीहरू हुन्।

८ ख) परमेश्वरको योग्यता वा मूल्यलाई हामीले स्वीकार गरेका हुनाले उहाँलाई आदर गर्नु।

२२ क ठीक
ख बेठीक
ग बेठीक
घ ठीक
ङ बेठीक
च ठीक
छ ठीक

९. क ठीक
ख ठीक
ग बेठीक
घ ठीक
ङ ठीक

२३ मण्डलीले प्रभुप्रतिको आफ्नो सेवा पूरा गर्नका लागि, शरीरको प्रत्येक सदस्यले आज्ञाकारी भई आफैलाई परमेश्वरमा पूर्ण रूपमा समर्पण गर्नुपर्छ। उनले व्यक्तिगत आराधनामा समय बिताउँनैपर्छ र उनको जीवनले प्रभुलाई आदर दिनैपर्छ।

१० आफ्नो सम्पूर्ण व्यक्तित्वलाई परमेश्वरमा पूरा समर्पण गर्ने प्रवृत्ति।

२४ तपाईंको उत्तर। शिक्षण, मण्डली-भवनको सफाइ, स-साना केटाकेटीहरूको हेरचाहा, सङ्गति-भूण्डमा गायन, इत्यादिद्वारा मण्डलीमा सेवा गर्ने तरीकाको सूची तपाईंले बनाउनुभएको होला। वा हुन सक्छ, तपाईंले बिरामीहरूलाई, भ्यालखानमा भएकाहरूलाई भेट्नुभयो, वृद्धहरूलाई सहायता गर्नुभयो, दुःख-कष्टमा परेको कुनै व्यक्तिलाई उत्साह दिनुभयो, इत्यादि। हामी आफैलाई महिमा दिनका लागि होइन, तर प्रभुलाई महिमा दिने उद्देश्यले यदि ती कामहरू गरिएका हुन् भने यी सबै प्रभुप्रति गरिएका सेवाहरू हुन्।।

११ (तपाईंका शब्दहरूमा) परमेश्वर विश्वासीको नजीक आउनुहुँदा र विश्वासीले प्रतिउत्तर दिँदा त्यहाँ आराधना हुन्छ। यो मानिसको आत्मासँग परमेश्वरका आत्माको सङ्गति हो।

२५ *मण्डलीले कसरी परमेश्वरलाई सेवा पुऱ्याउँछ* भन्ने खण्डलाई समीक्षा गरी आफ्नो उत्तर जाँच्नुहोस्। हामी सामूहिक आराधनामा, दैनिक व्यक्तिगत समर्पणमा, र अरूहरूका सरोकारमा सेवा गर्छौं।

१२ **क** येशू
**ख** इम्मानुएल (परमेश्वर हामीसँग)
**ग** मसीह
**घ** सर्वोच्च परमेश्वरका पुत्र
**ङ** मुक्तिदाता
**च** राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभु
**छ** उदेकका, सल्लाहकार, पराक्रमी परमेश्वर, अनन्त पिता, शान्तिका राजकुमार

२६-२६ तपाईंका उत्तरहरू। यस पाठमा दिइएका सत्यताहरूलाई तपाईंले व्यवहारमा लगाउनुहुनेछ भनी म विश्वास गर्छु। हाम्रो आराधनाद्वारा उहाँसँग सङ्गति गर्न, उहाँका सृष्टि हामीलाई परमेश्वरले यो महान् मौका दिनुभएको लागि हामी उहाँलाई धन्यवाद चढ़ाउँछौं।

१३ **क** शान्तिदाता, सहयोगी
**ख** अनुग्रह (कृपा)-को आत्मा
**ग** जीवनको आत्मा

# टिप्पणीहरू

# पाठ ६

# एक-अर्कालाई सेवा पुऱ्याउनु

के तपाईंले कहिल्यै सङ्गीत भूण्डको प्रस्तुति हेर्नुभएको, वा यसको सङ्गीत सुन्नुभएको छ? भर्खरै मात्र मैले लय सुने, जुनचाहिँ हरेक प्रकारमा मेरो कानमा सिद्धजस्तो लाग्यो। तार, हावा र आघात बाजाहरूका बीचको सन्तुलन अतुल्य थियो। भावना र शैलीसाथ रचनालाई बजाइएको थियो। त्यहाँ सिद्ध मिलाप र समन्वय थियो। सञ्चालकले पूर्ण अधीन गरेको कुरा स्पष्ट थियो। सबै बाजागाजाहरू ठीक रागमा थिए, र सम्पूर्ण प्रस्तुतिलाई सिद्ध तुल्याउनका लागि सङ्गीत भूण्डको प्रत्येक सदस्यले आफ्नो भूमिका निर्वाह गरेको थियो। तिनीहरूले सानो वा ठूलोजस्तै काम पूरा गरे तापनि, आवाजको सुमधुर लय निकाल्नका लागि सबै सदस्यहरूले एकैसाथ काम गरेका थिए, जसले यो सुन्नेहरूका हृदयहरूलाई उचालेको थियो।

सेवामा भएको मण्डलीलाई लय सङ्गीत भूण्डसँग तुलना गर्न सकिन्छ। हामी सबैले एउटै बाजा त बजाउँदैनौं, तर लक्षित नतीजा-हरू प्राप्त गर्नका लागि विभिन्न बाजागाजाहरूको आवश्यकता पर्छ। केही बाजागाजाहरूको भूमिका ठूलो हुन्छ, तर अलि कम महत्त्वका बाजाहरूको आवाज सुनिएन भने पनि अपूर्णताको अनुभूति हुन्छ। हाम्रा सञ्चालक, पवित्र आत्माको पूर्ण अधीनता हुनुपर्छ, र सबै बाजागाजाहरू ठीक रागमा हुनुपर्छ, नत्रभने त्यहाँ बेमेल हुनुको साथै सन्तुलनको कमी हुन्छ। जब मण्डलीको प्रत्येक सदस्य परमेश्वरले आफूलाई दिनुभएको सेवामा पूर्ण रूपमा संलग्न हुन्छ, त्यहाँ अति



उत्तम मिलाप र एकता हुन्छ, जसले यो अनुभव गर्ने सबैलाई निर्माण गर्छ।

यसभन्दा पहिलेको पाठमा हामीले परमेश्वरप्रति भएको मण्डलीको सेवाको बारेमा कुराकानी गऱ्यौं। परमेश्वरप्रति भएको सेवाको स्वाभाविक नतीजा अरूहरूकहाँ पुग्ने इच्छा हो। आफैलाई सेवा पुऱ्याउन मण्डलीलाई कसरी सुसज्जित (निर्माण) गरिएको छ, त्यस विषयमा हामी यस पाठमा अध्ययन गर्नेछौं, र यसरी उद्धारीय सेवामा संसारमा पुग्नका लागि यसलाई तयार पार्न सकिन्छ।

## *पाठको रूपरेखा*

शरीर सेवाको आवश्यकता
शरीरमा एक-अर्कालाई निर्माण गर्नु
शरीरमा चरित्र निर्माण गर्नु
शरीरको अभ्यास (कसरत) गर्नु

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- आफैप्रति भएको मण्डलीको सेवाको महत्त्वलाई व्याख्या गर्न सक्नुपर्नेछ।
- आत्माको फललाई वर्णन गरी ख्रीष्टियान जीवनमा यसलाई कसरी उत्पादन गर्न सकिन्छ सो वर्णन गर्न सक्नुपर्नेछ।
- आफैप्रतिको मण्डलीको सेवामा आत्माका वरदानहरूको उद्देश्यलाई बुझ्न सक्नुपर्नेछ।
- आत्माको फल र आत्माका वरदानहरूसहित आत्मिक परिपक्वताको निम्ति ठूलो इच्छा राख्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठ १-मा दिइएको तरीकाअनुसार पाठलाई अध्ययन गर्नुहोस्। पाठमा दिइएका बाइबलका खण्डहरूलाई ध्यानपूर्वक पढ्नुहोस्, र तपाईंका उत्तरहरूका जाँच गर्नुभन्दा पहिले सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्।

२. पाठको अन्तमा स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरू जाँच्नुहोस्।

## मुख्य शब्दहरू

| | |
|---|---|
| एकरूपता | विनयता |
| एकता | समता |
| कुनेढुङ्गो | समुदाय |
| नम्रता | सहनशीलता |
| पवित्रता | संयम |

## पाठ विकास

### शरीर सेवाको आवश्यकता

उद्देश्य १: *एक-अर्कालाई सेवा गर्नु मण्डलीका सदस्यहरूका निम्ति किन महत्त्वपूर्ण छ कारणहरूलाई परिचित गर्नुहोस्।*

मण्डली उद्धार पाएका विश्वासीहरूको समुदाय हो। यो उद्धार पाएको समुदाय निम्न कुराहरूले गर्दा निर्माण भएको छः १) यसको निम्ति ख्रीष्टले जे गर्नुभएको छ; २) ख्रीष्टमा यो जे छ; र ३) ख्रीष्टको निम्ति यसले जे गर्नुपर्छ। साधारण जीवन र उद्देश्यमा प्रत्येक सदस्यले पूरा भागलाई स्वीकार गर्नुपर्छ जसले सम्पूर्ण विश्वासीहरूलाई एकत्रित पार्छ। आफ्ना निम्ति ख्रीष्टले जे गर्नुभएको छ विश्वासीहरूले बाँड्चूँड् गर्नैपर्छ। तिनीहरूले प्रभुमा एक-अर्कालाई प्रोत्साहन दिनुपर्छ र निर्माण गर्नुपर्छ।

उद्धार पाएको समुदाय-मण्डलीको निम्ति परमेश्वरको इच्छा के छ त? यस्तो समुदायको किन अस्तित्व छ? उत्तर नदिई बाइबलले हामीलाई छोड़ेको छैन। पिताकहाँ जानुभन्दा पहिले, येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयोः

यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु (मत्ती २८ः१९-२०)।

प्रभुका यी शब्दहरू मण्डलीलाई दिइएका महान् आज्ञाका रूपमा प्रचलित छन्। ती कार्यका शब्दहरू हुन्। दुइ कुराहरू गर्नका लागि तिनीहरूले मण्डलीलाई आदेश दिएका छन्ः १) *चेलाहरू बनाओ* र २) *सिकाओ।* चेलाहरू बनाउनुलाई *सुसमाचार प्रचार* भनिन्छ, र शिक्षणलाई *निर्माणीकरण* (निर्माण गर्नु) भनिएको छ।

सुसमाचार प्रचार गर्ने र निर्माण गर्ने काम सँगसँगै जान्छन्। महान् आज्ञा पूरा गर्नका लागि दुवैको आवश्यकता पर्छ। ती दुवैविना परमेश्वरको योजना अपूर्ण रहन्छ। एक-अर्कासँग भएको तिनीहरूको सम्बन्धलाई कैंचीको दुइवटा भागसँग तुलना गर्न सकिन्छ। एउटा मात्र भागले कामलाई पूरा गर्न सकिंदैन। दुवै आवश्यक छन्।




सुसमाचार प्रचार संसारका लागि मण्डलीको सेवा हो। यो संसारका लागि मण्डली हो। अविश्वासीहरूका निम्ति साक्षी दिन बाहिर जाने मण्डली यो हो। यस विषयमा हामी अर्को पाठमा छलफल गर्नेछौं। तर मण्डलीले आफैलाई सेवा पुऱ्याउने सम्बन्धमा हामी यस पाठमा छलफल गर्नेछौं, जसमा निर्माण पनि समावेश हुन्छ। उद्धार पाएको समुदायको रूपमा मण्डलीले आफैलाई निर्माण गर्ने कुरा यो हो।

१ मण्डलीलाई किन उद्धार पाएको समुदाय भनिएको छ?
(ठीक उत्तर छान्नुहोस्)

**क.** आफूलाई पूर्ण रूपमा संसारबाट अलग राख्ने मानिसहरूबाट यसको निर्माण भएको छ, यसरी परमेश्वरका कुराहरूका

बारेमा विचार गर्दै तिनीहरूले आफ्नो सम्पूर्ण समय बिताउन सक्छन्।

**ख.** संसारको निम्ति परमेश्‍वरको उद्धारको योजना पूरा गर्नका लागि पापको शक्तिबाट उद्धार पाएका र परमेश्‍वरद्वारा बोलाइएका सबै विश्‍वासीहरू यसमा संलग्न हुन्छन्।

मण्डलीलाई ख्रीष्टको शरीर भनिएको छ। यसरी, आफ्नो निम्ति भएको यसको सेवालाई हामी *शरीर सेवा* भनी सम्बोधन गर्न सक्छौं। मण्डलीको सुसमाचार सेवाको बारेमा हामीले छलफल गर्नुभन्दा पहिले मण्डलीको शरीर सेवाको बारेमा कुराकानी गर्न हामीले रोजेका छौं। किन? किनभने यदि संसारले प्रेम, एकता र भक्तिको जीवनलाई प्रदर्शन गर्ने विश्‍वासीको साक्षीलाई देख्यो भने मात्र यसले हाम्रा वचनहरूलाई विश्‍वास गर्नेछ। प्रत्येक विश्‍वासी र विश्‍वासीहरूको सम्पूर्ण समूह ख्रीष्टको निम्ति अरूहरूलाई जित्नका लागि उदाहरण बन्नैपर्छ। संसारमा प्रभावशाली साक्षी दिनको निम्ति मण्डलीभित्र ख्रीष्टियान समुदायको आत्मा हुनुपर्छ।

मण्डली के हो (उद्धार पाएको समुदाय) र यसले के *गर्छ* (उद्धार दिने समुदाय) भन्ने कुराद्वारा नै यसले परमेश्‍वरको उद्देश्यलाई पूरा गर्छ। मण्डलीले केही *गर्नु*भन्दा पहिले नै मण्डली छ। मण्डली जे हो यसमा नै यसको मूल्य छ। "ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफिसी ५:२५)। स्वयम् परमेश्‍वरद्वारा नै मण्डलीलाई छानिएको थियो (एफिसी १:११)। मण्डली परमेश्‍वरको योजनामा एक *औजार* मात्र होइन– यो परमेश्‍वरको *प्रेमको* वस्तु हो! तब परमेश्‍वरको महिमाको निम्ति यसले आफ्नो बारेमा सरोकार राख्नैपर्छ।

२ ख्रीष्टको शरीरका सदस्यहरूले एक-अर्कालाई सेवा पुऱ्याउन किन महत्त्वपूर्ण छ सोको *कारण दिने* प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** एक-अर्काप्रतिको तिनीहरूको सेवाले तिनीहरूका निम्ति भएको परमेश्‍वरका सबै योजनालाई पूरा गर्छ।

**ख.** प्रभुमा एक-अर्कालाई उत्साह दिने र निर्माण गर्ने जिम्मेवारी तिनीहरूसँग छ।

**ग.** महान् आज्ञामा ख्रीष्टियानहरूलाई अर्ती दिनका लागि *निर्माण गर्ने* भागको यो परिपूर्ति हो।

**घ.** ख्रीष्टमा अविश्वासीलाई जित्नका लागि आवश्यक पर्ने उदाहरण मण्डलीभित्र भएको ख्रीष्टियान समुदायको आत्मा हो।

**ङ.** परमेश्वरको प्रेमको वस्तुको रूपमा, मण्डलीको ठूलो मूल्य छ, यसरी परमेश्वर महिमित हुनका लागि यससँग ठूलो जिम्मेवारी छ।

## शरीरमा एक-अर्कालाई निर्माण गर्नु

उद्देश्य २ः *आफैलाई निर्माण गर्न मण्डलीको निम्ति पवित्र आत्माले कसरी सम्भव तुल्याउनुहुन्छ, व्याख्या गर्नुहोस्।*

आफैप्रति भएको मण्डलीको सेवाले सदस्यहरूलाई आत्मिक रूपमा वृद्धि हुनका लागि सहायता पुऱ्याउँछ। मण्डलीचाहिँ सङ्गतिमा विश्वासीहरूको समुदाय हुनुपर्छ। *समुदायको* धारणामा बाँड्ने, सङ्गति गर्ने, प्रेम र सरोकार देखाउने धारणा समावेश भएको हुन्छ। मण्डलीको समुदायमा प्रत्येक विश्वासी जिम्मेवारपूर्ण सदस्य बन्नुपर्छ। "सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भाग (व्यक्ति)-ले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४ः१६)।

एक व्यक्तिले ख्रीष्टमा साँचो, उद्धार गर्ने विश्वासलाई अभिव्यक्त गरेको घडीदेखि नै ऊ ख्रीष्टियान बन्छ। ख्रीष्टमा विश्वासको जग बसालिएपछि यो हुन्छ। तब उसले त्यही जगमा नै आफ्नो बाँकी जीवनलाई निर्माण गर्नुपर्छ। ख्रीष्टमा आफ्नो जीवन निर्माण गर्ने, र अरूहरूलाई पनि तिनीहरूको जीवन निर्माण गर्नका लागि सहायता पुऱ्याउने जिम्मेवारी प्रत्येक ख्रीष्टियानसँग छ। हामीले निर्माण गर्दा, हाम्रो ख्रीष्टियान चरित्रको विकास हुन्छ।

आफैलाई निर्माण गर्नका लागि ख्रीष्टले मण्डलीलाई दिनुभएको काम त्यति सजिलो छैन। तर उहाँको आज्ञा पालन गर्नका लागि ख्रीष्टले पवित्र आत्मा पठाउनुभएको छ। उहाँलाई ईश्वरीय *शान्तिदाता, सल्लाहकार* भनिएको छ, उहाँ जसलाई सहायता दिन र सेवा गर्न बोलाइएको छ (यूहन्ना १४ः१६,२६; १५ः२६; १६ः७)।

पवित्र आत्माले कस्तो किसिमको सहायता प्रदान गर्नुहुन्छ? मण्डलीको निर्माणको निम्ति उहाँले दुइ कुराहरू उपलब्ध गर्नुहुन्छः

१. *आत्माको फल।* आत्माले हामीमा ख्रीष्टका गुणहरू उत्पादन गर्नुहुन्छ। फलचाहिँ हाम्रो ख्रीष्टियान चरित्रसँग आबद्ध छ। हामीलाई साक्षी र सेवाको निम्ति सुसज्जित पार्नका लागि मण्डलीभित्र यसको आवश्यकता पर्छ। फलले हाम्रो वृद्धिको तह र विकासलाई प्रकट गरिदिन्छ।

३ गलाती ५:२२-२३-लाई अध्ययन गर्नुहोस्, त्यसपछि यी पदहरूमा दिइएको आत्माको फललाई स्मरणबाट सूची बनाउनुहोस्।

..............................................................................

..............................................................................

४ यदि आत्माले नै आत्माको फल जुटाउनुहुन्छ भने, हाम्रा जीवनमा फल विकास गर्नका लागि हाम्रो भूमिका चाहिँ के हो?

..............................................................................

..............................................................................

२. *आत्माका वरदानहरू।* शरीरका सदस्यहरूलाई सेवा दिने र शरीरमा विशेष सेवा सञ्चालन गर्ने उद्देश्यले पवित्र आत्माले मण्डलीलाई आत्मिक वरदानहरू दिनुहुन्छ। तपाईंले यस अध्ययनलाई निरन्तरता दिनुभन्दा पहिले १ कोरिन्थी १२:४-११मा आत्माका वरदानहरूका बारेमा पढ्नुहोस्। तपाईंको आफ्नै मण्डलीको सेवामा कतिवटा यी वरदानहरूलाई तपाईंले देख्नुभएको छ?

५ शरीरका सदस्यहरूलाई विभिन्न वरदानहरू दिनुहुने पवित्र आत्मा नै हुनुहुन्छ भनी यो बाइबल खण्डले हामीलाई बताउँछ। तब यी वरदानहरूलाई प्राप्त गर्न हामीले के गर्नुपर्छ?

..............................................................................

..............................................................................

परमेश्वरको योजना पूरा गर्नका लागि हामीलाई आवश्यक पर्ने ख्रीष्ट-रूपी चरित्र हामीमा विकास गर्ने पवित्र आत्माले *आत्माको फल* जुटाइदिनुभएको छ। आत्माले *आत्माका वरदानहरू* पनि जुटाइदिनुभएको छ। यसरी परमेश्वरको योजना पूरा गर्नका लागि हामीलाई आवश्यक पर्ने *योग्यता* हामी प्राप्त गर्छौं। निर्माण गर्ने र सुसमाचार प्रचार गर्ने कार्य सँगसँगै जानैपर्ने भएझैँ, आत्माको फल र आत्माका वरदानहरू

पनि सँगसँगै जानैपर्छ। कोरिन्थी मण्डलीमा "आत्मिक वरदानको अभाव थिएन" (१ कोरिन्थी १:७)। यसो भए तापनि यो अपरिपक्व मण्डली थियो, किनकि आत्माको फलबाट उत्पन्न हुने ख्रीष्टको चरित्र यसमा थिएन। यसैले नै प्रेरित पावलले १ कोरिन्थी १३-मा मण्डलीलाई प्रकट गरेका छन् कि प्रेमको फल आत्माका वरदानहरूभन्दा पनि ठूलो हो। आत्माको फलविना, वरदानहरू अपूर्ण हुन्छन्। प्रभावकारी शरीर सेवाका निम्ति दुवैको आवश्यकता पर्छ।




६ ख्रीष्टको शरीरले प्रभुमा आफैलाई निर्माण गर्न सकोस् भनी पवित्र आत्माले मण्डलीलाई दिनुहुने दुइ किसिमका सहायताहरूलाई वर्णन गर्नुहोस्। ..........................................................
..........................................................................................

७ मण्डलीले आफैलाई निर्माण गर्नका लागि यी सहायताहरूले कसरी सम्भव तुल्याउँछन्?
..........................................................................................
..........................................................................................

## शरीरमा चरित्र निर्माण गर्नु

उद्देश्य ३: *विश्वासीको जीवनमा आत्माको फलद्वारा उत्पादन हुने चरित्रका गुणहरूलाई चिन्नुहोस्।*

ख्रीष्टचाहिँ मण्डलीको निम्ति नाप्ने फित्ता हुनुहुन्छ। उहाँ नै कुनेढुङ्गा हुनुहुन्छ, जसमाथि हामी जीवित ढुङ्गाहरू बसालिएका छौं। प्रेरित पावलले एफिसीहरूलाई भनेः

त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुनेढुङ्गो हुनुहुन्छ। उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ (एफिसी २:२०-२२)।

सबै विश्वासीहरू परमेश्वरको परिवारका सदस्यहरू हुन् (एफिसी २:१६)। हेरचाहा गर्ने परिवारभित्र राम्रोसँग आत्मिक वृद्धि हुन्छ। मण्डली घनिष्ठ सङ्गतिमा रहँदा आत्मिक वृद्धिले ठाउँ लिन्छ। आफू परमेश्वरको परिवारको सदस्य हुँ भनी प्रत्येक व्यक्तिले अनुभव गर्नुपर्छ। परिवारमा अरूहरूसँग बाँड़ेर उसले समय बिताउँनैपर्छ। अरू विश्वासीहरूसँगको सङ्गति र सहभागिताको निम्ति त्यहाँ बलियो इच्छा हुनैपर्छ।

सङ्गतिद्वारा आत्मिक चरित्रको विकास हुन्छ। हामीहरू एक-अर्कासँग सहभागी बनेपछि अरूहरूसँगको हाम्रो सम्बन्धमा ख्रीष्टको प्रेमको आवश्यकताप्रति हामी सचेत हुन्छौं। अरू सबै फल ख्रीष्टमा एक-अर्काको निम्ति हामीसँग भएको प्रेमको नतीजा हो।

सबै विश्वासीहरू ख्रीष्टजस्तै बनून् भन्ने चाहना पवित्र आत्माको छ। "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनुभयो" (रोमी ८:२६)। यसैले तपाईं देख्नुहुन्छ कि उद्धार पाएका व्यक्तिहरूका रूपमा हामीमा परमेश्वरको चासो हामीले के *गर्छौं* भन्ने कुरामा नभई, हामी जे *छौं*, त्यसमा केन्द्रित छ। हामी जे *गर्छौं*, त्योचाहिँ हामी जे *छौं*, त्यसको *नतीजा* हो। उदाहरणको लागि, प्रेमी व्यक्तिले प्रेम देखाउँछ। वास्ता गर्ने व्यक्ति अरूहरूप्रति वास्ता गर्ने तरीकामा व्यवहार गर्छ। ख्रीष्टले हामीलाई प्रेम गर्नुभयो भनी हामीलाई थाहा छ, किनकि उहाँले हाम्रो निम्ति आफ्नो प्रेम देखाउनुभयो। हामी कस्तो हुनैपर्छ भन्ने कुराको नमूना ख्रीष्ट नै हुनुहुन्छ। हामीले संसारको सामु ख्रीष्टको स्वरूपलाई पुनरुत्पादन गर्नुपर्छ। हामी ख्रीष्टजस्तै हुनुपर्छ।

हामी कसरी ख्रीष्टजस्तै बन्न सक्छौं? येशूको चरित्रलाई लिने सबैभन्दा महत्त्वपूर्ण तरीका आत्माद्वारा उहाँसँग समय बिताउनु हो। पवित्र आत्माको सेवा विश्वासीलाई ख्रीष्टको स्वभाव दिलाउनु हो। हामीले प्रार्थनामा र उहाँको वचनको पढ़ाइमा उहाँसँग समय बिताउँदा,

हामीमा उहाँजस्तै हुने ठूलो इच्छा हुन्छ। पत्रुस र यूहन्नामा भएको ख्रीष्टको चरित्र अरू मानिसहरूद्वारा देखिएको थियो, र यी मानिसहरू येशूसँग थिए भनी तिनीहरूले जानेपछि तिनीहरू अचम्ममा परेका थिए (प्रेरित ४:१३)।

ख्रीष्टको शरीरका अरू सदस्यहरूसँग हामीले समय बिताउँदा पनि हामी येशूजस्तै बन्छौं। यसो गर्नुचाहिँ प्रेरित पावलको सल्लाह मान्नु होः "एउटाले अर्कोसँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" (एफिसी ५:१६); "एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ" (कलस्सी ३:१६)। हामीले एक-अर्कासँग समय बिताउँदा, गुणहरू अभ्यास गर्ने मौका हामीले पाउँछौं, जुनचाहिँ आत्माका फल हुन्।

विश्वासीमा भएको ख्रीष्टको चरित्र आत्माको फलको उत्पादन हो। ख्रीष्टको जीवनद्वारा यस फललाई कसरी प्रदर्शित गरियो सो हामी हेरौं।

१. *प्रेम।* १ कोरिन्थी १३:४-८-मा प्रेमको परिभाषा पढ्नुहोस्। येशूले यस पृथ्वीमा उहाँको आफ्नो जीवनमा यही किसिमको प्रेम देखाउनुभयो। तर उहाँको प्रेम त्योभन्दा पनि अझै ठूलो छ।

८ यूहन्ना १५:१३ र १ यूहन्ना ३:१६ पढ्नुहोस्।

**क.** येशूले हामीलाई देखाउनुभएको प्रेमको सबैभन्दा ठूलो अभिव्यक्ति के थियो? ..........................................................

**ख.** त्यही किसिमको प्रेमलाई हामी कसरी देखाउन सक्छौं?

..........................................................................

२. *आनन्द।* यूहन्ना १७:१३-मा येशूले आफ्ना चेलाहरूका निम्ति प्रार्थना गरिरहनुभएको बेला, उहाँले आफ्नो आनन्दको बारेमा बताउनुभयोः "संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिमीहरूमा मेरो आनन्द पूरा होस्।" उहाँको आनन्द के थियो? हिब्रू १२:२-मा यस बारेमा हामी धेरै पढ्न सक्छौंः

> हाम्रा विश्वास शुरू गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो

नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान् हुनुहुन्छ।

हामीले हाम्रा आँखाहरूलाई येशूमा लगाएपछि, कठिनाइका समयहरू भएर हामी जाँदा पनि, उहाँको जस्तै आनन्द हामी पाउन सक्छौं, किनकि स्वर्गमा उहाँसँग हुन पाउनका लागि हामी जाँदा हाम्रो निम्ति आनन्द पर्खिराखेको छ। त्यहाँ उहाँसँग हाम्रो सिद्ध सङ्गति हुनेछ, जसकहाँ हाम्रो विश्वास अडिएको छ! हामीले प्रेम गरेको व्यक्तिसँग हुन पाउनुको नतीजा आनन्द हो!

३. *शान्ति।* येशूले आफ्नो शान्ति हामीलाई दिनुभएको छ! यूहन्ना १४:२७-मा हामी उहाँका शब्दहरूलाई पढ्छौं: शान्ति म तिमीहरूसँग छोड़िराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्।''

६ यशैया २६:३ र फिलिप्पी ४:७-लाई पढ्नुहोस्। हामी ख्रीष्टको शान्तिलाई कसरी प्राप्त गर्न सक्छौं? ..................................

ख्रीष्टसँगको हाम्रो प्रेम सम्बन्धबाट आनन्द र शान्ति बाहिर बग्छ। *माथितिर* परमेश्वरतर्फ निर्देशित गरिएको फलको रूपमा तिनीहरूलाई वर्णन गर्न सकिन्छ।




**परमेश्वरसँगको सम्बन्धमा फल**

**प्रेम**
**आनन्द**
**शान्ति**

४. *धैर्य (सहनशीलता)।* येशूले आफ्नो सेवा अवधिमा धेरै पल्ट आफ्नो धैर्यता प्रकट गर्नुभयो। ''प्रभु मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?'' भनी पत्रुस उहाँकहाँ आएर भनेपछि, ''सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट'' भनी येशूले जवाफ दिनुभयो (मत्ती १८:२१-२२)।

येशूलाई पछ्याउने भीड़सँग धेरै पल्ट चेलाहरू अधैर्य बने र तिनीहरूलाई फर्काईदिन चाहन्थे, तर दासको सेवा विकास गर्ने उहाँको आफ्नै प्रवृत्तिद्वारा येशूले धैर्यसाथ चेलाहरूलाई सिकाउनुभयो। संसारप्रति भएको येशूको प्रवृत्ति धैर्यवान् छः "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिनीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३:९)। हामी अझै ख्रीष्टजस्तो बन्दैजाँदा, अरूहरूसँगको हाम्रो सम्बन्धमा धैर्य वा सहनशीलताको फल हाम्रो जीवनमा उत्पादन हुन्छ।

५. *दया।* येशूले मानिसहरूसँगको आफ्नो सम्बन्धमा धेरै दया देखाउनुभयो। व्यभिचारको दोष लगाइएकी स्त्रीलाई उहाँकहाँ ल्याएपछि, उहाँले त्यस स्त्री र त्यसका विरोधीहरूसँग भद्र किसिमले व्यवहार गर्नुभयो, र त्यस स्त्रीलाई भन्नुभयो, "जाऊ, अनि फेरि पाप नगर" (यूहन्ना ८:११)। येशूलाई पक्रेपछि जब पत्रुसले उहाँलाई इन्कार गरे, येशूले पत्रुसपट्टि फर्केर दयाकासाथ उनलाई हेर्नुभयो (लूका २२:६१)। यशैयाले येशूको मृत्युको भविष्यवाणी गर्दा येशूलाई नम्र थुमासँग तुलना गरेका छन्: "ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन" (यशैया ५३:७)। मानिसहरूले तपाईंलाई झूटो आरोप लगाउँदा, वा तिनीहरूले कुनै प्रकारमा तपाईंलाई निराश तुल्याउँदा के तपाईं यही नम्र तरीका अपनाई प्रतिक्रिया जनाउनुहुन्छ? अर्को व्यक्ति निर्दयी हुँदा पनि के तपाईं दयालु हुन सक्नुहुन्छ? हामीले येशूसँग समय बिताउँदा हामी दया वा नम्रतामा वृद्धि हुन सक्छौं।



६. *भलाइ।* "परमप्रभु भला र सच्चा हुनुहुन्छ, यसैकारण उहाँले आफ्नो बाटो सिकाउनुहुन्छ" (भजनसंग्रह २५:८)। "परमप्रभु असल हुनुहुन्छ, दुःखको समयमा उहाँ नै शरणस्थान हुनुहुन्छ। उहाँमाथि भरोसा राख्नेहरूको उहाँले हेरविचार गर्नुहुन्छ" (नहूम १:७)। "मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो... यद्यपि उसले केही उपद्रव गरेको थिएन नता उसको मुखमा केही छल थियो" (यशैया ५३:८-९)।

भलाइमा पवित्रता समावेश हुन्छ– जो भला (असल) हुन्छ ऊ पवित्र पनि हुन्छ। फलको टुक्रामा कुनै खराब दाग लाग्यो भने त्यसले सबै थोकलाई नै बिगार्छ। येशू भलाइका सिद्ध उदाहरण हुनुहुन्छ। २ कोरिन्थी ५:२१-मा हामी पढ्छौं, "किनकि हामी ख्रीष्टमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" उहाँद्वारा मात्र हामीलाई असल बनाउन सकिन्छ। भलाइका नतीजाहरूलाई हाम्रा कार्यहरूमा देख्न सकिन्छ। प्रेरित १०:३८-मा हामी पढ्छौं कि "येशू सुकर्म गर्दै... हिँड्नुभयो।" के तपाईंको बारेमा यो भन्न सकिन्छ?

धैर्य, दया र भलाइ अरू मानिसहरूसँग सम्बन्धित प्रवृत्ति वा चरित्रहरू हुन्। अरूहरूप्रति *बाहिर* निर्देशित गरिएको फलको रूपमा तिनीहरूलाई वर्णन गर्न सकिन्छ।

७. *विश्वस्तता (विश्वास)।* विश्वासले भरिएको व्यक्ति विश्वासयोग्य व्यक्ति हो। आफ्नो आज्ञाकारिताद्वारा पितामा राखिएको आफ्ना विश्वासलाई येशूले प्रदर्शन गर्नुभयो।

**१०** तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र यी प्रत्येक पदहरूमा देखिएझैं स्वर्गमा हुनुभएका आफ्ना पिताप्रति अभिव्यक्त भएको येशूको प्रवृत्ति कस्तो थियो लेख्नुहोस्:

**क.** यूहन्ना ५:३० ..................................................
**ख.** मत्ती ६:१० ..................................................
**ग.** लूका २२:४२ ..................................................

हाम्रो विश्वास पिताको इच्छा पूरा गर्ने हाम्रो आज्ञाकारिताद्वारा देखाइन्छ। एक विश्वासयोग्य व्यक्ति भरपर्दो हुन्छ; उसमाथि भर पर्न सकिन्छ। मण्डलीका सेवाहरूलाई सञ्चालन गर्नका लागि विश्वासयोग्यताको प्रवृत्ति आवश्यक हुन्छ।

८. *नम्रता (विनयता)।* येशूको दयालु, नम्र आत्माको बारेमा हामीले कुराकानी गरिसकेका छौं। यी शब्दहरू अर्थमा धेरै समान् छन्, तर आत्माको यस रूपमा भएको विचारचाहिँ नम्रता हो। नम्र व्यक्ति घमण्डी वा अभिमानी हुँदैन। उसमा समर्पण, स्व-त्याग, अरूहरूलाई दिने प्रवृत्ति हुन्छ। ख्रीष्टले आफ्नो पक्राऊ, मुद्दा र क्रूसीकरणभरि नै यही प्रवृत्तिलाई अभिव्यक्त गर्नुभयो। प्रेरित पत्रुसले विश्वासीहरूसँग बोल्दै यसो भने, "तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अभिनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ" (१ पत्रुस ३:४)।

९. *आत्म-संयम (मताप)।* आत्म-संयम् भनेको हाम्रा अभिलाषाहरू र कामवासनाहरूलाई शासन गर्नु र तिनीहरूलाई आत्माको अधीनमा ल्याउनु हो। शैतानद्वारा येशू परीक्षित हुनुहुँदा उहाँले आत्म-संयम्को सिद्ध उदाहरण हामीलाई दिनुभएको छ। मत्ती ४:१-११ पढ्नुहोस्। हाम्रा प्रधान पूजाहारी येशूका बारेमा हिब्रू ४:१५-मा हामी यी शब्दहरू पढ्छौं:

> किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।

आत्म-संयम्को अर्थ हामीले गर्ने सबै थोकमा सन्तुलन हुन्छ भन्ने हो। यसमा समता (धैर्य) समावेश गरिएको छ– हाम्रा आवश्यकताहरूलाई उचित किसिमले पूरा गर्ने कुराहरूमा नै आफूलाई सीमित राख्नु। प्रत्येक विचार, प्रत्येक इच्छा, प्रत्येक कामलाई पवित्र आत्माको अधीनमा ल्याउनु हो। रोमी १२:१-२-मा यसलाई सारांशित गरिएको छः

> यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।

विश्वस्तता, नम्रता र आत्म-संयम् हामीभित्र विकास हुने चरित्रहरू हुन्। *भित्रतिर* आफूतर्फ निर्देशित गरिएको फलको रूपमा तिनीहरूलाई वर्णन गर्न सकिन्छ।



**आफैसँगको सम्बन्धमा फल**

**विश्वस्तता**
**नम्रता**
**आत्म-संयम्**

आत्माको फलको अझै पूर्ण अध्ययनको निम्ति प्रशस्तताको जीवन भनिने आई सी आई-को पाठ्यपुस्तकको अध्ययन गर्नुहोस् भनी हामी सिफारिस गर्छौं। जुनचाहिँ अहिले तपाईंले अध्ययन गरिरहनुभएको ख्रीष्टियान सेवा क्रमको एक भाग हो।

**११** तल दिइएको प्रत्येक वर्णनको पछाडि यसलाई वर्णन गर्ने आत्मिक गुण लेख्नुहोस्ः

| | **गुण** |
|---|---|
| **क.** जोन ख्रीष्टियान बनेपछि गनगने, बेखुशी व्यक्तिबाट सबै अवस्थामा खुशी देखिने व्यक्तिमा परिवर्तन भएका छन् | .......... |
| **ख.** कोही व्यक्ति आलोचक भयो भने तापनि आफू चूप बस्न र आफ्नो बचाउ गर्ने कोशिश नगर्नलाई मरियमले सिकेकी छन्। | ........... |
| **ग.** आफ्नो पूरै जीवन पवित्र आत्माको अधीनमा सुम्पेर पापपूर्ण इच्छाहरूलाई त्यागी अनुशासित जीवन जिउन सकिन्छ भनी प्रेमले थाहा पाए। | ........... |
| **घ.** रूथ ख्रीष्टियान बनेपछि, खाँचोमा परेकाहरूलाई सहायता गर्न र प्रभुमा कमजोरहरूलाई उत्साह दिन तिनले विभिन्न तरीकाहरू अपनाउने कोशिश गरिन्। | ........... |
| **ङ.** सुभास निस्वार्थी र अरूको वास्ता गर्ने व्यक्ति हुन्, आफ्नै बारेमाभन्दा पनि अरूहरूका बारेमा उनले धेरै सरोकार देखाउँछन्। | ........... |

**च.** पावल सधैंभरि आफ्नो प्रतिज्ञा पूरा गर्ने दयालु व्यक्ति हुन्। उनले जे गर्छु भनेका छन् सो गर्छन् भनी उनमा भर पर्न सकिन्छ। उनी नियमित रूपमा मण्डली सेवामा जान्छन्। ...........

**छ.** सम्झनाको शान्त आत्माले डरलाग्दा अवस्थाहरूमा पनि तिनले पूर्ण रूपमा परमेश्वरमा भरोसा राख्छिन् भनी देखाउँछ। ...........

**ज.** मार्था तिनको उच्च नैतिकता र अरूहरूका खाँचोमा राम्रोसँग सेवा पुऱ्याउने व्यक्तिका रूपमा चिनिन्छिन्। ...........

**झ.** मानिसहरूले घरीघरी त्यही भूल दोहोऱ्याएजस्तो देखिए तापनि तिनीहरूलाई अर्को मौका दिन दाऊद सधैं इच्छुक छन्। ...........

१२ तपाईंको जीवनमा अझै विकास गर्नुपर्ने आत्माका फलको अगाड़ि चिन्ह ✓ लगाउनुहोस्। तपाईंले अरूहरूलाई सेवा पुऱ्याउनुहुँदा तपाईंले यी फल उत्पादन गर्नका लागि पवित्र आत्मालाई मौका दिनुहोस्।

आत्माको फलको विपरीत, गलाती ५:१६-२१-ले पापपूर्ण जीवनको फललाई वर्णन गर्छ। तपाईं पवित्र आत्माद्वारा अधीन हुनुहुँदा तपाईंको जीवनमा पापपूर्ण फलको वृद्धि हुनका लागि कुनै स्थान छैन भन्ने कुरा के तपाईं देख्नुहुन्छ?

## शरीरको अभ्यास (कसरत) गर्नु

उद्देश्य ४: *मण्डलीमा एकता र आत्माका वरदानहरूका अभ्यासका बीचको सम्बन्धलाई व्याख्या गर्नुहोस्।*

जीवित र सक्रिय शरीरका रूपमा मण्डलीमा नियम र संरचना छ। परमेश्वर नियम (सुव्यवस्था) र सुन्दरताका परमेश्वर हुनुहुन्छ। तर उहाँ काम गर्नुहुने जीवित परमेश्वर पनि हुनुहुन्छ। मण्डली ख्रीष्टको शरीर हो, आफैलाई र संसारलाई परमेश्वरका उद्धारीय कार्यहरू सुसञ्चालन गर्नका लागि यसको मण्डलीको भएको हो।

मण्डलीचाहिँ विश्वासीहरूको संयुक्त शरीर हो। मण्डलीको कार्यको सामर्थ्य विश्वासीहरूका एकताबाट आउँछ। एकता भित्रबाट नै आउँछ

र यो आत्मिक अनुग्रह (वरदान) हो। *आत्माको एकताले* मण्डलीका सदस्यहरूलाई सामर्थ्य दिन्छ र संसारमा तिनीहरूलाई प्रभावकारी साक्षी बनाउँछ।

एकता कायम राख्नका लागि मण्डलीमा आत्माको फल हुनैपर्छ। खीष्टको चरित्र भएको विश्वासीले आफ्नो इच्छा खोज्दैन, तर खीष्टको शरीरको इच्छालाई खोज्छ। प्रेरित पावलले भनेका छन् कि आत्माको यस एकतालाई दीनता वा नम्रता, विनयता, र धैर्यसाथ सुरक्षित राखिनुपर्छ (एफिसी ४:२)। मण्डलीको एकताको निम्ति नै पवित्र आत्माद्वारा यी अनुग्रहहरू दिइएका छन्। एकताको निम्ति शरीरको सार (तत्त्व) हो– शरीर'नै एकता होः पावलले यसलाई एउटै शरीर, एउटै पवित्र आत्मा, बोलावटको एउटै आशा, एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा, सबैका एउटै परमेश्वर र पिता भनी वर्णन गरेका छन् (एफिसी ४:४-५)।

यो एकता एकरूपता होइन। शरीरका सबै सदस्यहरू दुरुस्त उस्तै हुन्छन् भन्ने अर्थ यसले दिँदैन। तर यसले यही अर्थ दिन्छ कि सबै सदस्यहरूले मिलापमा एकसाथ काम गर्छन्, सबैको भलाइको लागि हरेकले आ-आफ्नो काम गरेको हुन्छ। शरीरमा भएका आफ्ना दाज्यू-भाइ र दिदी-बहिनीहरूसँग प्रत्येक विश्वासी आत्मामा एउटै मन भई हिँड्दा ऊभित्रबाट नै एकता आउँछ।

मानव शरीरसँग मण्डलीलाई तुलना गर्नुको एउटा कारणचाहिँ मण्डलीले अनुभव गर्न सक्ने एकतालाई देखाउनु हो। मुख्य विचारचाहिँ यही नै हो कि हामी छुट्टै एकाइहरू होइनौं, तर "हामी खीष्टको शरीरमा एउटा अर्काका अङ्गहरू हौं" (एफिसी ४:२५)। एक किसिमले हेर्दा हामी अलग-अलग छौं, प्रत्येकको खीष्टसँग व्यक्तिगत सम्बन्ध छ। अर्को प्रकारले हेर्दा आत्मिक शरीर निर्माण गर्नका लागि हामी एकसाथ गाँसिएका छौं, जसको खीष्टसँग सम्बन्ध छ, तर एक-अर्काप्रति पनि जिम्मेवारी छ।

शरीरका सदस्यहरूप्रति मण्डलीका जिम्मेवारीहरू के-के छन्? हामीले तिनीहरूलाई पाठ ३-मा छोटकरीमा छलफल गरिसकेका छौं। ती हुन्ः

१. निर्माणीकरण– आफैलाई निर्माण गर्नु
२. पवित्रीकरण– आफैलाई पवित्र राख्नु, धर्मी जीवन

३. शिक्षा– सदस्यहरूका तालिम र शिक्षण
४. अनुशासन– भूलमा पर्नेहरूलाई गरिने सुधार

पवित्र आत्माले मण्डलीलाई वरदानहरू दिनुहुन्छ भनी हामीले पहिल्यै हेरिसकेका छौं, यसरी शरीरलाई सेवा पुऱ्याउनका लागि यो सक्षम हुन्छ। उहाँले वरदान दिनुहुने व्यक्तिहरूलाई अब हामी छोटकरीमा विचार गरौं।

१३ १ कोरिन्थी १२:२७-३१ र एफिसी ४:११-१२-लाई पढ्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस्ः

**क.** शरीरका कुन-कुन भागहरूलाई वरदानहरू दिइएका छन्?

.......................................................................

**ख.** वरदानहरू किन दिइएका छन्? ..................................

.......................................................................

**ग.** १ कोरिन्थी १२:२७-३१-मा उल्लेखित उपाधिहरू वा वरदानहरूको सूची बनाउनुहोस्।

.......................................................................

**घ.** एफिसी ४:११-मा कुन अन्य उपाधिहरू दिइएका छन्?

.......................................................................

ङ. तपाईंले यीमध्ये कति सेवाहरूलाई आफ्नो स्थानीय मण्डलीमा देख्नुभएको छ? तिनीहरूको सूची बनाउनुहोस्।

.......................................................................

.......................................................................

मण्डलीको निर्माणीकरण, पवित्रीकरण, शिक्षा र अनुशासनको निम्ति यी वरदानहरू कसरी मण्डलीमा दिइएका थिए के तपाईं त्यो देख्न सक्नुहुन्छ? जब मण्डलीमा सबै वरदानहरूको सञ्चालन हुन्छ र त्यहाँ प्रेम र एकताको आत्मा हुन्छ, मण्डली साँच्ची नै *उद्धारीय समुदाय* बन्छ।

आत्माका वरदानहरूलाई पूर्ण रूपमा छलफल गर्नका लागि हामीसँग यहाँ पर्याप्त ठाउँ छैन। आई सी आई-को ख्रीष्टियान सेवा क्रममा समावेश *आत्मिक वरदानहरू* भनिने अर्को पुस्तकलाई अध्ययन गर्नुहोस्।

ख्रीष्टको शरीरमा प्रत्येक सदस्यले गर्नुपर्ने केही कुरा हुन्छ। केही सदस्यहरूलाई अरूहरूलाई भन्दा ठूलो जिम्मेवारी दिइन्छ, तर प्रत्येक

काम महत्त्वपूर्ण छ। शरीर (मण्डली)-लाई अगुवाइ गर्ने, वचन प्रचार गर्ने, र ख्रीष्टियान सिद्धान्तहरू सिकाउने जिम्मेवारी पास्टरसँग हुन्छ। शरीरमा सेवाका अन्य वरदानहरू पनि उनीसँग हुन्छन्।

शरीरका केही सदस्यहरूलाई प्रशासनिक योग्यता दिइएको हुन्छ। कोहीसँग बिरामीहरूका निम्ति प्रार्थना गर्ने, दुःख-कष्टमा परेकाहरूलाई उत्साह दिने, आफ्नो समय, खुबीहरू वा रुपियाँपैसा दिने सेवा हुन्छ।

कोही-कोहीलाई शिक्षकहरू हुनका लागि बोलाइएको छ। धेरै मण्डलीहरूमा बाल-सङ्गति (सण्डे-स्कूल) तालिम कक्षाहरू, वा अन्य बाइबल अध्ययन कक्षाहरू, जवान समूह क्रियाकलापहरू, दिदी-बहिनी झूण्डहरू र अन्य झूण्डहरू हुन्छन्। यी सबैका निम्ति शिक्षकहरू र अगुवाहरूको आवश्यकता पर्छ। कोहीलाई सङ्गतिमा सेवा दिइएको हुन्छ। अरूहरू भेट्घाट गर्ने सेवामा आत्माद्वारा डोऱ्याइन्छन्। १ कोरिन्थी १२-मा सूची बनाइएका वरदानहरूमध्ये एउटाचाहिँ "अरूहरूलाई सहायता गर्ने" वरदान हो। सहायता गर्ने वरदानलाई धेरै मानिसहरूले ख्यालै गर्दैनन् होला, तर शरीरका सबै सदस्यहरूले यस वरदानलाई पाउन सक्छन्। अरूहरूका निम्ति प्रार्थना गरेर, अतिथि सत्कार गरेर, मण्डली भवनलाई सफा-सुग्घर गरेर, कोही बिरामी वा वृद्धलाई सहायता गरेर, उत्साह चाहिएका शरीरका सदस्यहरूलाई भेट्घाट गरेर, र अन्य धेरै किसिममा हामी सहायता गर्न सक्छौं।

मण्डलीका प्रायःजसो मानिसहरूलाई थाहै नभएको सेवा गर्ने एक जना विश्वासयोग्य मानिसका बारेमा मैले भर्खरै सुनें। हरेक आइतबार बिहान उनी चाँडै उठ्थे, आफ्नो काम गर्ने लुगा लगाउँथे, र मण्डलीमा जान्थे। मण्डलीको प्रत्येक कोठामा गई त्यहाँ बत्तीहरू ठीक छन् वा छैनन् सो जाँच गर्थे, सबै मेचहरूलाई मिलाउँथे र बाइबल अध्ययन र आराधना सेवा हुनुभन्दा पहिले सबै थोक ठीक-ठाक पार्थे। उनको सेवाको कारण मण्डली भवन जहिले पनि व्यवस्थित र प्रयोगको निम्ति तयारी हुन्थ्यो।

"तर अझ उच्च वरदानहरूको उत्कट इच्छा गर" भनी १ कोरिन्थी १२:३१-मा हामीलाई उत्साह दिइएको छ। पवित्र आत्माले हामीलाई दिन चाहनुभएका वरदानहरूलाई स्वीकार गर्ने, र परमेश्वरको महिमाको निम्ति र मण्डलीको एकताको निम्ति तिनीहरूलाई प्रयोग गर्ने प्रवृत्तिद्वारा

हामी यो गर्छौं। अलि कम महत्त्वका देखिने सेवाहरूलाई पूरा गरेर कहिलेकहीँ यस प्रवृत्तिलाई अभिव्यक्त गर्न सकिन्छ।

एकतामा एक सदस्यले अन्य सदस्यहरूसँग एकैसाथ काम गर्ने, परमेश्वरले आफूलाई दिनुभएको काम प्रत्येकले पूरा गर्ने कुराको नतीजा नै परिपक्व मण्डली हो। मण्डलीलाई परमेश्वरले सुम्पिदिनुभएको उद्धारीय सेवाको परिपूर्तिमा संसारमा पुग्नका लागि तयारी भएको मण्डली यही नै हो।




१४ एकता हुनका लागि मण्डलीमा कुन दुइ कुराहरूको आवश्यकता पर्छ? ..................................................................

..................................................................

१५ पवित्र आत्माबाट वरदान प्राप्त गरेको विश्वासीको कस्तो प्रवृत्ति हुनुपर्छ? ..................................................................

..................................................................

१६ शरीरलाई सेवा पुऱ्याउने चार क्षेत्रहरू कुन-कुन हुन्?

**क** ........................ **ग** ........................

**ख** ........................ **घ** ........................

१७ मण्डलीमा वरदानहरूको सञ्चालन हुँदा र सदस्यहरूका बीचमा एकता र प्रेमको आत्मा हुँदा कस्तो नतीजा उत्पादन हुन्छ?

..................................................................

## स्वयम्-जाँच

**ठीक-बेठीक प्रश्न।** तलको प्रत्येक बयानलाई पढ्नुहोस्। यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* लेख्नुहोस्। यदि बेठीक छ भने खाली ठाउँमा *बे* लेख्नुहोस्।

... १ मण्डली चेलाहरू बनाउन र शिक्षा दिन बोलाइएको उद्धार पाएको समुदाय हो।

... २ केही स्थानीय मण्डलीहरूलाई सुसमाचारको निम्ति बोलाइएको छ, र अरूहरूलाई चाहिँ निर्माणीकरणको निम्ति बोलाइएको छ।

... ३ शरीरका सदस्यहरूले एक-अर्कालाई सेवा पुऱ्याउनु महत्त्वपूर्ण हुन्छ, किनकि यसरी नै अविश्‍वासीलाई सेवा पुऱ्याउनका लागि तिनीहरू सुसज्जित हुन्छन्।

... ४ *हुनु*भन्दा *गर्नु*चाहिँ अझै महत्त्वपूर्ण छ।

... ५ आत्माको फल पाउनको लागि हामीले गर्न सक्ने केही कुरा पनि त्यहाँ छैन, किनकि हामीले यसलाई पाउनैपर्छ वा पर्दैन भनी पवित्र आत्माले नै छान्नुहुन्छ।

... ६ एकतामा एक-अर्कालाई सेवा गर्न हामीलाई सहायता पुऱ्याउन पवित्र आत्माले हामीलाई दुइ कुराहरू दिनुभएको छः आत्माको फल र आत्माका वरदानहरू।

... ७ आत्माको फल ख्रीष्टको चरित्र हो, जुनचाहिँ अरूहरूसँगको हाम्रो सम्बन्धद्वारा हाम्रा जीवनमा उत्पादन गरिन्छ।

... ८ आत्माका वरदानहरूले हामीमा ख्रीष्टको जस्तो चरित्र विकास गर्छन्, र आत्माको फलले शरीरमा सेवा गर्नका लागि हामीलाई सक्षम बनाउँछ।

... ९ यदि हामीले वरदानहरूको अभ्यास गऱ्यौं भने, फलचाहिँ आफै (स्वभावैले) हामीमा विकास हुन्छ।

...१० परमेश्‍वरले मण्डलीलाई धेरै वरदानहरू दिनुभएको छ, र आत्मिक परिपक्वताको निम्ति तिनीहरू सबै महत्त्वपूर्ण र आवश्यक छन्।

...११ ख्रीष्टसँग र उहाँको शरीरका सदस्यहरूसँग समय बिताएर हामी ख्रीष्टजस्तै बन्छौं।

...१२ धैर्य, दया र भलाइ अरूहरूसँगका सम्बन्धमा भएका फलका रूपमा वर्णन गर्न सकिन्छ।

...१३ पवित्र आत्माबाट वरदान प्राप्त गर्ने विश्वासीले विशेष सम्मान प्राप्त गर्नुपर्छ, किनकि वरदानको निम्ति उनलाई छानिएको थियो।

...१४ जब मण्डलीमा एकता र प्रेम हुन्छ, र आत्माका वरदानहरूलाई अभ्यास गरिन्छ, यसको नतीजाचाहिँ परिपक्वता र वृद्धि हो।

...१५ आत्माका वरदानहरूको उद्देश्य मण्डलीलाई निर्माण गर्नु र अनुशासन, तालिम र पवित्रीकरण उपलब्ध गराउनु हो।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

९ उहाँमा हाम्रो भरोसा र विश्वास राखेर।

१ ख) संसारको निम्ति परमेश्वरको उद्धारको योजना पूरा गर्नका लागि पापको शक्तिबाट उद्धार पाएका र परमेश्वरद्वारा बोलाइएका सबै विश्वासीहरू यसमा संलग्न हुन्छन्।

१० **क** येशूले आफूले चाहेका कुरा गर्ने कोशिश गर्नुभएन, तर आफ्ना पिताले आफूलाई जे गरेको चाहनुभएको थियो सो उहाँले गर्नुभयो।

**ख** पृथ्वीमा पिताको इच्छा पूरा भएको होस् भनी येशूले चाहना गर्नुभयो।

**ग** येशूले संकष्ट र मृत्युको सामना गरिरहनुहुँदा पनि, पिताको इच्छा नै पूरा हुनैपर्छ भनी उहाँले चाहनुभएको थियो।

२ **क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** ठीक
**ङ** ठीक

११ तपाईंको उत्तर दुरुस्त मेरोजस्तो नहुन सक्छ, किनकि कुनै-कुनै अरूहरूसँग पनि सम्बन्धित छन्, तर म यसरी उत्तर दिन्छुः

**क** आनन्द
**ख** नम्रता (विनयता)
**ग** आत्म-संयम्
**घ** दया (नम्रता)
**ङ** प्रेम
**च** विश्वस्तता
**छ** शान्ति
**ज** भलाइ
**झ** धैर्य

३ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता आत्म-संयम्

१२ तपाईंको उत्तर

४ पवित्र आत्माले हामीमा फल उत्पादन गर्न सक्नका लागि हामीमाथि पवित्र आत्माको पूर्ण अधीनतालाई स्वीकार गर्नुपर्छ।

१३ **क** शरीरका सबै सदस्यहरूले वरदानहरू प्राप्त गर्न सक्छन्

**ख** ख्रीष्टियान सेवाको निम्ति सबै सदस्यहरूलाई तयार पार्नु; शरीरलाई निर्माण गर्नु

**ग** प्रेरितहरू, अगमवक्ताहरू, शिक्षकहरू, आश्चर्य काम गर्नेहरू, निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू

**घ** प्रचारकहरू, पास्टरहरू

**ङ** तपाईंको उत्तर

५ हामीलाई दिनका लागि उहाँले रोज्नुभएका वरदान वा वरदानहरूलाई हामीले स्वीकार गर्नैपर्छ र परमेश्वरको महिमाको निम्ति तिनीहरूलाई अभ्यास (प्रयोग) गर्नुपर्छ। आत्मासँग खुला भएर र प्राप्त गरिएका वरदानहरूलाई अभ्यास गरेर वरदानहरू प्राप्त गर्ने इच्छा हामी देखाउन सक्छौं।

१४ मण्डलीमा आत्माको फल हुनैपर्छ र पवित्र आत्माले प्रत्येक सदस्यलाई दिनुभएको वरदान वा वरदानहरूलाई उसले प्रयोग गर्नैपर्छ।

६ उहाँले आत्माको फल दिनुभएको छ, जसले हामीमा ख्रीष्टका गुणहरू उत्पादन गर्नुहुन्छ। शरीरका आवश्यकताहरूलाई पूरा गर्नका लागि उहाँले आत्माका वरदानहरू दिनुभएको छ।

१५ शरीर (मण्डली) प्रति भएको सेवाको रूपमा परमेश्वरको महिमाको निम्ति उसले नम्रतासाथ वरदानको प्रयोग गर्नैपर्छ।

७ हामीलाई आवश्यक पर्ने ख्रीष्टको जस्तो स्वभाव तिनीहरूले हामीलाई दिन्छन् यसरी हाम्रा जीवन अरूहरूका निम्ति उदाहरण बन्छन्, र अरूहरूलाई सेवा पुऱ्याउनका लागि तिनीहरूले हामीलाई सक्षम बनाउँछन्।

१६ (कुनै पनि क्रममा)

**क** निर्माणीकरण    **ग** शिक्षा

**ख** पवित्रीकरण    **घ** अनुशासन

८ **क** उहाँले हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो।

**ख** हामी आफैलाई अरूहरूका निम्ति दिएर। (कसैको ठाउँमा हामी मर्नुपर्ने माग यसले गर्दैन होला, तर हाम्रो आफ्नै भन्दा पहिले अरूहरूको आवश्यकतालाई विचार गरिनुपर्ने इच्छा यसमा समावेश छ।)

१७ नतीजाचाहिँ परिपक्वता र वृद्धि हो।


# पाठ ७

# संसारलाई सेवा पुऱ्याउनु

हामी घमाइलो, मुस्कानयुक्त र ऋतु परिवर्तन हुने सुन्दर संसारमा रहेका छौं। तर कहिलेकहीँ हाम्रो वरिपरिको सुन्दरतामा हामी यति धेरै घुलमिल हुन्छौं, कि हामी त्यस सुन्दरतालाई देख्दै देख्दैनौं। यस्तो भनाइ छ "सुन्दरता दर्शकको आँखामा नै हुन्छ।" हामीले जे देख्छौं र यसलाई कति स्पष्टसँग देख्छौं सो सँगै धेरै पल्ट हामीले गर्ने काम पनि शुरू हुन्छ।

तपाईंका आँखाहरू क्यामराजस्तै हुन्। आँखा र क्यामरा दुवैमा प्रकाश प्रवेश गर्नका लागि ढोका हुन्छ, ऐना प्रणाली हुन्छ र तपाईंले देख्नुभएको रूपलाई खिचेर राख्नको निम्ति पर्दा हुन्छ। तपाईंका आँखाहरूले आफ्नो काम उचित किसिमले गरेपछि, आफ्ना वरिपरि भएका कुराहरूप्रति तपाईं कृतज्ञता र प्रतिक्रिया जनाउन सक्नुहुन्छ। जब ती आँखाहरूले त्यसो गर्दैनन्, तपाईंले आफ्नो दृष्टि गुमाउनुभएको हुन्छ।

तपाईंका *आत्मिक* आँखाहरूसँग पनि यही कुरा नै सत्य छ। तपाईंका शारीरिक आँखाहरूले झैं, तिनीहरूले पनि टाढ़ा र नजीक भएका वस्तुहरूलाई देख्न सक्नु आवश्यक छ। तपाईंका आत्मिक आँखाहरूद्वारा तपाईंका नजीक रहेकाहरू– मण्डली भित्रकाहरू– र आवश्यकताहरूलाई मात्र तपाईंले हेर्ने होइन, तर टाढ़ा-टाढ़ाको संसारमा रहेकाहरूप्रति भएको मण्डलीको सेवा यसमा आत्मिक आवश्यकताहरूको दर्शनका साथ शुरू हुन्छ।




संसारको सबैभन्दा ठूलो आवश्यकताप्रति तपाईंका आँखाहरू खोल्नका लागि यस पाठले तपाईंलाई सहायता पुर्‍याउनेछ। तपाईंको आत्मिक दर्शन परमेश्वरबाट आउँछ। परमेश्वरको दर्शन नै संसारको मुक्तिको निम्ति छ। परमेश्वरको काम गर्नका लागि हामीसँग परमेश्वरको दर्शन हुनैपर्छ। परमेश्वरले देख्नुभएझैं तपाईंले पनि यस संसारलाई देख्नुभएको होस्, र उहाँले जस्तै तपाईंले पनि प्रेम र दयाको हृदयसाथ प्रतिउत्तर दिनुभएको होस्।

## *पाठको रूपरेखा*

महान् आज्ञा
विशेष कार्य
सुसमाचार प्रचारको सेवा

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- खीष्टको महान् आज्ञा पूरा गर्नका लागि संलग्न कुराहरूलाई वर्णन गर्न सक्नुपर्नेछ।
- सुसमाचार प्रचारमा विश्वासी र पवित्र आत्माको कामको सम्बन्धमा छलफल गर्न सक्नुपर्नेछ।
- सुसमाचार प्रचारका निम्ति शर्तहरू र निर्देशनहरूलाई बुझ्न सक्नुपर्नेछ।
- मण्डलीलाई खीष्टले दिनुभएको आज्ञामा व्यक्तिगत रूपमा अझै संलग्न हुनका लागि अझ धेरै प्रतिवद्ध हुनुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएका निर्देशनहरूअनुसार पाठलाई अध्ययन गर्नुहोस्। उल्लेखित बाइबलका सबै पदहरूलाई ध्यानपूर्वक पढ्नुहोस् र सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरू जाँच्नुहोस्।

३. पाठहरू ४,५,६ र ७-को समीक्षा गर्नुहोस् र त्यसपछि यस एकाइको निम्ति एकाइ विद्यार्थी प्रतिवेदन लिनुहोस्।

## *मुख्य शब्दहरू*

| | |
|---|---|
| आज्ञा | पुस्ता |
| उपस्थिति | प्रोत्साहन |
| ऋणी | बाइबल सिद्धान्त |
| घोषणा | मध्यस्थकर्ता |
| जरूरी | सहभागिता |
| पूजाहारीपन | सुसमाचार प्रचार |

## *पाठ विकास*

### महान् आज्ञा

उद्देश्य १: *ख्रीष्टद्वारा दिइएको महान् आज्ञामा के संलग्न छ परिचित गर्नुहोस्।*

**ख्रीष्टको बोलावट**

संसारका मानिसहरूलाई मुक्तिको सन्देश लिएर जानका लागि परमेश्वरद्वारा बोलाइएका मानिसहरूको छानिएको भूण्ड नै मण्डली हो। यो परमेश्वरका मानिसहरूको समुदाय हो, जसले आराधना गर्छ, सङ्गति गर्छ र सेवा (मिशन)-लाई पूरा गर्छ। यस सेवा (मिशन)-लाई येशूका वचनहरूमा दिइएको छ, जसलाई हामी उहाँको *महान् आज्ञा* भन्छौं र जसलाई हामीले पाठ ६-मा छोटकरीमा छलफल गरिसक्यौंः "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ" (मत्ती २८:१९-२०)।

आफ्नो समय र अवस्थामा परमेश्वरका सत्यताहरूलाई घोषणा गर्ने जिम्मेवारी प्रत्येक पुस्ताको हो। सुसमाचारका अपरिवर्तनीय सत्यताहरूलाई संसारका प्रत्येक भाषाका मानिसहरूसँग बाँड़िनुपर्छ। हाम्रो वर्तमान दिनको निम्ति बाइबल अर्थपूर्ण छ भनी संसारलाई देखाउने काम मण्डलीको हो।

*जाओ* शब्द क्रियाशील क्रिया अर्थात् कार्यको निम्ति आज्ञा हो। संसारमा सुसमाचार प्रचार गर्नका लागि मण्डली आफै जाने कुरालाई यसले सङ्केत गर्छ। यसो गर्नुचाहिँ ख्रीष्टको उदाहरण पछ्याउनु हो। उहाँकहाँ संसार आओस् भनी ख्रीष्ट पर्खनु भएन। उहाँको सेवा (मिशन) चाहिँ हराएकाहरूलाई खोज्नु र भेट्टाउनु थियो। कर उठाउने जखायसलाई उहाँले भन्नुभयो: "मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (लूका १९:१०)। आफ्ना पिताको इच्छा पूरा गर्नका लागि ख्रीष्ट आउनुभयो। उहाँ जताततै भलाइ गर्दै हिँड्नुभयो र दुष्टात्माद्वारा बाँधिएका सबैलाई निको पार्नुभयो।

१ तलको पहिलो स्तम्भमा दिइएका बाइबलका पदहरूलाई हेर्नुहोस् र त्यसपछि अर्का दुइ स्तम्भहरूमा सोधिएका प्रश्नहरूका उत्तर दिनुहोस्:

| **बाइबल पद** | **येशूले कसलाई र कहाँ भेट्टाउनुभयो?** | **नतीजा के थियो?** |
|---|---|---|
| **क.** लूका १९:१-१० | | |
| **ख.** लूका ५:१-११ | | |
| **ग.** यूहन्ना ४:५-१०, २५-३०,३९ | | |

पृथ्वीमा येशूको सेवा अति नै छोटो थियो– तीन वर्ष मात्र। आफ्नो सेवाको शुरूमा उहाँले १२ जना मानिसहरूलाई छान्नुभयो, जो उहाँका चेलाहरू बने। मुक्तिको असल समाचार कसरी बाँड्नुपर्छ भनी उहाँले यी चेलाहरूलाई तीन वर्षसम्म बड़ो ध्यानपूर्वक सिकाउनुभयो। तीन वर्षको अन्त्यमा, ख्रीष्टका शत्रुहरूद्वारा उहाँलाई क्रूसमा कीला ठोकियो। तर परमेश्वरले उहाँलाई फेरि बौरिउठाउनुभयो, र मृत्युको कष्टलाई अन्त्य गर्नुभयो, किनकि मृत्युको शक्तिले उहाँलाई समातिराख्न असम्भव थियो। तर ख्रीष्ट स्वर्गमा फर्कनुभन्दा पहिले, जहाँ आज उहाँ परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान् हुनुहुन्छ, उहाँ आफ्ना

चेलाहरूकहाँ फेरि प्रकट हुनुभयो। उहाँलाई पछ्याउनेहरूको यो समूह र तिनीहरूका पछि लागेका सबै विश्वासीहरूलाई ख्रीष्टले भन्नुभयो, "सारा संसारमा गएर सार सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। यी नै चेलाहरू शुरूको मण्डली बने। तिनीहरूलाई मण्डली स्थापना गर्ने कार्य दिइएको थियो।

२ सबैभन्दा ठीक उत्तर छान्नुहोस्: सारा संसारमा गएर सुसमाचार प्रचार गर्ने ख्रीष्टको आज्ञा कसलाई दिइएको थियो?

**क.** १२-जना चेलाहरूलाई मात्र।
**ख.** तिनीहरूले स्थापित गरेको शुरूको मण्डलीलाई।
**ग.** त्यस दिनदेखि आजसम्मका सबै विश्वासीहरूलाई।

ख्रीष्टको समय अवधिमा मानिसहरूका धेरै धर्महरू थिए र तिनीहरूले धेरै देवी-देवताहरूलाई पूजा गर्थे। प्रत्येक समुदाय वा राज्यको आफ्नै देवताहरू थिए। यहूदी धर्म पनि मुख्य गरी यहूदीहरूमा नै सीमित थियो। तर ख्रीष्ट विश्वव्यापी सुसमाचार प्रचार गर्दैआउनुभयो। "जसले पनि" उहाँको सुसमाचारलाई स्वीकार गर्न सक्छ भनी निमन्त्रणा गर्दैआउनुभयो।

ख्रीष्टको सुसमाचार यसको स्वभावमा विश्वव्यापी छ, र मण्डलीको कार्य पनि विश्वव्यापी नै छ। यूहन्ना ३:१६-ले बताउँछ, "किनभने परमेश्वरले *संसारलाई* यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर *त्यसले* अनन्त जीवन पाओस्।"

यस पदमा *संसार* र *प्रत्येक* शब्दहरूलाई मैले जोड़ दिएको कुरालाई ध्यान दिनुहोस्। सुसमाचारचाहिँ जातिय वा राष्ट्रिय सिमानाभन्दा बाहिर पुग्छ। जाति, रङ्ग, सामाजिक वा भौतिक ओहोदाको वास्ता नगरी यो विश्वास गर्ने *प्रत्येकको* निम्ति हो। प्रेरित पावलले भनेका छन् कि सुसमाचारचाहिँ "विश्वास गर्ने प्रत्येकको मुक्ति निम्ति परमेश्वरको शक्ति हो" (रोमी १:१६)।

सुसमाचार *सारा संसारको* निम्ति हो भन्ने दर्शन हामीले नपाऊञ्जेल मण्डलीले ख्रीष्टको आज्ञालाई पूरा गर्न सक्दैन। येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नुपर्ने एक जना व्यक्ति संसारमा रहुञ्जेल, मण्डलीको कार्य निरन्तर रूपमा रहिरहन्छ।

३ ख्रीष्टद्वारा दिइएको महान् आज्ञामा के संलग्न छ भन्ने सम्बन्धमा भएका **ठीक** बयानहरूका अगाड़िका अक्षरको वरिपरि घेरा लगाउनुहोस्।

**क.** महान् आज्ञा विश्वव्यापी छ भनी हामीले भन्दा हामीले यही अर्थ लगाएका हुन्छौं कि सबै विश्वासीहरू सुसमाचारका साथ संसारमा जानुपर्छ र तिनीहरू संसारमा भएका *सबै* मानिसहरूकहाँ जानुपर्छ।

**ख.** तीन वर्षसम्म आफ्ना १२ जना चेलाहरूलाई होशियारपूर्वक सिकाई सुसमाचार लैजानेहरूलाई तालिमको आवश्यकता छ भनी येशूले देखाउनुभयो।

**ग.** सुसमाचार लिएर जानका लागि केही व्यक्तिहरूलाई मात्र छानिएको छ।

**घ.** मण्डलीको मुख्य उद्देश्यचाहिँ यो हो कि ख्रीष्टको बारेमा जान्नका लागि उनीहरू यहाँ मण्डलीमा आउँछन्।

**ङ.** ख्रीष्टले उहाँको आफ्नो उदाहरणद्वारा सिकाउनुभयो कि हामी बाहिर जानुपर्छ र पापमा नाश भएकाहरूलाई सक्रियताका साथ खोज्नुपर्छ।

**च.** हामीभन्दा पहिलेको पुस्तालाई झैँ हाम्रो पुस्तालाई पनि सुसमाचार बाँड्ने उही जिम्मेवारी छ।

## विश्वासीको प्रतिउत्तर

उद्देश्य २: *महान् आज्ञामा ख्रीष्टको आज्ञालाई विश्वासीले किन स्वइच्छासाथ प्रतिउत्तर दिनैपर्छ व्याख्या गर्नुहोस्।*

ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निबुर्द्धि, सबैको म ऋणी छु। यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु (रोमी १:१४-१५)।

प्रेरित पावलले रोमीहरूलाई यी शब्दहरू लेख्दा, उनी कोरिन्थमा मिशनरी थिए। कोरिन्थको निम्ति उनमा साँचो सरोकार थियो, तर अन्य स्थानहरूलाई पनि संलग्न गर्ने ठूलो दर्शन उनीसँग थियो।

हाम्रा नजीक हुनेहरू– हाम्रो परिवार, हाम्रा छिमेकीहरू, हाम्रा मित्रहरू, हाम्रो समुदायको निम्ति पहिलो जिम्मेवारीको बोध हामीलाई

हुनु स्वाभाविक नै हो। तर परमेश्वरको सम्पूर्ण कामको निम्ति हामीमा बोझ हुनैपर्छ। संसारको प्रत्येक भागमा हराइरहेका मानिसहरूलाई हामीले सेवा पुऱ्याउनैपर्छ।

हामी ऋणमा भएका मानिसहरू हौं। पावलले यो ऋण वा गुनलाई स्वीकार गरेका छन् र यस बारेमा उनले केही गर्न चाहेका थिए। अरूहरूकहाँ सुसमाचारको सन्देश लगी परमेश्वरको अनुग्रहप्रतिको आफ्नो ऋणलाई तिर्न उनी इच्छुक थिए।

हामी ऋणीहरू हौं, र हामीमा ठूलो दायित्व छ भन्ने कुरा हामीले कहिल्यै भुल्नुहुँदैन। हामीले परमेश्वरको अनुग्रहद्वारा उद्धार पाएका छौं।

> किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ (एफिसी २:८-९)।

अनुग्रहप्रति भएको हाम्रो ऋण तिर्ने खोजीमा, जीवनका विभिन्न हिँड़ाइमा रहेका र नाश भएका पुरुष र स्त्रीहरूलाई हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रहका बारेमा बताउनका लागि हामी अनुग्रहको आत्मामा तिनीहरूकहाँ जानुपर्छ।

परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान् हुनुभएको यशैयाले देखेपछि उनले आफैलाई अशुद्ध ओठ भएको मानिसको रूपमा देखे। उनले आफ्नै अयोग्यतालाई देखे र भने, "धिक्कार! म नष्ट भएँ..." (यशैया ६:५)। तर परमप्रभुले यशैयाका ओठ छुनका लागि वेदीबाट आगोको भुङ्ग्रोसहित एक जना सराफलाई पठाउनुभई यसो भन्नुभयो, अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो" (यशैया ६:७)।

तब यशैयाले परमप्रभुको यो आवाज सुने, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" यशैयाले तुरुन्तै जवाफ दिइहाले, "म हाजिर छु! मलाई पठाउनुहोस्!" (यशैया ६:१-८ हेर्नुहोस्)।

हामी पनि परमेश्वरको अनुग्रहका अयोग्य छौं। तर उहाँले हामीलाई उद्धारको उहाँको योजनामा समावेश गर्नुभएको छ। अब हाम्रो दोष हटेको छ, र ख्रीष्टको बलिदानद्वारा हाम्रा पापहरू क्षमा भएका

छन्। "म हाजिर छु! मलाई पठाउनुहोस्!" भनी यशैयाले भनेझैं हामी पनि कृतज्ञ हृदयका साथ महान् आज्ञाप्रति प्रतिउत्तर मात्र दिन सक्छौं।



"म जानेछु"

४ हामीले सुसमाचार कहाँ लैजानुपर्छ भन्ने बारेमा प्रेरित पावलको उदाहरणले हामीलाई के सिकाउँछ?

..........................................................................

..........................................................................

५ सबै मानिसहरूलाई सुसमाचार प्रचार गर्नुपर्ने ख्रीष्टको आज्ञाको पालनालाई किन हामीले सौभाग्य ठान्नुपर्छ?

..........................................................................

..........................................................................

## विशेष कार्य


**सुसमाचार प्रचारको काम**

उद्देश्य ३ः *सुसमाचार प्रचारलाई परिभाषित गर्नुहोस् र विश्वासीको कार्यमा यसलाई मिलाउनुहोस्।*

येशूले आत्माहरू जित्नुभयो। उहाँले मानिसहरूलाई आफैमा बोलाउनुभयो, र तिनीहरूले उहाँको आवाज सुनी उहाँको बोलावटमा प्रतिउत्तर दिए। भीड़ले उहाँलाई खोज्यो र खुशीसाथ उहाँका कुराहरू सुन्यो, तर उहाँले विभिन्न व्यक्तिहरूलाई खोज्नुभयो, र ती व्यक्तिहरूले अरूहरूलाई खोजे र तिनीहरूलाई उहाँकहाँ ल्याए। बप्तिस्मा-दिने यूहन्नाले अन्द्रियासलाई ल्याए र अन्द्रियासले आफ्ना भाइ सिमोनलाई

ल्याए। ख्रीष्टले फिलिपलाई भेट्टाउनुभयो र उनले नथानेललाई भेट्टाए। यो नै *सुसमाचार* प्रचार हो।

सुसमाचार प्रचारको काममा विश्वासीले येशू ख्रीष्टलाई मानिसहरूका प्रभु र मुक्तिदाताका रूपमा प्रस्तुत गर्छन्, र यसरी उहाँलाई आफ्नो जीवन दिने इच्छा तिनीहरूमा जाग्छ। येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नेहरूलाई स्थानीय मण्डलीको सङ्गतिमा ल्याइन्छ, जहाँ तिनीहरू सुसमाचारको विश्वव्यापी उद्धार कार्यमा संलग्न बन्छन।



**सुसमाचार प्रचार...**
**वृद्धि भइरहेको मण्डलीको निम्ति**

सुसमाचार प्रचार परमेश्वरको उद्धारीय कामको असल समाचारको सञ्चार हो। सुसमाचार प्रचारको उद्देश्य यो हो कि नाश भएका पुरुष र स्त्रीहरूले पापबाट स्वतन्त्रता पाई ख्रीष्टमा नयाँ जीवन प्राप्त गर्न सक्छन्। सुसमाचार प्रचार भनेको परमेश्वरका मानिसहरू कार्यमा हुनु र परमेश्वरको आज्ञाप्रतिको विश्वासयोग्यतामा आत्मिक नतीजाहरू प्राप्त गर्नु हो। तिनीहरूले ख्रीष्टको घोषणा गर्छन् र अविश्वासीहरूलाई उहाँका चेलाहरू र उहाँको विश्वव्यापी मण्डलीका जिम्मेवारपूर्ण सदस्यहरू बन्नका लागि प्रोत्साहन दिन्छन्।

सारा संसारको निम्ति भएको परमेश्वरको उद्धारीय उद्देश्य पूरा गर्नका लागि प्रत्येक विश्वासीको भाग छ। संसारमा भएको प्रत्येक व्यक्तिले येशूलाई विश्वास गर्न सकोस् भनी मौका दिनका लागि हरप्रयास गरिएको छ।

६ सुसमाचार प्रचार के हो तपाईंका आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। ..............................................................
..............................................................

७ *सुसमाचार* प्रचारमा हाम्रा व्यक्तिगत जिम्मेवारीका बारेमा येशूको उदाहरणले हामीलाई के सिकाउँछ?
..............................................................
..............................................................

८ सुसमाचार प्रचारमा सबैभन्दा ठूलो लक्ष्य के हो?
..............................................................

**सुसमाचार प्रचारमा पवित्र आत्मा**

उद्देश्य ४ः *सुसमाचार प्रचारमा पवित्र आत्माका दुइ क्रियाकलाप-हरूलाई परिचित गर्नुहोस्।*

येशू स्वर्गमा फर्कनुभएपछि, संसारमा परमेश्वरको उद्धारीय सेवालाई निरन्तरता दिनका लागि पवित्र आत्मालाई पठाइएको थियो। येशूको जीवन र सेवामा पवित्र आत्मा सक्रिय हुनुहुन्थ्यो। सेवाको निम्ति शक्ति दिई, र पुरुष र स्त्रीहरूलाई पश्चात्ताप र विश्वासमा ल्याई उहाँ अहिले मण्डलीमा सक्रिय हुनुहुन्छ।

१. *सेवाको निम्ति शक्ति।* पवित्र आत्माको उपस्थिति र शक्तिले ख्रीष्टमा मानिसहरूलाई जित्नका लागि सम्भव तुल्याउँछ। नाश भएकाहरूलाई जित्ने रहस्य कुनै विशेष योजना वा परियोजनामा हुँदैन, तर पवित्र आत्माको व्यक्तित्वमा हुन्छ। यदि हाम्रा योजनाहरू र कार्यक्रमहरूले परमेश्वरको इच्छा र पवित्र आत्माको निर्देशनलाई प्रतिबिम्ब गरे भने मात्र तिनीहरू प्रभावकारी बन्न सक्छन्।

ख्रीष्टले आफ्ना चेलाहरूलाई स्पष्ट रूपमा भन्नुभएको थियो, कि तिनीहरूले पवित्र आत्माको आगमनको निम्ति यरूशलेममा पर्खेर बस्नुपर्नेछ। उहाँले यो प्रतिज्ञा गर्नुभयोः

> तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा,

> सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ (प्रेरित १:८)।


चेलाहरूका जीवनमा पवित्र आत्माको शक्तिका नतीजाहरूलाई प्रेरितको पुस्तकले प्रस्तुत गरेको छ। विरोधको सामना गर्न र नाश भइसकेकाहरूलाई जित्नका लागि पवित्र आत्माले तिनीहरूलाई सक्षम बनाउनुभयो। उहाँले तिनीहरूका जीवनलाई परिवर्तन गर्नुभयो र परमेश्वरका निम्ति तिनीहरूको संसारलाई परिवर्तन गर्नका लागि उहाँले तिनीहरूलाई क्षमता दिनुभयो।

आनन्द र सफल सेवाका साथ अझ उत्तम साक्षीहरू हुनका लागि पवित्र आत्माले हामीलाई तयार पार्नुहुन्छ। प्रेरित १:८-को प्रभुको प्रतिज्ञामा प्रयोग गरिएका दुइ महत्त्वपूर्ण शब्दहरू *शक्ति* र *साक्षी* हुन्। पवित्र आत्माको बप्तिस्माले चेलाहरूलाई परिवर्तन (बदली) गऱ्यो। तिनीहरू साहसी व्यक्तिहरू बने। पवित्र आत्माले तिनीहरूको साक्षीको प्रभावकारितालाई पनि परिवर्तन गरिदिनुभयोः तिनीहरूले शक्तिसाथ बोलेका हुनाले त्यहाँ ठूला नतीजाहरू भए।

पवित्र आत्माको आगमनको अर्थ आज हाम्रा निम्ति के हुन्छ त? यसको अर्थ यही नै हुन्छ कि पवित्र आत्माको शक्ति शुरूको मण्डलीसँग समाप्त भएको छैन। छानिएका मानिसहरूको समूहको निम्ति मात्र यो होइन। प्राप्त गर्न चाहने सबैका निम्ति मुक्ति भएझैं पवित्र आत्मा र उहाँको शक्ति पनि प्राप्त गर्न चाहने सबैका लागि उपलब्ध छ। पेन्तिकोसको दिनमा जम्मा भएको भीड़लाई पत्रुसले यसो भनेः

> किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ (प्रेरित २:३९)।

मानवीय दृष्टिकोणबाट ख्रीष्टको निम्ति संसारलाई जित्ने कार्य असम्भवजस्तो देखिन्छ। चेलाहरूले जस्तै हामीले पनि असहायको अनुभव गर्छौं। यद्यपि, प्रभुले हामीसँग हुने प्रतिज्ञा गर्नुभएको छ। उहाँले जे कुरा गर्नू भनी हामीलाई आज्ञा गर्नुभएको छ सो गर्नका लागि हामीलाई शक्ति दिन उहाँले पवित्र आत्मा पठाउनु भएको छ। पेन्तिकोसको दिनदेखि, सबै ख्रीष्टियानहरूले पवित्र आत्माको शक्ति र निर्देशनलाई दाबी गर्ने अधिकार पाएका छन्।




जब हामी पवित्र आत्माको शक्तिमा जिउँछौं र उहाँको नेतृत्वलाई जान्दछौं भने, यही नै आनन्दित र सफल सेवाको निश्चयता हो। प्रत्येक विश्वासीद्वारा र सम्पूर्ण मण्डलीद्वारा साक्षी दिने इच्छा पवित्र आत्माले गर्नुहुन्छ।

२. *अविश्वासीको तयारी।* आत्माले विश्वासीका वचनहरूलाई अभिषेक गर्ने वा उसलाई शक्तिशाली साक्षी दिनुहुने मात्र होइन, तर उहाँले अविश्वासीको हृदयमा काम गरी सन्देश प्राप्त गर्नका लागि उसलाई तयार गर्नुहुन्छ। पवित्र आत्माले नै अविश्वासीलाई पापको सम्बन्धमा कायल पार्नुहुन्छ र उसलाई पश्चात्तापमा डोऱ्याउनुहुन्छ।

६ तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र प्रत्येक पदमा उल्लेखित पवित्र आत्माको कामलाई वर्णन गर्नुहोस्ः

**क.** यूहन्ना ६ः४४ ............................................

**ख.** यूहन्ना १६ः७-८ ............................................

**ग.** रोमी ८ः१३ ............................................

**घ.** रोमी ८ः१४-१५ ............................................

**ङ.** २ कोरिन्थी ३ः५-६ ............................................

**च.** प्रकाश २२ः१७ ............................................

मानिसहरूलाई आफूकहाँ ल्याउन आवश्यक पर्ने सबै कुरालाई परमेश्वरले आफ्नो अनुग्रहमा जुटाउनुभएको छ। परमेश्वरले सित्तैंमा प्रदान गर्नुभएको कुरालाई स्वीकार गर्ने छनौट मात्र मानिसले बनाउनुपर्छ।

तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र

उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का सावित गरियो। परमेश्वरले पनि चिन्हहरू, अचम्मका कामहरू, विभिन्न आश्चर्यकर्महरू, र उहाँको आफ्नो इच्छाबमोजिम बाँड़िएको पवित्र आत्माका वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो (हिब्रू २:३-४)।

१० सुसमाचार प्रचारका कार्यमा पवित्र आत्माका दुइ मुख्य क्रियाकलापहरूलाई तपाईंका आफ्नै शब्दहरूमा अहिले नै छोटकरीमा व्याख्या गर्नुहोस्। ......................................................

......................................................................................

## सुसमाचार प्रचारको सेवा

मण्डली पवित्र आत्माको प्रतिनिधि हो। मण्डलीको विशेष कार्य परमेश्वरको सेवा (मिशन)-लाई सञ्चालन गर्नु हो– सारा संसारमा गएर सबै जातिहरूलाई चेला बनाउनु।

*मिशन* शब्द ल्याटिन *मिशिओ* शब्दबाट आउँछ, जसको अर्थ पठाउनू भन्ने हुन्छ। हामीले यसलाई प्रयोग गर्दा यस शब्दले आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाउनुहुने पिता र चेलाहरूलाई पठाउनुहुने पुत्रलाई सम्बोधन गर्छ। मानव-जातिको निम्ति भएको परमेश्वरको उद्धारीय उद्देश्यलाई पूरा गर्नका निम्ति दुवैलाई पठाइएको थियो। मिशनचाहिँ पृथ्वीमा मण्डलीको कार्य हो। सुसमाचार प्रचारचाहिँ मिशनको विशेष कार्य हो। संसारलाई सुसमाचार प्रचार गर्ने मण्डलीको मिशनको सफलता यसका ईश्वरीय अवस्था र मार्गदर्शनहरूमा भर पर्छ।

### सुसमाचार प्रचारका निम्ति अवस्थाहरू

उद्देश्य ५: *सुसमाचार प्रचारका निम्ति आवश्यकीय अवस्थाहरूलाई चिन्नुहोस्।*

१. सर्वप्रथम त्यहाँ *आराधनाको प्रवृत्ति* हुनैपर्छ। मण्डली "पवित्र मन्दिर" र "पवित्र पूजाहारीगिरी" हो जो "येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउनको निम्ति जिम्मेवारी छ" (१ पत्रुस २:५)। खाँचोमा परेकाहरूलाई आफूले सेवा गरेर

परमेश्वरलाई सेवा (वा आराधना) गर्नका लागि मण्डलीलाई बोलाइएको छ। मण्डलीको मिशन आराधनाको कार्य हो– वास्तवमा मण्डलीले परमेश्वरलाई दिन सक्ने आराधनाको सबैभन्दा ठूलो अभिव्यक्ति नै यही हुन सक्छ।

२. मण्डलीले *पूजाहारीय कार्य* पनि गर्नुपर्छ। पुरानो करारमा पूजाहारी परमेश्वर र मानिसका बीचमा *मध्यस्थकर्ता* थिए। उनले मानिसहरूकहाँ परमेश्वरलाई र परमेश्वरकहाँ मानिसहरूलाई प्रतिनिधित्व गर्थे। मन्दिर आराधनाविना कहिल्यै रहेन र बलिदानिक भेटीविना त्यहाँ कहिल्यै आराधना पनि भएन। अब ख्रीष्ट, अर्थात् हाम्रा *प्रधान पूजाहारी*सँगको मण्डलीको सम्बन्धले मण्डलीलाई "राजाका पूजाहारीहरू" बनाएको छ (१ पत्रुस २ः९)। हामी हिब्रू ९ः११-१२-मा पढ्छौंः

> जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो, उहाँ अझ महान् र सिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन...। बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निम्ति एकै पल्ट महा-पवित्रस्थानभित्र उहाँ प्रवेश गर्नुभयो।

सम्पूर्ण मानव-जातिका निम्ति येशूले एकै पल्ट गर्नुभएको आफ्नो बलिदानले गर्दा नै मण्डली उहाँको राजकीय पूजाहारीगिरी, र परमेश्वर र मानिसका बीचको मध्यस्थ बन्न सकेको छ। अब *मण्डली*ले परमेश्वरलाई संसारमा प्रतिनिधित्व गर्छ र परमेश्वरको सामु संसारको प्रतिनिधित्व गर्छ। हामीले अविश्वासीहरूलाई परमेश्वरको सन्देश लाने मात्र होइन, तर नाश भएकाहरूका निम्ति र शरीरका अन्य सदस्यहरूका निम्ति हामीसँग मध्यस्थता (प्रार्थना)-को सेवा पनि छ। याकूब ५ः१३-२०-ले प्रार्थनाको शक्तिको सम्बन्धमा ख्रीष्टियानलाई प्रेरणादायिक उत्साह दिएको छ। यो बाइबल खण्डलाई पढ्नुहोस् र विशेष गरी १६,१९ र २० पदहरूलाई ध्यान दिनुहोस्ः

> यसकारण तिमीहरू एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।
>
> मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्याओ भने, त्यसले जानोस् कि जसले

एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ।

३. कार्यको निम्ति मण्डलीसँग ईश्वरीय *शक्ति* वा क्षमता हुनैपर्छ। चेलाहरूलाई भनिएको थियोः "तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही शहर (यरूशलेम)-मा बसिरहो" (लूका २४:३६)। प्रभुका प्रेरितहरू र चेलाहरू उहाँबाटको शक्तिविना साक्षी र सेवाको निम्ति योग्य थिएनन्। साक्षी दिनका लागि हामीलाई आवश्यक पर्ने शक्ति प्रदान गर्नका लागि येशूले पवित्र आत्मालाई पठाउनुभयो भन्ने कुरा हामीले हेरिसकेका छौं। परमेश्वरका आत्माको भरपूरिबाट आउने ईश्वरीय सहायता आज मण्डलीको निम्ति अति नै आवश्यक छ।

४. सुसमाचार प्रचारको निम्ति अन्तिम अवस्था *विश्वास* हो। उहाँको वचन बोल्दा उहाँले आशिष् दिनुहुनेछ भन्ने परमेश्वरको प्रतिज्ञामा हामी विश्वास राख्न सक्छौं। यशैया ५५:१०-११-मा हामी प्रभुबाटको यस प्रतिज्ञालाई पढ्छौंः

> जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यसैतिर फर्केर जाँदैन, तर जमीनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।

परमेश्वरको सन्देश घोषणा गर्नेले नतीजाहरूका बारेमा कुनै पनि शङ्का लिनु हुँदैन, र यो कुरा उसलाई थाहा हुनुपर्छ कि "परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भनी उहाँमा भरोसा राख्नुपर्छ" (हिब्रू १०:२३)।

११ सुसमाचार प्रचारको निम्ति भएका विभिन्न अवस्थाहरूका सम्बन्धमा यी बयानहरूमध्ये कुन-कुन **ठीक** छन्?

**क.** संसारमा परमेश्वरका प्रतिनिधिहरूका रूपमा पापपूर्ण मानिसकहाँ सन्देश लैजाने हाम्रो जिम्मेवारी छ।

**ख.** परमेश्वरको सामु संसारका प्रतिनिधिहरूमा रूपमा,पापमा नाश भएकाहरूका निम्ति प्रार्थना गरिदिनु हाम्रो जिम्मेवारी हो।

**ग.** हामी सुसमाचार प्रचारमा संलग्न भयौं वा भएनौं भन्ने कुराले परमेश्वरप्रतिको हाम्रो आराधनालाई असर पार्न सक्दैन।

**घ.** शुरूका चेलाहरूलाई झैं हामीलाई पनि सेवाको निम्ति उही नै शक्ति दिइएको छ।

**ङ.** आत्माहरू जित्नका लागि, हामीलाई आवश्यक पर्ने कुरा तिनीहरूलाई सन्देश प्रस्तुत गर्ने हाम्रो क्षमतामा भएको विश्वास हो।

**च.** संसारमा सुसमाचार प्रचार गर्नुपर्ने ख्रीष्टको आज्ञालाई पूर्ण रूपमा पालन गर्नका निम्ति सबै अवस्थाहरूलाई पूरा गरिनुपर्छ।

**छ.** जब हामी विश्वासयोग्यसाथ परमेश्वरको वचनलाई प्रस्तुत गर्छौं, नतीजाहरूका निम्ति हामी परमेश्वरमा भरोसा राख्न सक्छौं।

## सुसमाचार प्रचारका निम्ति मार्गदर्शनहरू

उद्देश्य ६: *संसारका लागि मण्डलीको सन्देशको आधारभूत विषयवस्तु कस्तो हुनुपर्छ उल्लेख गर्नुहोस्।*

सुसमाचार प्रचारको निम्ति मण्डलीलाई स्पष्ट मार्गदर्शन दिइएको छ। पहिलो, यो *अधिकारसाथ जानुपर्छ।* सारा संसारमा गएर प्रत्येकलाई शुभ समाचार सुनाउने अधिकार प्रभु आफैले मण्डलीलाई दिनुभएको छ। संसारचाहिँ क्षेत्र हो र शुभ समाचारचाहिँ प्रत्येक व्यक्तिको निम्ति हो।

मण्डली *उद्देश्यसहित अगि जानुपर्छ।* मण्डलीको उद्देश्य चेलाहरू बनाउने, तिनीहरूलाई बप्तिस्मा दिने, र तिनीहरूलाई सिकाउने लक्ष्यसहित सुसमाचार प्रचार गर्नु हो (मत्ती २८:१९-२०)।

तेस्रो, *सन्देशसहित मण्डली अगि जानुपर्छ।* मण्डलीको आफ्नै सन्देश छैन, तर प्रभुको सन्देशलाई नै मण्डलीले घोषणा गर्नुपर्छ। "प्रचारको काम गर्नू" (२ तिमोथी ४:५), "वचन प्रचार गर्नू, पूर्ण धैर्यतासाथ यसलाई घोषणा गर्ने काममा जोड़ दिनू" (२ तिमोथी ४:२) भनी प्रेरित पावलले तिमोथीलाई अर्ती दिएका छन्। सुसमाचारीय सफलताको निम्ति ठीक बाइबल सिद्धान्त वा सत्यताको प्रचार गर्नु आवश्यक छ। तर बाइबल सिद्धान्तहरूचाहिँ के हुन् त? मण्डलीको सन्देशको विषयवस्तु के हुनैपर्छ त?

सन्देश




**सबै चिन्हहरूले "जाओ" भन्छन्**

१. मण्डलीको सन्देश *ख्रीष्ट-केन्द्रित* हुनैपर्छ। पावल आफूले "येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक" अरू केही प्रचार नगरेको कारण कोरिन्थीहरूका बीचमा सफल भएका कुरालाई दाबी गरेका छन् (१ कोरिन्थी २ः२)। ख्रीष्टको मृत्यु, पुनरुत्थान र दोस्रो आगमनको साधारण सन्देश मण्डलीको सिद्धान्तको मुटु बन्नैपर्छ।

२. मण्डलीको *सन्देश बाइबल– केन्द्रित* हुनैपर्छ। परमेश्वरको वचन ख्रीष्टियान सत्यताको मुटु र चुरो हो। सत्यतालाई मानिसले आविष्कार गरेको होइन र यो मानिसमा प्राप्त गर्न पनि सकिँदैन। बाइबल सबै सत्यताको श्रोत हो। बाइबललाई मानिसको प्रत्येक अनुभवसँग मिलाउन सकिन्छ र हामीले चाल्ने प्रत्येक कदमको निम्ति यो मार्गदर्शन हो।

३. मण्डलीको *सन्देश अनन्तता– केन्द्रित* हुनैपर्छ। सबै मानिसहरूले अनन्तताको सामना गर्नैपर्छः "मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ" (हिब्रू ९ः२७)। सम्पूर्ण जीवन नै वास्तवमा अनन्त जीवनको निम्ति तयारी मात्र हो। मण्डलीको सन्देशले मुक्तिको यस अनन्त मूल्यलाई प्रदर्शन गर्नैपर्छ। ख्रीष्टमा भएको जीवनको अनन्त मूल्यको बारेमा तीतस २ः११-१३-ले हामीलाई स्मरण गराएको छः

> किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। र हाम्रो धन्यको आशा– हाम्रा महान्

परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको लागि प्रतिक्षा गर्दछौं।

पृथ्वीमा ख्रीष्टको आगमनले नयाँ युग ल्याएको थियो। उहाँको जीवन, मृत्यु र पुनरुत्थान पुरानो करार अगमवाणीहरूका प्रत्यक्ष परिपूर्ति थियो। प्रभु र राजाका रूपमा ख्रीष्टको फर्काईले पनि नयाँ युगको थालनी गर्नेछ। जीवित र मरेकाहरूलाई इन्साफ गर्नका लागि ख्रीष्ट महिमामा फर्कनुहुनेछ (प्रेरित ३:१९-२३; १०:४२)। संसारका सबै मानिसलाई पश्चात्तापमा डोऱ्याउने यही नै पर्याप्त कारण हुन्छ।

अन्तमा, *जरूरतको ज्ञानसाथ* मण्डली जानैपर्छ। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन" (यूहन्ना ९:४)। जब येशूले ७० जना मानिसहरूलाई सुसमाचार प्रचार गर्नका निम्ति वरपरका गाउँहरूमा पठाउनुभयो, उहाँले तिनीहरूलाई यसो भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्" (लूका १०:२)। खेतालाहरूका निम्ति प्रार्थना गर्नू भनी उहाँले यी चेलाहरूलाई बताइसक्नुभएपछि, तिनीहरूका निम्ति उहाँको अर्को शब्दचाहिँ "जाओ" थियो भन्ने कुरालाई ध्यान दिनुहोस् (लूका १०:३)। खेतालाहरू पठाउनुहोस् भनी जब हामी प्रभुसँग प्रार्थना गर्छौं, उहाँले पठाउनुहुने व्यक्तिहरू हामी नै भयौं भने , त्यसमा हामी छक्क पर्नु हुँदैन! गरिनुपर्ने काम छिट्टै गरिहाल्नुपर्छ। प्रत्येक राज्य र संसारको प्रत्येक भाषा समूहको बीचमा मण्डलीहरू स्थापित हुनैपर्छ!

१२ सन्देशसँगै जाने हाम्रो *अधिकार* के हो?

........................................................................

१३ हामी सन्देशसँगै जाँदा हाम्रो *उद्देश्य* के हो? ........................

........................................................................

१४ सुसमाचार प्रचार गर्ने काममा किन ठूलो *जरूरत* छ? ..............

........................................................................

१५ संसारप्रतिको मण्डलीको सन्देशको मुख्य विषयवस्तु के हुनैपर्छ, तपाईंका आफ्नै शब्दहरूमा छोटकरीमा उल्लेख गर्नुहोस्।

........................................................................

........................................................................

## सुसमाचार प्रचारलाई पूरा गर्नु

उद्देश्य ७: *सुसमाचार प्रचार कार्यका चार कदमहरूलाई परिचित गर्नुहोस्।*

मण्डलीले आफ्नो सुसमाचारीय कामलाई कसरी स्थापित गर्नुपर्छ? मेलवीन हज नाम गरेका एक महत्त्वपूर्ण मिशनरीले यी चार मुख्य शब्दहरू हामीलाई दिएका छन्, जसले परमप्रभुको काम कसरी गर्नुपर्छ भन्ने कुरालाई परिभाषित गरेका छन्: *उपस्थिति, घोषणा, उत्प्रेरणा* र *सहभागिता।*

१. *उपस्थिति।* यसको सामान्य अर्थ यही नै हुन्छ कि ख्रीष्टियानहरू, त्यहाँ हुनु नै सुसमाचार प्रचार गर्नु हो। प्रेमका कार्यहरूसाथ भरिएको ख्रीष्टियानको जीवन महत्त्वपूर्ण साक्षी हो। मण्डलीका सदस्यहरूको ख्रीष्टजस्तो चरित्रद्वारा मण्डलीले समुदायलाई साक्षी दिएको हुन्छ। ख्रीष्टियानको जीवन उसले भनेका कुराहरूभन्दा पनि चर्को गरी बोल्छ। हामीले पहिले नै देखिसकेका छौं कि ऊ को हो भन्ने कुरा उसले आफ्नो ख्रीष्टियान सेवाद्वारा प्रकट गर्छ। उसको स्वभावैले अरूहरूको जस्तोसुकै आवश्यकतालाई पनि सेवा पुऱ्याउन सम्भव तुल्याउँछ।

२. *घोषणा।* ख्रीष्टियान सेवा (मिशन)-को मुख्य उद्देश्य येशू ख्रीष्टलाई ईश्वर र एक मात्र मुक्तिदाता भनी घोषणा गर्नु हो। अविश्वासीहरूका बीचमा सुसमाचारअनुसार *जिउनैपर्छ* र यसलाई *घोषणा* पनि गरिनैपर्छ। घोषणा गर्नु भनेको के हो? "बताउनु, भन्नु" हो। घोषणा येशूको व्यक्तित्वमा केन्द्रित हुन्छ र सबै मानिसहरूका आवश्यकताप्रति यो निर्देशित हुन्छ र यसले निर्णयको माग गर्छ।

३. *उत्प्रेरणा।* मण्डलीको सेवा सामान्य सञ्चारभन्दा पनि अझ धेरै हो। मण्डलीले अविश्वासीलाई परमेश्वरको सन्देशप्रति उत्प्रेरणा वा विश्वास दिलाउने कोशिश गर्छ। यसले निर्णयको माग गर्छ– जीवनको आफ्नो मार्ग परिवर्तन गर्न र येशू ख्रीष्टमा विश्वास र आज्ञाकारितामा फर्कनका लागि यसले बिन्ती गर्छ। येशूका चेलाहरू बन्नका लागि मण्डलीले अविश्वासीहरूलाई उत्प्रेरणा दिन्छ।

४. *सहभागिता।* मण्डलीले खोज्ने अन्तिम नतीजाचाहिँ ख्रीष्टको शरीरमा पुरुष र स्त्रीहरूको सक्रिय सहभागिता हो। प्रभावकारी सुसमाचार प्रचारले दुष्टता र पापबाट परिवर्तन गरी परमेश्वर र उहाँका मानिसहरूतर्फ डोऱ्याउने काम गर्नैपर्छ। नयाँ विश्वासी

मण्डलीको अङ्ग बन्नैपर्छ। नयाँ ख्रीष्टियानको निम्ति मण्डलीचाहिँ परिवार बन्छ, जहाँ अरू विश्वासीहरूसँग उनले सङ्गति गर्न सक्छन्।

एक पल्ट नयाँ विश्वासीहरू मण्डलीका सदस्यहरू बनिसकेपछि, संसारमा सुसमाचार प्रचार गर्नका लागि संलग्न हुनका निम्ति तिनीहरूलाई सिकाउनुपर्छ।




१६ दायाँपट्टि दिइएका सुसमाचार प्रचारका चार कदमहरूलाई बायाँपट्टि दिइएका तिनीहरूका परिभाषाहरूसँग जोड़ा मिलाउनुहोस्। प्रत्येक खाली ठाउँमा तपाईंको छनौटको अङ्कलाई लेख्नुहोस्।

| | |
|---|---|
| ... **क** संसारको विरुद्धमा र ख्रीष्टको निम्ति निर्णय बनाउनका लागि अविश्वासीलाई आह्वान गर्छ। | १) उपस्थिति<br>२) घोषणा |
| ... **ख** आवश्यकतामा परेकालाई ख्रीष्टको सन्देश बताउनु | ३) उत्प्रेरणा |
| ... **ग** विश्वासयोग्य ख्रीष्टियान जीवनको साक्षी | ४) सहभागिता |
| ... **घ** नयाँ विश्वासीहरूद्वारा मण्डलीको काममा सक्रिय संलग्नता | |

अध्ययनको यस एकाइमा हामीले हेऱ्यौं कि मण्डलीको सेवाचाहिँ त्रिपक्षिय छः आराधनामा परमेश्वरलाई सेवा गर्न, सङ्गति र सुधारमा यसका आफ्नै सदस्यहरूलाई सेवा गर्न, र सुसमाचार प्रचारद्वारा संसारलाई सेवा गर्न यसलाई बोलाइएको छ। तीनवटै सेवाहरू महत्त्वपूर्ण छन् र पवित्र धर्मशास्त्रले प्रस्तुत गरेझैं एकैसाथ तिनीहरूले मण्डलीको सेवालाई पूरा गर्छन्। के तपाईंको आफ्नै सेवा यी तीन क्षेत्रहरूमा आशिष्मय भएका छन्?

तपाईंले स्वयम्-जाँच लिनुभएपछि, पाठ ४-देखि ७-सम्म समीक्षा गर्नुहोस्, र अर्को पाठमा जानुभन्दा पहिले एकाइ विद्यार्थी प्रतिवेदन २-लाई पूरा गर्नुहोस्।

## स्वयम्-जाँच

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक बयानलाई पूरा गर्ने सबैभन्दा ठीक उत्तरलाई छान्नुहोस्।

१ ख्रीष्टको महान् आज्ञा यही नै थियो कि

**क.** टाढ़ा-टाढ़ा ठाउँहरूमा कसैले सुसमाचार लैजाओस् भनी हामीले प्रार्थना गर्नैपर्छ।

**ख.** हामीले अविश्वासीकहाँ ख्रीष्टको सन्देश लगी उसलाई बप्तिस्मा र तालिम दिनैपर्छ।

**ग.** हाम्रा मण्डली सेवाहरूमा अविश्वासीहरू आऊन्, सन्देश सुनून्, र मुक्तिदाताका रूपमा ख्रीष्टलाई ग्रहण गरून् भनी हामीले आशा राख्नैपर्छ।

२ महान् आज्ञा विश्वव्यापी छ। यसको अर्थ यही हो कि

**क.** सुसमाचार सुन्ने प्रत्येकले उद्धार पाउनेछ।

**ख.** सबै ख्रीष्टियानहरूले सबै संसारमा सन्देश लैजानैपर्छ।

**ग.** यदि हामीले ख्रीष्टको आज्ञा पालन गरेनौं भने, अरू कसैले हाम्रो सट्टामा यो गर्नेछ।

३ महान् आज्ञा पूरा गर्ने दायित्व हामीसँग छ, किनकि

**क.** हामीले अनन्त जीवन पाउनसक्ने एक मात्र उपाय यही नै हो।

**ख.** यदि हामीले ख्रीष्टको आज्ञालाई पालन गरेनौं भने हाम्रो मण्डलीको वृद्धि हुनेछैन।

**ग.** हामी अयोग्य हुँदाहुँदै पनि परमेश्वरले आफ्नो अनुग्रहमा हामीलाई उद्धार गर्नुभयो।

४ सुसमाचार प्रचारमा पवित्र आत्माको कार्य

**क.** येशू ख्रीष्टनै परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्नु हो।

**ख.** महान् आज्ञा पूरा गर्नैपर्छ भनी ख्रीष्टियानहरूलाई दबाब दिनु हो।

**ग.** संसारमा परमेश्वरका साक्षी हुनका लागि अति योग्य पुरुष र स्त्रीहरूलाई छान्नु हो।

**घ.** सबै विश्वासीहरूलाई सेवाको निम्ति शक्ति दिनु र अविश्वासीहरूका हृदयहरूलाई तयार पार्नु हो।

**५** मण्डलीले पूजाहारीय कार्य गर्छ भनी जब हामी भन्छौं, यसो भन्दा हामीले यही अर्थ लगाएका हुन्छौं कि यसले
  **क.** परमेश्वर र विश्वासीको बीचको मध्यस्थताको काम गर्छ। ख्रीष्टलाई नचिन्ने व्यक्तिको निम्ति प्रार्थना गर्ने कुरा यसमा समावेश हुन्छ।
  **ख.** पापमा भएकाहरूका निम्ति प्रायश्चितका रूपमा परमेश्वरमा बलिदानहरू चढ़ाउँछ।

**६** उपस्थितिको अर्थ हामीले यही लगाउछौं, कि विश्वासीको साक्षी
  **क.** ऊ जो *हो* त्यसमा आधारित हुन्छ।
  **ख.** उसले जे *भन्छ*, त्यसमा आधारित हुन्छ।
  **ग.** उसले जे *गर्छ* त्यसमा आधारित हुन्छ।
  **घ.** उसले जे *विश्वास* गर्छ त्यसमा आधारित हुन्छ।

**ठीक-बेठीक प्रश्न**ः यदि बयान ठीक छ भने दिइएको खाली ठाउँमा *ठी* र यदि बयान बेठीक छ भने *बे* लेख्नुहोस्।

… ७ अनन्त जीवनको उहाँको सन्देश सुन्न आवश्यक परेका व्यक्तिहरूलाई खोज्ने उदाहरण ख्रीष्टको थियो।
… ८ *घोषणा*को अर्थ विश्वासयोग्य ख्रीष्टियान जीवनको साक्षी हो।
… ९ ख्रीष्टलाई ग्रहण गर्नका लागि अविश्वासीहरूलाई उत्प्रेरणा दिने सक्रिय काम पवित्र आत्माको हो।
… १० सुसमाचार लैजानुपर्ने जरूरतको कारणचाहिँ यही हो कि हामीले भन्दा पनि पहिले अरू नै कामदारहरूले सन्देश लिएर जानेछन्।
… ११ कामदारहरू पठाउनुहोस् भनी हामीले प्रभुसँग प्रार्थना गर्दा यदि उहाँले हामीलाई नै पठाउनुभयो भने हामी छक्क पर्नुहुँदैन।
… १२ सन्देशसँगै जाने हाम्रो अधिकार येशूको आज्ञा हो।
… १३ हाम्रो वर्तमान जीवनको उद्देश्य अनन्त जीवनको निम्ति हामीलाई तयारी गर्नु हो।
… १४ हामीले प्रचार गर्ने बाइबल सिद्धान्तलाई साधारण मानिसले बुझ्न सक्दैन।
… १५ यदि हामीले अविश्वासीकहाँ लगेको सन्देश ख्रीष्ट-केन्द्रित र बाइबल-केन्द्रित छ भने, यो प्रभावकारी हुन्छ भन्ने कुरा हामीलाई थाहा छ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८ **क** पिताले मानिसहरूलाई ख्रीष्टमा तान्नुहुन्छ– उहाँले आफ्ना पवित्र आत्माद्वारा यसो गर्नुहुन्छ।
**ख** मानिसहरू पापका बारेमा दोषी छन् भन्ने कुरा पवित्र आत्माले प्रमाणित गर्नुहुन्छ।
**ग** मानिसहरूका आफ्ना पापपूर्ण कार्यहरू रोक्नका लागि पवित्र आत्माले तिनीहरूलाई सहायता गर्नुहुन्छ।
**घ** आत्माले हामीलाई परमेश्वरका सन्तान बनाउनुहुन्छ।
**ङ** ख्रीष्टको आज्ञा पालन गर्नका लागि आत्माले हामीलाई सक्षम बनाउनुहुन्छ; उहाँले जीवन दिनुहुन्छ।
**च** आत्माले मानिसहरूलाई ख्रीष्टमा बोलाउनुहुन्छ।

१ **क** उहाँले जखायसलाई रूखमा भेट्टाउनुभयो। नतीजाः जखायसले आफ्नो पापबाट पश्चात्ताप गरे र मुक्ति पाए।
**ख** उहाँले सिमोन पत्रुस, याकूब र यूहन्नालाई तालको किनारमा भेट्टाउनुभयो। नतीजाः तिनीहरूले आफ्ना डुङ्गाहरू त्यागे र उहाँका चेलाहरू बने।
**ग** उहाँले सामरी स्त्रीलाई इनारमा भेट्नुभयो। नतीजाः तिनको साक्षीको कारण, धेरै मानिसहरूले येशूमा विश्वास गरे।

१० (तपाईंका आफ्नै शब्दहरूमा) ख्रीष्टको बारेमा साक्षी दिनका लागि उहाँले विश्वासीलाई शक्ति दिनुहुन्छ। उहाँले अविश्वासीको हृदयलाई तयार पार्नुहुन्छ (पापको कायल बनाउनु, पापबाट फर्कनका लागि उसलाई सहायता गर्नुहुन्छ, उसलाई ख्रीष्टमा खिच्नुहुन्छ, उसलाई परमेश्वरको बालक बनाउनुहुन्छ)।

२ ग) त्यस दिनदेखि आजसम्मका सबै विश्वासीहरूलाई।

११ **क** ठीक — **घ** ठीक
**ख** ठीक — **ङ** बेठीक
**ग** बेठीक — **च** ठीक
**छ** ठीक

३ **क** ठीक — **घ** बेठीक
**ख** ठीक — **ङ** ठीक
**ग** बेठीक — **च** ठीक

१२ येशूको आज्ञा

४ हाम्रा नजीक भएकाहरूलाई र टाढ़ा भएकाहरूलाई सुसमाचार लैजाने जिम्मेवारी हामीलाई दिइएको छ।

१३ सुसमाचार प्रचार गर्नु, चेलाहरू बनाउनु, तिनीहरूलाई बप्तिस्मा दिनु र तिनीहरूलाई तालिम दिनु।

५ किनकि परमेश्वरले आफ्नो अनुग्रहमा हामीलाई उद्धार गर्नुभएको छ र उहाँले हाम्रो निम्ति जे गर्नुभएको छ, उहाँप्रति हामी प्रेमको ऋणी छौं। अरूहरूप्रति भएको उहाँको प्रेमको बारेमा हामी तिनीहरूलाई बताउन चाहन्छौं, यसरी तिनीहरूले पनि उद्धार पाउनेछन्।

१४ किनकि यस्तो समय आउनेछ, जब मानिसहरूले सुसमाचार सुन्ने वा न्यायबाट उद्धार पाउने मौका पाउनेछैनन्।

६ तपाईंको उत्तर। यससँग यो मिल्दोजुल्दो हुनुपर्छः सुसमाचार प्रचार भनेको नाश भएका पुरुष र स्त्रीहरूलाई सुसमाचार सन्देश प्रस्तुत गर्नु हो यसरी तिनीहरूले ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नेछन्।

१५ (तपाईंका आफ्ना शब्दहरूमा) ख्रीष्ट र उहाँको उद्धारीय काम– उहाँको मृत्यु, पुनरुत्थान र फर्काईको वरिपरि उहाँको सन्देश केन्द्रित हुनैपर्छ। यो परमेश्वरको वचनमा आधारित हुनैपर्छ। यसले मानिसहरूलाई अनन्तताको निम्ति तयारी पार्नैपर्छ।

७ नाश भएकाहरू आफूकहाँ आउनु भनी येशूले पर्खनुभएन। उहाँ बाहिर गएर तिनीहरूलाई भेट्टाउनुभयो।

१६ क ३) उत्प्रेरणा
ख २) घोषणा
ग १) उपस्थिति
घ ४) सहभागिता

८ येशूलाई ग्रहण गर्ने मौका प्रत्येक व्यक्तिलाई दिइएको छ।

# एकाइ ३

# सेवा:
# मण्डलीको निम्ति ख्रीष्टको उद्देश्य



# पाठ ८

# सेवामा व्यक्ति

एक पल्ट मैले एउटा कविता पढ़े, जहाँ अरूहरूप्रतिको व्यक्तिगत सेवाको महत्त्वको बारेमा बताइएको थियो। यो यस्तो थियोः

*परमेश्वरको आवाज सुनेको जस्तो मलाई लाग्यो,*
*अनि म अग्लो पहाड़मा उक्लें,*
*तर परमेश्वरले घोषणा गर्नुभयो, "तँ फेरि तल जा,*
*म मानिसहरूका बीचमा नै वास गर्छु।"*

लेखक अज्ञात

सुसमाचारको सेवा परमेश्वरका मानिसहरूद्वारा गरिन्छ। सबै बोलावटहरूमध्ये यो उच्च बोलावट हो। परमेश्वरले यसलाई अति नै व्यक्तिगत राख्नुभएको छ। पृथ्वीमा आफ्नो काम पूरा गर्नका लागि परमेश्वरले स्वर्गदूतहरू वा स्वर्गीय प्राणीहरूलाई बोलाउन सक्नुहुन्थ्यो। त्यसको सट्टामा, उहाँले तपाईं र मलाई छान्नुभयो।

परमेश्वरप्रति, आफैप्रति र संसारप्रतिको सेवामा मण्डली सम्पूर्ण रूपमा कसरी संलग्न भएको छ भन्ने बारेमा यसभन्दा पहिलेको हाम्रो एकाइमा हामीले अध्ययन गरिसकेका छौं। सेवाको निम्ति प्रत्येक व्यक्तिसँग व्यक्तिगत जिम्मेवारी छ भन्ने विषयमा अब हामी हेर्नेछौं। यस पाठको उद्देश्य व्यक्तिको रूपमा *तपाईंद्वारा* परमेश्वरको योजना र कार्य कसरी पूरा भएको छ सो देखाउनु हो। *तपाईं* परमेश्वरको योजनामा मिल्न सक्नुपर्छ। संसारलाई *तपाईंको* आवश्यकता छ।



मण्डलीलाई तपाईंको आवश्यकता छ। तर सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ परमेश्वरलाई तपाईंको आवश्यकता छ। परमेश्वरको उद्धारीय उद्देश्यमा व्यक्तिगतरूपमा संलग्न हुनका लागि उहाँले तपाईंलाई व्यक्तिगत निमन्त्रणा दिनुहुन्छ। उद्धार प्राप्त गर्नुभएको व्यक्तिको रूपमा, तपाईंचाहिँ परमेश्वरको योजनाको साँचो हुनुहुन्छ।

## *पाठको रूपरेखा*

व्यक्तिगत बोलावट
व्यक्तिगत योग्यताहरू
व्यक्तिगत तयारी

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- सेवामा परमेश्वरको सामान्य बोलावट र विशेष बोलावटको अर्थ के हो सो व्याख्या गर्न सक्नुपर्नेछ।
- प्रभावकारी सेवाको निम्ति आवश्यकपर्ने ख्रीष्टियान गुणहरूलाई चिन्न सक्नुपर्नेछ।
- सेवाको निम्ति व्यक्तिगत तयारीमा संलग्न चेलापनका सिद्धान्तहरू र हृदय प्रवृत्तिहरूलाई बुझ्न सक्नुपर्नेछ।
- ख्रीष्टका जस्ता गुणहरूलाई विकास गर्ने र ख्रीष्टको बोलावटप्रति भएको प्रतिवद्धताको निम्ति चेलापनलाई अभ्यास गर्ने सम्बन्धका व्यक्तिगत आवश्यकताहरूलाई विश्लेषण गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठ १-मा दिइएका तरीकाअनुसार पाठ अध्ययन गर्नुहोस्। पाठमा दिइएका सबै बाइबल पदहरूलाई पढ्नुहोस् र सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्। तपाईंले प्रश्नको उत्तर दिइसक्नुभएपछि पाठको अन्त्यमा हामीले दिएका उत्तरहरूसँग तिनीहरूलाई जाँच्नुहोस्।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरू जाँच्नुहोस्।

## मुख्य शब्दहरू

चरित्र
चेलापन
दीक्षा (समर्पण)
धर्म-गुरु
प्रतिवद्धता
विकासशील
व्यवहार

## पाठ विकास

### व्यक्तिगत बोलावट

उद्देश्य १: *सेवामा परमेश्वरको सामान्य बोलावट र उहाँको विशेष बोलावटको बीचको भिन्नता छुट्टयाउनुहोस्।*

#### सामान्य बोलावट

बाइबलले प्रकट गरेको छ कि परमेश्वरले उहाँको सेवा गर्नका लागि सबै पुरुष र स्त्रीहरूलाई बोलाउनुभएको छ। पुरानो करारमा धेरै मानिसहरूलाई परमेश्वरको योजना पूरा गर्नका लागि उहाँद्वारा बोलाइएको थियो। चुनिएको राज्य इस्राएलका पिता हुनका लागि उहाँले अब्राहामलाई बोलाउनुभयो। मिश्रबाट आफ्ना मानिसहरूलाई निकाल्न र प्रतिज्ञाको देशभित्र लैजानका लागि उहाँले मोशालाई ईश्वरीय बोलावट दिनुभयो। इस्राएलकी एक न्यायकर्ता हुनका लागि दबोरालाई बोलावट भएको थियो (न्यायकर्ता ४)। परमेश्वरको योजना पूरा गर्नका लागि कसरी परमेश्वरले विभिन्न व्यक्तिहरूलाई

इतिहासका विभिन्न घडीहरूमा कसरी बोलाउनुभयो भन्ने कुरा पुरानो करारले प्रकट गरेको छ।

नयाँ करारमा पनि यही कुरा सत्य छ। प्रभुले जालहारी पत्रुस, अन्द्रियास, याकूब र यूहन्नालाई मानिसहरूका जालहारी हुनका लागि बोलाउनुभयो। गाउँ-गाउँमा सुसमाचार सन्देश लिएर जानका निम्ति उहाँले पछि करीब ७० जना मानिसहरूलाई छान्नुभयो (लूका १०)। टार्ससका शाऊललाई नाटकीय र असामान्य रूपमा बोलाइएको थियो (प्रेरित ९)। शाऊल जसलाई पछि पावल भनी चिनियो, उनले आफू मात्र परमेश्वरबाट बोलाइएको हो भनी दाबी गरेनन्। १ कोरिन्थी १:२६-२७, र २ तिमोथी १:८-९-मा उनका शब्दहरूलाई पढ्नुहोस्।

१ यी दुइ बाइबल खण्डहरूका सिद्धान्तहरूले परमेश्वरको बोलावटको बारेमा हामीलाई के सिकाउँछन्? बाइबलका यी पदहरूसँग सहमत हुने तल दिइएको प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** ख्रीष्टको बारेमा सुसमाचार बाँड्ने जिम्मेवारी हामी सबैसँग छ।
**ख.** सुसमाचार प्रचार गर्नका लागि परमेश्वरले शक्तिशाली र बुद्धिमान् मानिसहरूलाई मात्र छान्नुभएको छ।
**ग.** हामी को हौं र हामीले के गरेका छौं भन्ने कारणले गर्दा नै परमेश्वरले हामीलाई बोलाउनुभएको हो, र यसरी हाम्रो कारण संसार लज्जित हुनु नपरोस्।
**घ.** संसारलाई आफ्नो शक्ति देखाउनका लागि परमेश्वरले साधारण, कमजोर र नम्र व्यक्तिहरूलाई छान्नको निम्ति बोलाउनुभयो।
**ङ.** हामीजस्ता छौं परमेश्वरले हामीलाई त्यस्तै बोलाउनुहुन्छ र काम गर्नका लागि उहाँले हामीलाई आफ्नो सामर्थ्य दिनुहुन्छ।

परमेश्वरले सबै विश्वासीहरूलाई ईश्वरीय बोलावट दिनुभएको छ भनी विश्वास गर्ने व्यक्तिहरूद्वारा मण्डलीको सेवा सम्भव बनाइएको छ। मण्डलीलाई उच्च बोलावट दिइएको छ। यसलाई विश्वास गर्नु परमेश्वरको बोलावट र सेवाको स्वभावलाई बुझ्नु हो। यसमा विश्वास गर्नुचाहिँ जीवनमा सबैभन्दा उच्च बोलावटका रूपमा सेवाको बोलावटलाई देख्नु हो। परमेश्वरको बोलावटलाई स्वीकार गर्नुमा पूर्ण समर्पण समावेश भएको हुन्छ, जसद्वारा संसारमा उहाँको उद्धारीय उद्देश्यलाई पूरा गर्न सकिन्छ।

एक प्रकारले भन्ने हो भने सबै ख्रीष्टियानहरू आफ्ना व्यक्तिगत साक्षीद्वारा सुसमाचार घोषणा गर्नका लागि बोलाइएका छन्। टार्ससका शाऊलको बोलावटजस्तै नाटकीय ढङ्गमा नभए पनि यो ईश्वरीय बोलावट नै हो। संसारलाई सुसमाचार प्रचार गर्ने आज्ञा जो येशूका ओठबाट पहिला चेलाहरूकहाँ आएको थियो, यसलाई प्राप्त गर्न इच्छुक भएका प्रत्येक व्यक्तिकहाँ यसलाई सारिएको थियो। तिनीहरूका पछिका चेलाहरूका रूपमा, हामीलाई पनि प्रत्येक सृष्टिलाई सुसमाचार प्रचार गर्नका लागि ईश्वरीय बोलावट दिइएको छ। यस बोलावटलाई शताब्दीहरूद्वारा एउटा विश्वासीदेखि अर्कोमा सार्दै हामीकहाँ ल्याइपुऱ्याइएको छ।

आफ्ना चेलाहरू बन्नेहरूका निम्ति येशूले प्रार्थना गर्नुहुँदा उहाँले यसलाई पनि समावेश गर्नुभयोः "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु" (यूहन्ना १७:२०)। १ कोरिन्थी १२:१३-मा हामीलाई स्मरण गराइएको छ कि हामी सबैजना उही एउटै आत्माद्वारा ख्रीष्टमा बप्तिस्मा भएका छौं। हामी सबै जना ख्रीष्टमा एउटै छौं, र हामी सबैले नाश भएका आत्माहरूको निम्ति उहाँको प्रेम बाँड्नुपर्छ र तिनीहरूलाई उहाँमा ल्याउने इच्छालाई एकसाथ बाँड्चूँड् गर्नुपर्छ।

सबै विश्वासीहरूले परमेश्वरका काम गर्नका लागि उही अधिकार र शक्ति आत्माद्वारा प्राप्त गर्न सक्छन्। विश्वास गर्नेहरूसँग चिन्हहरू हुनेछन् (मर्कूस १६:१७)। यो प्रतिज्ञा शुरूका चेलाहरूलाई जति सत्य थियो आज हाम्रो निम्ति पनि त्यत्ति नै सत्य छ। पवित्र आत्माले हामीलाई आफ्नो अभिषेक दिनुहुन्छ, यसरी हामी पृथ्वीको अन्त्यसम्म सुसमाचार प्रचार गर्ने ईश्वरीय बोलावटलाई पूरा गर्न सक्छौं।

२ शुरूका १२ चेलाहरू साधारण मानिसहरू थिएः जालहारी, कर उठाउने र अन्य साधारण मानिसहरू। तिनीहरूमध्ये एक जना यहूदाले चाहिँ निरन्तररूपमा प्रभुको आज्ञा पालन गरेनन्। येशूले आज्ञा गर्नुभएअनुसार सुसमाचार प्रचार गर्नुको सट्टा तिनीहरू आफ्नै पुरानो जीवनमा फर्केर गएका भए हाम्रो निम्ति कस्तो नतीजा हुने थियो होला? (सबैभन्दा ठीक उत्तर छान्नुहोस्।)

**क.** जे गर्नका लागि तिनीहरूले छाने त्यसले हामीलाई कुनै पनि असर पार्दैनथ्यो, किनकि तिनीहरू हामीभन्दा करीब २००० वर्ष पहिले रहेका थिए।

**ख.** हामीले कहिल्यै सुसमाचार सुन्नेथिएनौं होला, किनकि हामीकहाँ आइनपुगुञ्जेलसम्म सुसमाचार एक विश्वासीदेखि अर्को विश्वासीसम्म सारिएको थियो।

के तपाईंले येशूका बारेमा आफ्ना मित्र वा तपाईंको परिवारको कुनै सदस्यबाट सुन्नुभयो? तपाईंलाई सन्देश ल्याउने व्यक्तिले यसो नगरेको भए के तपाईं अहिले ख्रीष्टियान हुन सक्नुहुन्थ्यो? हामी *सबैका* निम्ति परमेश्वरको बोलावट छ भन्ने कुरा जान्नु हाम्रो निम्ति कति महत्त्वपूर्ण छ? *तपाईंले* ती मानिसहरूकहाँ सन्देश लिएर जानु भएन भने तिनीहरूले कहिल्यै सुन्न पाउनेछैनन्!

**विशेष बोलावट**

प्रचार गर्ने विशेष बोलावट पनि त्यहाँ छ। परमेश्वरले विशेष सेवाको निम्ति शरीरका केही सदस्यहरूलाई छान्नुहुन्छ। सबै ख्रीष्टियानहरूलाई बोलाइएको भए तापनि, कसैलाई पूर्ण समय सेवाको विशेष कार्यमा बोलाइएको हुन्छ। विशेष अर्थमा तिनीहरूलाई सुसमाचार प्रचारको निम्ति बोलाइएको हुन्छ।

प्रस्थान ३१-मा हामी पढ्छौं कि ओहोलीआब र बजलेललाई नामसहित बोलाइयो र सीप र दक्षतासाथ पवित्रस्थानको निर्माण गर्नका लागि परमेश्वरका आत्माले तिनीहरूलाई भर्नुभयो। विशेष कामको निम्ति पवित्र आत्माद्वारा बोलाइँदा पावल र बारनाबास एन्टिओखियामा सेवा गरिरहेका थिए (प्रेरित १३)।

विशेष रूपमा बोलाइएको सुसमाचारको सेवकलाई बाइबलमा थुप्रै नामहरू र कामहरू दिइएको छ। यी नामहरूले प्रत्येकको काम र जिम्मेवारीको तस्वीर हामीलाई दिएका छन्।

१. *परमेश्वरको जन* (१ तिमोथी ६:११)। यो शीर्षकले सङ्केत गर्छ कि एक सेवक विशेष रूपमा परमेश्वरका प्रतिनिधि हुन्। यसले यही नै अर्थ दिन्छ कि उनी परमेश्वरले भरिएका हुन्छन् र उहाँको विशेष काम गर्नका लागि उनलाई परमेश्वरद्वारा पठाइएको हुन्छ।

२. *समाचारवाहक* (मलाकी २:७)। समाचारवाहकको कर्तव्य परमेश्वरको सन्देश मानिसहरूकहाँ पुर्‍याउनु हो। उनले

देखेका वा परमेश्वरबाट सुनेका कुराहरूको साक्षी ऊनी हुनुपर्छ।

३. *पास्टर* (एफिसी ४:११)। पास्टर ती व्यक्ति हुन्, जसलाई सेवा गर्नका लागि बोलाइएको हुन्छ। उनलाई गोठालोसँग तुलना गरिएको छ, जसले खुवाउँछ, अगुवाइ गर्छ, सुरक्षा गर्छ, र आफ्ना भेड़ाहरूलाई सहायता गर्छ। स्थानीय मण्डलीका पास्टरले विशेष बोलावट पाएका हुन्छन्।

४. *बिशप वा हेरचाहा गर्ने अगुवा* (१ तिमोथी ३:१; प्रेरित २०:२८)। यी ती व्यक्ति हुन्, जसले मण्डलीमा अरूहरूका कामको निरीक्षण गर्छन्। उनलाई धर्म-गुरु वा सुपरिटेन्डेन्ट (अध्यक्ष) पनि भन्न सकिन्छ। परमेश्वरले उनलाई नियुक्त गर्नुभएका विशेष क्षेत्र र उनले हेरचाहा गर्नुपर्ने मानिसहरूमाथि उनको ठूलो जिम्मेवारी छ।

*एल्डर, प्रचारक,* र *शिक्षक*जस्ता अन्य उपाधिहरू पनि दिइएका छन्। प्रत्येक उपाधिले विशेष किसिमको सेवाको वर्णन गर्छ, जुनचाहिँ पूर्ण समय जिम्मेवार वा सीमित किसिमको संलग्नता हुन सक्छ। सबैमा परमेश्वरको बोलावटप्रतिको प्रतिबद्धता संलग्न छ।

**३** बायाँ स्तम्भमा दिइएको विवरणलाई पढ्नुहोस् र ती *विशेष बोलावट, सामान्य बोलावट* वा दुवैका लागि प्रयोग हुन सक्छन् निर्णय गर्नुहोस्। प्रत्येक खाली ठाउँमा आफ्नो छनौटको अङ्कलाई लेख्नुहोस्।

... **क** एक आमा जसले आफ्ना छोराछोरी र छिमेकीका छोराछोरीहरूलाई बाइबल कथाहरू सिकाउँछिन्।

... **ख** एक मिशनरी जसले आफ्नो घर छोडी टाढ़ा ठाउँमा सुसमाचार सन्देश लिएर जान्छन्।

१) सामान्य बोलावट
२) विशेष बोलावट
३) सामान्य वा विशेष बोलावट

... **ग** एक विद्यार्थी, जसले आफ्नो कक्षाका साथीहरूलाई हरेक मौकामा ख्रीष्टका बारेमा बताउँछन्।

... **घ** एक व्यापारी जसले बाइबल अध्ययन कक्षामा सिकाउँछन् र भेटघाट गर्ने काममा आफ्ना पास्टरलाई सहायता गर्छन्।

... **ङ** धेरै पास्टरहरू र मण्डलीहरूलाई हेरचाहा गर्ने नियुक्त अगुवा
... **च** एक समर्पित ख्रीष्टियान जो परमेश्वरले गर्नु भन्नुभएको काम गर्नका लागि इच्छुक हुन्छन्

सबै ख्रीष्टियानहरूलाई बोलावट भएको अर्थमा तपाईंलाई बोलाइएको भए पनि वा तपाईंले विशेष सेवाको निम्ति विशेष बोलावट पाउनुभएको भए पनि तपाईंको बोलावटमा व्यक्तिगत समर्पण र व्यक्तिगत योग्यताहरू संलग्न छन्।

> जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदानहरू पाएका भण्डारेझैं ती एउटा अर्काको निम्ति प्रयोग गर। यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्। यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस्। उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होसं (१ पत्रुस ४:१०-११)।

## व्यक्तिगत योग्यताहरू

उद्देश्य २: *एक व्यक्तिको ख्रीष्टियान चरित्र र सेवामा उसको प्रभावकारिताको बीचको सम्बन्धलाई वर्णन गर्नुहोस्।*

### ख्रीष्टियान चरित्र

हामीले जे गरे पनि वा हामी जहाँ भए पनि, हामी हाम्रो चरित्र निर्माणको प्रक्रियामा हुन्छौं। एक व्यक्तिको चरित्रले ऊ परमेश्वरको सेवामा कति योग्य छ भन्ने कुराको निर्धारण गर्छ। यदि कुनै व्यक्तिको जीवन ख्रीष्टको स्वरूपविनाको छ भने ऊ परमेश्वरका लागि कामै नलाग्ने हुन्छ। तर यदि ऊ आफ्नो चरित्रमा ख्रीष्टजस्तै छ भने ऊ आफैमा धनी हुन्छ र परमेश्वरका निम्ति उपयोगी हुन्छ।

चरित्र नै मानिसको आत्मिक शक्तिको नाप हो। सरकारहरूलाई अधीन गर्न सक्नु सम्भव छ, तर पनि परमेश्वरको शक्तिको अनुभव गर्न र मानिसहरूका आत्मालाई स्वर्गतिर उठाउन सक्ने शक्ति प्राप्त नभएको हुन्छ। साँचो ख्रीष्टियान व्यक्ति ख्रीष्टजस्तै हुन्छ, जब उहाँ यस पृथ्वीमा हिँड्नुभयो, परमेश्वर र मानिस दुवैको स्नेह र शक्ति उहाँलाई प्राप्त भयो।

ख्रीष्टको जीवनमा देखिएका आत्माका फलका बारेमा हामीले पाठ ६-मा कुराकानी गरिसकेका छौं। हामीले सिकेका छौं कि हामीले हाम्रा जीवनमा ख्रीष्टको जस्तो चरित्रको फल उत्पादन गर्नका लागि जब हामी पवित्र आत्मालाई अनुमति दिन्छौं, हामी अझै ख्रीष्टजस्तै बन्छौं र हामी उहाँमा परिपक्व हुँदैजान्छौं। गलाती ५:२२-२३-मा प्रेरित पावलले दिएका आत्माको फलको वर्णनलाई हामीले अध्ययन गरिसकेका छौं। प्रेरित पत्रुसले हामीलाई दिएका अर्को विवरणलाई अब हामी हेरौं।

४ २ पत्रुस १:६-८-लाई ध्यानपूर्वक पढ्नुहोस् र गलाती ५:२२-२३-मा दिइएको सूचीसँग यसलाई जोड़ा मिलाउनुहोस्। यी गुणहरूलाई प्रकट गर्ने चरित्र भएकाहरूलाई पत्रुसले कस्तो चरित्रको प्रतिज्ञा गरेका छन्? ....................................................

५ अब ९-पदलाई पढ्नुहोस्, र एउटा ख्रीष्टियानले यी गुणहरू प्राप्त नगर्दा आउने नतीजाहरूको उत्तम विवरण दिने बयानलाई छान्नुहोस्।
**क.** उसले आफ्नो आत्मिक दर्शन गुमाउँछ र ख्रीष्टले उसका निम्ति गर्नुभएको कामलाई बिर्सन्छ।
**ख.** प्रभुको निम्ति प्रभावकारी सेवा गर्नका लागि उसले अरू नै उपायहरू खोज्छ।

प्रभुको निम्ति आफ्नो सेवामा प्रभावकारी हुन चाहने विश्वासीको जीवनमा देखिने चरित्रका यी गुणहरूलाई अब हामी हेरौं।

१. *विश्वासः* दृष्टिजस्तै विश्वास पनि मानिसका लागि स्वाभाविक कुरा हो। आफ्ना आमा-बाबुकहाँ पूरा विश्वास राख्ने बालकमा यो देख्न सकिन्छ। ख्रीष्टियानको विश्वाससँग यो मिल्दोजुल्दो छ। उसको विश्वासले परमेश्वरको प्रकाशलाई ग्रहण गर्छ र यो ख्रीष्ट र उहाँको मुक्तितर्फको ढोका हो। यसले परमेश्वरमा पूरा भरोसाको प्रदर्शन गर्छ र यो परिस्थितिहरूद्वारा प्रभावित भएको हुँदैन। यो परमेश्वरमा र सुसमाचारको महान् सत्यतामा पूर्ण भरोसा हो।

२. *भलाइः* भलाइले पुण्य वा पवित्रताको बोध गराउँछ। यो गुण भएको व्यक्ति सबैभन्दा ठूलो विरोधको बीचमा पनि ख्रीष्टको निम्ति स्थिर भई खड़ा हुन्छ। यो चरित्रको त्यस तत्त्व हो, जसले आफ्ना प्रभुलाई स्वीकार गर्न र उहाँको सत्यताको निम्ति खड़ा हुनका लागि

मानिसहरूलाई साहसी बनाउँछ। यो गुण भएको व्यक्ति परीक्षाको विरोध गर्न र पवित्र जीवन जिउनका लागि सक्षम हुन्छ।

३. *ज्ञानः* अज्ञानता ख्रीष्टियान चरित्रको शत्रु हो। परमेश्वरका निम्ति काम गर्ने इच्छा गर्नेहरूले परमेश्वरलाई चिन्नैपर्छ। हामीले उहाँसँग समय बिताउँदा उहाँको बारेमा हामी अझ धेरै जान्न सक्छौं। हामीले धर्मशास्त्र बाइबललाई पढ्दा र अध्ययन गर्दा हामी यस बारेमा धेरै सिक्न सक्छौं। हामी आफैलाई चिन्न, जीवनको साँचो उद्देश्य जान्न र यसका महान् सम्भाव्यताहरूलाई देख्न यसले हामीलाई सहायता पुऱ्याउँछ।

४. *आत्मसंयमः* आत्मसंयम (मताप)-को अर्थ सबै परिस्थितिहरूमा स्वार्थलाई अधीन गर्नु हो। परमेश्वरका निम्ति काम गर्नेहरू अभिलाषाहरूका कमारा हुन सक्दैनन्। लोभ, खञ्चुवापन (आवश्यकभन्दा धेरै खानेजस्ता कुराहरू) वा स्व-अनुशासनको कमीजस्ता कुराहरूका निम्ति ख्रीष्टियान चरित्रमा कुनै स्थान छैन। यी मानिसहरूका मालिकहरू हुन्, जसबाट प्रत्येक मानिसले आफूलाई स्वतन्त्र तुल्याउनुपर्छ।।

५. *सहनशीलताः* सहनशीलता वा धैर्यको अर्थ परिस्थितिहरूले हामीलाई निराश तुल्याउँदा परमेश्वरमा भरोसा राखी उभिनु हो। यसको अर्थ कष्टले हामीलाई चिच्च्याउन लगाउँदा हाम्रो मुखलाई बन्द गर्नु हो। हामीले त्यागिदिनुपर्छ भनी प्रकट भएका नतीजाहरूले सङ्केत गर्दागर्दै पनि मानिसहरूको मुक्तिको निम्ति निरन्तररूपमा काम गर्नका लागि सहनशीलताले हामीलाई अगुवाइ गर्छ। सहनशीलता सबैभन्दा महत्त्वपूर्ण भक्तिको गुण र ख्रीष्टियान चरित्रको अति आवश्यकीय तत्त्व हो।

६. *भक्तिः* भक्तिले यही कुराको बोध गराउँछ कि एक व्यक्ति परमेश्वरले भरिएको छ, उसका सबै विचारहरू, इच्छाहरू र कार्यहरू परमेश्वरका आत्माद्वारा अधीन गरिएका छन्। यस लक्ष्यमा पुग्नका लागि हामी सबैले प्रयत्न गर्नैपर्छ।

७. *भातृत्वः* मानव-जातिमा ठूलो भातृत्व हुनुपर्छ भनी परमेश्वरले इच्छा राख्नुभएको छ। पापले परमेश्वरको उद्देश्यमा बाधा पुऱ्याएको छ। तर उहाँले आफ्नो मण्डलीको परिवारमा मानिसहरूलाई एकसाथ जम्मा गरिरहनुभएको छ, र यसरी उहाँले आफ्नो शुरूको उद्देश्यलाई पूरा गर्नुहुनेछ। मानिसहरूप्रतिको साँचो ख्रीष्टियानको व्यवहार अति भातृपूर्ण हुन्छ। उनले अरूहरूमा र तिनीहरूका आवश्यकताहरूमा

चासो राख्छन्। ख्रीष्टियान चरित्रको यही नै तत्त्वले मण्डलीको सङ्गतिलाई अति आकर्षित तुल्याउँछ। हामी उद्धार पाएकाहरू ख्रीष्टमा साँच्चै नै दाज्यू-भाइ र दिदी-बहिनीहरू हौं।

८. *प्रेमः* यो प्रेमलाई यसको विशाल अर्थमा बताउनु हो। तिनीहरू जुनसुकै राष्ट्रका भए पनि वा तिनीहरू उनीबाट फरक भए तापनि यसलाई अरूहरूका निम्ति भएको ख्रीष्टियान प्रेममा देख्न सकिन्छ। उनलाई हानि गर्नेहरूप्रति भएको उनको क्षमा दिने आत्मामा यसलाई देखिन्छ। यही किसिमको प्रेमले नै हाम्रा पापहरूका निम्ति मर्नका लागि येशूलाई क्रूसमा लगेको थियो। यो स्व-बलिदानिक प्रेम हो।

साँचो ख्रीष्टियान चरित्रका यी तत्त्वहरू एक-अर्काबाट फरक र भिन्न छैनन्, किनकि एउटा तत्त्व अर्को तत्त्वको स्वभावमा प्रवेश गर्छ। जब यी चरित्रहरू ख्रीष्टियानको जीवनमा पूर्ण रूपमा विकास हुन्छन्, ती उनका निम्ति परमेश्वरको प्रकाश र उहाँका हातका उच्च कला बन्छन्।

## ख्रीष्टियान वृद्धि

ख्रीष्टियान चरित्रको विकास गर्नु उन्नतशील कार्य हो। एक व्यक्ति ख्रीष्टियान बन्ने बित्तिकै यी सबै ख्रीष्टका जस्ता चरित्रहरूलाई उसले एक्कासि प्राप्त गर्दैन। आफ्नो जीवनमा ती विकास गर्नका लागि उसले पवित्र आत्मालाई मौका दिएर सक्रिय रूपमा सहभागी हुँदा तिनीहरू ख्रीष्टियानका चरित्र बन्छन्। तिनीहरूलाई पूर्ण रूपमा विकास गर्नु जीवनको कार्य नै बन्छ। "तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौं" भनी प्रेरित पत्रुसले हामीलाई आग्रह गरेका छन् (२ पत्रुस १:१०)।

हामी ख्रीष्टजस्तै बन्नुपर्छ। येशूलाई प्रतिनिधित्व गर्नेहरूकहाँ संसारले येशूलाई देख्न चाहन्छ। अझै ख्रीष्टजस्तो हुनका लागि कोशिश गर्ने व्यक्ति पतन हुनका लागि के सम्भव छ? यस काममा हामीले हाम्रो पूरा हृदय लगाउनैपर्छ, यसरी हाम्रो चरित्र साँच्चै ख्रीष्टको जस्तै हुनेछ। यदि हामीले यसो गर्‍यौं भने, पृथ्वीमा भएका कुनै पनि शक्तिले हामीलाई तल खसाल्न वा हाम्रो महिमालाई ढाक्न सक्दैन।

आफ्नो जीवनमा यी गुणहरूलाई उत्पादन गर्ने पवित्र आत्मालाई स्थान दिने ख्रीष्टियानले मानिसहरूको भरोसा र सम्मान प्राप्त गर्छ। यस व्यक्तिलाई आदर गर्नमा नै मानिसहरू प्रसन्न हुन्छन्। यो व्यक्ति नै सुसमाचारको खाँचो साक्षी बन्छ। उसले खराब कामहरूद्वारा सुसमाचारलाई लाजमा पार्दैन। सारा संसारमा जान र सारा सृष्टिलाई सुसमाचार प्रचार गर्नका लागि उसले सजिलो पार्छ र ऊ सफल पनि हुन्छ (मर्कूस १६:१५)।

६ एक व्यक्तिको ख्रीष्टियान चरित्र र ख्रीष्टको बारेमा सेवा गर्दा उसको प्रभावकारिताको बीचको सम्बन्धलाई तपाईं कसरी वर्णन गर्न सक्नुहुन्छ? ..........................................................
..........................................................................................

तल उल्लेखित प्रत्येक अवस्थाहरूलाई विचार गर्नुहोस् र प्रत्येकमा दिइएको प्रश्नको उत्तर दिनुहोस्।

७ ख्रीष्टियानहरूसँग येशूका बारेमा कुराकानी गर्नका लागि यूहन्नालाई सजिलो लाग्छ, तर उनी अख्रीष्टियान मित्रहरूसँग हुँदा आफ्ना खराब आदतहरूमा फर्कन्छन्, र ख्रीष्टको निम्ति खड़ा हुनका लागि उनलाई कठिनाइ पर्छ।

**क.** उनको चरित्रमा के विकास हुनु आवश्यक छ? ..................

**ख.** उनको चरित्रमा भएको यो कमजोरीले उनको साक्षीमा के असर पार्छ? ....................................................
..........................................................................

८ आफ्नो पवित्र जीवन र समर्पणद्वारा मर्कूसले असल उदाहरण देखाउँछन्, तर काम कुराहरू कठिन बन्दा उनी सजिलैसँग निराश बन्छन् र छोड़िदिन्छन्।

**क.** उनको चरित्रमा के विकास हुनु आवश्यक छ? (दुइ गुणहरू)
..........................................................................

**ख.** उनको चरित्रमा भएको यो कमजोरीले उनको साक्षीमा के असर पार्छ? ....................................................
..........................................................................

९ आफ्नो जीवनमा सन्तुलन कायम राख्नका लागि दाऊदलाई कठिन परेको छ– केही क्षेत्रहरूमा उनी बढ़ी काम गर्छन् र अरू क्षेत्रहरूमा गर्नुपर्ने कामलाई उनी वास्ता गर्दैनन्।

**क**. उनको चरित्रमा के विकास हुनु आवश्यक छ? ................

**ख**. उनको चरित्रमा भएको यो कमजोरीले उनको साक्षीमा के असर पार्छ? ........................................................

१० उनको आफ्नै जीवनको उन्नति गर्ने सम्बन्धमा शमूएल यति धेरै सरोकार राख्छन् कि अरू ख्रीष्टियान दाज्यू-भाइ तथा दिदी-बहिनीहरूसँग वा उनका अख्रीष्टियान साथीहरूसँग सङ्गति गर्ने समय उनीसँग छैन।

**क**. उनको चरित्रमा के विकास हुनु आव्श्यक छ? (दुइ गुणहरू)

..........................................................................

**ख**. उनको चरित्रमा भएको यो कमजोरीले उनको साक्षीमा के असर पार्छ? ........................................................

११ फिलिपले जहिले पनि मानिसहरूलाई साक्षी दिन्छन् र तिनीहरूलाई प्रभुमा जित्ने कोशिश गर्छन्। तर उनी प्रार्थना र बाइबल अध्ययनमा थोरै समय मात्र बिताउँछन्, किनकि उनी अति नै व्यस्त व्यक्ति हुन्।

**क**. उनको चरित्रमा के विकास हुनु आवश्यक छ? ...............

**ख**. उनको चरित्रमा भएको यो कमजोरीले उनको साक्षीमा के असर पार्छ? ........................................................

तपाईंले भेट्नुहुने सबै मानिसहरूकहाँ साक्षी हुने निर्दोष र स्थिर ख्रीष्टियान जीवन हुनु कति धेरै महत्त्वपूर्ण छ भनी देख्नका लागि के यी अभ्यासहरूले तपाईंलाई सहायता पुऱ्याएका छन्? म अझ धेरै कोशिश गर्न चाहन्छु– के तपाईं चाहनुहुन्न र?

## व्यक्तिगत तयारी

### चेलापन

उद्देश्य ३ः *चेलापनका आधारभूत सिद्धान्तहरूलाई परिचित गर्नुहोस्।*

परमेश्वरको सेवाको निम्ति एक व्यक्तिले आफैलाई कसरी तयार पार्छ? तयारीमा पहिलो कदमचाहिँ *चेलापन* हो। चेला त्यो हो जसले

ख्रीष्टलाई पछ्याउँछ। उसले ख्रीष्टबाट सिक्छ र आफ्ना गुरुका रूपमा उहाँलाई ग्रहण गर्छ। उसका लागि ख्रीष्टको वचन अधिकार हो। कुनै पनि विषयमा येशूले भन्नुभएका कुराहरूलाई उसले सबैभन्दा पहिले सुन्छ र ख्रीष्टको वचनमा सहमत हुने अरूहरूका कुरालाई मात्र उसले स्वीकार गर्छ। आफ्ना उदाहरण र नमूनाका रूपमा उसले येशूलाई पछ्याउँछ। ख्रीष्टका मार्गहरूका निम्ति उसका आफ्नै मार्गहरू परिवर्तन गर्नका लागि चेला तयारी हुन्छ।

चेला हुनु सजिलो होइन। उहाँका चेलाहरू हुन मानिसहरूका निम्ति येशूले सजिलो पार्नु भएन। वास्तवमा, समय-समयमा यस्तो देखिन्छ कि उहाँले आफ्ना चेलाहरूको *संख्यामा* भन्दा *गुणमा* सरोकार राख्नुभएको थियो। मण्डली सदस्यता वृद्धि गर्नका लागि उहाँ हामीजस्तै चिन्तित हुनुभएको भए, उहाँले यति कठिन शर्तहरू बनाउनुहुने थिएन।

चेलापनका शर्तहरू के-के हुन्?

१. ख्रीष्टलाई पछ्याउनका लागि एक चेलाले आफैलाई इन्कार गर्छ।
२. एक चेलाले पापपूर्ण तरीका र सुख-विलासबाट आफैलाई टाढ़ा राख्छ।
३. एक चेलाले उसका आफ्ना अभिलाषाहरूलाई अधीन गर्छ र आफूलाई ख्रीष्टद्वारा अधीन हुन दिन्छ।
४. एक चेलाले क्रूस बोक्ने इच्छा गर्नैपर्छ।

यदि हामीले कसैलाई इन्कार गर्‍यौं भने, व्यक्तिको हामीमाथि कुनै प्रभाव रहँदैन। हाम्रा मामलाहरूका सञ्चालनमा उनको आवाजलाई स्वीकार गरिएको हुँदैन। हाम्रा चालहरू वा हाम्रा सुख-विलासहरू अधीन गर्नका लागि हामी उहाँलाई दिँदैनौं। चेलापनको सबैभन्दा ठूलो शर्तचाहिँ तपाईं आफैलाई इन्कार गर्नु हो। यसको अर्थ हुन्छ कि तपाईंका मामलाहरूलाई निर्देशित गर्न, तपाईंका इच्छाहरूलाई अधीन गर्न, तपाईंका प्रश्नहरूका उत्तर दिनका लागि तपाईं येशूलाई स्थान दिनुहुन्छ। ख्रीष्टको चेला हुने व्यक्तिले आफ्नो यति बेवास्ता गर्नुपर्छ कि ख्रीष्ट नै उसको जीवनमा प्रभु हुनुपर्छ। यदि येशू नै प्रभु हुनुहुन्छ भने उहाँलाई हुँदैन भन्न असम्भव हुन्छ। दुइवटा शब्दहरू एकसाथ जान सक्दैनन्। जब उहाँ प्रभु हुनुहुन्छ, हामी स्वार्थलाई हुँदैन भन्छौं र उहाँलाई हुन्छ भन्छौं।

# ~~हुँदैन प्रभु~~ हुन्छ प्रभु

मत्ती १६:२४-मा येशूले आफ्ना चेलाहरूलाई भन्नुभएका यी शब्दहरू हामी पढ्छौं: "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्।" क्रूस बोक्नुको अर्थ कष्टपूर्ण अनुभवहरू हुन सक्छन्, र ख्रीष्टका खातिर तिनीहरूलाई सहन हामी तयार हुनैपर्छ। यसको अर्थ अरूहरूका निम्ति बलिदान गर्नु भन्ने पनि हुन्छ। हाम्रा पापको निम्ति भएको ख्रीष्टको बलिदानसँग क्रूसलाई मिलाइएको छ। पाप-लाई त्याग्नका लागि बलिदान गर्ने काममा पनि हामी इच्छुक बन्नैपर्छ। त्यसको अर्थ हाम्रा आफ्नै जीवनमा र अरूहरूका जीवनमा हामीले पापलाई घृणा गर्नैपर्छ र पापबाट छुटकारा पाउन कुनै पनि बलिदान गर्नका लागि हामी इच्छुक हुनैपर्छ। एक पुरानो भजनले भनेको छ,

*के येशूले मात्र क्रूस बोक्नुपर्ने,*
*र सब संसारले चाहिँ केही गर्न नपर्ने?*
*त्यसो होइन, त्यहाँ प्रत्येकको निम्ति क्रूस छ,*
*र त्यहाँ मेरो निम्ति पनि क्रूस छ!*

१२ चेलापनको सिद्धान्तमा यी कुन-कुन विवरणहरूलाई समावेश गरिएको छ?

**क**. आफू पहिला, येशू दोस्रा, अरूहरू अन्तिम
**ख**. येशू पहिला, अरूहरू दोस्रा, आफू अन्तिम
**ग**. हुन्छ, प्रभु!

घ. हुँदैन, प्रभु!
ङ. ख्रीष्टद्वारा गरिएको अधीनताद्वारा स्वयम्-अधीनता
च. हाम्रा आफ्नै निर्णयहरू बनाउनु
छ. पापबाट फर्कनु
ज. स्व-बलिदान
झ. क्रूस बोक्नु
ञ. अरूहरूका पापहरूलाई माफ दिनु
ट. ख्रीष्टद्वारा सिक्न इच्छुक हुनु
ठ. ख्रीष्टको उदाहरण पछ्याउनु

**ठीक हृदय**

उद्देश्य ४: *ठीक हृदयको प्रत्येक रूपलाई वर्णन गर्ने चरित्रहरूलाई चिन्नुहोस्।*

परमेश्वरप्रतिको प्रभावकारी सेवाको निम्ति दोस्रो शर्तचाहिँ ठीक हृदय हुनु हो। स्वार्थ-त्याग मात्र पर्याप्त छैन– एक व्यक्तिसँग सेवाको निम्ति तयारी हृदय पनि हुनुपर्छ।

शारीरिक मुटुको अवस्था अति महत्त्वपूर्ण हुन्छ। शरीरको स्वास्थ्य मुटुको अवस्थामा भर पर्छ। यदि मुटुमा रोग लाग्यो भने जीवन अनिश्चित हुन्छ। मानिसको आत्मिक मुटुलाई उसको शारीरिक मुटुलाई भन्दा पनि अझ धेरै वास्ता गरिनुपर्छ, किनकि यसको अवस्थाले उसलाई अनन्तसम्म प्रभाव पार्छ। हाम्रो हृदय (मुटु) ठीक छ कि छैन भनी निर्धारण गर्नका लागि यहाँ केही तरीकाहरू छन्। यो:

१. *परमेश्वर-प्रेमी हृदय हुनुपर्छ।* धेरैका हृदयहरू धन-सम्पत्ति, सुख-विलास, ओहोदा, वा पदवीमा लागेका छन्, तर ठीक हृदयचाहिँ परमेश्वरमा लागेको हुन्छ। यसले ख्रीष्टियानको उच्च चरित्रको व्याख्या गर्छ। ख्रीष्टियानहरू आफ्नो महान् प्रेमको वस्तुको मार्गमा उठ्नैपर्छ। ठीक हृदयले आफ्नो काम र सेवाद्वारा प्रभुको निम्ति प्रेम देखाउँछ। परमेश्वरलाई प्रेम गर्ने हृदय भएको व्यक्तिले प्रभुलाई आदर-भाव देखाउँछ, जो विश्वासयोग्य र भरोसायोग्य हुन्छ।

२. *पापलाई घृणा गर्ने हृदय हुनुपर्छ।* बाइबलमा धेरै शब्दहरू छन्, जसको अर्थ "पाप" भन्ने हुन्छ। तीमध्ये *भूल, असफलता, बाटो बिराउनु, अधर्म, चिन्ह गुमाउनु,* दोष, र *दुष्टता* केही हुन्। १ यूहन्ना ३:४-मा हामी पढ्छौं कि "पाप नै व्यवस्थाको उलङ्घन हो।" परमेश्वरको व्यवस्था पवित्र, न्यायी र असल छ। हामीले पापलाई घृणा गरेको र उहाँको व्यवस्थाको आज्ञा पालन गरेको उहाँले चाहनुहुन्छ। पापले मानिसलाई विनाश गर्छ र उसलाई परमेश्वरबाट अलग पार्छ– यो साँच्चै नै डरलाग्दो कुरा हो।

हामीले पापलाई घृणा गर्नुपर्छ र मानिसहरूका जीवनबाट यसलाई हटाउने जोशिलो इच्छा राख्नुपर्छ। पापले मानिसहरूलाई हानि गर्छ र तिनीहरूलाई अनन्त मृत्युमा लैजान्छ। संसारमा यसको प्रभाव नाश गर्नका लागि हामीले कड़ा परिश्रम गर्नैपर्छ। परमेश्वरप्रतिको सेवा र समर्पणको निम्ति यो एक बलियो कारण हो।




३. *नम्र हृदय हुनुपर्छ।* नम्र हृदयले घमण्ड गर्नुपर्ने कुरा केही पनि हुँदैन। सबै असल कुराहरूका निम्ति यसले परमेश्वरलाई नै श्रेय दिन्छ। यो एक प्रशस्तताको हृदय हो र यसको प्रशस्तता कृपा र प्रेमद्वारा दिइएको हुन्छ। यो शुद्ध हृदय हो, किनकि परमेश्वरका ईश्वरीय आत्माले यसलाई शुद्ध पार्नुभएको छ। येशू ख्रीष्टसँगको सम्बन्धबाहेक अरू थोकहरूमा गर्व गर्ने अरू कुनै कुरा यससँग छैन। यो सत्यवादी हृदय हो।

नम्रताको सम्बन्धमा कोही-कोही व्यक्तिहरूमा यस्तो विचार छ कि तिनीहरूले आफ्ना बारेमा असत्य बोल्छन्। तिनीहरूले आफूलाई

गरीब र घोर पापीहरूका रूपमा सम्बोधन गर्छन्, तर अहिले तिनीहरू परमेश्वरका सन्तान र परमेश्वरका सन्तहरू हुन्। विश्वमा परमेश्वरले तिनीहरूलाई अति उच्च सम्बन्ध दिनुभएको भए तापनि आफ्ना सम्बन्धमा तिनीहरूले अति नम्र अभिव्यक्ति प्रयोग गर्छन्। नम्र हृदय हुने व्यक्तिमा कृतज्ञ हृदय हुन्छ, किनकि उनलाई परमेश्वरको ईश्वरीय परिवारमा ग्रहण गरिएको हुन्छ। ख्रीष्टद्वारा उनलाई उच्च दर्जाका राजा र पूजाहारी तुल्याइएको छ। नम्र दासका रूपमा आफ्ना प्रभु र मालिकलाई सेवा गर्ने सौभाग्यका रूपमा उनले यसलाई लिएका हुन्छन्।

४. *धन्यवादी हृदय हुनुपर्छ।* धन्यवादी हुनका लागि मानिसलाई बनाइएको हो। अकृतज्ञता उसको लागि स्वाभाविक हुँदैन। परमेश्वरले मानिसलाई दिनुभएका वरदानहरू धेरै र अचम्मका छन्। ती उहाँका प्रेमका अभिव्यक्तिहरू हुन्। तिनीहरू दयाहरू हुन्– तिनीहरूमध्ये कुनैलाई पनि पाउने योग्यका हामी थिएनौं। त्यसकारण तिनीहरूलाई हाम्रो हृदयबाटको धन्यवाद दिनैपर्छ– हृदयबाट आउने धन्यवाद। यो धन्यवाद केवल शब्दहरूबाट मात्र अभिव्यक्त गरिँदैन, तर हाम्रो जीवनको व्यवहारद्वारा पनि अभिव्यक्त गरिन्छ।

५. *क्षमा दिने हृदय हुनुपर्छ।* एक ख्रीष्टियानमा येशूको क्षमा दिने हृदय हुन्छ। संसारप्रति भएको उहाँको सम्पूर्ण सेवा (मिशन)-ले यही नै देखाउँथ्यो कि परमेश्वरले पापलाई क्षमा दिनुहुन्छ र उहाँसँगको मानिसको सम्बन्धलाई पुनर्स्थापित गर्नुहुन्छ। उहाँका अन्तिम शब्दहरूमा उहाँलाई मार्नेहरूका निम्ति भएको क्षमा समावेश गरिएको छ, किनकि "यिनीहरूले के गर्दैछन्, सो जान्दैनन्," भनी उहाँले भन्नुभएको थियो (लूका २३ः३४)। क्षमादान ख्रीष्टका चेलाहरूको मुख्य विशेषता हो। तिनीहरू संसारलाई परमेश्वरको क्षमा दिने हृदयका स्पष्ट उदाहरणहरू हुन्।

६. *प्रेमी हृदय हुनुपर्छ।* प्रेमी हृदयमा मानिसहरूका निम्ति ख्रीष्टको जस्तो प्रेम हुन्छ। प्रेमले नै येशूलाई स्वर्ग छोड्न आफ्नो क्रूस उठाउन, संसारका पापहरूका निम्ति मर्न लगाएको थियो। उहाँले संसारलाई परमेश्वरको प्रेम देखाउनुभयो। उहाँको प्रेमको साथ संसारलाई सेवा पुऱ्याउनका लागि उहाँले हामीलाई छान्नुभएको छ। यसको अर्थ यही नै हुन्छ कि हामीले परमेश्वरलाई धेरै प्रेम गरेका हुनाले हामी उहाँको सेवा गर्न चाहन्छौं र हामीले संसारका मानिसहरूलाई धेरै प्रेम गरेका हुनाले हामी तिनीहरूलाई ख्रीष्टमा जित्न चाहन्छौं।

**१३** दायाँपट्टि दिइएको ठीक हृदयको विशेषतालाई बायाँपट्टि दिइएको विवरणसँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ...**क** परमेश्वरको सेवा गर्न र येशू ख्रीष्टको बारेमा संसारलाई बताउन हामीलाई इच्छुक बनाउँछ। | १) परमेश्वर-प्रेमी हृदय<br>२) क्षमा दिने हृदय<br>३) नम्र हृदय |
| ...**ख** अनाज्ञाकारिताले तिनीहरूलाई परमेश्वरबाट अलग पार्छ भनी अरूहरूलाई बताउन हामीलाई इच्छुक बनाउँछ। | ४) धन्यवादी हृदय<br>५) पापलाई घृणा गर्ने हृदय<br>६) प्रेमी हृदय |
| ...**ग** हामी जे छौं, परमेश्वरका अनुग्रहद्वारा छौं भनी महसूस गर्न लगाउँछ। | |

...**घ** परमेश्वरबाट आएका अचम्मका वरदानहरूप्रति कृतज्ञ हुन्छ र व्यवहार र शब्दहरूद्वारा यसलाई देखाउँछ।

...**ङ** येशूका विरुद्धमा पाप गर्नेहरूप्रति येशूको प्रवृत्तिजस्तो थियो, अरूहरूप्रति उसले उही प्रवृत्ति राख्छ।

...**च** परमेश्वरलाई आदर गर्छ, सेवामा विश्वासयोग्य हुन्छ, परमेश्वरप्रति झुक्छ।

**प्रार्थनाको जीवन**

उद्देश्य ५: *प्रार्थनाको जीवनका केही मूल्यहरूको सूची बनाउनुहोस्।*

ख्रीष्टियानको जीवनमा प्रार्थनाको महत्त्वको सम्बन्धमा हामीले यी पाठहरूमा धेरै पल्ट जोड़ दिइसकेका छौं। यो सेवाको निम्ति व्यक्तिगत तयारीको महत्त्वपूर्ण भाग हो। अरूहरूलाई ख्रीष्टमा ल्याउनका लागि प्रार्थना शक्तिशाली हुन्छ। संसारमा भएको मण्डलीको सेवाको निम्ति यो महत्त्वपूर्ण छ। प्रार्थनाद्वारा नै एक ख्रीष्टियानले अरूहरूलाई परमेश्वरको उपस्थितिमा ल्याउँछ।

हामी नहिँड़िको ठाउँमा हामी अरूहरूलाई अगुवाइ गर्न सक्दैनौं, र यस संसारमा हाम्रो ठूलो काम अरूहरूलाई परमेश्वरसँग हिँड्नका लागि अगुवाइ गर्नु हो। हामी प्रार्थना र मनन्मा परमेश्वरसँग हिँड्छौं। मानिस सबै सृष्टिहरूबाट फरक छ, किनकि उसले परमेश्वरलाई चिन्छ र उहाँसँग कुरा गर्छ। प्रार्थनाचाहिँ ख्रीष्टियानका लागि अति नै स्वाभाविक कुरा हुनुपर्छ। कुनै मित्रसँग केही कुरा माग्दा वा उसलाई

केही कुरा भन्दा हाम्रो मुख खोल्ने जत्तिकै स्वाभाविक यो हुनुपर्छ। कुनै प्यारो छोरा आफ्ना बाबुसँग बोलेको जस्तै स्वाभाविक यो हुनुपर्छ।

परमेश्वरसँग प्रार्थना गरेको उहाँले चाहनुहुन्छ। हामी उहाँका सन्तान हौं र उहाँ हाम्रा पिता हुनुहुन्छ। हामीले उहाँसँग नमागीकन नै उहाँले हाम्रा सबै आवश्यकताहरूलाई पूरा गर्न सक्नुहुन्छ, तर यदि उहाँले यसो गर्नुभयो भने हामी उहाँलाई बिर्सन्छौं। उहाँले हामीलाई जहिले पनि आफ्नो नजीक राख्न चाहनुहुन्छ र हामीले जहिले पनि उहाँको आवश्यकताको महसूस गरेको उहाँ चाहनुहुन्छ। हाम्रो निम्ति भएको उहाँको प्रेमको कारणले नै हामीले उहाँसँग घरीघरी प्रार्थना गरेको उहाँले चाहनुहुन्छ।

१४ पाठको यस खण्डमा हामीले छलफल गरेका प्रार्थनाका तीन मूल्यहरूलाई स्मरणबाट नै सूची बनाउनुहोस्।

......................................................................

......................................................................

## परमेश्वरका वरदानहरूको प्रयोग

उद्देश्य ६ः *परमेश्वरले हामीलाई दिनुभएका वरदानहरूसँग हामीले के गरेको उहाँले चाहनुहुन्छ, व्याख्या गर्नुहोस्।*

परमेश्वरको काम गर्नको निम्ति तयारीको रूपमा हामीले उल्लेख गर्ने अन्तिम शर्तले उहाँले हामीलाई दिनुभएका ईश्वरीय वरदानहरूका प्रयोगलाई सम्बोधन गर्छ। संसारको निम्ति भएको उहाँको उद्देश्य पूरा गर्नका लागि हामी सक्षम हुन सकौं भनी उहाँले हामीलाई यी वरदानहरू दिनुभएको हो। हामीले तीनवटा कुराहरू गरेको उहाँ चाहनुहुन्छः

१. *वरदानहरूलाई स्वीकार गर्नु।* संसारका निम्ति परमेश्वरको सबैभन्दा ठूलो वरदान ख्रीष्ट नै हुनुहुन्छ। ख्रीष्टले आफ्नो मण्डलीद्वारा संसारलाई निरन्तर रूपमा दिइरहनुहुन्छ। सेवाको निम्ति मण्डलीलाई तयारी पार्नका लागि उहाँले पवित्र आत्माद्वारा मण्डलीलाई आत्मिक वरदानहरू दिनुभएको छ। त्यसकारण परमेश्वरले हामीलाई दिनुभएका कुराहरूलाई हामीले स्वीकार गर्नैपर्छ र यसरी हामी अरूहरूलाई पनि दिन सक्छौं।

२. *वरदानहरूलाई प्रयोग गर्नु।* यदि तपाईंले कुनै भोको मानिसलाई रोटी दिनुभयो, तर उसले त्यसलाई नखाईकन एकातिर राखिदियो भने, तपाईंले दिनुभएको कुराप्रति ऊ धन्यवादी भएजस्तो के तपाईंलाई लाग्छ? परमेश्वरले हामीलाई आफ्नो वचन दिनुभएको छ, र उहाँको महिमाको निम्ति हामीले यसलाई प्रयोग गरेको उहाँ चाहनुहुन्छ। उहाँले हाम्रा जीवनलाई परिवर्तन गर्नुभएको छ र उहाँका आफ्नै आत्माद्वारा हामीलाई शक्ति दिनुभएको छ। अरूहरूका जीवनलाई पनि उहाँले कसरी परिवर्तन गर्न सक्नुहुन्छ भनी तिनीहरूलाई बताउनका लागि हामीले यस शक्तिलाई प्रयोग गरेको उहाँले चाहनुहुन्छ।

परमेश्वरले हामीलाई सेवाका निम्ति ठूला जिम्मेवारीहरू दिनुभएको छ। उहाँले हामीलाई अचम्म प्रकारमा सृष्टि गर्नुभयो। अचम्मको नयाँ जीवनमा हामीले ख्रीष्टद्वारा उद्धार पाएका छौं। आवश्यकतामा भएका अरूहरूसँग हाम्रो नयाँ जीवन बाँड़ेर हामीले यसलाई प्रयोग गर्नुपर्छ।

३. *दाता (दिने)-लाई चिन्नु।* मानिसहरूले खान्छन् र पिउँछन्, स्वास्थ्य र सुख-विलासमा आनन्द मनाउँछन्, स्वतन्त्रता र मुक्तिमा गर्व गर्छन्, तर यी सबै थोकहरू दिनुहुनेलाई चाहिँ तिनीहरू चिन्दैनन्। हामीले सित्तैंमा प्राप्त गरेका सबै थोकहरूका स्रोतका रूपमा उहाँप्रति कृतज्ञता देखाएको परमेश्वरले हामीलाई चाहनुहुन्छ। सबैभन्दा ठूलो कृतज्ञताचाहिँ उहाँको महान् वरदान– मुक्तिलाई अझैसम्म प्राप्त नगरेकाहरूलाई उहाँको बारेमा बताउनु हो।

**१५** परमेश्वरले हामीलाई दिनुभएका वरदानहरूलाई हामीले कस्तो किसिमले प्रयोग गरेको परमेश्वरले चाहनुहुन्छ। तपाईंका आफ्नै शब्दहरूमा छोटकरीमा व्याख्या गर्नुहोस्।

.......................................................................................

.......................................................................................

## स्वयम्-जाँच

**छोटो उत्तर दिनु वा वाक्यलाई पूरा गर्नु।** पाठमा नहेरीकन नै तपाईंका आफ्नै शब्दहरूसाथ तलका प्रश्नहरूको उत्तर दिनुहोस् वा पूरा गर्नुहोस्।

१ सेवा गर्नका लागि परमेश्वरको सामान्य बोलावटमा कस-कसलाई समावेश गरिएको छ? ..................................................

..........................................................................

२ यदि शुरूका ख्रीष्टियानहरूले ख्रीष्टको सेवालाई निरन्तरता नदिएका भए, यसले तपाईंलाई कसरी असर पार्ने थियो?

..........................................................................

३ यदि कुनै व्यक्तिले कुनै किसिमको सुसमाचार सेवाका निम्ति पूर्ण समय दिएको छ भने, उसमा कस्तो किसिमको बोलावट छ भनी हामी विचार गर्न सक्छौं? ..................................................

..........................................................................

४ यस पाठमा हामीले छलफल गरेका सेवाको निम्ति आवश्यकीय योग्यताहरू के-के हुन्? ..................................................

..........................................................................

५ यी योग्यताहरू र ख्रीष्टको निम्ति भएको हाम्रो सेवाको बीचमा के फरक छ? ..................................................

..........................................................................

६ स्व-त्याग, क्रूस बोकाइ, पापबाट फर्काइ, र तपाईं आफूलाई ख्रीष्टद्वारा अधीन गरिने कार्य ....................-का अभ्यास हुन्।

..........................................................................

७ हामीले ख्रीष्टियान चरित्रको विकास गर्दा, हाम्रो जीवनमा आत्मिक .................................................................. हुन्छ।

**ठीक बेठीक प्रश्नः** यदि तल दिइएको बयान ठीक छ भन्ने खाली ठाउँमा *ठी* लेख्नुहोस् र यदि बयान बेठीक छ भने *बे* लेख्नुहोस्।

... **८** परमेश्वरको काम गर्नका लागि सबै विश्वासीहरूले उही अधिकार र शक्ति प्राप्त गर्छन्।

... **९** भातृत्वको अर्थ मेरो आफ्नै जाति वा राष्ट्रियताका मानिसहरू मेरा दाज्यू-भाइहरू हुन्।

... **१०** हामी ख्रीष्टियान बनेपछि ख्रीष्टियान चरित्र छिट्टै नै पूर्ण रूपमा विकास हुन सक्छ।

... **११** यदि हामी ख्रीष्टका चेलाहरू हुन चाहन्छौं भने हामीले उहाँलाई हाम्रा जीवनका प्रभुको रूपमा स्थान दिनुपर्छ।

... **१२** प्रेमले भरिएको हृदयले पापलाई घृणा गर्न सक्दैन।

... **१३** अरूहरूलाई परमेश्वरमा ल्याउनका लागि प्रार्थना आवश्यक हुन्छ।

... **१४** परमेश्वरका सबै वरदानहरूका निम्ति उहाँलाई कृतज्ञता देखाउने सबैभन्दा उत्तम तरीका उहाँलाई नचिन्नेहरूसँग उहाँको बारेमा बताउनु हो।

... **१५** सबैभन्दा महत्त्वपूर्ण ख्रीष्टियान गुणचाहिँ प्रेम हो।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

**८ क** विश्वास, सहनशीलता।
**ख** परमेश्वरमा भरोसा राख्न र नछोड्नका लागि उनले नसिकुञ्जेल, उनले आफ्ना मेहनतका नतीजाहरू देख्नेछैनन्।

**१ क** ठीक
**ख** बेठीक
**ग** बेठीक
**घ** ठीक
**ङ** ठीक

**९ क** आत्म-संयम्
**ख** उनको जीवनमा भएको अनुशासनको कमीको कारण उनले साक्षी दिएका मानिसहरू अलमलमा पर्नेछन्।

२ **ख** हामीले कहिल्यै सुसमाचार सुन्नेथिएनौं होला, किनकि हामीकहाँ आइनपुगुन्जेलसम्म सुसमाचार एक विश्वासीदेखि अर्को विश्वासीसम्म सारिएको थियो।

१० **क** भातृत्व, प्रेम

**ख** उनको स्वार्थी प्रवृत्तिले मानिसहरूलाई ख्रीष्टमा ल्याउनुको सट्टा टाढ़ा धपाउनेछ।

३ सम्भवतः तपाईंले यसरी उत्तर दिनुभयो होलाः

**क** १) सामान्य बोलावट

**ख** २) विशेष बोलावट

**ग** १) सामान्य बोलावट

**घ** १) सामान्य बोलावट

**ङ** २) विशेष बोलावट

**च** २) विशेष बोलावट

**छ** ३) सामान्य वा विशेष बोलावट

११ **क** ज्ञान

**ख** उनले परमेश्वरसँग बलियो सम्बन्ध राखेका हुँदैनन् वा मुक्तिदाताको आवश्यकता छ भनी अरूहरूलाई देखाउनका लागि उनीसँग पर्याप्त ज्ञान पनि हुँदैन।

४ ख्रीष्टको ज्ञानमा तिनीहरू सक्रिय र प्रभावकारी हुन्छन्।

| | | | | |
|---|---|---|---|---|
| १२ | **क** छैन | | **छ** छ |
| | **ख** छ | | **ज** छ |
| | **ग** छ | | **झ** छ |
| | **घ** छैन | | **ञ** छैन |
| | **ङ** छ | | **ट** छ |
| | **च** छैन | | **ठ** छ |

५ **क** उसले आफ्नो आत्मिक दर्शन गुमाउँछ र ख्रीष्टले उसका निम्ति गर्नुभएको कामलाई बिर्सन्छ।

| | | |
|---|---|---|
| १३ | **क** ६) प्रेमी हृदय | **घ** ४) धन्यवादी हृदय |
| | **ख** ५) पापलाई घृणा गर्ने हृदय | **ङ** २) क्षमा दिने हृदय |
| | **ग** ३) नम्र हृदय | **च** १) परमेश्वर-प्रेमी हृदय |

६ उसको चरित्र जति धेरै ख्रीष्टको जस्तो हुन्छ, ऊ त्यत्ति नै बढ़ी ख्रीष्टजस्तै हुन्छ।

१४ तपाईंको उत्तर। यस खण्डमा हामीले दिएका मूल्यहरूसँग तपाईंको उत्तरको तुलना गर्नुहोस्।

७ तपाईंको उत्तर मेरो जस्तै छैन होला, तर मचाहिँ यसो भन्छुः

**क** भलाइ।

**ख** उनको साक्षी अति कमजोर हुनेछ, किनकि उनका मित्रहरूले उनको जीवन र आफ्ना जीवनका बीचमा कुनै भिन्नता देख्दैनन्।

१५ तपाईंको उत्तर। सबैभन्दा पहिले उहाँका वरदानहरूलाई स्वीकार गरेको, त्यसपछि अरूहरूलाई उहाँकहाँ ल्याउनका लागि ती प्रयोग गरेको र अन्त्यमा उहाँले नै सबै थोक हामीलाई दिनुभएको छ भनी मानिलिएको उहाँले चाहनुहुन्छ।

## टिप्पणीहरू

# पाठ ६

# सेवाको कार्य

आदम र हव्वाले बोलेका भाषा पत्ता लगाउन चाहने सम्राट्को बारेमा एउटा कथा भनिएको छ। अनुसन्धान गर्नका लागि उनले नयाँ जन्मेका केही बालकहरूलाई छुट्टयाए। यी बालकहरूका उपस्थितिमा कसैले पनि एक शब्द नबोल्नू भनी उनले कड़ा आज्ञा दिए। यसो गर्दा बालकहरूले आफ्नै भाषा बोल्न सक्छन् भनी उनले विचार गरेका थिए। त्यो भाषाचाहिँ आदम र हव्वाले बोलेको भाषा नै हुनेछ भनी सम्राट्ले विचार गरेका थिए। यो अनुसन्धान असफल भयो, किनकि सञ्चारको कमीबाट बालकहरूको मृत्यु भयो।

कुराकानी (सञ्चार) गर्नका लागि नै मानिस जन्मेको हो। आफूजस्तै मानिस र परमेश्वरसँग कुराकानी गर्नका लागि उसलाई बनाइएको थियो। ख्रीष्टको सुसमाचार सञ्चार गर्ने जिम्मेवारी परमेश्वरका मानिसहरूसँग छ। मण्डलीको जीवन नै ख्रीष्टलाई बाँड्नु हो। सुसमाचारको सुनाइमा संसारको जीवन अडिएको छ। यो सञ्चारविना संसार मर्नेछ।

यस पाठमा हामी सेवाको कार्य सुसमाचार सञ्चार गर्ने कार्यको बारेमा कुराकानी गर्नेछौं। यो सञ्चारलाई तीन प्रकारमा गर्न सकिन्छः बोलेर, बाँड़ेर र सेवा गरेर। तपाईंले यस पाठलाई अध्ययन गर्नुहुँदा येशू ख्रीष्टको मण्डलीको यस त्रिपक्षिय सेवालाई पूरा गर्नका लागि तपाईंको सहभागिताको सम्बन्धमा विचार गर्नुहोस्।



## *पाठको रूपरेखा*

खीष्ट हाम्रा नमूना
सन्देशको घोषणा
उदाहरणद्वारा बाँड्नु
प्रेमसाथ सेवा गर्नु

## *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंलेः

- खीष्टको जीवनमा देखिएका सेवाका त्रिपक्षिय कार्यलाई वर्णन गर्न सक्नुपर्नेछ।
- संसारप्रति भएको मण्डलीको सेवामा तपाईं संलग्न हुन सक्नुहुने व्यावहारिक तरीकाहरूलाई बुझ्न सक्नुपर्नेछ।
- तपाईंको स्थानीय मण्डलीद्वारा सेवाका सम्भाव्यताहरूलाई चिन्न सक्नुपर्नेछ।

## *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएको तरीकाअनुसार पाठलाई अध्ययन गर्नुहोस्। पाठमा दिइएका बाइबलका सबै खण्डहरूलाई पढ्नुहोस् र सबै अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्। तपाईंले आफ्नो उत्तर लेखिसक्नुभएपछि तपाईंको प्रत्येक प्रश्नको उत्तर जाँच्नुहोस्।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र आफ्ना उत्तरहरूलाई जाँच्नुहोस्।

## *मुख्य शब्दहरू*

अतिथिसत्कार गर्ने
उद्घोषक
घोषणा गर्नु
डिकन
सञ्चार गर्नु

## *पाठ विकास*

### ख्रीष्ट हाम्रा नमूना

उद्देश्य १: *सुसमाचारलाई सञ्चार गर्नुमा येशूको लक्ष्य के थियो सो चिन्नुहोस्।*

सुसमाचारको प्रभावकारी सञ्चार गर्नु नै सेवा हो। विश्वासीले सुसमाचारको सञ्चार शुरू गरेपछि मात्र सेवाको कार्य शुरू हुन्छ।

> किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" तर जसलाई विश्वास गरेकै छैनन्, उहाँलाई मानिसहरूले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन्, उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने? र प्रचारविना तिनीहरूले कसरी सुन्ने? (रोमी १०:१३-१४)।

सुसमाचार सञ्चार गर्नु भनेको केवल सूचना दिनु मात्र होइन। सञ्चार प्रभावकारी हुनका लागि सुसमाचारले मानिसहरूका हृदयमा बोल्नुपर्छ– यो तिनीहरूका जीवनमा प्रयोग हुनुपर्छ।

येशू मानिसहरूका हृदयमा बोल्नुभयो। उहाँको पहिलो सामूहिक वक्तव्यलाई हामीले पहिल्यै सिकिसकेका छौं। लूका ४:१८-लाई फेरि पढ्नुहोस्। यशैया ६१:१-२-मा आधारित यी शब्दहरूले येशूले आफ्नै सेवाको बारेमा विचार गर्नुभएका कुराहरूलाई बताउँछन्ः

१. *गरीबहरूलाई सुसमाचार सुनाउन।* येशूको सन्देश प्राणको कल्याणको निम्ति– आत्मामा गरीब हुनेहरूका निम्ति– र साथसाथै शरीर र मनमा गरीब हुनेहरूका निम्ति थियो। उहाँले पूर्ण मानिसको बारेमा सरोकार राख्नुभएको थियो।

२. *कैदीहरूलाई छुटकाराको घोषणा गर्न।* मानिस पापको कैदी हो। पापको जीवनबाटको नतीजा स्वरूप ऊ उसको आफ्नै अवस्थाको

पनि कैदी हो। कैदीहरूलाई छुटकाराको आवश्यकता पर्छ। मानिसहरूलाई स्वतन्त्र पार्नका लागि ख्रीष्ट आउनुभयो, यसरी परमेश्वरले चाहनुभएको जस्तो व्यक्ति तिनीहरू हुन सक्छन्। उहाँले जीवनलाई पूर्ण र प्रशस्त तुल्याउनुहुन्छ। "म ता तिनीहरूले जीवन पाऊन्, र प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०)।

३. *थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउन।* येशूले मानिसको कष्ट र उसका आवश्यकताहरूप्रति सरोकार राख्नुहुन्छ। सम्पूर्ण जीवन पाउनबाट मानिसलाई रोक्ने सबै थोकको समाधान उद्धारले प्रदान गर्छ, चाहे यो भावनात्मक समस्या, अरूहरूसँगको विवाद, वेदना वा कष्ट जे होस्।

४. *अन्धाहरूलाई दृष्टि दिन।* यसले आत्मिक चङ्गाइ र शारीरिक चङ्गाइ दुवैलाई सम्बोधन गर्छ। मानिसको जीवनको सबै क्षेत्रमा सुसमाचारलाई प्रयोग गर्न सकिन्छ।



येशूले पूर्ण व्यक्तिलाई उद्धार गर्न चाहनुभयो। उहाँ मानिसको शारीरिक र भावनात्मक उन्नति र उसका आत्मिक समस्याहरूप्रति सरोकार राख्नुहुन्थ्यो।

१ यशैया ५३:५ पढ्नुहोस्। यस खण्डले हामीलाई देखाउने कुनचाहिँ कुरा क्रूसमा भएको ख्रीष्टको उद्धारीय कार्यमा समावेश गरिएको छ? ...................................................................

सुसमाचारको सञ्चार गर्नुमा ख्रीष्टको लक्ष्य उहाँमा मानिसहरूलाई सम्पूर्ण वा पूर्ण बनाउनु हो। मत्ती ५:४८-मा येशूले भन्नुभयो, "जस्तो

स्वर्गमा हुनुहुने तिमीहरूका पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्छ।" यहाँ प्रयोग भएको *सिद्ध* शब्दको लागि *पूर्ण* शब्द प्रयोग गर्न सकिन्छ। धनी युवकसँग येशूले कुराकानी गर्नुहुँदा यही शब्द नै प्रयोग गर्नुभएको थियो। उहाँले भन्नुभयो, "तिमी सिद्ध (पूर्ण) हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग" (मत्ती १९:२१)।

पूर्ण हुनु भनेको ठीक कुराहरू गर्नु हो। यसको अर्थ परिपक्वता र पूर्णतामा पुग्नु पनि हो। (कलस्सी १:२८ हेर्नुहोस्)। सुसमाचार-को लक्ष्य नै यही हो– ख्रीष्टमा सबै मानिसहरू परिपक्वतामा आउन सकून्। पापका कामहरूलाई नष्ट गर्नका लागि ख्रीष्ट आउनुभयो, र यसरी हामीले उहाँमा हाम्रो पूर्णतालाई प्राप्त गर्न सक्छौं। आफ्ना वचनहरूद्वारा, पवित्र जीवनको आफ्नो उदाहरणद्वारा, र उहाँको दासको सेवाका कार्यहरूद्वारा, उहाँले मानिसहरूलाई पाप र यसका असरहरूबाट स्वतन्त्र पार्नका लागि खोज्नुभयो। क्रूसमा उहाँको मृत्यु र मृत्युबाटको पुनरुत्थान पापमाथिको विजयका अन्तिम चिन्हहरू थिए। उहाँले आफ्नो जीवनद्वारा सुसमाचारको सञ्चार गर्नुभयो। यही सुसमाचारलाई नै आज मण्डलीले संसारमा सञ्चार गर्छ!

२ सुसमाचारको सञ्चारमा येशूका लक्ष्यहरूलाई यी बयानहरूमध्ये कुन-कुनले व्याख्या गरेका छन्?

**क.** उहाँको सरोकार मानिसको आत्मिक अवस्थाको निम्ति मात्र थियो।

**ख.** मानिसको शारीरिक र भावनात्मक आवश्यकताको साथसाथै उसको आत्मिक आवश्यकतालाई सेवा पुऱ्याउनु महत्त्वपूर्ण छ भन्ने कुरा उहाँलाई थाहा थियो।

**ग.** उहाँले आफ्नो उदाहरणद्वारा मानिसहरूका हृदयमा बोल्नुभयो र वचनजत्तिकै सरोकार पनि देखाउनुभयो।

**घ.** रोग वा समस्याहरूद्वारा घायल नभएकाहरूका बीचमा उहाँले विशेष गरी सेवा पुऱ्याउनुभयो।

**ङ.** उहाँले सबै मानिसहरू आत्मिक, शारीरिक र भावनात्मक रूपमा सिद्ध वा पूर्ण व्यक्तिहरू भएको चाहनुहुन्थ्यो।

## सन्देशको घोषणा

**बोलिएको वचन**

उद्देश्य २ः *बोलिएको वचनद्वारा सुसमाचारलाई सञ्चार गर्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

राज्यहरूलाई कब्जा गर्न गएका मानिसहरूले धेरै सेना र युद्धका शक्तिशाली हतियारसाथ लड़ाइँ गर्ने गर्छन्। ख्रीष्टको लक्ष्य सारा संसारलाई कब्जा गर्नु र हरेक राज्यलाई आफ्नो पैतालामुनि ल्याउनु हो। तर उहाँले मानिसहरूलाई टल्किने तरवार वा गर्जने तोपका साथ होइन, तर बोलीको शक्तिसाथ पठाउनुहुन्छ।

हामीलाई सुसमाचारका उद्घोषकका रूपमा पठाइन्छ। उद्घोषकले सन्देशको घोषणा गर्छन्। उनले एक व्यक्तिलाई वा व्यक्तिहरूको समूहलाई, जनसमूहमा वा व्यक्तिगत रूपमा कुराकानी गर्न सक्छन्, तर जहिले पनि उनले आफ्ना मालिक वा प्रभुबाटको सन्देश लिएर आएका हुन्छन्।




उद्घोषकको एउटा महत्त्वपूर्ण विशेषताचाहिँ उनको अधिकार हो। उनी उनको आफ्नै नाममा होइन तर उनलाई पठाउनेको नाममा बोल्छन्। उनको अधिकार उनका शब्दहरूमा मात्र होइन तर आफूलाई पठाउनेको पक्षमा काम गर्ने उनको योग्यतामा हुन्छ।

ख्रीष्टले पठाउनुभएका मानिसहरू विश्वासयोग्य थिए र उहाँले तिनीहरूलाई दिनुभएको अधिकारसाथ तिनीहरू बोले। तिनीहरू आनन्दसाथ फर्केर आई यसो भनेः "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्!" (लूका १०ः१७)।

परमेश्वरको सत्यताका उद्घोषकहरू बन्नका लागि ख्रीष्टले आज पनि पुरुष र स्त्रीहरूलाई बोलाइरहनुभएको छ। नयाँ करार विश्वासी-हरूका शक्ति तिनीहरूले बोलेका सत्यताको महत्त्वपूर्णतामा भर परेको थियो। यो सत्यता के थियो?

१. परमेश्वरको प्रेम मानिसलाई थाहा गराइएको छ।
२. मानिसको निम्ति त्यहाँ पापबाट उद्धार छ।
३. येशूको मृत्युद्वारा मात्र पापबाटको उद्धार सम्भव छ।

बोलिएको वचनद्वारा सुसमाचार सञ्चार गरिएका केही तरीकाहरूलाई अब हामी विचार गरौं।

*प्रचार र शिक्षण।* महान् आज्ञा प्रचार र शिक्षण गर्ने आज्ञा हो। यी दुइ तरीकाहरूमा सुसन्देश उद्घोषण गर्ने महत्त्वपूर्णताको सम्बन्धमा त्यहाँ अरू धेरै बाइबलका पदहरू छन्। प्रचार र शिक्षणको मूल्यतालाई तलका पदहरूले जोड़ दिन्छन्ः

१. वचन प्रचार गर्नका लागि आज्ञा दिइएका व्यक्तिहरूबाट विश्वासयोग्यताको माग गरिएको छ (२ तिमोथी ४ः२)।
२. प्रभुले यही कुराको छनौट गर्नुभएको छ, कि प्रचारको मूर्खताद्वारा नै मानिसहरूले उद्धार पाउन सकून् (१ कोरिन्थी १ः२१)।
३. प्रचारद्वारा नै परमेश्वरको वचन प्रकट भएको छ (तीतस १ः३)।
४. जहाँबाट घोषणा गरे तापनि परमेश्वरको वचनमा ठूलो शक्ति छ। उद्धार गर्नका लागि वचन सक्षम छ (याकूब १ः२१)।
५. नयाँ जन्मेका ख्रीष्टियानहरूलाई वृद्धि हुन वचनले सहायता गर्छ (१ पत्रुस २ः२)।
६. प्रचार र शिक्षणमा चेलाहरूले येशूको उदाहरण पछ्याए (प्रेरित ५ः४२)।
७. प्रेरित पावलको सेवामा प्रचार र शिक्षण दुवै संलग्न थियो (कलस्सी १ः२८)।

प्रचारद्वारा पुरुष र स्त्रीहरूलाई परमेश्वरको राज्यमा ल्याइन्छ र शिक्षणद्वारा तिनीहरूलाई उठाइन्छ र पक्का पारिन्छ। प्रचार गर्नु र शिक्षण गर्नु मात्र हाम्रो जिम्मेवारी होइन, तर हामीले पनि प्रचार र शिक्षण प्राप्त गर्नुपर्छ, र यसरी हामी परमेश्वरको वचनद्वारा सुधारिन र सामर्थी हुन सक्छौं।

येशूको नाउँमा बोल्दै नबोल्नू वा सिकाउँदै नसिकाउनू भनी पत्रुस र यूहन्नालाई चेताउनी दिइएको थियो। तर तिनीहरूले उत्तर दिए, "हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं" (प्रेरित ४:२०)। यदि हामीले येशूको बलिदानद्वारा उद्धार पाएका हौं र हाम्रा हृदयमा उहाँको प्रेमलाई अनुभव गरेका छौं भने हामीले अनुभव गरेका कुराहरूलाई हामी नबोली सक्दैसक्दैनौं!

*व्यक्तिगत साक्षी।* साँचो सञ्चारमा दुइ तर्फी प्रक्रिया समावेश भएको हुन्छ। यो विचारहरू, प्रवृत्तिहरू र अनुभवहरूको आदान-प्रदान हो। प्रेरित ८-मा एक उदाहरण दिइएको छ। जहाँ इथियोपियनसँग फिलिपले सुसमाचार बाँड़ेका थिए। यी व्यक्तिकहाँ जानू भनी परमेश्वरले फिलिपलाई आदेश दिनुभएको भए तापनि फिलिपले उनलाई तुरुन्तै सुसमाचारबाट बताउन शुरू गरेनन्। तर उनले "के म तपाईंको जीवनमा संलग्न हुन सक्छु?" भन्ने प्रश्नका साथ शुरू गरे। ती मानिस आफैले सोधेका सीधा प्रश्नको प्रतिउत्तरमा फिलिपले ती मानिससँग ख्रीष्टको बारेमा कुराकानी गर्न थाले (प्रेरित ८:३१) तब फिलिपको साक्षी प्रभावकारी बन्यो, किनकि ती मानिसको विशेष खाँचोलाई यसले उत्तर दिएको थियो।

प्रचार गर्नका लागि हामीलाई कहिल्यै नबोलाइए पनि हाम्रो व्यक्तिगत बोलाइको साक्षीद्वारा हामी सबैले सुसमाचारको सञ्चार गर्न सक्छौं। अरूहरूसँग कुराकानी गर्नका लागि, र कसरी सुसमाचारले तिनीहरूका जीवनमा विशेष आवश्यकतालाई उत्तर दिन सक्छ भनी तिनीहरूलाई बताउनका लागि हामीले धेरै मौकाहरू पाउन सक्छौं।

प्रार्थनाद्वारा आत्मासँगको दोहोरो सञ्चार भएपछि मात्र बोलिएको वचनले सुसमाचारको हाम्रो सञ्चारलाई प्रभावकारी बनाउन सक्छ भनी प्रेरित पावलले हामीलाई याद दिलाएका छन्। १ कोरिन्थी २:४-मा उनले भनेका छन्,"मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको शक्तिको प्रदर्शनमा थियो। पवित्र आत्माको शक्तिविना हामी दीर्घकालिन मूल्यको कुनै कुरालाई पूरा गर्न सक्दैनौं।

**३** सुसमाचार *सञ्चार गर्ने* यी तीन तरीकाहरूको विशेष मूल्यलाई व्याख्या गर्नुहोस्:

**क.** प्रचारद्वारा ..........................................................................
..........................................................................................

**ख**. शिक्षणद्वारा ........................................................................
........................................................................................
**ग**. व्यक्तिगत साक्षीद्वारा ........................................................
........................................................................................

आज सुसमाचार ठूला शहरका मण्डलीहरूमा, साना गाउँका मण्डलीहरूमा, झ्यालखानहरूमा, सडकका कुनाहरूमा, रेडियोमा, टेलिभिजनमा– प्रायःजसो संसारका हरेक देशहरूमा प्रचार भइरहेको छ। छिमेकी बाइबल अध्ययनमा, सण्डे-स्कूल (बाल-सङ्गति) हरूमा, जवान भेलामा, कलेज कक्षाहरूमा, प्रार्थना झूण्डहरूमा, अस्पतालहरूमा– ख्रीष्टियानहरू एकसाथ भेला हुने सबै ठाउँहरूमा वचनलाई सिकाइन्छ। एक-एक गरी व्यक्तिगत सुसमाचार प्रचारमा सुसमाचार बाँड्ने काम पुरुष र स्त्रीहरूलाई ख्रीष्टमा ल्याउनका लागि अझै अचम्म र प्रभावकारी तरीका नै छ। येशूका बारेमा विश्वासीहरूले पत्ता लगाएका कुरा संसारलाई भन्नका लागि विश्वासीहरू रोकिन सक्दैनन्!

**लिखित वचन**

सन्देशलाई सञ्चार गर्नमा *लिखित* वचनको शक्तिलाई यदि हामीले उल्लेख गरेनौं भने यो पाठ अपूर्ण नै रहन्छ। संसारमा केही ठाउँहरू छन्, जहाँ बोलेर सुसमाचार दिनमा लागि अनुमति छैन। मिशनरीहरूलाई यी ठाउँहरूमा जान दिइँदैन। यस्ता क्षेत्रहरूमा पनि सुसमाचार पुऱ्याउने तरीका त्यहाँ छ। हुलाकबाट वा कुनै मित्रबाट आई सी आई सुसमाचार पुस्तिका प्राप्त गरी येशूलाई विश्वास गर्ने धेरै मानिसहरूका साक्षीको विवरण आई सी आई सँग छ। यदि हामी सुसमाचार लिएर *जान* सकेनौं भने, हामी सुसमाचारलाई *पठाउन* सक्छौं, र परमेश्वरको वचन शक्तिशाली छ– सन्देश बोलिएको वा लेखिएको जे भए तापनि यो मानिसहरूका हृदयमा बोल्छ! उद्धारको सन्देश *पढ़ेपछि* ख्रीष्टमा आएका कोही व्यक्तिलाई के तपाईं चिन्नुहुन्छ? तपाईं बोल्न नसक्ने वा हुलाकद्वारा पनि पठाउन नसक्ने कोही व्यक्तिलाई के तपाईंले सुसमाचार पर्चा वा ख्रीष्टियान साहित्य हातमा हालिदिनुभएको छ? जतासुकैका सबै मानिसहरूलाई वचनको घोषणा गर्नका लागि उपलब्ध भएको हरेक तरीकालाई हामीले प्रयोग गर्नुपर्छ!


## उदाहरणद्वारा बाँड्नु

उद्देश्य ३ः *हाम्रो उदाहरणद्वारा ख्रीष्टलाई बाँड्ने सिद्धान्तका असल उदाहरणहरूलाई चिन्नुहोस्।*

इतिहासभरि नै ख्रीष्टियानहरूको असल उदाहरणले अविश्वासीहरू-माथि ठूलो प्रभाव पारेको थियो। यस किसिमको बाँड्चूँड् वा *सङ्गतिले* धेरै मानिसहरूलाई ख्रीष्ट चिनाएको छ। परमेश्वरको राज्यको निम्ति कामहरू शब्दहरूभन्दा चर्को गरी बोल्छन्। हाम्रो सम्पर्कद्वारा र मानिसहरूसँगको हाम्रो सङ्गतिद्वारा हामी मानिसहरूसँग सञ्चार गर्छौं।

अल्बर्ट इस्क्वेजरले एक पल्ट भनेका छन्, "अरूहरूलाई प्रभाव पार्ने कुरामा उदाहरण *मुख्य* कुरा होइन। यो *मात्र* कुरा हो!" प्रभुमा समर्पित जीवन भएका व्यक्तिसँगको सम्पर्क ठूलो शक्तिसहितको सन्देश हो। असल उदाहरण असल सल्लाहभन्दा दुइ गुणा मूल्यवान् हुन्छ।

"ख्रीष्टप्रति तपाईंलाई सबैभन्दा बढ़ी कसले प्रभाव पाऱ्यो? के कोही कलेज प्राध्यापक, कोही प्रख्यात वक्ता, वा विश्वासयोग्य बाल-सङ्गति शिक्षकले हो कि?" भनी एक जना मित्रले हेनरी वार्ड बिचरलाई सोधे। "उनले कति ठूलो प्रभाव पारेका छन् भन्ने कुरा त्यस बेला उनलाई थाहा थियो भन्ने कुरामा मलाई शङ्का छ। उनी आफ्नो खाटमा पल्टेर नयाँ करार पढ्ने गर्थे, र म कोठामा छु भन्ने ख्याल पनि उनलाई हुँदैनथ्यो। तब उनी आफूले पढ़ेको कुराको बारेमा आफैसँग कुराकानी गर्थे। कहिलेकहीँ उनी पढ्दाखेरी मुस्कुराउँथे। बाइबलमा त्यसरी आनन्दित भएको मैले कहिल्यै देखेको थिइन। अरू



थोकहरूले भन्दा यसले मलाई ठूलो चुनौती दियो" भनी बिचरले जवाफ दिए। "तर यी महान् व्यक्ति को थिए भन्ने कुरा तपाईंले मलाई भन्नुभएन" भनी उनका मित्रले भने। "अहो, मलाई माफ गर्नु-होस्, ती मानिस चाल्स स्मीथ हुन्, जो मेरो बाबुको खेतमा कामदार थिए" भनी बिचरले प्रतिउत्तर दिए।

आफ्नो ज्योति नभएको, तर सूर्यको किरणलाई प्रतिबिम्ब गर्ने चन्द्रमा जस्तै परमेश्वरसँगको नजीकको सम्बन्धमा रहने ख्रीष्टियानको जीवनले ख्रीष्टको प्रतिबिम्ब गर्न सक्छ, जब उसले आफ्नो जीवन अरूहरूसँग बाँड्छ। ईमानदार ख्रीष्टियानका लागि सामान्य र स्वाभाविक जीवन अविश्वासीका लागि शक्तिशाली सन्देश हुन सक्छ। आफूसँग नभएको कुरा कसैले पनि दिन सक्दैन। मन्दिरको ढोकामा बसेको लङ्गड़ो मानिसलाई दिने केही कुरा पत्रुससँग थियोः "जे मसित छ, त्यही म तँलाई दिन्छु" (प्रेरित ३ः६)।

हामीले अरूहरूसँग हाम्रो जीवनलाई बाँड्दा र तिनीहरूले हामीमा येशूको सुन्दरतालाई देख्दा, हामीसँग भएका कुराहरूलाई तिनीहरू पनि चाहन्छन्। सबै समयमा ख्रीष्टजस्तै हुने ठूलो जिम्मेवारी हामीमा छ– हाम्रो घरमा, सडकमा, हाम्रा कामहरूमा, पसलहरूमा– हामी जहाँ भए पनि। हाम्रो व्यवहारले कसैलाई ख्रीष्टको *निम्ति* वा *उहाँको विरुद्धमा* प्रभाव पार्न सक्छ। सङ्गतिद्वारा अरूहरूसँग हामीले बाँड्चूँड् गर्दा, तिनीहरूलाई उद्धारको सुसमाचार बताउनका निम्ति पवित्र आत्माले हामीलाई मौका दिनुहुनेछ।

"मानिससँगको शक्ति परमेश्वरसँगको शक्तिबाट आउँछ" भनी कसैले भनेका छन्। प्रार्थना जीवनको महत्त्वको बारेमा हामीले कुराकानी गरिसकेका छौं। प्रार्थनाचाहिँ प्रभुसँगको हाम्रो सङ्गति (कुराकानी) हो। मानिसहरूका उद्धारका निम्ति निरन्तर प्रार्थना गर्नुभन्दा सुसमाचारीय सभाको योजना गर्नु, प्रचार-प्रसार गर्नु, भेटघाट गर्नु, र मानिसहरूलाई मण्डलीमा बोलाउनु सजिलो हुन्छ। सुसमाचार सुन्नुपर्नेहरूका निम्ति भएको साँचो प्रेम प्रार्थनाको जीवनबाट नै जन्मन्छ। संसारसँग भएको हाम्रो प्रेमको सङ्गतिद्वारा नै अविश्वासीलाई ख्रीष्टमा ल्याउन सकिन्छ।

**४** अरूहरूलाई ख्रीष्टमा जित्नका लागि सहायता पुऱ्याउने बाँड्चूँड् र सङ्गतिका असल उदाहरणहरूका अगाड़िको अक्षरमा घेरा लगाउनोस्।

**क.** लोकले अख्रीष्टियानको निम्ति काम गर्छन्। लोक कामको निम्ति छिट्टै आइपुग्छन् र उनी कामगर्दा समय खेर फाल्दैनन्।

**ख.** चन्द्र आफ्नो गाडी चलाउँदा रिसाउँछन् र अरूहरूले ढीलो चलाउँदा वा उनको बाटोमा अवरोध खड़ा गर्दा उनी चर्को स्वरले हर्न बजाउँछन्।

**ग.** श्रीमती सरिता अति मैत्रीभाव राख्ने छिमेकी हुन्, रोग-बिमार वा अरू आवश्यकताहरूको कारण अरूहरूलाई आफ्नो सहायता चाहिएको छ भन्ने कुरा तिनी जहिले पनि जान्दछिन्।

**घ.** दिनभरिका आफ्ना सबै क्रियाकलापहरूमा ख्रीष्टजस्तो हुनका लागि आफूलाई सहायता पुऱ्याउन हरेक बिहान राजुले प्रभुसँग प्रार्थना गर्छन्।

**ङ.** दीपक प्रायःजसो मानिसहरूप्रति भद्र र दयालु छन्, तर उनका आफ्नै परिवारका सदस्यहरूप्रति उनी निर्दयी र आलोचक छन्।

## प्रेमसाथ सेवा गर्नु

उद्देश्य ४: *सुसमाचार प्रचार र सेवाको बीचको सम्बन्धलाई वर्णन गर्नुहोस्।*

मण्डलीद्वारा गरिने हाम्रो सेवाको सम्बन्धमा बाइबलले हामीलाई केही निश्चित निर्देशनहरू दिएको छ। १ तिमोथी ३:१-१३ पढ्नुहोस्। पहिला सात पदहरूले मण्डली अगुवाको बारेमा वर्णन गर्छन्। ८-देखि १३-पदहरूले मण्डली सहयोगीहरूको वर्णन गर्छन्। धेरै बाइबल अनुवादहरूमा मण्डली सहयोगीहरूका निम्ति प्रयोग भएको शब्द *डिकन* हो। ग्रीक शब्द जहाँबाट यो ग्रीक शब्द आएको छ त्यसको अर्थ "सेवा गर्ने व्यक्ति, वा सेवक (दास) भन्ने हुन्छ। बाइबल खण्डले सेवा गर्ने तीन तरीकाहरूलाई उल्लेख गरेको छः

१. पहिलो तरीकाचाहिँ टेबिलमा सेवा गर्ने, व्यक्तिहरूका शारीरिक आवश्यकताहरूलाई जुटाउने, पाहुनाहरूलाई सत्कार गर्ने कुरासँग सम्बन्धित छ, र अझै सामान्य अर्थमा अतिथि-सत्कार गर्ने व्यक्तिहरूको कार्यलाई यसले वर्णन गर्छ।

२. सेवा गर्ने अर्को तरीकाचाहिँ छिमेकीलाई प्रेमको सेवा दिनु हो, विशेष गरी गरीब र खाँचोमा परेकाहरूका लागि, जस्तै, भोकाको निम्ति खाना, तृप्तिको निम्ति पानी, नाङ्गाको निम्ति लुगा (मत्ती २५:४२-४५; प्रेरित ११:२९ पढ्नुहोस्।)



३. बृहत् अर्थमा, सेवा गर्नु भनेको समुदायलाई भलाइ हुने कुनै पनि क्रियाकलाप गर्नु हो।

*तपाईंको छिमेकीलाई प्रेम गर्नुहोस्।* सेवाको सम्बन्धमा ख्रीष्टले सिकाउनुभएको धारणा आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्ने आज्ञासँग नजीकतामा सम्बद्ध छ (मर्कूस १२:३१)। यसको साथसाथै परमेश्वरलाई प्रेम गर्ने आज्ञा (मर्कूस १२:३०) ख्रीष्टियान व्यवहारको निम्ति आधार हो। अरूहरूका निम्ति भएको सेवामा छिमेकीको निम्ति भएको ख्रीष्टियान प्रेम सक्रिय रूपमा संलग्न भएको हुन्छ। यो ख्रीष्टको अनुयायीको विशेषता नै हो।

**५** मत्ती २०:२६-२८; मर्कूस ९:३५; मर्कूस १०:४३-४५; र लूका २२:२६ पढ्नुहोस्। सेवाको सम्बन्धमा यी पदहरूमा के सिद्धान्त दिइएको छ? ..................................................
....................................................................
....................................................................

आजको संसारमा सुसमाचार सञ्चार गर्ने प्रभावकारी तरीका ख्रीष्टियान सेवा नै हो। स्व-बलिदान गरेर भए पनि जब मण्डली नाश भएकाहरू र खाँचोमा परेकाहरूलाई ख्रीष्टको दया देखाउने काममा सक्रिय हुन्छ, यसको आफ्नो सेवाद्वारा सुसमाचारका साथ यो संसारमा पुग्न सक्छ। सुसमाचारको घोषणा नगरीकन सेवा गर्नु मानिसको सबैभन्दा गहिरो आवश्यकतालाई पूरा गर्न असफल हुनु हो। सुसमाचार प्रचार गर्नु र त्यसै बेला गरीबहरूको शारीरिक आवश्यकताहरूलाई बेवास्ता गर्नुचाहिँ ख्रीष्टको प्रेमको प्रदर्शन होइन। हामीले सम्पूर्ण मानिसलाई सेवा गरेको उहाँ चाहनुहुन्छ।




*संसारका आवश्यकताहरूप्रति प्रतिउत्तर।* संसारका समस्याहरू तीव्र रूपमा बढिरहेका छन्। संसारका दुष्टताहरूको एक मात्र समाधान ख्रीष्टको सुसमाचार हो। जब हामी संसारका आवश्यकताहरूलाई देख्छौं, ती समस्याहरूमा प्रतिउत्तर दिनका लागि हाम्रा हृदयहरू जागरूक हुन्छन्।

हामीले सुसमाचारका सत्यताहरूलाई निरन्तर रूपमा सिकाउनैपर्छ। अन्याय र घृणाको विरोध गर्नेहरूलाई पनि हामीले साथ दिनैपर्छ। दुवै साथसाथ जान्छन्।

येशूले भन्नुभयो कि उहाँ सेवा पाउनलाई होइन तर सेवा गर्न र आफ्नो जीवन दिनलाई आउनुभयो (मत्ती २०:२८)। आजको संसारमा यसलाई सजिलैसँग बुझ्न सकिँदैन। आज मानिस उच्च ओहोदामा पुगेपछि अरूहरूले उसको सेवा गरेको ऊ चाहन्छ। योचाहिँ मानव हृदयको विशेषता हो भनी येशूलाई थाहा थियो। एक-अर्कामाथि शासन जमाउन चाहने अन्यजातिहरूभन्दा आफ्ना चेलाहरू फरक हुनुपर्छ भनी येशूले तिनीहरूलाई बताउनुभएको थियो। तिनीहरू-मध्ये पहिलो हुने इच्छा गर्नेचाहिँ सबैको कमारो हुनुपर्छ भनी उहाँले तिनीहरूलाई भन्नुभएको थियो (मत्ती २०:२७)। कार्यमा सेवा गर्ने साँचो विश्वासीको आधारभूत गुण यही हो– त्यो जसले सेवा गर्छ।

६ हामीले गरेको सुसमाचार प्रचारसँग अरूहरूप्रतिको हाम्रो सेवा कसरी सम्बन्धित छ? ..............................................
......................................................................................
......................................................................................

७ ख्रीष्टले सिकाउनुभएको प्रेमको धारणाले हामीले गर्ने सेवाको तरीकामा कसरी प्रभाव पार्न सक्छ? .................................
......................................................................................

८ सुसमाचार प्रचारको साथसाथै तपाईं वा तपाईंको मण्डलीले गरिराखेको सेवाका अन्य तरीकाहरूलाई के तपाईं देख्न सक्नुहुन्छ? यहाँ तिनीहरूको सूची बनाउनुहोस्।
......................................................................................
......................................................................................

## स्वयम्-जाँच

**विकल्प छनौट।** तल दिइएका बयानहरूको प्रत्येक जोड़ीले यस पाठमा सिकाइएको सिद्धान्तलाई सम्बोधन गर्छ। प्रत्येक जोड़ाबाट सिकाइएको सिद्धान्तलाई प्रतिबिम्बित गर्ने बयानलाई छान्नुहोस्।

१ *सुसमाचारलाई सञ्चार गर्नुः*

**क.** प्रचार र शिक्षणद्वारा बड़ो प्रभावकारी रूपमा सुसमाचारलाई सञ्चार गर्न सकिन्छ।

**ख.** सुसमाचारको सञ्चार सूचना दिनुभन्दा पनि अझ धेरै कुरा हो– यसमा मानिसहरूका जीवनमा सत्यतालाई प्रयोग गर्ने, तिनीहरूका हृदयहरूलाई जित्ने कुरा समावेश भएको हुन्छ।

२ *ख्रीष्टको उद्धारीय कार्यको उद्देश्यः*

**क.** ख्रीष्टको कष्ट र मृत्युले मानिसका सबै आवश्यकताहरू– शारीरिक, भावनात्मक र आत्मिक– -का निम्ति प्रबन्ध गरिदिएको छ।

**ख.** ख्रीष्टको मृत्युको उद्देश्य थियो, त्योचाहिँ पापबाट मानिसलाई उद्धार गर्नुथियो।

३ *बोलिएको वचनको शक्तिः*

**क.** सन्देशको शक्ति बोल्ने व्यक्तिको क्षमता र शक्तिमा भर पर्छ।

**ख.** सन्देशमा शक्ति छ, किनकि यसलाई पठाउनुहुने– येशू ख्रीष्टको अधिकारद्वारा यो बोलिएको हुन्छ।

४ *बाँड्नु वा सङ्गतिः*

**क.** हामीले प्रेम र स्व-बलिदानमा बाँड्दा हाम्रो आफ्नै जीवनको उदाहरण अविश्वासीलाई हामीले दिन सक्ने सबैभन्दा प्रभावकारी सन्देश हो।

**ख.** हाम्रा कार्यहरू महत्त्वपूर्ण भए पनि हामीले गरेका कामहरूमा भन्दा हामीले भनेका कुराहरूमा नै मानिसहरूले बढ़ी ध्यान दिन्छन्।

५ *सेवा गर्नुः*

**क**. परमेश्वरको साँचो सेवकले मानिसका आवश्यकताहरू, र साथसाथै उसका आत्मिक खाँचोहरू पूरा गर्नका लागि आफूले सक्ने सबै काम गर्छ।

**ख**. सुसमाचार प्रचार गर्ने काममा ख्रीष्टियानहरूले ध्यान दिनुपर्छ र अरू आवश्यकताहरूको हेरविचार गर्नका लागि सरकार र अरू संस्थाहरूलाई नै छोड़िदिनुपर्छ।

६ *प्रेमः*

**क**. हाम्रा आफ्नै आवश्यकताहरूझैं हाम्रो छिमेकीका आवश्यकताहरूका बारेमा साँचो ख्रीष्टियान प्रेमले हामीलाई सरोकार राख्न लगाउँछ।

**ख**. एक साँचो ख्रीष्टियानले सेवाका निम्ति भएका आफ्ना निर्णयहरूलाई प्रेमद्वारा अधीन गर्न चाँहदैन, तर उसको कर्तव्य र आदरको कारण परमेश्वरको सेवा गर्छ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

**५** अरूहरूलाई सेवा गर्नेचाहिँ परमेश्वरको राज्यमा सबैभन्दा ठूलो हुन्छ।

**१** उहाँको कष्ट र मृत्युद्वारा हाम्रा निम्ति पापहरूको क्षमालाई सुरक्षित राख्न र मन, शरीर र आत्मामा पूर्ण चङ्गाइ गर्न उहाँले मूल्य तिरिदिनुभयो।

**६** मानिसका मानवीय आवश्यकताहरू र उसका आत्मिक साँचोहरू पूरा गर्नका लागि हामीले सेवा गर्नैपर्छ। हामीले पूर्ण मानिसलाई सेवा गरेको ख्रीष्ट चाहनुहुन्छ।

**२ क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** ठीक

**७** मानिसहरूका जस्तासुकै आवश्यकताहरू भए तापनि ती आवश्यकता-हरूमा सहायता पुऱ्याउने प्रेम र इच्छा ख्रीष्टको प्रेमले हामीलाई दिन्छ।

**३ क** प्रचारद्वारा नै परमेश्वरले पुरुष र स्त्रीहरूलाई आफ्नो राज्यमा ल्याउनुहुन्छ।
**ख** शिक्षणद्वारा नै विश्वासीहरूलाई विश्वासमा निर्माण गरिन्छ। (*टिप्पणी:* प्रचार र शिक्षणमा धेरै कुराहरू मिल्छ। सुसमाचार प्रचार गर्दा धेरै पल्ट शिक्षण पनि भएको हुन्छ। सुसमाचार सत्यताको शिक्षणद्वारा अविश्वासीलाई खिच्न सकिन्छ।)
**ग** व्यक्तिगत साक्षीद्वारा हामी दोहोरो सञ्चार गर्न सक्छौं। हाम्रा जीवनमा ख्रीष्टले गर्नुभएका कुराहरू बाँड़ेर अरूहरूका जीवनमा भएका विशेष आवश्यकताहरूका उत्तर हामी दिन सक्छौं।

**८** तपाईंको उत्तर। नाश भएकाहरूलाई सेवाद्वारा जित्ने अन्य तरीकाहरू देख्नका लागि के यस पाठले तपाईंलाई सहायता पुऱ्याएको छ?

**४ क** ठीक
**ख** बेठीक
**ग** ठीक
**घ** ठीक
**ङ** बेठीक


# पाठ १०

# सेवाका नतीजाहरू

प्रकाश २१-२२-मा हामीले पढ़ेका सुनका सड़कहरूमा हिँड़ेको हामी कल्पना गरौं। त्यहाँ धेरै मानिसहरू यताउति हिँड़ी सङ्गतिमा आनन्द मनाइरहेका छन्। मेरा आमा-बाबुलाई प्रभुमा जित्ने व्यक्तिलाई म त्यहाँ देख्छु। मलाई सबैभन्दा पहिले मुक्तिको मार्गको बारेमा बताउने बाल-सङ्गतिका शिक्षकलाई अहिले म त्यहाँ देख्छु। अहो! मैले प्रभुमा डोऱ्याएका पहिला व्यक्ति पनि त्यहाँ उभिएका छन्! कस्तो महिमित दृश्य!

म हिँड्दै जाँदा, मण्डली इतिहासका हरेक पृष्ठबाटका पुरुष र स्त्रीहरूलाई म देख्छुः मेरो जीवनलाई अगुवाइ गर्ने नयाँ करार पवित्र धर्मशास्त्र लेख्ने प्रेरितहरू– येशू ख्रीष्टको सुसमाचार प्रचारमा शहीदका रूपमा मृत्यु सहने शुरूका ख्रीष्टियानहरू– विदेशी संस्कृतिका मानिसहरूका निम्ति आफ्ना जीवन दिने महान् मिशनरीहरू– आफ्नो समुदायमा रही चूपचाप प्रभुको काम गर्ने नम्र सन्तहरू। मेरो आफ्नो मुक्तिमा तिनीहरू सबैको योगदानलाई अहिले म स्पष्टसँग देख्छु। सुसमाचारको सत्यता एकबाट अर्कोमा, युगहरूद्वारा भई मेरा पापमा मकहाँ पनि आइपुगेको छ र मैले उद्धार पाएको छु!.

यस पाठमा हामी सेवाका केही नतीजाहरूलाई हेर्नेछौं। सबैभन्दा ठूलो नतीजाचाहिँ त्यही नै हुनेछ कि हामीलाई ख्रीष्टमा ल्याउनेहरू-सँग र जसलाई हामीले उहाँमा ल्याएका छौं, तिनीहरूसँग हाम्रो भेट्घाट



हुनेछ। "मारिएका थुमा धन्यका हुनुहुन्छ!" भन्दै स्वर्गदूतहरूको ठूलो भीड़सँगै हामी एक साथ हाम्रा प्रभुलाई आराधना गर्नेछौं! (प्रकाश ५ हेर्नुहोस्)।

### *पाठको रूपरेखा*

मण्डलीमा नतीजाहरू
संसारमा नतीजाहरू

### *पाठका उद्देश्यहरू*

यस पाठको अध्ययनपछि तपाईंले:

- मण्डलीमा र संसारमा मण्डलीको सेवाका नतीजाहरूलाई वर्णन गर्न सक्नुपर्नेछ।
- मण्डलीको सेवामा तपाईंको आफ्नै संलग्नताको जिम्मेवारी र ख्रीष्टको आगमनमा भएको यसको सम्बन्धलाई चिन्न सक्नुपर्नेछ।
- तपाईंको आफ्नै जीवनमा र संसारमा मण्डली सेवाका प्रभावकारिताप्रति कृतज्ञ हुन सक्नुपर्नेछ।

### *सिक्ने क्रियाकलापहरू*

१. पाठ १-मा दिइएका निर्देशनहरूअनुसार पाठलाई अध्ययन गर्नुहोस्। दिइएका सबै बाइबल पदहरूलाई पढ्नुहोस् र अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्।

२. स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरू जाँच्नुहोस्।

३. एकाइ ३-का सामग्रीहरूलाई समीक्षा गर्नुहोस्, र विद्यार्थी प्रतिवेदन एकाइ ३-का प्रश्नहरूका उत्तर दिनुहोस्।

## *मुख्य शब्दहरू*

आनन्द मनाउनु
परिपूर्ति
फाइदाहरू
संख्यात्मक
संलग्नता

## *पाठ विकास*

### मण्डलीमा नतीजाहरू

हाम्रा परिश्रमहरूका नतीजाहरूका रूपमा इनामहरू देख्न चाहनु हामी सबैका निम्ति स्वाभाविक नै हो। "स्याबास, असल र विश्वासयोग्य दास" भनी तिनीहरूका मालिकले भनेका सुन्नलाई विश्वासी र मण्डलीले खूबै इच्छा राखेको छ! (मत्ती २५:२३)। मानिसको पापको कारण पतन भएको प्राकृतिक विश्व पनि विनाशबाट हुने छुटकाराको बाटो हेरिरहेको छ (रोमी ८:२०-२१)। तर मण्डलीले व्यर्थमा परिश्रम गरेको छैन। मण्डलीको सेवाको कारण त्यहाँ अचम्मका नतीजाहरू प्रकट भएका छन्। सेवामा भएको व्यक्तिको निम्ति र सम्पूर्ण मण्डलीको निम्ति राखिएका यी केही नतीजाहरूलाई अब हामी हेरौं।

### वृद्धि

उद्देश्य १: *सेवाबाट वृद्धिका नतीजाहरू ल्याउने विभिन्न तरीकाहरू-लाई वर्णन गर्नुहोस्।*

सेवामा गहिरो गरी संलग्न हुने मण्डली वृद्धि हुने मण्डली हो। मण्डलीको सेवाको केही अंश मण्डलीकै *सुधार* वा निर्माणको लागि हो भन्ने कुरा हामीले हेरिसकेका छौं। यहाँ हामीले आत्मिक वृद्धिका बारेमा कुराकानी गरिरहेका छौं। यो *संलग्नता*द्वारा आउँछ।

प्रार्थना गरेर नै एक व्यक्तिले साक्षी दिन सक्छ। मण्डलीले मण्डलीका सदस्यहरूलाई संलग्न हुने मौका प्रदान गरेपछि नै यसका सदस्यहरू आत्मिक रूपमा वृद्धि हुन्छन्। संलग्नताले हिम्मतको निर्माण गर्छ। उदाहरणको लागि, यदि साक्षी दिनका लागि मण्डलीमा

तालिम दिने व्यवस्था छ र "आज हामीले सिकेका कुरालाई हामी आज दिउँसो व्यवहारमा लगाउनेछौं" भनी प्रशिक्षकले भनेपछि सबै जना जोशिला बने। साक्षी दिने र ख्रीष्टमा मानिसहरू आएका देख्ने आनन्दको अनुभव तिनीहरूले प्राप्त गरेपछि, तिनीहरूको हिम्मत वृद्धि हुनेछ र तिनीहरूले अझ धेरै साक्षी दिन सक्नेछन्।

जब एक विश्वासी सेवामा संलग्न हुन्छ, ख्रीष्टले उसको जीवनमा मुख्य ठाउँ ओगट्नुहुन्छ। उसको जीवनमा अर्थ र उद्देश्य दिनुहुने ख्रीष्ट नै हुनुहुन्छ। ख्रीष्ट उसको जीवनमा अझै वास्तविक बन्नुहुँदा ऊ आफ्नो बारेको बुझाइमा वृद्धि हुन्छ। उसलाई जिम्मेवारी र आफ्नो मूल्यको बोध हुन थाल्छ। आफ्नो जीवनको निम्ति भएका परमेश्वरका लक्ष्यहरूलाई पनि उसले स्वीकार गर्छ। ख्रीष्टमा भएको उसको सम्पूर्णताका लागि सेवा अति नै महत्त्वपूर्ण छ भन्ने कुरा उसले बुझ्छ।

जब मण्डली संसारमा सक्रिय साक्षीमा संलग्न हुन्छ, पूर्ण रूपमा पवित्र आत्माको काममा भर पर्नका लागि यसलाई ल्याइन्छ। उहाँले नै साक्षी दिने शक्ति र स्वस्थ्य आत्मिक अवस्थाको निम्ति आवश्यक पर्ने सबै सहायताहरू प्रदान गर्नुहुन्छ। सेवामा संलग्न मण्डली शक्तिशाली रूपमा वृद्धि भइरहेको सक्रिय मण्डली हुन्छ। यसले आत्मिक बुद्धि र प्रार्थनाको आवश्यकताको महसूस गर्दा र यो पवित्र आत्माको शक्तिको निम्ति भोकाउँदा, यसले परमेश्वरको उपस्थिति र शक्तिको अनुभव गर्छ। त्यहाँ शरीरभित्र न्यानो आत्मिक सङ्गति हुन्छ। यसले संसारमा परमेश्वरको सेवामा अझै संलग्न हुनका लागि अगुवाइ गर्छ।

सेवामा संलग्न मण्डलीले संख्यात्मक वृद्धिको पनि अनुभव गर्छ। प्रेरितको पुस्तकमा हामी यसका उदाहरणहरू देख्छौं:

प्रेरित २:४१ – "तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।"

प्रेरित ४:४ – "तर वचन सुन्नेहरूमध्ये धेरैले विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो।"

प्रेरित ५:१४ – "प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरू दुवैको भीड़ झन् बढ़ी थपिन लागे।"

प्रेरितको पुस्तकभरि नै यो घटनाको निरन्तरता छ। मानिसहरूले सन्देश सुनेपछि, मण्डलीमा धेरै जना थपिए। मण्डली आज पनि वृद्धि भइरहेको छ, र पनि ख्रीष्टलाई नचिन्ने धेरै मानिसहरू त्यहाँ छन्। सबैले सुसमाचार नसुनुञ्जेलसम्म मण्डलीको सेवा पूर्ण हुँदैन। आत्मिक रूपमा स्वस्थ मण्डली वृद्धि भइरहेको मण्डली हो!



**सेवाले वृद्धि ल्याउँछ**

१ सबैभन्दा ठीक उत्तर छान्नुहोस्ः मण्डली आत्मिक र संख्यात्मक रूपमा वृद्धि हुन्छ, जब

**क**. यसका सुन्दर भवन र शिक्षित पास्टर हुन्छन्।
**ख**. यसले विश्वासीहरूको बीचको सङ्गतिलाई जोड़ दिन्छ।
**ग**. यो परमेश्वरप्रति, आफैप्रति र संसारप्रतिका सेवाहरूमा सक्रिय रूपमा संलग्न हुन्छ।

२ सेवामा भएको संलग्नताबाट वृद्धि हुने तीन तरीकाहरूलाई उल्लेख गर्नुहोस्। ..........................................................................
..........................................................................

## परिपूर्ति (सन्तुष्टि)

उद्देश्य २ः *साधारण परिपूर्तिलाई आत्मिक परिपूर्तिसँग तुलना गर्नुहोस्।*

सेवामा सक्रिय संलग्नताले साँचो तृप्ति ल्याउँछ। आफू सेवा पाउनलाई होइन तर सेवा गर्नलाई आएको हो भन्ने कुरा येशूले जान्नुहुँदा येशू आफैले तृप्ति पाउनु भएको थियो। आफ्ना पिताको इच्छा पूरा गर्न पाउँदा उहाँ तृप्त हुनुभएको थियो। विश्वासीको सेवा गर्दा ऊ आफैसँग, छिमेकीसँग र परमेश्वरसँग मिलापमा रहन्छ। यसले परिपूर्ति भएको तृप्ति ल्याउँछ।

संसारलाई योगदान दिने मानिसहरूले समर्पण र प्रतिवद्धताको अर्थमा काम गरेका हुन्छन्। कविले विश्वास गर्छन् कि उनको कविता जत्तिको महत्त्वपूर्ण कुरा अरू केही पनि हुँदैन। शिल्पकार र कलाकारले आफैलाई कलामा दिन्छन्– तिनीहरूले यसको प्रशंसा गर्छन्। यसैले त तिनीहरूले केही कुरा शौन्दर्यशील बनाउनका लागि निर्धक्कसाथ लुगा र ढुङ्गालाई प्रयोग गर्ने गर्छन्। आफ्नो योगदानमा तिनीहरू सन्तुष्टि प्राप्त गर्छन्। तर यो साधारण किसिमको परिपूर्ति हो, जुनचाहिँ बिलाएर जान्छ। मानिसहरूले लामो समयसम्म सुन्दर चित्रहरूको प्रशंसा गर्छन्, तर ती सधैँभरि रहँदैनन्।

परमेश्वरका निम्ति आफ्नो सेवाद्वारा विश्वासीले अनुभव गरेको परिपूर्ति अनन्त मूल्यको हुन्छ। यसलाई अनन्तताको दृष्टिकोणबाट हेरिन्छ। ख्रीष्टमा ल्याइएको आत्मा सधैँका लागि रहिरहन्छ। मानिसका गहिरा आवश्यकताहरू र उच्च आदर्शहरूलाई आत्मिक रूपमा मात्र पूरा गर्न सकिन्छ। २ कोरिन्थी ४:१८-मा हामी पढ्छौं, "हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" आत्मिक परिपूर्ति सेवाको अन्तिम नतीजा हो। प्रेरित पावलले आफ्नो सेवाको अन्त्यतिर परिपूर्तिको यस सन्तुष्टिलाई अभिव्यक्त गरेका छन्। २ तिमोथी ४:७-८-मा हामी उनका शब्दहरूलाई पढ्छौं:

> मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड़ सिध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।



*. . . प्रेमसाथ पर्खनेहरू सबैलाई . . .*

३ एक ख्रीष्टियानले आफ्नो सबैभन्दा ठूलो सन्तुष्टि कसरी प्राप्त गर्न सक्छ?

**क**. मण्डलीमा परिश्रमी काम गरेर र यसरी अरूहरूले उसको प्रशंसा गर्न सक्छन्।

**ख**. कसैलाई ख्रीष्टमा डोऱ्याएर।

**ग**. संसारलाई कुनै मूल्यवान् थोकको योगदान दिएर।

४ साधारण परिपूर्तिलाई आत्मिक परिपूर्तिसँग तुलना गर्नुहोस्। कुनचाहिँ सबैभन्दा पूर्ण छ र किन, व्याख्या गर्नुहोस्। ........................

..........................................................................

## आनन्दित हुनु

उद्देश्य ३ः *आत्माहरूलाई जित्ने आनन्दलाई सम्बोधन गर्ने बाइबलका खण्डहरूलाई विश्लेषण गर्नुहोस्।*

येशूलाई सेवा गर्नुमा ठूलो आनन्द छ। पवित्र आत्माको एउटा फल आनन्द हो भनी हामीले हेरिसकेका छौं। आनन्दित हुन–आफ्नो आनन्द व्यक्त गर्नका लागि ख्रीष्टियानहरूसँग धेरै कारणहरू छन्। पहिलो कुरा त, तिनीहरू आफैले उद्धार पाएका छन्! तिनीहरूका जीवन परिवर्तन भएका छन्, र तिनीहरू पापको बोझबाट स्वतन्त्र छन्!

प्रभुको निम्ति आफ्ना परिश्रमको फल आफूले देख्दा पनि ख्रीष्टियानहरूले आनन्दको अनुभव गर्छन्। के तपाईंले कसैलाई प्रभुमा डोऱ्याउनुभएको छ? त्यो कति ठूलो आनन्दित अनुभव थियो भन्ने कुरा के तपाईं याद गर्नुहुन्छ? पापीले पश्चात्ताप गर्दा स्वर्गमा स्वर्गदूतहरूले पनि आनन्द मनाउनेछन् भनी बाइबलले हामीलाई बताउँछ (लूका १५ः१०)।

येशूले आत्माहरू जित्ने कामलाई फसल जम्मा गर्ने कुरासँग तुलना गर्नुभएको छ। फसलको कटनी र यसका नतीजाहरूका सम्बन्धमा केही बाइबल पदहरूले भनेका कुराहरूलाई अब हामी विचार गरौं।

५ यूहन्ना ४ः३५-३८ पढ्नुहोस् र यी प्रश्नहरूका उत्तर दिनुहोस्।

**क**. "छर्ने व्यक्ति"-को अर्थ के हो? ..................................

..........................................................................

**ख**. "कटनी गर्ने व्यक्ति"-को अर्थ के हो? ..........................

....................................................................

**ग**. ३६-पदको अर्थ के हो? ................................................

....................................................................


**घ**. ३७ र ३८-पदहरूको अर्थ के हुन्छ त? .......................

....................................................................

कहिलेकहीँ हाम्रा सेवाहरू पाप गर्ने आत्माहरूसँग सीधै संलग्न नभएका देखिन्छन्। हामी हाम्रा प्रयासहरूका नतीजाहरूलाई देख्दा पनि देख्दैनौं। तर प्रभुले हामीलाई राख्नुभएका ठाउँमा हामी सेवामा व्यस्त हुँदा ख्रीष्टको निम्ति संसारलाई जित्न सहायता गर्नेहरूसँग हामी आनन्द मनाउन सक्छौं। सन्देशका साथ टाढ़ाको देशमा जाने मिशनरीले त्यस देशमा धेरै आत्माहरूलाई ख्रीष्टमा जित्न सक्छन्। तर उनलाई जानको निम्ति आर्थिक सहायता जुटाउने र उनका लागि प्रार्थना गर्ने सबै ख्रीष्टियानहरू पनि फसल कटनीको निम्ति भएको इनाममा आनन्दित र सहभागी हुन्छन्!

भजनसंग्रह १२६:५-६-लाई कहिलेकहीँ "फसल कटनीको व्यवस्था" भनिन्छ। यदि हामीले बीउ रोप्यौं भने हामीले फसलको कटनी *गर्नेछौं* र हामी आनन्दित *हुनेछौं*!

> आँसुको साथमा छर्नेहरूले आनन्दका गीत गाउँदै कटनी गर्नेछन्। जो रुँदै-रुँदै बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ (भजनसंग्रह १२६:५-६)।



**हामी एकसाथ आनन्द मनाउँछौं**

६ १ कोरिन्थी ३:५-९ पढ्नुहोस्। धेरै मानिसहरूका प्रयासद्वारा कोही व्यक्ति ख्रीष्टमा आएको हामीले देख्दा किन हामी एकैसाथ आनन्द मनाउन सक्छौं भनी यस बाइबल खण्डले कसरी व्याख्या गर्छ? ..........................................................................

..........................................................................

## संसारमा नतीजाहरू

रोमी १६:२६-मा हामीले पढ्ने सुसमाचार– येशू ख्रीष्टको बारेको असल समाचार हो– "तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरूका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून् र आज्ञापालन गरून्।"

ख्रीष्टको सुसमाचार अझै उत्तम संसारको निम्ति मानिसको आशाको परिपूर्ति हो। शुरूका समयहरूदेखि नै मानिसले न्याय र धार्मिकताको युगलाई पर्खिराखेको छ। संसारका निम्ति उदाहरण हुनका लागि परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो। तर उहाँका छानिएका मानिस, इस्राएलीहरू उहाँका स्तरअनुसार जिउन असफल भए। अझै पनि मानिसहरूले नयाँ युग, शान्तिको राज्यको सपना देखिराखेका थिए।

अगमवक्ताहरूले विभिन्न थोकहरूको नयाँ क्रमलाई औंल्याए। तल उल्लेखित बाइबल पदहरूमा तिनीहरूका अगमवाणीहरूलाई पढ्नुहोस्: यशैया ५२:७; यशैया २:२-३; यशैया ११:२-५; भजनसंग्रह ७२:१२-१४; यशैया ६६:१२-१४,२३; यशैया ६२:१२। "समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ (यशैया ११:९)।

परमेश्वरको राज्यको घोषणा गर्नुहुँदै येशू आउनुभयो। नयाँ क्रम र नयाँ युग ल्याउनका लागि उहाँ परमेश्वरका अभिषिक्त जन हुनुहुन्थ्यो (लूका ४:१८-२१)। उहाँले सम्पूर्ण मानव-जातिका लागि उद्धार उपलब्ध गर्नुभयो। आफ्नो मृत्युद्वारा उहाँले मानिसलाई उसको शुरूको अवस्थामा पुनर्स्थापित हुने तरीका जुटाइदिनुभयो। ख्रीष्टको मृत्युलाई स्वीकार गरेर मानिस सृष्टिकर्ता परमेश्वरसँगको उसको पहिलेको सङ्गतिमा पुनस्थार्पित हुन सक्छ। मण्डलीले ख्रीष्टको सेवालाई निरन्तरता दिने सौभाग्य पाएको छ, जसले संसारका मानिसहरूका निम्ति आशा

प्रदान गरेको छ। संसारमा मण्डलीको सेवाका के-के नतीजाहरू छन्? सुसमाचार सन्देशको प्रचारले हाम्रो संसारलाई के असर पारेको छ? संसारमा भएको हाम्रो सेवाका केही महत्त्वपूर्ण नतीजाहरूलाई यस खण्डमा हामी हेर्नेछौं।

**परिवर्तित जीवनहरू**

उद्देश्य ४: *ख्रीष्टको सुसमाचारद्वारा परिवर्तन भएका जीवनहरूका व्यक्तिगत अनुभवबाट र बाइबलका खण्डहरूबाट उदाहरणहरू दिनुहोस्।*

येशू ख्रीष्टको प्रभुत्व र मण्डलीको जिम्मेवारीलाई जब मिलाइन्छ, अविश्वासी संसारमा परिवर्तन हुन्छ। सुसमाचार प्रचार हुँदा त्यहाँ प्रतिउत्तर हुन्छ। सुसमाचारीय कार्य राज्यको निम्ति नयाँ चेलाहरूमा परिणत हुन्छ।

मुक्तिको आश्चर्यकर्म र यसले कसरी जीवनहरू परिवर्तन गर्छ भन्ने कुरा कसले व्याख्या गर्न सक्छ? येशूले तुरुन्तै निको पार्नुभएको अन्धा मानिसको कथालाई हामी यूहन्ना ९-अध्यायमा पढ्छौं। ती मानिस जन्मबाटकै अन्धा थिए। येशूलाई हटाउने कोशिश गरिरहेका फरिसीहरूले ती मानिसलाई उनको चङ्गाइ र येशूको बारेमा प्रश्न गरे। ती मानिसले यसरी उत्तर दिए: "उहाँ... म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्तछु," (यूहन्ना ९:२५)। यो *कसरी* भयो भनी ती मानिसलाई थाहा थिएन– तर यो भयो भन्ने कुरा उनलाई थाहा थियो!



प्रेरित ९-मा हामी अर्को आश्चर्यपूर्ण परिवर्तनको बारेमा पढ्छौं। शाऊल नाम गरेका एक जना मानिस ख्रीष्टियानहरूलाई मार्नका लागि दमस्कसतिर गइरहेका थिए। अचानक आकाशबाट एउटा ज्योति चम्क्यो र शाऊल भूईँमा लोटे। त्यसै घड़ी उनले येशू ख्रीष्टलाई भेटे र उनको जीवन परिवर्तन भयो। उनी शुरूको मण्डलीका महान् मिशनरी प्रेरित पावल बने!

**७** २ कोरिन्थी ५:१७-१८ पढ्नुहोस्।

**क**. कसैले ख्रीष्टलाई ग्रहण गरेपछि सबैभन्दा पहिले हुने कुरा के हो? ........................................................................

**ख**. जीवनमा यो परिवर्तन भएपछि के हुन्छ? (१८ पद)?

........................................................................

येशूलाई भेटेपछि तुरुन्तै परिवर्तन भएका मानिसहरूका धेरै उदाहरणहरू बाइबलमा छन्ः मत्ती (मत्ती ९:९); चार जना जालहारीहरू (मत्ती ४:१८-२२); दुष्ट आत्माहरूले भरिएको मानिस (लूका ८:२६-३९); जखायस (लूका १९:१-१०); र अरूहरू।

रक्सी पिउने आदत वा लागू पदार्थको सेवन वा पापको अन्य बोझबाट कुनै व्यक्तिले येशू ख्रीष्टलाई पाएको समयदेखि नै तुरुन्तै छुटकारा पाएको कुरा तपाईंलाई थाहा होला। तपाईं यस किसिमले बाँधिनुभएको नभए तापनि, जुन घड़ी तपाईंले ख्रीष्टलाई भेट्नुभयो, तपाईं नयाँ सृष्टि बन्नुभयो। जब उहाँको प्रेमले तपाईंको हृदयलाई भऱ्यो, यसले तपाईंका प्रवृत्तिहरू, तपाईंका इच्छाहरू र तपाईंको चालचलनलाई परिवर्तन गऱ्यो।

**८** चारवटा सुसमाचारहरूमध्ये एउटालाई छान्नुहोस् र येशूलाई भेटेपछि जीवन परिवर्तन भएकाहरूको उदाहरणहरूलाई तपाईं भेट्टाउन सक्नुहुन्छ। *सुसमाचारहरूले जीवनहरूलाई परिवर्तन गर्छ* भन्ने शीर्षकको मुनि आफ्नो अभ्यास-पुस्तिकामा यी उदाहरणहरूलाई लेख्नुहोस्!

**९** तपाईं वा तपाईंको मण्डलीको सेवाद्वारा परिवर्तन भएका जीवन-हरूलाई तपाईंको आफ्नै अनुभवबाट के तपाईं केही उदाहरणहरू लेख्न सक्नुहुन्छ? आफ्नो अभ्यास-पुस्तिकामा ती लेख्नुहोस्।

**कामदारहरूमा वृद्धि**

उद्देश्य ५: *मण्डलीको सेवाको परिपूर्तिले कसरी कामदारहरूको वृद्धि हुन्छ सो चिन्नुहोस्।*

मण्डलीको सेवा परिवर्तित जीवनहरूमा परिणत हुन्छ। तब यी जीवनहरू सुसमाचारको शक्तिका जीवित साक्षीहरू बन्छन्। परिवर्तन हुन आवश्यक भएका जीवनहरूलाई तिनीहरूले प्रभाव पार्छन्।

शुरूको मण्डली यसरी नै वृद्धि भएको थियो। १२-चेलाहरूसँग १०८-अरू चेलाहरू (ख्रीष्टलाई पछ्याउनेहरू) भेला भए, जसले पवित्र आत्माको शक्तिको निम्ति यरूशलेममा पर्खेका थिए (प्रेरित १:१५)। पवित्र आत्मामा बप्तिस्मा भएपछि यी चेलाहरू बाहिर गए र नयाँ चेलाहरू बनाए, जसले आफ्नो पालोमा अझ धेरै चेलाहरू बनाए। भविष्यका पास्टरहरू, मिशनरीहरू र अन्य ख्रीष्टियान सेवकहरू मण्डलीभित्र नै विश्वासमा आएका तालिम पाएका र सुसमाचार सेवाको अर्को पुस्ताको निम्ति तयार पारिएका हुन्छन्।

परमेश्वरले मण्डलीलाई दिनुभएको सेवा (मिशन)-लाई जब मण्डलीले विश्वासयोग्यतासाथ पालन गर्छ, यसको नतीजा यही नै हुन्छ कि पुरुष र स्त्रीहरू ख्रीष्टका विश्वासयोग्य चेलाहरू हुनका लागि उत्प्रेरित हुन्छन्, र तिनीहरूले मण्डलीका जिम्मेवारी सदस्यहरूका रूपमा स्थान लिन्छन्।

**१०** तल दिइएका बयानहरूमध्ये कुनले सेवकहरूका वृद्धिमा परिणत हुने मण्डलीको सेवामा परिपूर्तिको सबैभन्दा उत्तम तरीकालाई वर्णन गरेको छ?

**क.** भेड़ाले मात्र भेड़ालाई जन्मदिन सकेझैं, चेलाहरूले मात्र नयाँ चेलाहरूलाई ल्याउन सक्छन्। ख्रीष्टको शरीरका सदस्यहरूले सुसमाचार प्रचार गरेपछि, ती नयाँ विश्वासीहरू पछि गएर मण्डलीमा सेवकहरू बन्छन् र संसारमा सुसमाचार लैजान्छन्।

**ख.** संसारका आवश्यकताहरूलाई सहायता पुऱ्याउने काममा मण्डली सक्रिय बनेपछि यो अझै शक्तिशाली बन्छ र संसारमा भएका महत्त्वपूर्ण मानिसहरूबाट सहायता प्राप्त गर्नका लागि यसले ठूलो प्रभाव पार्न सक्छ।

**समाजलाई फाइदाहरू**

उद्देश्य ६: *समाजलाई फाइदा हुने संसारप्रति भएका मण्डलीको सेवाका पाँच तरीकाहरूको सूची बनाउनुहोस्।*

यदि ख्रीष्ट संसारमा नआउनुभएको भए, वा सुसमाचार प्रचार गर्ने आज्ञालाई मण्डलीले पालन नगरेको भए संसार कुन प्रकारले बेग्लै हुन्थ्यो जस्तो तपाईंलाई लाग्छ? तपाईंको आफ्नै देशको बारेमा के विचार गर्नुहुन्छ? धेरै ठाउँहरूमा विद्यालयहरू स्थापित गरिएका छन् र मानिसहरूलाई लेखपढ़ गर्न सिकाइएको छ र यसरी तिनीहरूलाई बाइबल पढ्न सिकाइन्छ। धेरै भाषाहरूलाई मिशनरीहरूद्वारा लिखित लिपिमा ढालिएको छ, र यसरी मानिसहरूलाई बाइबल दिन सकिएको छ। बाइबलका धेरै प्रतिहरू छाप्ने इच्छाका साथ छापाखानाको आविष्कार भएको थियो, यसरी मानिसहरूले आफ्नै निम्ति पढ्न सक्थे। संसारका धेरै प्रख्यात चित्रकलाहरू, पुस्तकहरू र साङ्गीतिक रचनाहरूले सुसमाचारको सन्देशद्वारा नै प्रेरणा पाएका थिए।

हामी अन्धकार संसारमा ज्योतिहरू हौं भनी येशूले हामीलाई भन्नुभएको छ (मत्ती ५:१४-१६)। सुसमाचारले स्वतन्त्रता, आशा र आनन्द ल्याउँछ। यसले पुरुष र स्त्रीहरूलाई अझै असल छिमेकीहरू, अरूहरूसँगको तिनीहरूको व्यवहारमा ईमानदार, आफ्ना मालिकहरूप्रति विश्वासयोग्य, आफ्ना समुदायमा आज्ञाकारी नागरिकहरू हुन लगाउँछ। असललाई प्रेम र खराबलाई घृणा गर्न आफ्ना छोराछोरीहरूलाई आमा-बाबुले सिकाउनुपर्ने कुरामा यसले जोड़ दिन्छ। आत्मिक र साथसाथै शारीरिक आवश्यकताहरूलाई सेवा पुऱ्याउने ख्रीष्टियान डाक्टर वा नर्सको समुदायमा कति ठूलो मूल्य छ भन्ने कुरा कसले भन्न सक्छ? अथवा विद्यालय शिक्षकको मूल्य (महत्त्व) जसले प्रभुलाई प्रेम गर्छन् र आफ्नो उदाहरणद्वारा प्रेमको साँचो अर्थ आफ्ना विद्यार्थीहरूलाई सिकाउँछन्। जहाँ-जहाँ ख्रीष्टियानहरूले सुसमााचारको घोषणा गर्छन्, तिनीहरूको सन्देशले दुष्टतालाई रोक्छ।

कुनै एक अफ्रिकी देशमा एक जाति अर्को जातिसँग भयभीत भएर रहन्थ्यो, सुसमाचार सन्देश तिनीहरूका बीचमा पुग्नुभन्दा पहिले गाउँहरू सड़कहरूभन्दा टाढ़ा जङ्गलभित्र नै हुन्थे। यी गाउँका मानिसहरू प्रभुमा फर्केपछि, तिनीहरूको डर हरायो, र अरू जातिहरूसँग सुसमाचारको सञ्चार गर्नका लागि सम्पूर्ण गाउँ नै सड़कको छेउछाउमा

सऱ्यो। त्यस क्षेत्रमा ठूला-ठूला मण्डलीहरू स्थापित भएका छन्– तिनीहरूको सम्पूर्ण जीवन तरीका नै परिवर्तन भएको छ!

११ यी प्रत्येक क्षेत्रमा सुसमाचारले समाजलाई कसरी असर पारेको छ, एउटा तरीकाको उल्लेख गर्नुहोस्।

**क**. शिक्षाः ..........................................................................
**ख**. कलात्मक योगदानः ..........................................................
**ग**. भाषाः ...........................................................................
**घ**. चालचलनः ......................................................................
**ङ**. अन्य तरीकाहरूः ...............................................................

१२ सुसमाचारको प्रचारद्वारा समाजले प्राप्त गरेका अन्य धेरै फाइदाहरू त्यहाँ छन्, जसलाई उल्लेख गर्नका लागि हामीसँग यहाँ ठाउँ छैन। तपाईंको आफ्नै क्षेत्रमा भएका केही फाइदाहरूलाई के तपाईं विचार गर्न सक्नुहुन्छ? ..................................................
..........................................................................................

## ख्रीष्टको चाँड़ै हुने आगमन

उद्देश्य ७ः *मण्डलीको सेवा र ख्रीष्टको आगमनको बीचको सम्बन्धलाई व्याख्या गर्नुहोस्।*

आफ्नो मण्डलीलाई जम्मा गर्न, यसलाई आफूसँग स्वर्गमा लैजानका लागि ख्रीष्ट कहिले फर्कनुहुन्छ भन्ने सम्बन्धमा सक्रिय निर्णायक भूमिका मण्डलीको छ भनी के तपाईंलाई थाहा छ? मत्ती २४ः१४-मा उल्लेखित येशूका शब्दहरूमा यसलाई प्रकट गरिएको छः

> अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।

१३ २ पत्रुस ३ः३-४ र ६ः१५ पढ्नुहोस्।

**क**. ख्रीष्टको आगमनमा हुने ढीलाइको सम्बन्धमा बाइबलका यी पदहरूले के कारण दिएका छन्? ..................................
..........................................................................................

**ख.** उहाँको चाँड़ै हुने आगमनमा प्रभाव पार्नका लागि हाम्रो जिम्मेवारी के हो? (११-१२ पदहरू)।.......................
.......................................................................

परमेश्वर नतीजाहरूमा चासो राख्नुहुन्छ भन्ने कुरा हामी यहाँ स्पष्टसँग देख्छौं। कोही पनि नष्ट भएको उहाँ चाहनुहुन्न। प्रत्येक पुरुष, स्त्री र बालकले ख्रीष्टको बारेमा सुन्ने मौका पाएको उहाँ चाहनुहुन्छ। तल दिइएका नतीजाहरूसँग उहाँ प्रसन्न हुनुहुन्नः

माछा पक्रन नसकी माछा मार्ने काम गर्नु (लूका ५:४-११)

भोजको खाली टेबिल (लूका १४:१५-२३)

छर्नु तर कटनी नगर्नु (मत्ती १३:३-९)

फल नफलाउने अञ्जीरको बोट (लूका १३:६-९)

बथानमा नल्याइएको हराएको भेड़ा (मत्ती १८:११-१४)

खोजिएको तर नभेट्टाइएको हराएको सिक्का (लूका १५:८-१०)

कटनी नगरिएको पाकेको फसल (मत्ती ९:३६-३८)

*सारा संसारमा* सुसमाचार सन्देश लैजाने जिम्मेवारी हामीसँग छ। सुसमाचार सन्देशद्वारा परमेश्वरको अनुग्रह देखाइएको छ, तर अझै महान् कुराहरू आउनुपर्ने थियो भनी ख्रीष्ट आफैले प्रतिज्ञा गर्नुभयो। उहाँले स्थापित गर्नुभएको नयाँ समुदाय अर्थात् मण्डली महान् र अचम्मको नयाँ युगको सेवामा पूर्ण समर्पित हुनुपर्छ।

मण्डलीको सेवा यही नै होः सृष्टिका प्रभु र मुक्तिदाता र चाँड़ै आउनुहुने राजाका रूपमा येशू ख्रीष्टलाई उहाँको पूर्णतामा संसारमा प्रस्तुत गर्नका लागि सन्देशको घोषणा गर्ने जिम्मा दिइएको नयाँ समुदाय अर्थात् विश्वासीहरूको भूण्ड!

१४ मण्डलीको सेवा र ख्रीष्टको चाँड़ै हुने आगमनको बीचमा के सम्बन्ध छ? ..........................................................
.......................................................................

*सेवामा ख्रीष्टियान मण्डली* भनिने पुस्तकको यो अन्तिम पाठ हो। मण्डलीको सेवामा सक्रिय भई संलग्न हुनका लागि तपाईंले प्रेरणा पाउनुभएको छ भन्ने कुरामा म आशावादी छु। तपाईंको जीवन र

सेवामा पवित्र आत्माको फल प्रकट हुन सकेको होस् भन्ने मेरो प्रार्थना छ।

तपाईंले स्वयम्-जाँच लिनुभएपछि, एकाइ ३-का सबै पाठहरूलाई समीक्षा गर्नुहोस् र एकाइ विद्यार्थी प्रतिवेदन ३-का सबै प्रश्नहरूका उत्तर दिनुहोस्।

प्रकाश २२:२०-२१-मा भएका यूहन्नाका अन्तिम शब्दहरूका साथ म समाप्त गर्न चाहन्छुः

> यी कुराको गवाही दिनेले भन्नुहुन्छ, "निश्चय, म चाँड़ै आउँदैछु।" आमिन्, आउनुहोस्, हे प्रभु येशू। प्रभु येशूको अनुग्रह सबै सन्तहरूसँग रहोस्। आमिन।

## स्वयम्-जाँच

**ठीक-बेठीक प्रश्नः** यदि बयान ठीक छ भने खाली ठाउँमा *ठी* र यदि बेठीक छ भने *बे* लेख्नुहोस्।

... १ एक व्यक्तिको आत्मिक वृद्धिलाई सेवामा भएको उसको संलग्नताको मात्राद्वारा नाप्न सकिन्छ।

... २ सक्रिय मण्डली पवित्र आत्माको काममा भर पर्छ।

... ३ मण्डलीको संख्यात्मक वृद्धि यसको आत्मिक सामर्थ्यको सङ्केत होइन।

... ४ परिपूर्ति भनेको केही महत्त्वपूर्ण काम गर्दा पाइने वास्तविक तृप्ति हो।

... ५ फसलमा संलग्न सबै कामदारहरू– रोप्नेहरू, बिरुवाहरूमा पानी हाल्नेहरू, र फललाई जम्मा गर्नेहरू– ले फसलमा एउटै किसिमको इनाम प्राप्त गर्नेछन्।

... ६ परमेश्वरका चुनिएका मानिसहरू अर्थात् इस्राएलीहरू संसारका निम्ति असल उदाहरण थिए।

... ७ कुनै व्यक्ति ख्रीष्टियान बनेपछि उसको जीवन बिस्तारै परिवर्तन हुन्छ।

... ८ मण्डली बाहिर संसारचाहिँ सुसमाचारको सन्देशद्वारा वास्तवमा प्रभावित भएको छैन।

... ९ ख्रीष्टको सुसमाचार अझै उत्तम संसारको निम्ति मानिसको आशाको परिपूर्ति हो।

...१० सारा संसारभरि सुसमाचार प्रचार नहोऊञ्जेलसम्म ख्रीष्टको दोस्रो आगमन हुनेछैन।

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको निम्ति सबैभन्दा ठीक उत्तर वा पूर्णता छान्नुहोस्।

११ ख्रीष्टमा भएको व्यक्तिको पूर्णता केमा भर पर्छ?

**क**. योग्यताहरूमा

**ख**. स्वयम्-रूपमा

**ग**. जीवनका उद्देश्यहरूमा

**घ**. सेवामा

१२ प्रेरितको पुस्तकमा सुसमाचार सन्देशको प्रचारको नतीजा जहिले पनि यो थियो कि

**क.** ख्रीष्टियानहरूलाई सताइएको थियो।

**ख.** केही मानिसहरूले विश्वास गरे र मण्डलीमा थपिए।

**ग.** अनौठो शिक्षाको कारण मानिसहरू अलमल र डरमा परे।

**घ.** सन्देश सुन्ने प्रत्येक व्यक्तिले यो विश्वास गऱ्यो।

१३ संसारमा प्राप्त गरेको परिपूर्तिको अनुभवभन्दा ख्रीष्टियान सेवाका नतीजाहरू एक व्यक्तिका निम्ति कसरी अझै ठूला हुन्छन्?

**क.** यो प्रतिबद्धता र समर्पणबाट आउँछ।

**ख.** यसले मानिसहरूका बीचमा उसलाई सम्मान ल्याउँछ।

**ग.** यसको अनन्त मूल्य छ।

**घ.** यो देखिएको कुरामा भर पर्छ।

१४ "फसलको नियम" यही हो कि

**क.** जसले असल बीउ रोप्छ, आनन्दसाथ फसलको कटनी गर्नेछ।

**ख.** त्यहाँ कहिल्यै पनि पर्याप्त कामदारहरू हुँदैनन्।

**ग.** धेरैजसो बीउ उम्रने छैन।

**घ.** बीउ रोप्नेले प्रायःजसो फसललाई देख्दैन।

१५ मण्डलीमा सेवक बन्नु, ख्रीष्टका बारेमा अरूहरूलाई बताउनु,

**क.** सुसमाचारद्वारा जीवन परिवर्तन भएको प्रत्येक व्यक्तिको निम्ति स्वाभाविक नतीजा नै हो।

**ख.** परमेश्वरद्वारा चुनिएका विशेष ख्रीष्टियानहरूको जिम्मेवारी हो।

**ग.** लामो समयसम्म ख्रीष्टियान भइसकेका व्यक्तिको निम्ति मात्र सम्भव छ।

१६ ख्रीष्टको दोस्रो आगमन अझै भएको छैन, किनकि

**क.** संसार अझै राम्रो बनोस् भनी परमेश्वर पर्खिरहनुभएको छ।

**ख.** ख्रीष्टलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नका लागि परमेश्वरले प्रत्येक पुरुष, स्त्री र बालकलाई मौका दिन चाहनुहुन्छ।

**ग.** हामीले उहाँको निम्ति उत्तम काम गर्न नसकेको हुनाले उहाँले हामीलाई छक्क पार्न चाहनुहुन्छ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८ तपाईंको उत्तर। हामीले पाठमा केही उदाहरणहरूलाई दिएका छौं।

१ ग) यो परमेश्वरप्रति, आफैप्रति र संसारप्रतिका सेवाहरूमा सक्रिय रूपमा संलग्न हुन्छ।

६ तपाईंको उत्तर।

२ (यीमध्ये कुनै) हाम्रो जीवनमा ख्रीष्ट केन्द्र बन्नुहुँदा आत्मिक वृद्धि हुन्छ; हामीले संलग्नताको अभ्यास गर्दा हामीले निश्चयता प्राप्त गर्छौं र हामी अझ धेरै गर्न चाहन्छौं; हाम्रो संलग्नताले पवित्र आत्माको बारेमा अझै सिक्न हामीलाई लगाउँछ; संख्यामा पनि वृद्धि हुन थाल्छ।

१० क) चेलाहरूले मात्र नयाँ चेलाहरूलाई ल्याउन सक्छन्। नयाँ विश्वासीहरू पछि गएर सेवकहरू बन्छन्।

३ ख) कसैलाई ख्रीष्टमा डोऱ्याएर।

११ तपाईंको उत्तर। यस खण्डमा सूची बनाइएका कुनै पनि तरीकाहरू। उदाहरणको लागिः

**क** मिशनरीहरूद्वारा स्थापित विद्यालयहरू।

**ख** सुसमाचारद्वारा प्रेरणा पाएका प्रख्यात चित्रकलाहरू, पुस्तकहरू र सङ्गीत।

**ग** सुसमाचार सन्देशलाई रेकर्ड गर्नका लागि धेरै भाषाहरूलाई लिपिमा ढालिनु।

**घ** ख्रीष्टियान हुनेहरूले प्रेम, इमानदारिताको अभ्यास गर्छन्, विश्वासयोग्य र भक्त भई ठीक कुरा गरेर दुष्टतालाई रोक्छन्।

**ङ** छापाखाना, जीवन ढाँचामा परिवर्तनजस्ता आविष्कारहरू।

४ राम्रोसँग गरिएको कुनै पनि कामका साथमा सामान्य परिपूर्तिको तृप्ति आउँछ। हामीले हाम्रो सेवाद्वारा परमेश्वरको काम गरेका छौं भनी जान्नाले आत्मिक परिपूर्ति (सन्तुष्टि) आउँछ। आत्मिक परिपूर्ति अझै पूर्ण हुन्छ, किनकि यो अनन्त हुन्छ। परमेश्वरको राज्यमा आत्माहरू ल्याइँदा यसो हुन्छ।

१२ तपाईंको उत्तर।

५ **क** रोप्ने व्यक्ति त्यो हो, जसले सबैभन्दा पहिले पापीकहाँ सुसमाचार सन्देश लैजान्छ।

**ख** काट्ने व्यक्ति त्यो हो, जसले पापीलाई ख्रीष्टमा डोऱ्याउँछ।

**ग** पापी ख्रीष्टमा आउँदा दुवै मानिसहरू आनन्दित हुन्छन्।

**घ** हामीले सन्देश दिएका कोही व्यक्तिहरू पछि अर्को व्यक्तिको सेवाद्वारा ख्रीष्टमा आउँछन्। अरूबाट नै सुसमाचार सुनिसकेका व्यक्तिहरूलाई पनि हामी ख्रीष्टमा डोऱ्याउँछौं। कुनै आत्मालाई ख्रीष्टमा जितिँदा हामी एकैसाथ आनन्द मनाउँछौं।

१३ **क** उहाँमा आउन र पापबाट फर्कनका लागि उहाँले हरेक व्यक्तिलाई मौका दिन चाहनुहुन्छ।

**ख** पवित्र जीवन जिउनु र उहाँको बारेमा सारा संसारलाई बताई उहाँको आगमन चाँड़ो होस् भनी काम गर्नु।

६ किनकि कुनै व्यक्ति ख्रीष्टमा आउँदा हामी कसैले पनि व्यक्तिगत घमण्ड गर्न सक्दैनौं– परमेश्वरको अनुग्रहले मात्र उसको मुक्तिलाई सम्भव तुल्याएको हो। अविश्वासीहरूलाई उहाँमा ल्याई हामी केवल परमेश्वरका सहकर्मी मात्र भएका छौं, र परमेश्वरले जे गर्नुभएको छ त्यसमा हामी आनन्द मनाउँछौं।

१४ महान् आज्ञा पूरा गर्नका लागि मण्डली विश्वासयोग्य भई कड़ा परिश्रम गर्नुपर्छ, किनकि त्यसपछि मात्र येशू फर्केर आउनुहुन्छ।

७ **क** ऊ नयाँ बन्छ– उसको पुरानो जीवन बितिगएको हुन्छ, उसले ख्रीष्टमा नयाँ जीवन पाएको हुन्छ।

**ख** परिवर्तित भएको व्यक्तिले अरूहरूलाई यही सन्देश लैजान्छ कि ख्रीष्टले तिनीहरूका जीवनलाई परिवर्तन गर्न सक्नुहुन्छ।

# शब्दकोश

दायाँपट्टि उल्लेखित संख्याले कुन पाठमा त्यो शब्द प्रयोग गरिएको छ, सो कुराको जानकारी दिन्छ।

| | | पाठ |
|---|---|---|
| अङ्ग | – एकैसाथ काम गर्ने अलग-अलग भागहरू मिली काम गर्ने जीवित शरीर | ३ |
| अतिथि-सत्कार गर्ने | – स्वागत्, खाना र बास दिने, पाहुनाहरू वा परदेशीहरूलाई मैत्रीपूर्ण व्यवहार दिने | ६ |
| अदृश्य | – देख्न नसकिने | ३ |
| अनन्त | – शुरू वा अन्त्यविना, सधैं रहिरहने | २ |
| अवतार | – मानवका रूपमा ईश्वरको प्रकट; येशू ख्रीष्टको व्यक्तित्वमा ईश्वरीय स्वभाव र मानव स्वभावको संयुक्ति | २ |
| अस्थायी | – केही समयको लागि मात्र रहने; क्षणिक, यस जीवनको मात्र; पृथ्वीको | ४ |
| आज्ञा | – अधिकार दिनु, कुनै व्यक्तिलाई दिइएको काम; अधिकार वा शक्ति दिनु | ७ |
| आदर (भयभक्ति) | – गहिरो सम्मानको भावना; अचम्म, डर, र प्रेमको मिश्रण | ५ |
| आनन्द मनाउनु | – खुशी वा ठूलो प्रसन्नता व्यक्त गर्नु | १० |
| इच्छा (अभिलाषा) | – पद, प्रभाव वा ओहोदा प्राप्त गर्नका लागि ठूलो चाहना वा इच्छा | ४ |
| उद्घोषक | – सन्देश लैजाने र घोषणा गर्ने व्यक्ति; सन्देश-वाहक; समाचार वा खबर ल्याउने व्यक्ति | ६ |
| उद्धार | – पापबाट छुटकारा; मुक्ति | १ |
| उपस्थिति | – कुनै ठाउँमा उपस्थित भएको वास्तविकता वा अवस्था; व्यक्ति भएको स्थान, ठाउँ | ७ |
| ऋणी | – अर्कोबाट केही कुरा लिने व्यक्ति | ७ |
| एकता | – एक; एउटै, मिलाप, एउटै मनमा | ६ |
| एकरूपता | – जताततै उही; कुनै भिन्नता छैन | ६ |

| | | | |
|---|---|---|---|
| करार | – | दुइ वा सोभन्दा बढ़ी व्यक्तिहरू वा समूह-हरूका बीचमा भएको सहमति; परमेश्वरले मानिसलाई दिनुभएका पवित्र प्रतिज्ञाहरू | १ |
| कलङ्क | – | बिग्रेको, भत्केको, दाग लागेको, दोष लागेको | १ |
| कुनेढुङ्गो | – | दुइ भित्ताहरूका कुनामा राखिएको ढुङ्गा; आधारभूत महत्त्वको केही कुरा, आधार | ६ |
| कृतिम | – | नकल वा प्रतिश्पर्धा गर्ने, केही प्राकृतिक थोकहरूका सट्टामा रहेको; प्राकृतिक होइन | ४ |
| कैदी | – | आफ्नो इच्छाको विरुद्धमा समातिएको र थुनिएको व्यक्ति; भ्यालखानावासी; अर्काको कमारो वा दास | २ |
| क्याथिड्रल | – | ठूलो र महत्त्वपूर्ण मण्डली; बनावट र सजावटमा भव्यता | ४ |
| घोषणा | – | औपचारिक सूचना; सामूहिक उद्घोषणा | ७ |
| घोषणा गर्नु | – | सबैका सामु बताउनु | ៩ |
| चरमसीमा | – | सबैभन्दा माथिको स्थान | २ |
| चरित्र | – | नैतिक सामर्थ्य वा कमजोरी; कुनै व्यक्तिले अनुभव गर्ने, विचार गर्ने, र कार्य गर्ने विशेष तरीका; एक व्यक्तिका गुणहरूको निर्धारित रूप; जीवनका महत्त्वपूर्ण विषयहरूमा, विशेष गरी ठीक र बेठीकका सम्बन्धमा एक व्यक्तिले कसरी विचार गर्छ, अनुभव गर्छ र कार्य गर्छ। | ८ |
| चेलापन | – | चेला वा अनुयायी हुने अवस्था | ८ |
| छुटकारा | – | स्वतन्त्र पार्नु; उद्धार गर्नु; राहत पुऱ्याउनु | २ |
| जटिल | – | बुझ्नलाई कठिन, अस्पष्ट | ४ |
| जरूरी | – | तत्कालीन कार्य वा ध्यानको आवश्यकता | ७ |
| डिकन | – | ख्रीष्टियान मण्डलीका कार्यकर्ता, जसले प्रचार बाहेकका मण्डलीका अन्य कार्यहरूमा सेवा पुऱ्याउँछन् | ९ |
| दण्ड | – | व्यवस्था उलङ्घन गरेकोमा दण्डको माग; कुनै दायित्व पूरा गर्नका लागि कुनै व्यक्तिद्वारा केही तिरिएको | २ |

दीक्षा (समर्पण) – अर्पण; प्रतिबद्धता ८

धर्म-गुरु – शुरूको ख्रीष्टियान मण्डलीमा एल्डर ८
धर्म-गुरु – धार्मिक कार्यका निम्ति अभिषिक्त (छुट्टयाइएका) व्यक्तिहरू; सेवकहरू, पास्टरहरू, ख्रीष्टको शरीरका अगुवाहरू, प्रभुलाई पूर्ण समय सेवा गर्नका लागि बोलाइएकाहरू ३

नम्रता – घमण्डी नहुनु, विनयी, नम्र ६
नाश हुनु – खतम् हुनु, नष्ट हुनु, मर्नु ५
निर्माण गर्नु – नैतिक रूपमा उन्नति गर्नु; आत्मिक रूपमा फाइदा पाउनु; उपदेश दिनु र उठाउनु ३
निर्माणीकरण – नैतिक उन्नति; आत्मिक फाइदा; उपदेश, शिक्षा ३
निस्तार – कैदीलाई छुटकारा दिनुभन्दा पहिले तिरिएको मूल्य २

परिपूर्ति – तृप्ति, उपलब्धीको सन्तुष्टि १०
परिवर्तित – रूप, स्वभाव, तत्त्व, वा अवस्थामा पूर्ण बदलिहुने ५
प्रतिबद्धता – प्रतिज्ञा, कबोल ८
प्रदर्शन – देखाउनु, मन र आत्मामा स्पष्ट पार्नु; प्रकाश ३
प्रदीप्ति – ज्योति, स्पष्ट पार्नु, व्याख्या गर्नु ५
प्रवेश – नजीक जाने अधिकार, भित्र पस्नु, वा प्रयोग गर्नु, भर्ना हुनु ५
प्रोत्साहन – विश्वास दिलाउन सक्ने शक्ति ७
प्रायश्चित गर्नु – तृप्त पार्नु, मिलाप गर्नु ५
पवित्रता – कुनै पनि अशुद्ध कुराबाट स्वतन्त्रता; दुष्टताबाट स्वतन्त्रता; निर्दोष ६
पवित्रवासस्थान – आराधनाको स्थानको सबैभन्दा पवित्र भाग; शरण वा सुरक्षाको स्थान ५
पवित्रीकरण – शुद्ध बनाउनु, पापरहित बनाउनु ३
पुनर्स्थापना – केही कुरालाई शुरूकै अवस्थामा फर्काउने कार्य २
पुनर्मिलाप – मित्रतामा फेरि एकसाथ ल्याउनु; विभिन्नतालाई मिलाउनु

| | | |
|---|---|---|
| पुनरुत्थान | – जीवनमा फेरि फर्कनु; मृत्युबाट बौरिउठ्नु; ख्रीष्टको मृत्यु र गड़ाइपछि उहाँको फेरि बौरिउठाइ | २ |
| पुस्ता | – एउटै अवधिमा जन्मेका सबै मानिसहरू; एक पुस्ताको जन्मबाटको समयदेखि अर्काको जन्मसम्म; करीब ३०-वर्ष | ७ |
| पूजाहारीपन | – पूजाहारीको स्थान वा ओहोदा वा मध्यस्थकर्ता | ७ |
| प्रेरणा | – कार्यमा विचार र कडा भावनाहरूको प्रभाव, विशेष गरी असल कामहरूमा; ईश्वरीय प्रभाव | ५ |
| फाइदाहरू | – उपयोगी सहायताहरू; मदत, सहयोग | १० |
| बन्धन | – स्वतन्त्रताको कमी; दासत्वपन, केही शक्ति वा प्रभावको मुनि रहने अवस्था | १ |
| बलिदान | – एक कुराको निम्ति अर्को कुरा दिनु; दिइएको कुरा; त्यागिएको कुरा; अर्का-को निम्ति कसैको जीवन दिनु | १ |
| बसिलिका | – शुरूको ठूलो मण्डली घर, जहाँ अग्लो मुख्य केन्द्र हुन्छ | ४ |
| बाइबल सिद्धान्त | – सत्य भनी सिकाइएको कुरा; ख्रीष्टियान विश्वासका सिद्धान्तहरू; विश्वास | ७ |
| बेमिलाप | – बहस, असहमति, अमेल | १ |
| मध्यस्थकर्ता | – सहमतिलाई प्रभावकारी बनाउने उद्देश्यले एक-अर्कासँग अन्तरक्रिया गर्ने व्यक्ति वा समूह | ७ |
| महत्त्वपूर्ण | – जीवनको निम्ति आवश्यक; अति आवश्यक; आवश्यक; अति महत्त्वको, अत्यावश्यक पर्ने | ५ |
| महासभा | – सल्लाह दिनका लागि कुराकानी गर्न, वा प्रश्नहरू समाधान गर्नका लागि एकसाथ बोलाइएका मानिसहरूको समूह, सभा | ४ |
| मौखिक परम्परा | – इतिहास, कथाहरू वा चालचलनका विवरण-हरू, जसलाई मुखका शब्दद्वारा जीवित राखिएका हुन्छन्, जुनचाहिँ आउने प्रत्येक पुस्तालाई भनिने गरिन्छ | |

| | | |
|---|---|---|
| मुक्ति | – बचाउनु; बच्नु; बचाउने व्यक्ति वा थोक; पापबाट र पापको दण्डबाट छुटकारा | २ |
| योग्य | – ठूलो मूल्यको हुने गुण वा अवस्था | ५ |
| लिखित परम्पराहरू | – इतिहास, कथाहरू वा चालचलनहरूका विवरणहरू, जसलाई लेखिएर एकदेखि अर्को पुस्तामा सारिन्छ | ४ |
| विकासशील | – अगाडि बढ्नु; विकास हुनु; एकबाट अर्कोमा जानु | ८ |
| विद्रोही | – अधीनमा राख्न कठिन; अनाज्ञाकारी; आज्ञा गरिएको काम गर्न नचाहने | १ |
| विधर्मी | – धेरै देवताहरूलाई पूज्ने वा देवतालाई नै नपूज्ने, धर्म नै नभएको व्यक्ति | ४ |
| विनयता | – छिट्टै नरिसाउने अवस्था; धैर्य; समर्पण; नम्रता | ६ |
| विश्वव्यापी | – सबैको वा सबैको निम्ति; सबैको, जतातते अस्तित्वमा रहनु | १ |
| विश्वासी | – धर्म-गुरुहरूको समूहका सदस्यहरू नभएका मानिसहरू; साधारण मानिसहरू | ३ |
| व्यवहार | – कार्यशैली, चालचलन | ८ |
| शुरू | – जहाँबाट कुनै पनि कुरा आउँछ; शुरू हुने स्थान; स्रोत; प्रारम्भ | २ |
| संख्यात्मक | – संख्याको वा संख्यासँग सम्बन्धित | १० |
| संगठित | – संयुक्त; एकसाथ राखिएको; संयुक्त संगठन | ५ |
| संयम् | – काम, बोली, बानीहरूमा ठीक हुने; आत्म-संयम्, आफूलाई अधीन गर्नु | ६ |
| संलग्नता | – समावेश, सहभागिता, केही थोकको अङ्ग बन्नु | १० |
| सञ्चार गर्नु | – बोलेर, लेखेर इत्यादिद्वारा सूचना वा खबर दिनु, सन्देश, समाचार पठाउनु र प्राप्त गर्नु | ९ |
| सतावट | – तिनीहरूलाई वा तिनीहरूका विश्वासलाई विरोध गर्ने व्यक्ति वा समूहद्वारा दिइने दण्ड वा विरोध | ४ |

| | | | |
|---|---|---|---|
| सभाघर | – | धार्मिक आराधना र उपदेशको निम्ति यहूदीहरूद्वारा प्रयोग गरिएको भवन | ३ |
| समता | – | हद्दबाट स्वतन्त्र, चालचलन वा अभिव्यक्तिमा उग्रता नहुनु; सहनशीलता | ६ |
| समर्पण | – | अर्काको शक्ति, अधीनता वा अधिकारको मुनि आउनु; आज्ञाकारिता, नम्रता | ५ |
| समुदाय | – | उही ठाउँमा रहने र उही व्यवस्थाको अधीनमा भएका मानिसहरू; एकैसाथ रहने र उही चासोका कुराहरू बाँड्ने, एकैसाथ भएको स्वामित्व; एकसाथ बाँड्चूँड् गर्नु | ६ |
| सहनशीलता | – | समस्यामा लामो र धैर्य सहन | ६ |
| सहभागिता | – | भाग पाउनु; संलग्न हुनु | ७ |
| सांसारिक (शारीरिक) | – | शरीरका इच्छा वा अभिलाषासँग सम्बन्धित, सांसारिक; आत्मिक होइन | १ |
| सांसारिक (ऐहिक) | – | धार्मिक वा पवित्र होइन; संसारको | ४ |
| साम्राजीय | – | साम्राज्य वा सम्राटसँग सम्बन्धित; एक राज्यको शासन वा अधिकार अरू राज्यहरूमाथि जमाउनु | ४ |
| सुधार | – | उत्तम कुराको निम्ति परिवर्तन; विकास; ई.सं. १५००-तिर युरोपमा क्याथलिक्स चर्चमा ठूलो धार्मिक सुधार, जसको कारण प्रोटेस्टेन्ट चर्चहरूको स्थापना | ४ |
| सुसमाचार प्रचार | – | सुसमाचार बताउनु, सुसमाचार सुनाएर ख्रीष्टियान विश्वासमा ल्याउनु | ७ |
| सेवा | – | काम, कर्तव्य, वा सेवकको सेवा; परमेश्वरको निम्ति गरिएको | ३ |
| स्वतन्त्र | – | अरूहरूको अधीनता, प्रभाव, समर्थन वा सहायताबाट अलग | १ |
| स्वीकार गर्ने | – | प्राप्त गर्ने इच्छुक | १ |

# स्वयम्-जाँचका उत्तरहरू

पाठ १

१ तिनीहरूका पापको कारण सबै मानिसहरू पापमा जन्मेका छन्।

२ यी शब्दहरूका अगाड़ि तपाईंले (✓) चिन्ह लगाउनुभएको हुनुपर्छः परिवर्तन, समस्याहरू, विद्रोह, एकलोपना, बन्धन, अनाज्ञाकारिता, स्वार्थी मूल्यहरू, स्वतन्त्रता, पाप डर।

३ शान्ति, सुरक्षा, आनन्द।

४ आवश्यकतामा परेका मानिसहरू सुसमाचारलाई स्वीकार गर्नका लागि इच्छुक हुन्छन्।

५ परमेश्वरले पापबाट हामीलाई उद्धार गर्न आफ्ना पुत्रको बलिदान जुटाउनुभयो। जब हामी उहाँको बलिदानलाई ग्रहण गर्छौं, हामी पापको बन्धनबाट स्वतन्त्र हुन्छौं।

६ उद्धार पाएको उहाँको मण्डली।

पाठ २

१ ख) परमेश्वरको व्यवस्था पालन नगरेको हुनाले मानिस पापबाट पतन भयो।

२ क) आफ्नै तर आफूसँगबाट हराएको कुरालाई फेरि किन्नु।

३ ग) उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीसँग सङ्गति गर्न चाहनुहुन्छ।

४ क) ख्रीष्टको पुनरुत्थान।

५ (तपाईंका आफ्नै शब्दहरूमा)

क उद्धारले परमेश्वरको वास्तविक स्वभाव हामीलाई देखाउँछ जुनचाहिँ प्रेम हो। (उहाँले हामीलाई प्रेम गर्नुभएको हुनाले उहाँले मानिसको पक्षमा काम गर्नुभएको छ।)

ख परमेश्वरले आफ्नो उद्धारीय योजनालाई कार्यमा लगाउनुभएको छ।

ग उद्धार मानिस (सबै मानिसहरू)-को निम्ति हो र मानिसका पुत्र येशू ख्रीष्ट द्वारा यसलाई सम्भव तुल्याइन्छ, जो हाम्रो पापको दण्ड तिर्नका लागि मानिस बन्नुभयो।

घ ख्रीष्टको पुनरुत्थानद्वारा उद्धारलाई पूरा गरियो, जसले परमेश्वरको योजनालाई पूरा गर्‍यो

६ यिनीहरूमध्ये कुनैः साक्षी दिन र महान् आज्ञालाई कार्यान्वयन गर्नका लागि उहाँले मण्डलीलाई शक्ति प्रदान गर्नुहुन्छ। उहाँले पापपूर्ण मानिसलाई पापको कायल बनाउनुहुन्छ र पश्चात्ताप गर्नेलाई नयाँ जन्म दिनुहुन्छ। उहाँले मण्डलीमा सेवाका वरदानहरू दिनुहुन्छ र उहाँले विश्वासीहरूमा फल उत्पादन गर्नुहुन्छ।

पाठ ३

१ विश्वव्यापी मण्डली इतिहासभरिकै जतातत्तैका सबै विश्वासीहरूद्वारा निर्माण गरिएको हुन्छ। आराधना र सेवाको निम्ति एकसाथ भेट्ने विश्वासीहरूको कुनै समूह नै स्थानीय मण्डली हो। स्थानीय मण्डली विश्वव्यापी मण्डलीको भाग हो।

२ विश्वव्यापी मण्डलीलाई समूहको रूपमा देख्न सकिँदैन, किनकि सबै समयका सबै विश्वासीहरूबाट यसको निर्माण भएको हुन्छ।

३ मण्डलीका सृष्टिकर्ता हुनुहुन्छ र यो उहाँकै हो। हामी उहाँका मानिसहरू हौं र उहाँका पुत्रको बलिदानद्वारा हामीले उहाँमा प्रवेश पाएका छौं।

४ उहाँ शिर हुनुहुन्छ र हामी (विश्वासीहरू) शरीर हौं। उहाँ कस्तो हुनुहुन्छ भन्ने कुरा हामी संसारलाई देखाउँछौं। मण्डलीलाई ख्रीष्टको "दुलही" भनिएको छ। उहाँले आफ्नो आगमनको निम्ति मण्डलीलाई तयार पार्दैहुनुहुन्छ।

५ उहाँले विश्वासीहरूलाई ख्रीष्टको शरीरमा बप्तिस्मा दिनुहुन्छ, र सेवाको निम्ति तिनीहरूलाई बप्तिस्मा दिनुहुन्छ; मण्डलीलाई जीवन दिनुहुन्छ र यसलाई कायम राख्नुहुन्छ। मण्डलीलाई पवित्र आत्माको मन्दिर भनिन्छ।

६ मण्डलीले १) आराधना र सेवामा परमेश्वरलाई सेवा गर्छ; २) सुधार, सुद्धिकरण, शिक्षा र अनुशासनद्वारा आफ्ना सदस्यहरूलाई सेवा गर्छ; र ३) सुसमाचार प्रचार गरी संसारलाई सेवा गर्छ।

७ तपाईंको उत्तर। तीनै किसिमका सेवाहरूमा तपाईं संलग्न हुनुभएको छ भन्ने कुरामा म आशावादी छु।

८ तपाईंका व्यक्तिगत सेवाहरू

अहिले नै वृद्धि गर्न शुरू गर्नुहोस् भनी म तपाईंलाई उत्साह दिन चाहन्छु।

**पाठ ४**

१ क ५) वर्तमान अवधिको मण्डली।
ख २) सतावटको अवधिको मण्डली।
ग ४) मध्य अवधिको मण्डली।
घ ४) मध्य अवधिको मण्डली।
ङ ३) कन्स्टन्टाइनको समयपछिको मण्डली।
च १) शुरूको मण्डली।

२ ग) अगस्टिन

३ घ) मार्टिन लुथर

४ ख) मध्य अवधिको समयमा सबैभन्दा ठूलो प्रभाव भएका ईश्वरशास्त्री।

५ ख) ख्रीष्टियानहरू जताततै छरिंदा संसारका सबै भागहरूमा ख्रीष्टियान विश्वासको 'विस्तार भयो।

६ ठीक

७ ठीक

८ बेठीक

९ बेठीक

१० ठीक

११ ठीक

१२ बेठीक

**पाठ ५**

१ ख) परमेश्वरको योग्यता-को स्वीकार र त्यस स्वीकारप्रति हाम्रो प्रतिउत्तर।

२ घ) परमेश्वरप्रति भएको हाम्रो सेवाको भागको रूपमा आराधना आवश्यक छ।

३ क) परमेश्वर मानिसको नजीक आउनुभएपछि शुरू हुन्छ।

४ ग) उहाँका पुत्र येशूद्वारा हो।

५ ग) भित्री र आत्मिक हुन्छ।

६ क) विशेष रीति वा विधि-को पालनमा यो भर पर्छ।

७ ग) हाम्रो आत्माले उहाँका आत्मासँग कुराकानी गर्नुपर्छ।

८ क) आराधनाको योग्य हुनका लागि उहाँ जो हुनुहुन्छ र उहाँले जे

गर्नुभएको छ सो उहाँका नामहरूले प्रकट गर्छन्।

९ ख) सर्वशक्तिमान् परमेश्वर हामीसँग।

१० घ) मुक्तिदाता।

११ घ) उहाँसँगको निरन्तरीय सङ्गतिको निम्ति हाम्रो खाँचो।

१२ ख) ख्रीष्टसँगको भित्री सङ्गतिलाई यस संसार-मा बाहिरबाट अभि-व्यक्त गर्नका लागि सबै ख्रीष्टियानहरूका लागि सामूहिक आराधना महत्त्वपूर्ण हुन्छ।

**पाठ ६**

१ ठीक

२ बेठीक (शरीरका सदस्य-हरूलाई दुवै गर्नका लागि बोलाएको छ।)

३ ठीक

४ बेठीक

५ बेठीक

६ ठीक

७ ठीक

८ बेठीक

९ बेठीक

१० ठीक

११ ठीक

१२ ठीक

१३ बेठीक

१४ ठीक

१५ ठीक

**पाठ ७**

१ ख) हामीले अविश्वासीकहाँ ख्रीष्टको सन्देश लगी उसलाई बप्तिस्मा र तालिम दिनैपर्छ।

२ ख) सबै ख्रीष्टियानहरूले सबै संसारमा सन्देश लैजानै-पर्छ।

३ ग) हामी अयोग्य हुँदाहुँदै पनि परमेश्वरले आफ्नो अनुग्रहमा हामीलाई उद्धार गर्नुभयो।

४ घ) सबै विश्वासीहरूलाई सेवाको निम्ति शक्ति दिनु र अविश्वासीहरूका हृदयलाई तयार पार्नु हो।

५ क) परमेश्वर र विश्वासीको बीचको मध्यस्थताको काम गर्छ। ख्रीष्टलाई नचिन्ने व्यक्तिको निम्ति

प्रार्थना गर्ने कुरा यसमा समावेश हुन्छ।

६ क) ऊ जो हो त्यसमा आधारित हुन्छ।

७ ठीक

८ बेठीक

९ ठीक

१० बेठीक

१२ ठीक

१३ ठीक

१४ बेठीक

१५ ठीक

पाठ ८

१ सबै विश्वासीहरूलाई।

२ ख्रीष्टको बारेमा सुन्ने मौका सम्भवतः तपाईंले पाउनु हुने थिएन।

३ विशेष बोलावट।

४ विश्वास, भलाइ, ज्ञान, आत्म-संयम्, सहनशीलता, भक्ति, भातृत्व, प्रेम।

५ यदि हामीमा यी कुराहरूको कमी भयो भने, हाम्रो सेवा कम प्रभावकारी हुन्छ।

६ चेलापन

७ वृद्धि

८ ठीक

९ बेठीक

१० बेठीक

११ ठीक

१२ बेठीक

१३ ठीक

१४ ठीक

१५ ठीक

पाठ ९

१ ख) सुसमाचारको सञ्चार सूचना दिनुभन्दा पनि अझ धेरै कुरा हो।

२ क) ख्रीष्टको कष्ट र मृत्युले मानिसका सबै आवश्यकताहरूका निम्ति प्रबन्ध गरिदिएको छ।

३ ख) सन्देशमा शक्ति छ, किनकि यसलाई पठाउनुहुने येशू ख्रीष्टको अधिकारद्वारा यो बोलिएको हुन्छ।

४ क) हाम्रो आफ्नै जीवनको उदाहरण अविश्वासीलाई हामीले दिन सक्ने

सबैभन्दा प्रभावकारी सन्देश हो।

५ क) परमेश्वरको साँचो सेवकले मानिसका आवश्यकताहरू, र साथसाथै उसका आत्मिक खाँचोहरू पूरा गर्नका लागि आफूले सक्ने सबै काम गर्छ।

६ क) हाम्रा आफ्नै आवश्यकताहरूझैं हाम्रो छिमेकीका आवश्यकताहरूका बारेमा साँचो ख्रीष्टियान प्रेमले हामीलाई सरोकार राख्न लगाउँछ।

पाठ १०

१ ठीक

२ ठीक

३ बेठीक

४ ठीक

५ ठीक

६ बेठीक

७ बेठीक

८ बेठीक

९ ठीक

१० ठीक

११ घ) सेवामा

१२ ख) कोही मानिसहरूले विश्वास गरे र मण्डलीमा थपिए।

१३ ग) यसको अनन्त मूल्य छ।

१४ क) जसले असल बीउ रोप्छ, उसले आनन्दसाथ फसलको कटनी गर्नेछ।

१५ क) सुसमाचारद्वारा जीवन परिवर्तन भएको प्रत्येक व्यक्तिको निम्ति स्वाभाविक नतीजा नै हो।

१६ ख) ख्रीष्टलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नका लागि परमेश्वरले प्रत्येक पुरुष, स्त्री र बालकलाई मौका दिन चाहनुहुन्छ।

## ख्रीष्टियान सेवा कार्यक्रम

**I/4**

बायाँपट्टि उल्लेख गरिएको चिन्हले आई सी आई ख्रीष्टियान सेवा कार्यक्रममा अध्ययन गरिने पुस्तकहरूको क्रमलाई सम्बोधन गर्छ। यस क्रममा १८-वटा पाठ्यपुस्तकहरू समावेश गरिएका छन् र यसलाई प्रत्येक खण्डमा ६-वटा पुस्तकहरू राखी तीन भागमा विभाजन गरिएको छ।

*सेवामा ख्रीष्टियान मण्डली* खण्ड १-को चौथो पाठ्यपुस्तक हो। तपाईंले यी पाठ्यपुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहुँदा बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

## यस पाठ्यपुस्तकले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ . . .

- परमेश्वरको उद्धारीय योजनामा मण्डली कसरी संलग्न भएको छ सो चिन्न।
- मण्डलीका विभिन्न सेवाहरूलाई बुझ्न।
- मण्डलीका सेवाहरूमा तपाईं व्यक्तिगत रूपमा संलग्न हुन सक्ने तरीकाहरू देख्न।

आई सी आई ख्रीष्टियान सेवा कार्यक्रममा समावेश भएका अन्य विषयहरूः

*ख्रीष्टियान परिपक्वता*
*आत्मिक वरदानहरू*
*जिम्मेवारपूर्ण ख्रीष्टियान*

यी वा अन्य आई सी आई पाठ्यपुस्तकहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा तपाईंको क्षेत्रका आई सी आई निर्देशकलाई सोध्नुहोस्।